भगवान बुद्धका उपदेश

भगवान बुद्धका उपदेश

बुक्क्यो देन्दो क्योकाई

Donated by
Prof. Anjani Kumar Sharma
FRCS, FICS, FACS, MASI, FBCSB
Bagbazar, Kathmandu, Nepal
☎ 4471573(R), 9810231110(M)
4222573, 4232329

भगवान बुद्धका उपदेश

सर्वाधिकार सुरक्षित १९६६ बुक्क्यो देन्दो क्योकाईबाट

यस पुस्तकको कुनै पनि अंश बिना अनुमति विस्तृत उद्धरण गर्न सकिन्छ । यसो गर्दा बुक्क्यो देन्दो क्योकाईबाट उद्धृत गरिएको भनी उल्लेख गर्न हामी केवल अनुरोध गर्दछौं । धन्यवाद ।

बुक्क्यो देन्दो क्योकाई

(बुद्ध धर्म प्रवर्धन प्रतिष्ठापन)

३-१४, ४-चोमे, शिबा

मिनातो-कु, टोकियो, जापान ⫪ १०८

फोन नं. (०३) ४५५-५८५१

भाषान्तरकार:- देवेन्द्र राज उपाध्याय

भगवान् बुद्धका उपदेश

बुद्धको प्रज्ञा विस्तीर्ण महासागर जस्तै विशाल छ, एवं उनको भावना महा–करुणाले भरिएको छ।

बुद्धको कुनै रूप छैन तर उनको प्रकटीकरण उत्कृष्टतामा हुन्छ एवं आफ्नो करुणाको सम्पूर्ण हृदयकासाथ उनले हामीलाई निर्देशित गर्दछन्।

बुद्धका उपदेश पाँच हजारभन्दा बढी ग्रन्थहरूमा लेखिएका छन् एवं पच्चीस सय भन्दा बढी दीर्घ वर्षहरूमा संरक्षित भई हामीलाई प्राप्त भएका छन्, जो संसारमा देशका सीमाहरू तथा जातिगत तगाराहरू भन्दा बाहिर छन्। प्रस्तुत पुस्तकमा ती उपदेशका सार भएका हुँदा बहुमूल्य छन्।

यस पुस्तकमा भएका बुद्ध वचन, मानव जीवन र मनको वास्तविक स्थितिलाई छुन्छन् एवं प्रकटीकरण गर्दछन्।


चीन
तिब्बत
नेपाल
काठमाडौं
सारनाथ
बनारस
नालन्दा
बुद्धगया
साँची
अजन्ता
हिन्दुस्थान
मद्रास
श्री लंका
(सिलोन)

प्राक्कथन

"भगवान् बुद्धका उपदेश" त्यो पुस्तक हो जसले मलाई असीम प्रेरणा प्रदान गरेको छ एवं मेरो जीवनमार्ग परिवर्तनमा एक ठूलो प्रभाव पारेको छ। म एक पल्ट टोकियोमा हुँदा मैले प्रस्तुत पुस्तकको अंग्रेजी संस्करण प्राप्त गरें। त्यो पुस्तक अध्ययन गरे पछि, मलाई लाग्यो यसको नेपाली संस्करण प्रकाशित भएमा धेरै नेपालीहरूले भगवान् बुद्धका उपदेशमा भएका सन्देशहरू राम्ररी बुझेर आफ्ना सांसारिक दुःखहरूमाथि विजय पाउन सफल हुन सक्ने छन्।

प्रस्तुत पुस्तकको नेपालीमा प्रकाशनका निमित्त म, जापानको बुक्क्यो देन्दो क्योकाई (बुद्धधर्म प्रबर्धन प्रतिष्ठापन) एवं त्यसका संस्थापक श्री एहान नुमाता र यस प्रतिष्ठापनका महासचिव श्री कोहान ताकाशिमा-प्रति कृतज्ञ छु। उहाँहरूले भगवान् बुद्धका उपदेशको नेपालीमा भाषान्तर गर्ने मेरो विचारको समर्थन गर्नुकासाथै यसको प्रकाशनको सम्पूर्ण खर्च बेहोर्नु भयो। साथै, यस पुस्तकको प्रकाशनको प्रारम्भ देखि नै पूर्ण सहयोग दिनुहुने जापानको रिश्शो विश्व विद्यालयका प्राध्यापक श्री जिरयु नाकामुरा तथा प्राध्यापक श्री क्वान्सेई तामुराका प्रति पनि कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

प्रस्तुत पुस्तकको पाण्डुलिपिलाई आद्योपान्त पढीदिनुभई आफ्ना वहुमूल्य सुझाउहरू दिनु भएकोमा श्री भिक्षु अमृतानन्द महास्थविर, श्री भिक्षु सुमंगल, राजकीय प्रज्ञाप्रतिष्ठानका भूतपूर्व सदस्य प्राध्यापक श्री चूडानाथ भट्टराय तथा गोरखापत्रका सहायक सम्पादक श्री श्रीप्रसाद गौतमप्रति यस अवसरमा हार्दिक धन्यवाद प्रदान गर्न चाहन्छु।

साथै, जापानमा तत्कालीन शाहीराजदूत मेरा मित्र डा.यादव प्रसाद पन्तले, यस पुस्तकको प्रकाशनको काममा उहाँ टोकियोमा हुँदा आवश्यक सहयोग प्रदान गर्नु भएकोमा उहाँलाई धन्यवाद दिन चाहन्छु ।

मैले यो पुस्तकको अनुवाद "भगवान् बुद्धका उपदेश" को अंग्रेजी–जापानी संस्करणको पन्चान्नब्बेऔं (संशोधित) संस्करणको आधारमा गरेको छु । इच्छुक पाठकहरूले उक्त अंग्रेजी–जापानी संस्करण हेर्नु भए हुन्छ ।

भगवान् बुद्धको पवित्र जन्म तिथि एवं महापरिनिर्वाण तिथिका सम्बन्धमा नेपाली तथा जापानी धारणामा अन्तर पाइन्छ । प्रस्तुत पुस्तकमा सो तिथिहरू जापानी धारणा अनुसार दिइएको छ, र अन्यत्र पनि पुस्तकको भाषान्तर जस्ताको तस्तै गरिएको छ ।

बुद्ध धर्मले नेपाल तथा जापानका जनतालाई घनिष्ट पारेको छ । यस मित्रतालाई भगवान् बुद्धको आशिर्वाद प्राप्त भइरहोस् भन्ने प्रार्थना गर्दछु ।

देवेन्द्र राज उपाध्याय

२१।४५२ रामशाहपथ
काठमाडौं,
सन् १९८०

विषयसूची

बुद्ध

प्रथम अध्याय	शाक्यमुनि बुद्ध······	२
१.	बुद्धको जीवनी······	२
२.	बुद्धका अन्तिम उपदेश ······	१०
द्वितीय अध्याय	अनादि एवं गौरवशाली बुद्ध······	१५
१.	उनका करुणा र संकल्पहरू	१५
२.	बुद्धको मोक्ष र हाम्रा निमित्त मुक्ति	१९
३.	अनादि बुद्ध······	२२
तृतीय अध्याय	बुद्धका रूप र उनका सद्गुणहरू······	२५
१.	बुद्धको शरीरका तीन पक्षहरू······	२५
२.	बुद्धको प्रादुर्भाव······	२९
३.	बुद्धका सद्गुण······	३२

धर्म

प्रथम अध्याय	हेतु–प्रत्यय······	३८
१.	चार आर्य सत्य······	३८
२.	हेतु–प्रत्यय······	४१
३.	प्रतीत्य–समुत्पाद······	४२
द्वितीय अध्याय	मन-मात्रको सिद्धान्त एवं वस्तुहरूको यथार्थ स्थिति	४६
१.	अनित्यता तथा अनात्मता······	४६
२.	मन–मात्रको सिद्धान्त	४९
३.	वस्तुहरूको वास्तविक स्थिति······	५२
४.	मध्यम मार्ग	५७

साथै, जापानमा तत्कालीन शाहीराजदूत मेरा मित्र डा.यादव प्रसाद पन्तले, यस पुस्तकको प्रकाशनको काममा उहाँ टोकियोमा हुँदा आवश्यक सहयोग प्रदान गर्नु भएकोमा उहाँलाई धन्यवाद दिन चाहन्छु ।

मैले यो पुस्तकको अनुवाद "भगवान् बुद्धका उपदेश" को अंग्रेजी–जापानी संस्करणको पन्चान्नब्बेऔं (संशोधित) संस्करणको आधारमा गरेको छु । इच्छुक पाठकहरूले उक्त अंग्रेजी–जापानी संस्करण हेर्नु भए हुन्छ ।

भगवान् बुद्धको पवित्र जन्म तिथि एवं महापरिनिर्वाण तिथिका सम्बन्धमा नेपाली तथा जापानी धारणामा अन्तर पाइन्छ । प्रस्तुत पुस्तकमा सो तिथिहरू जापानी धारणा अनुसार दिइएको छ, र अन्यत्र पनि पुस्तकको भाषान्तर जस्ताको तस्तै गरिएको छ ।

बुद्ध धर्मले नेपाल तथा जापानका जनतालाई घनिष्ट पारेको छ । यस मित्रतालाई भगवान् बुद्धको आशिर्वाद प्राप्त भइरहोस् भन्ने प्रार्थना गर्दछु ।

देवेन्द्र राज उपाध्याय

२१।४५२ रामशाहपथ
काठमाडौं,
सन् १९८०

विषयसूची

बुद्ध

प्रथम अध्याय	शाक्यमुनि बुद्ध......	२
१.	बुद्धको जीवनी......	२
२.	बुद्धका अन्तिम उपदेश	१०
द्वितीय अध्याय	अनादि एवं गौरवशाली बुद्ध......	१५
१.	उनका करुणा र संकल्पहरू	१५
२.	बुद्धको मोक्ष र हाम्रा निमित्त मुक्ति	१९
३.	अनादि बुद्ध......	२२
तृतीय अध्याय	बुद्धका रूप र उनका सद्गुणहरू......	२५
१.	बुद्धको शरीरका तीन पक्षहरू......	२५
२.	बुद्धको प्रादुर्भाव......	२९
३.	बुद्धका सद्गुण	३२

धर्म

प्रथम अध्याय	हेतु–प्रत्यय......	३८
१.	चार आर्य सत्य......	३८
२.	हेतु–प्रत्यय......	४१
३.	प्रतीत्य–समुत्पाद......	४२
द्वितीय अध्याय	मन-मात्रको सिद्धान्त एवं वस्तुहरूको यथार्थ स्थिति	४६
१.	अनित्यता तथा अनात्मता......	४६
२.	मन–मात्रको सिद्धान्त	४९
३.	वस्तुहरूको वास्तविक स्थिति......	५२
४.	मध्यम मार्ग	५७

तृतीय अध्याय	बुद्ध–प्रकृति······	६५
१.	पवित्रताको मन······	६५
२.	बुद्ध–प्रकृति······	७१
३.	बुद्ध–प्रकृति एवं अनात्मता······	७५
चतुर्थ अध्याय	मानव–क्लेश······	८१
१.	मानव–प्रकृति······	८१
२.	मनुष्यको प्रकृति······	८८
३.	मानव जीवन······	९०
४.	मानव जीवनको वास्तविकता······	९५
पंचम अध्याय	बुद्धले प्रदान गरेको मोक्ष······	१०२
१.	अमिताभ बुद्धको संकल्प······	१०२
२.	अमिताभ बुद्धको पवित्र भूमि······	११०

साधनाको मार्ग

प्रथम अध्याय	विशुद्धि मार्ग······	११५
१.	चित्त–शुद्धि······	११५
२.	सदाचारको असल मार्ग······	१२२
३.	प्राचीन उपाख्यानहरूमा भएका उपदेश······	१३३
द्वितीय अध्याय	व्यावहारिक प्राप्तिको मार्ग······	१४८
१.	सत्यको अन्वेषण······	१४८
२.	अभ्यासका मार्गहरू······	१६१
३.	श्रद्धाको मार्ग······	१७४
४.	पवित्र सूत्रहरू······	१८१

संघ

प्रथम अध्याय	संघका कर्तव्यहरू······	१६२
१.	भिक्षुहरू······	१६२
२.	उपासकहरू······	१६८
द्वितीय अध्याय	सत्यजीवनको व्यावहारिक मार्ग दर्शन···	२१०
१.	पारिवारिक जीवन······	२१०
२.	नारीहरूको जीवन······	२२०
३.	सेवामा······	२२८
तृतीय अध्याय	बुद्धभूमिको निर्माण······	२३८
१.	संघमा एकचित्तता······	२३८
२.	बुद्धभूमि······	२४६
३.	जसले बुद्ध भूमिमा कीर्ति प्राप्त गरेका छन्	२५१
	"भगवान् बुद्धका उपदेश" सम्बन्धी मूल उल्लेखहरू······	२५७

परिशिष्ट

१.	बुद्ध धर्मको संक्षिप्त इतिहास–······	२७०
२.	बुद्धका उपदेशको प्रसारण·· ··	२८०
३.	"भगवान् बुद्धका उपदेश"को इतिहास······	२८३
४.	"भगवान् बुद्धका उपदेश" को अनुक्रमणिका	२८५
५.	संस्कृत शब्द संग्रह······	२९४
६.	धम्मपद······	३०१
	बुद्ध धर्म प्रवर्धन प्रतिष्ठापन र "भगवान् बुद्धका उपदेश"को वितरण ।	३०३

बुद्ध

प्रथम अध्याय

शाक्यमुनि बुद्ध

१

बुद्धको जीवनी

१. हिमालयको दक्षिणी फेदीतिर बग्ने रोहिणी नदीको किनारमा शाक्यवंशीहरू बस्दथे। उनीहरूका राजा शुद्धोदन गौतमले आफ्नो राजधानी कपिलवस्तुमा स्थापित गरेका थिए र त्यहाँ उनले एक ठूलो गढ बनाई प्रजाबाट आनन्दपूर्वक प्रशंसित भई बुद्धिमत्तापूर्वक राज्य गरी राखेका थिए।

महारानीको नाम मायादेवी थियो। उनी राजाको फूपाजुकी छोरी थिइन्, जो छिमेकको जिल्लाका सोही शाक्य वंशका राजा थिए।

बीस वर्षसम्म उनीहरूको कुनै सन्तान भएन। तर, एक रात, विचित्र सपनामा, एक सेतो हात्ती उनको दाहिने कोखबाट गर्भाशयमा प्रवेश गरेको देखेपछि, महारानी मायामादेवी गर्भवती भइन्। राज-बालक जन्मने विषयलाई राजा र प्रजा दुबैले बडो आनन्दमय उत्सुकतापूर्वक प्रतीक्षा गरे। उनीहरूको चलन अनुसार रानी सन्तान पाउन माइत तर्फ गइन्, एवं बाटोमा, वसन्तको सुन्दर घाममा, उनले लुम्बिनी बगैंचामा विश्राम गरिन्।

उनको चारैतिर अशोकका फूलहरू फुलेका थिए र त्यो देखेर आनन्दित भई उनले फूलको एउटा हाँगा दाहिने हातले टिप्न खोजिन् र उनी जसै यसो गर्दै थिएइन्, राजकुमारको जन्म भयो । महारानी एवं उनको राजपुत्रको महिमामा सबैले आनन्दले हर्ष मनाए; स्वर्ग तथा पृथ्वीले समेत आनन्द मनाए । यो स्मरणीय दिवस अप्रैलको आठौं दिन थियो ।

राजा अत्यधिक आनन्द विभोर भए र उनले राजकुमारको नाम सिद्धार्थ राखे, जसको अर्थ हुन्छ, "सबै इच्छा परिपूर्ण भएको ।"

२. तर राजमहलमा यो आनन्दको तत्कालैपछि दुःख आई पर्‍यो, किन भने केही दिनपछि नै सुन्दरी महारानी मायादेवीको अकस्मात् मृत्यु भयो । उनकी बहिनी महाप्रजापति बालककी धात्री आमा भइन् र बडो स्नेहकासाथ उनलाई हुर्काइन् ।

नजिकैको पर्वतमा बस्ने असित नाम गरेका एक तपस्वीले महलको वरिपरि शोभा देखेर एवं यसलाई सुलक्षण ठानेर, महलमा आए तथा उनलाई राजकुमार देखाइयो । उनले भविष्यवाणी गरे : "यी राजकुमार, आफ्नो युवावस्थापछि पनि महलमा बसे भने, उनी एक महान् राजा हुनेछन् र सम्पूर्ण विश्वमाथि राज्य गर्ने छन् । तर यदि उनले धार्मिक जीवन ग्रहण गर्न महलको जीवन परित्याग गरे भने, उनी बुद्ध भएर विश्वका परित्राता हुने छन् ।"

भविष्यवाणी सुनेर पहिले त राजा प्रसन्न भए, तर पछि उनका एक मात्र छोराले महल छाडी गृह विहीन सन्यासी हुने संभावनाप्रति उनलाई चिन्ता लाग्न थाल्यो ।

सात वर्षको उमेरमा राजकुमारले प्रशासन एवं सैनिक कलाको शिक्षा प्रारम्भ गरे , तर उनको विचार स्वभावतः अरू अरू कुरामा जान्थ्यो । एक दिन वसन्त ऋतुमा उनी आफ्ना पिताकासाथ गढ बाहिर गए र दुबैले एक किसानद्वारा हलो जोती राखेको हेरे । त्यहाँ किसानको हलोले माटो खन्दा जमीनमाथि फालिन पुगेको किरालाई एउटा चराले टिपेर उडेर गएको उनले देखे । उनले एक रूखको छहारीमा बसेर यसमाथि विचार गर्दै आफैलाई बिस्तारै भने:

"अहह ! के सबै जीवित प्राणीले परस्परमा हत्या गर्दछन् ?"

उनको जन्मको छिटैपछि नै आफ्नी आमाबाट बिछोड भएको हुँदा, यी साना प्राणीहरूको दुःखपूर्ण घटनाले उनलाई गहिरो प्रभाव पा-यो ।

उनको उमेर जसैजसै बढ्दै गयो, यो आध्यात्मिक घाउ पनि गहिरो हुँदै गयो; कलिलो रूखमा सानो चोट परे जस्तै, मानव जीवनको दुःखले उनको मनमा गहिरो छाप पार्दै गयो ।

तपस्वीको भविष्यवाणी संझनासाथ राजालाई चिन्ता बढेर आउँथ्यो र यसै कारणले उनले राजकुमारलाई प्रसन्न राखी उनको मन अरू अरू कुरामा भुलाउने हर संभव प्रयत्न गर्दथे । राजकुमार उन्नाइस वर्ष पुगेपछि उनले स्वर्गीय महारानी मायादेवीका भाई देवदह दुर्गका राजा सुप्रबुद्धकी छोरी राजकुमारी यशोधरासित उनको विवाह गरि दिए ।

३. त्यसको दस वर्षसम्म वसन्त, हेमन्त र वर्षाका विभिन्न प्रासाद-हरूमा राजकुमार नृत्य, संगीत र आनन्दमा डुबी रहे। तर जब उनले मानव जीवनको सत्य अर्थ बुझ्न घोरिएर प्रयत्न गर्दथे उनको विचार दुःखको समस्या तर्फ फर्कन्थ्यो ।

"महलको यो विलास, यो स्वस्थ शरीर, यो आनन्दमय युवावस्था ! यी सबैको मेरा निमित्त के अर्थ हो ?" उनले विचार गरे । "कुनै दिन हामी विरामी पर्न सक्ने छौं, हामी बृद्ध हुने छौं, मृत्युबाट कदापि उम्कन सकिन्न । युवावस्थाको गर्व, स्वास्थ्यको गर्व, अस्तित्वको गर्व, सबै विवेकशील व्यक्तिहरूले यिनलाई पन्छाउनु पर्दछ ।"

"अस्तित्वका निमित्त संघर्ष गरीराखेको व्यक्तिले स्वभावतः केही महत्वपूर्ण कुराको खोजी गर्दछ । यो खोजी दुई प्रकारले गर्न सकिन्छ— सुमार्गबाट र कुमार्गबाट । कुमार्गबाट खोजी गर्नुको अर्थ, रोग, वृद्धावस्था र मृत्यु अवश्यंभावी छ भनी स्वीकार गर्दा गर्दै पनि उसले यिनै खोक्रा र क्षणभंगुर कुराहरूमा खोजी गर्दछ ।

"सुमार्गबाट हेर्नुको अर्थ हुन्छ, सो हेर्ने व्यक्तिले रोग, वृद्धावस्था र मृत्युको सत्य प्रकृति थाहा पाउँछ र सबै प्रकारका मानव दुःख भन्दामाथि उठ्ने कुराको खोजी गर्दछ । महलको यो विलासपूर्ण जीवनमा मैले कुमार्ग-बाट खोजी गरी राखेको छु जस्तो लाग्दछ ।"

४. राजकुमार उनन्तीस वर्ष पुगुन्जेल यसरी नै उनमा मानसिक संघर्ष चली रह्यो र यसै वर्ष उनका एकमात्र सन्तान, राहुलको जन्म भयो। यसले गर्दा स्थिति चरम सीमामा पुगे जस्तो भयो, कारण उनले राजप्रासाद परित्याग गरी आफ्नो मानसिक चिन्ताको समाधानका निमित्त एक गृह विहीन भिक्षुको जीवन व्यतीत गर्ने निर्णय गरे। एक रात उनले यसको योजना बनाए र आफ्ना निजी सारथी छन्दकका साथ र आफ्नो प्रिय श्वेत अश्व कंथकमा चढेर उनी गढ बाहिर निस्के।

तर उनको मानसिक पीडा समाप्त भएन र कैयन मारहरूले उनलाई मन फर्काउन लोभ्याउँदै भने: "तिमीले गढ फर्केर जान र अन्य समाधान खोज्न श्रेयस्कर हुनेछ; र अनि सम्पूर्ण संसार तिम्रो हुनेछ।" तर उनले कुनै पनि सांसारिक कुराले उनलाई कदापि सन्तुष्टि दिने छैन् भनी अनुभव गरेर यी मारहरूको स्वरलाई चुप लगाउन सफल भए। तसर्थ उनले आफ्नो शिर मुण्डन गरे, र आफ्नो हातमा एक भिक्षा पात्र लिएर, उनी भिक्षुका रूपमा दक्षिण तर्फ लागे।

राजकुमार सर्वप्रथम योगी भार्गवकहाँ गए र उनले उनका यौगिक अभ्यासहरू हेरे; त्यसपछि उनी आलार कालाम र उद्रक रामपुत्रकहाँ ध्यानद्वारा निर्वाण प्राप्त गर्ने उनीहरूको पद्धति सिक्न गए। तर तिनको केही समयसम्म अभ्यास गरेपछि तिनले उनलाई ज्ञान तर्फ लग्न असमर्थ छन् भन्ने कुरामा उनी विश्वस्त भए। अन्तमा उनी मगध देश गए तथा गयाको दुर्ग छेउबाट बग्ने नैरंजना नदीको किनारमा उरूवेलाको वनमा उनी तपस्या गर्न थाले।

५. उनको अभ्यासका पद्धतिहरू अविश्वसनीय किसिमले तीव्र थिए । उनले सहसा बिचार गरे, "भूत, वर्तमान तथा भविष्यका कुनै पनि तपस्वीले म भन्दा बढी एकाग्रचित्त भई तपस्या गर्ने अथवा गरेका हुने छैनन् ।"

तै पनि, राजकुमारले आफ्नो लक्ष प्राप्त गर्न सकेनन् । छ वर्ष वनमा तपस्या गरेपछि उनले तपस्या छाडे । उनले नदीमा स्नान गरे र छिमेकको गाउँमा बस्ने एक नारी, सुजाताको हातबाट एक भिक्षा–पात्र दूध स्वीकार गरे ।

उनका साथ छ वर्ष सम्म तप गर्ने अन्य पाँच सहयोगीहरूले उनीद्वारा एक नारीको हातबाट दूध लिएको कुरालाई आश्चर्य पूर्वक हेरे; उनीहरूले उनको यसले गर्दा पतन भएको ठानी उनलाई छाडेर हिंडे ।

यसरी राजकुमार एक्लै परे । उनी अझै दुर्बल थिए, तर आफ्नो जीवनको अन्त्य हुनेसम्म संकट उठाई उनले एक पल्ट अरू ध्यान गर्ने प्रयत्न गरे र आफैंलाई भने, "रक्त सुकेर जाओस्, मासु सडेर जाओस्, हाड टुक्रा टुक्रा होउन्, तर मैले ज्ञानको मार्ग प्राप्त नगरी यो स्थललाई कदापि छाड्ने छैन ।"

यो बडो तीव्र र अतुलनीय संघर्ष थियो ! उनको मन निराश एवं अस्पष्ट विचारले भरिएको थियो र उनको चित्तलाई कालो छायाले ढाकेको थियो, । मारका प्रलोभनहरूले उनलाई घेरी राखेका थिए ।

उनले सावधानी एवं धैर्य पूर्वक यी सबैलाई एक एक गरी केलाए र सबैलाई नै अस्वीकार गरे । यो निश्चय नै, एक कठिन संघर्ष थियो जसले उनको रक्तलाई पातलो पारेको थियो, मासुलाई क्षीण पारेको थियो र हाडलाई खण्डित गर्दै थियो ।

तर जब पूर्वी आकाशमा बिहानको तारा उदायो, संघर्ष समाप्त भयो एवं राजकुमारको मस्तिष्क सूर्योदय जस्तै स्पष्ट र उज्ज्वल भएर आयो । उनले अन्तमा ज्ञानको मार्ग प्राप्त गरे । यो आठ डिसम्बरको दिन थियो, तथा राजकुमार पैंतीस वर्ष पुग्दा बुद्ध भए ।

६. यसपछि राजकुमारलाई विभिन्न नामले सम्बोधित गरिन थालियो : कसैले उनलाई बुद्ध भने, परिपूर्ण ज्ञान प्राप्त व्यक्ति, तथागत; कसैले उनलाई शाक्यमुनि भने, शाक्य वंशका मुनि; र अरूहरूले उनलाई विश्वबन्धु भने ।

सब भन्दा पहिले उनी वाराणसीमा मृगदाव गए, जहाँ उनले अघि छ वर्ष तपस्या गर्दा साथै तपस्या गर्ने, पाँच सन्यासीहरू बस्दथे । पहिले त उनीहरू उनी भन्दा टाढा बस्न खोजे, तर उनीसित छलफल गरेपछि उनलाई विश्वास गरे एवं उनका प्रथम अनुयायी भए । अनि, उनी राजगृह दुर्ग गई आफना सदैव मित्र रहीं आएका बिम्बिसारलाई आफनो मार्गमा ल्याए । त्यहाँबाट उनी भिक्षाटन गर्दै एक ठाउँबाट अर्को ठाउँ गए र उनले मानिसहरूलाई आफनो प्रकारको जीवन यापन गर्न आग्रह गरे ।

प्यासाले पानी खोजे जस्तै र भोकोले अन्न खोजे जस्तै गरी मानिस-

हरूले उनको आह्वानको पालन गरे । दुइ महान् शिष्यहरू, सारिपुत्र र मौद्गल्यायन र उनका दुई हजार शिष्यहरू, उनी कहाँ आए ।

बुद्धका पिता, राजा शुद्धोदन, छोराले महल परित्याग गर्ने निर्णय गरे देखि अझै व्यथित रहेकाले, पहिले त उनी भन्दा टाढा रहे, तर पछि उनका बडो निष्ठावान् शिष्य भए । बुद्धकी सौतेनी आमा महाप्रजापति, उनकी पत्नी, राजकुमारी यशोधरा र सम्पूर्ण शाक्य वंशका सदस्यहरूले उनमा विश्वास लिए र उनका अनुयायी भए । अन्य असंख्य व्यक्तिहरू उनका भक्त र निष्ठावान् अनुयायी भए ।

७. बुद्धले पैंतालीस वर्षसम्म देशका ठाउँ ठाउँमा घुमी मानिसहरूलाई आफ्नो प्रकारको जीवन व्यतित गर्न प्रवचन दिंदै प्रोत्साहित गरे, तर अन्त्यमा जब उनी अस्सी वर्षका भए, राजगृहबाट श्रावस्ती जाने बाटोमा वैशाली पुग्दा उनी अस्वस्थ भए र तीन महीनापछि आफू निर्वाण लिने भविष्यवाणी गरे । तै पनि उनी यात्रा गर्दैरहे र पावा पुग्दा नकर्मी चुण्डले दिएको भोजन खाएर उनी अत्यन्त बिरामी परे । त्यसपछि, अति वेदना र कमजोरी भए तापनि, अलि अलि यात्रा गर्दै उनी कुशीनगर दुर्गको छेउको वनमा पुगे ।

त्यहाँ, दुई ठूला साल वृक्षका बीच पल्टेर उनले आफ्ना शिष्यहरूलाई आफ्नो अन्तिम क्षणसम्म उपदेश दी राखे । यसरी अन्त्यमा आफ्नो कार्य पूरा गरी विश्वका यी सर्वश्रेष्ठ उपदेशक तथा मानिसहरूमा सबै भन्दा करुणामय व्यक्ति पूर्ण शान्तिमा प्रवेश गरे ।

८. बुद्धका प्रिय शिष्य आनन्दको निर्देशनमा, उनको शरीरको दाह संस्कार उनका मित्रहरूद्वारा कुशीनगर दुर्गमा भयो ।

राजा अजातशत्रु एवं छिमेकका सात शासकहरूले उनको भष्मावशेष उनीहरूमा बाँडियोस् भनी माग गरे । कुशीनगरका राजाले पहिले त अस्वीकार गरे एवं यस विवादको अन्त्य युद्धद्वारा मात्र हुने संकट देखियो; तर द्रोण नाम गरेका एक बुद्धिमान् व्यक्तिको सल्लाहले यो संकट हट्न सक्यो तथा भष्मावशेषलाई आठ महान् देशहरूमा परस्परमा बाँडियो । चिताको खरानी तथा अस्तु राखिएको माटोको घडा पनि दुई अन्य राजाहरूलाई त्यस्तै सम्मानका साथ राख्न दिइयो । यी अस्तु तथा भष्महरू राख्न बुद्धको संझनामा ठूला ठूला स्तूपहरू बनाइए ।

२

बुद्धका अन्तिम उपदेश

१. कुशीनगरमा साल वृक्षहरू मुनि, आफ्ना शिष्यहरूलाई अन्तिम उपदेश दिँदै बुद्धले भने :

"स्वयंलाई एक ज्योति बनाऊ । स्वयंमाथि विश्वास गर : अरु कसैमाथि भर नपर । मेरो उपदेशलाई आफ्नो ज्योति बनाऊ । तिनमाथि भर पर; अन्य कुनै उपदेशमाथि भर नपर ।

"आफ्नो शरीरको विचार गर; यसको अपवित्रताको विचार गर; यसका वेदना र आनन्द दुबै दुःखका समान हेतु हुन् भन्ने थाहा पाउँदा पाउँदै तिमी यसको तृष्णामा कसरी आसक्त हुन सक्दछौ ? तिम्रो "आत्माको" विचार गर; यसको अनित्यतामाथि विचार गर; यसको मोहमा किन पर्दछौ र गर्व तथा स्वार्थको उपसना किन गर्दछौ; यी सबैको अन्त्य अवश्यंभावी दुःखमा नै हुन्छ भन्ने थाहा पाउँदा पाउँदै पनि । सबै तत्वहरूमाथि विचार गर; के तिमीले तिनीहरूमा कुनै चिरस्थायी "आत्मा" पाउन सक्दछौ ? के ती सबै त्यस्ता स्कन्धहरू होइनन् जो ढिलो अथवा चाँडो टुक्रा टुक्रा भएर छरिन्छन् ? दुःखको सर्वव्यापकताप्रति भ्रममा नपर, मेरो मृत्युपछि पनि मेरा उपदेश पालन गर अनि तिमीले दुःखबाट मुक्ति पाउने छौ । यसो गर अनि तिमी निश्चय पनि मेरा शिष्य हुने छौ ।

२. "मेरा शिष्यहरू हो । मैले दिएका उपदेश कहिल्यै पनि बिर्सने अथवा परित्याग गर्ने होइन । तिनको सदैव संचय गरिनु पर्दछ र तिनको शिक्षा दिइनु पर्दछ, तिनको अभ्यास गरिनु पर्दछ । यदि तिमीले यी उपदेश पालन गरचौ भने तिमी सदैव सुखी रहने छौ ।

"उपदेशको मुख्य आशय तिम्रो आफ्नै मनमाथि नियन्त्रण राख्नु हो । लोभबाट आफ्नो मनलाई टाढा राख्यौ भने तिमीले आफ्नो शरीरलाई सन्मार्गमा राख्न सक्दछौं, मनलाई पवित्र राख्न सक्दछौ, र वचनलाई निष्ठावान् राख्न सक्दछौ । जीवनको क्षणभंगुरतालाई सदव विचारमा राख्यौ भने, तिमीले लोभ र द्वेषको प्रतिरोध गर्न सक्नेछौ र सबै पापहरूको परित्याग गर्न सक्नेछौ ।

"यदि तिमीले आफ्नो मन प्रलोभित भएको र यसरी लोभमा जेलिएको पायौ भने, तिमीले प्रलोभनको दमन र नियन्त्रण गर्नु पर्दछ; र आफ्नै मनको स्वामी हुनु पर्दछ ।

"मानिसको मनले उसलाई बुद्ध बनाउन सक्दछ, अथवा त्यसले उसलाई पशु बनाउन सक्दछ । भ्रमले गर्दा बाटो बिरायो भने कुनै पनि व्यक्ति राक्षस हुन सक्दछ; ज्ञान प्राप्त गर्‍यो भने ऊ बुद्ध हुन सक्दछ । तसर्थ, आफ्नो मनमाथि नियन्त्रण राख र कहिल्यै पनि सन्मार्गबाट यसलाई विमुख हुन नदेऊ ।

३. "मेरा उपदेश अन्तर्गत, तिमीहरूले परस्परमा सम्मान गर्नु पर्दछ एवं विवादबाट आफूलाई रोक्नु पर्दछ; पानी र तेल जस्तो बेमेल तिमीहरूमा हुनुहुन्न, परन्तु पानी र दूध जस्तो गरी मिसिएर बस्नु पर्दछ ।

"संग संगै अध्ययन गर्नु पर्दछ, संग संगै सिक्नु पर्दछ र संग संगै उपदेशको अभ्यास गर्नु पर्दछ । व्यर्थका कुरा अथवा कलहमा आपनो मन र समय खेर जान नदेऊ । ज्ञानको फूल फुल्ने ऋतुमा त्यसको आनन्द लेऊ र सन्मार्गको फल टिप ।

"जो उपदेश मैले तिमीलाई दिएको छु, त्यो मैले स्वयं त्यही मार्ग अनुसरण गरेर प्राप्त गरेको हूँ । तिमीले यी उपदेश पालन गर्नु पर्दछ र प्रत्येक अवसरमा तिनको भावना अनुकूल आचरण गर्नु पर्दछ ।

"यदि तिमीले तिनको उपेक्षा गर्‍यौ भने, यसको अर्थ तिमीले मलाई कहिल्यै नभेटे सरह हुनेछ । यसको अर्थ वास्तवमा तिमी म संग संगै भए पनि तिमी म भन्दा धेरै टाढा भए सरह हुनेछौ; तर यदि तिमीले मेरा उपदेश स्वीकार गरी अभ्यास गर्‍यौ भने, तिमी म भन्दा धेरै टाढा हुँदा पनि मेरो नजीक हुने छौ ।

४. "मेरा शिष्यहरू ! मेरो अन्त्य नजीक आएको छ । हामी छुट्टिने

बेला नजीक आएको छ, तर विलाप नगर । जीवन सदैव परिवर्तनशील छ; शरीरको विनाश हुनुबाट कोही पनि उम्कन सक्दैन । अब म मेरै मृत्युबाट यो कुरा प्रकट गर्ने छु, एक सडेको गाडी जस्तै मेरो शरीर टुक्रा टुक्रा हुनेछ ।

"व्यर्थमा विलाप नगर, तर कुनै कुरा पनि स्थायी छैन भन्ने यथार्थतः बुझ्दै यसबाट मानव जीवनको शून्यताका सम्बन्धमा सिक्ने प्रयत्न गर । परिवर्तनीय कुरा अपरिवर्तनीय हुन सक्ने दुष्कामना नगर ।

"सांसारिक तृष्णाको राक्षसले मनलाई भ्रममा पार्न सदैव अवसर खोजी राख्दछ । एक विषालु सर्प तिम्रो कोठामा छ भने, र यदि तिमी शान्तिपूर्वक सुत्न चाहन्छौ भने, तिमीले सर्वप्रथम त्यसलाई बाहिर धपाउनु पर्दछ ।

"तिमीले जसरी विषालु सर्प धपाउनु पर्दछ, त्यसरी नै सांसारिक रागको बन्धन तोडी तिनलाई धपाउन पर्दछ । तिमीले दृढतापूर्वक आफ्नै मनलाई रक्षा गर्नु पर्दछ ।

५. "मेरा शिष्यहरू, मेरो अन्तिम घडी आई पुगेको छ, तर मृत्यु भनेको स्थूल शरीरको विनाश हुनु मात्र हो भन्ने कुरा तिमीले बिर्सनु हुन्न । शरीरको जन्म बाबु आमाबाट भएको हुन्छ, त्यसको पोषण अन्नले गरेको हुन्छ, त्यसै गरी रोग र मृत्यु अवश्यंभावी हुन् ।

"तर साँचो बुद्ध मानव शरीर होइन; – यो त ज्ञान हो । मनुष्य शरीर अवश्य विनष्ट हुनु पर्दछ, तर धर्मको सत्यमा र धर्मको पालनामा ज्ञानको

प्रज्ञा सदैव प्रवाहित भई रहन्छ । जसले मेरो शरीर मात्र देख्दछ, उसले यथार्थमा मलाई देख्दैन । उसले मात्र मलाई देख्दछ जसले मेरो उपदेश स्वीकार गर्दछ ।

"मेरो मृत्युपछि, धर्म नै तिम्रो गुरु हुनेछ । धर्मको पालन गर र तिमी म प्रति निष्ठावान् हुनेछौ ।

"मेरो जीवनको गत पैंतालीस वर्षमा, मैले आफ्ना उपदेशबाट केही कुरा लुकाएको छैन । कुनै गोप्य उपदेश छैन, कुनै लुकेको अर्थ छैन; सबै कुराको खुला एवं स्पष्ट रूपले उपदेश दिइएको छ । मेरा प्रिय शिष्यहरू; यो अन्त्य हो । अब एकै क्षणमा मैले निर्वाण लिनेछु । यो मेरो उपदेश हो ।"

द्वितीय अध्याय

अनादि एवं गौरवशाली बुद्ध

१

उनका करुणा तथा संकल्पहरू

१. बुद्धको भावना अत्यन्त करुणा र मायाले भरिएको छ। यो अत्यन्त मायाले भरिएको दयालुता सबै मनुष्यलाई कुनै र सबै प्रकारले रक्षा गर्ने भावना हो। महती करुणाको यो भावना त्यो हो जसले अरूको बिरामीमा बिरामी हुनु तथा अरूको दु:खबाट दु:खित हुनुतर्फ प्रेरित गर्दछ।

बुद्धले भनेका छन्: "तिम्रो दु:ख मेरो दु:ख हो र तिम्रो सुख मेरो सुख हो," र जसरी कुनै पनि आमाले आफ्नो बालकलाई सदैव स्नेह गर्दछिन्, उनले यो भावना एक क्षणका निमित्त पनि बिर्सन्नन्, किनभने अरूकाप्रति करुणामय हुनु बुद्धत्वको प्रकृति हो।

बुद्धको करुणाको भावना मानिसको आवश्यकता अनुसार प्रोत्साहित हुन्छ, मानिसको विश्वास यसै भावनाप्रतिको प्रतिक्रिया हो, र यसैले उसलाई ज्ञानतर्फ लग्दछ, ठीक त्यसरी नै जसरी कुनै पनि आमाले आफ्नो मातृत्व, सन्तानलाई स्नेह गरेर अनुभव गर्दछिन्; र अनि सन्तानले आमाको त्यो माया पाएर आफूलाई सुरक्षित र होलो ठान्दछ।

तैपनि मानिसहरू बुद्धको यो भावना बुझ्दैनन् र आफ्नो अज्ञानद्वारा उत्पन्न तृष्णा र मोहमा परेर दुःख भोगी राखेका हुन्छन्; उनीहरू सांसारिक रागद्वारा संग्रहित आफ्नै कर्मले दुःख पाउँछन्, तथा आफ्नो पापी कर्मको भारी बोकेर मोहको पर्वतमा भौंतारी रहन्छन् ।

२. बुद्धको करुणा यसै जन्मका निमित्त मात्र हो भनी विचार नगर, यो त अनादि बुद्धको अनन्तकालदेखिको करुणाको प्रकटीकरण हो, र यो अज्ञातकालदेखि सक्रिय छ जबदेखि मनुष्यले आफ्नो अज्ञानको कारणले बाटो बिरायो ।

अनादि बुद्ध मानिसहरूका समक्ष अत्यन्त मैत्रीपूर्ण रूपमा प्रकट हुन्छन् र उनीहरूलाई दुःखबाट मोक्षको सर्वश्रेष्ठ बुद्धिमत्तापूर्ण प्रक्रिया प्रदान गर्दछन् ।

शाक्यमुनि बुद्ध, शाक्य वंशमा राजकुमारकारूपमा जन्मेका थिए, उनले सन्यासीको जीवन व्यतीत गर्न आफ्नो महलका सुखहरू परित्याग गरे । शान्त ध्यानको अभ्यासद्वारा उनले ज्ञान प्राप्त गरे । उनले आफ्ना मानिसहरूमा धर्मको उपदेश दिए र आफ्नो पार्थिव शरीरको मृत्युद्वारा यसको अन्तिम अभिव्यक्ति गरे ।

बुद्धत्वको कार्य त्यत्तिकै चिरस्थायी छ जत्तिको मानव अज्ञान अनन्त छ; र जसरी अज्ञान अत्यन्त गहिरो छ, त्यसरी नै बुद्धको करुणा असीमित छ ।

जब बुद्धले सांसारिक जीवनबाट सम्बन्ध विच्छेद गर्ने निर्णय गरे, उनले चार महान् संकल्पहरू लिए:- सबै मानिसहरूको रक्षा गर्ने; सबै सांसारिक तृष्णाहरूको परित्याग गर्ने; सबै उपदेशहरू सिक्ने; एवं पूर्ण ज्ञान प्राप्त गर्ने । यी संकल्पहरू प्रेम र करुणाका प्रकटीकरणहरू हुन्, जो बुद्धत्व-प्रकृतिका मौलिक कुराहरू हुन् ।

३. बुद्धले सर्वप्रथम सबै चेतन प्राणीलाई दया गर्ने र कुनै पनि जीवित प्राणीको हत्याको पापबाट टाढा रहन आफ्नो साधना गरे र त्यसको पुण्यबाट उनले सबै मानिसले दीर्घ जीवनको आशिर्वाद प्राप्त गर्न सकुन् भनी कामना प्रकट गरे ।

बुद्धले चोरीको पाप परित्याग गर्न साधना गरे र त्यसको पुण्यबाट उनले सबै मानिसले उनीहरूको आवश्यकतानुसार सबै कुरा पाउन सकुन् भनी कामना गरे ।

बुद्धले परस्त्रीगमनबाट टाढा रहने साधना गरे, र त्यसको पुण्यबाट उनले सबै मनुष्यहरूको अतृप्त तृष्णाद्वारा पीडित नभई पवित्र भावनाको कल्याण बुझ्न सकुन् भनी कामना प्रकट गरे ।

बुद्धले, आफ्नो आदर्शलाई लक्षियत गरेर, सबै कपटबाट मुक्त हुन साधना गरे र त्यसको पुण्यबाट सबै मानिसहरूले सत्य बोल्दा पाइने मानसिक शान्ति थाहा पाउन सकुन् भनी कामना गरे ।

उनले सबै छलकपटलाई परित्याग गर्न साधना गरे, र त्यसको पुण्यबाट उनले संयमा बस्ने आनन्द सबैले थाहा पाउन सकुन् भन्ने कामना गरे ।

उनले अरुको निन्दा नगर्ने साधना गरे, र त्यसपछि अरुकासाथ शान्तिपूर्वक बस्दा उत्पन्न हुने शान्तिपूर्ण मन सबैलाई प्राप्त होस् भन्ने उनले कामना गरे ।

उनले आफूलाई वृथालापबाट मुक्त राखे, र त्यसपछि सहानुभूतिको परमानन्द सबैले थाहा पाउन सकुन् भन्ने कामना गरे ।

बुद्धले, आफ्नो आदर्शलाई लक्ष्यित गरी, लोभबाट आफूलाई मुक्त गर्ने साधना गरे ,र त्यसपछि यस पवित्र कर्मद्वारा सबै लोभबाट मुक्ति हुँदा पाइने शान्ति सबैले थाहा पाउन सकुन् भन्ने कामना गरे ।

उनले क्रोध परित्याग गर्ने साधना गरे, र त्यसपछि सबैले परस्परमा प्रेम गरुन् भन्ने कामना गरे ।

उनले अज्ञानको परित्याग गर्ने साधना गरे, र त्यसपछि सबैले हेतु-प्रत्ययको नियम बुझ्न सकुन् र त्यसलाई तिरस्कार नगरुन् भन्ने कामना गरे ।

यसरी बुद्धको करुणा सबै मनुष्यमाथि व्याप्त हुन्छ र उनको कहिल्यै नघट्ने दया उनीहरूको सुखका निमित्त हो । पिता–माताले छोराछोरीलाई स्नेह गरे जस्तै उनले मानवप्रति स्नेह गर्दछन् र उनीहरूका निमित्त परमानन्दको कामना गर्दछन्, अर्थात्, जसले गर्दा उनीहरू जीवन र मृत्युको यो भवसागर पार तर्न सक्षम हुनेछन् ।

२

बुद्धको मोक्ष र हाम्रा निमित्त मुक्ति

१. ज्ञानको टाढा किनारबाट दिइएको, बुद्धको उपदेश मोहको संसारमा अझै संघर्ष गरी राखेका मानिसहरूसम्म पुग्न सारै कठिन हुन्छ; तसर्थ बुद्ध स्वयं यस्तो संसारमा फर्कन्छन् र मोक्षको आफ्नो पद्धति प्रयोगमा ल्याउँछन् ।

"अब म तिमीहरूलाई एक अर्ति कथा सुनाउँछु", बुद्धले भने । "कुनै समय एक धनी व्यक्ति थियो जसको घरमा आगो लाग्न गयो । त्यो धनी व्यक्ति त्यस बखत घरमा थिएन र ऊ जब फर्केर आयो, उसले आपना छोरा छोरीलाई खेलमा मस्त भई उनीहरूले आगो लागेको नदेखेको र घरभित्रै बसी राखेको पायो ।" बाबुले कराएर भन्यो : "छोराछोरी हो, दगुर, छिटो घर बाहिर आऊ; छिटो गर ।" तर छोराछोरीहरूले उनको कुरा सुनेनन् ।

"तसर्थ व्याकुल बाबुले फेरि करायो: 'छोराछोरी हो' मसित यहाँ केही अचम्मका खेलौनाहरू छन्; घर बाहिर आएर तिनलाई लेऊ ।' यस पल्ट बाबुले कराएको कुरा मानेर केटाकेटीहरू आगो लागेको घरबाट दगुरेर बाहिर आए ।"

यो संसार आगो लागेको एक घर हो, तर मनुष्यहरू घरमा आगो लागेको छ भनी थाहा नपाएर यसैमा जलेर मर्ने विपत्तिमा हुन्छन् । तसर्थ बुद्धले करुणाले प्रेरित भई उनीहरूलाई बचाउने उपाय गर्दछन् ।

२. बुद्धले भने : "म तिमीहरूलाई एक अर्को अति कथा सुनाउँछु। कुनै समय एक धनी व्यक्तिको एक मात्र छोराले गृहत्याग गर्‍यो तथा अत्यन्त निर्धन अवस्थामा पर्न गयो ।

"जब बाबुले आफ्नो छोराको खोजीमा घरबाट टाढा यात्रा गर्‍यो उसले उसलाई पाउन सकेन । बाबुले छोरालाई पाउन हर संभव प्रयत्न गर्‍यो, तर सबै व्यर्थ भयो ।

"केही कालपछि, सारै दुर्दशामा परेको छोरो, घुम्दा घुम्दै बाबु बसे निर पुग्न गयो ।

"बाबुले छोरालाई छिटै चिन्यो तथा फिरन्तै छोरालाई घर फर्काउन आफ्ना नोकरहरू पठायो, तर छोरा, घरको भव्यता देखेर सशंकित भयो तथा उनीहरूले केही छल गर्न आँटेका हुन् भन्ठानी, ऊ उनीहरूसित जान मानेन ।

"अनि बाबुले नोकरहरूलाई पुनः पठायो र यस पल्ट धनी व्यक्तिको घरमा केही पैसाको प्रलोभन दी नोकरी गर्न हिंड भनी भन्न सिकायो। छोराले यो प्रस्ताव मान्यो र नोकरहरूका साथ बाबुको घरमा फर्क्यो र नोकर भयो ।

"बाबुले विस्तारै विस्तारै उसको पदोन्नति गर्दै लग्यो र अन्त्यमा बाबुको सबै धन सम्पत्ति उसको जिम्मामा भयो तै पनि छोराले आफ्नै बाबुलाई चिनेन ।

"बाबु छोराको विश्वासीपना देखेर प्रसन्न भयो, एवं उसको अन्तिम घडीजसै नजीक आयो, उसले आफ्ना नाता कुटुम्ब तथा साथीहरू सबैलाई बोलाई उनीहरूलाई भन्यो: 'मित्रहरू, यो मेरो एक मात्र छोरा हो, जुन छोरा पाउन मैले कैयनवर्ष खोजी गरें । अब उप्रान्त मेरो सबै धन सम्पत्ति यसैको हुनेछ ।'

"बाबुले यसरी अंगीकार गरेको सुनेर छोराले आश्चर्यचकित हुँदै भन्यो: 'मैले आफ्नो बाबु मात्र पाएको होइन, तर यी सबै धन सम्पत्ति पनि अब मेरा भए ।"

यस अति कथाको धनी मानिसले बुद्धलाई संकेत गर्दछ, र घुमन्ते छोरा भनेको सबै मनुष्यलाई संकेत गर्दछ । बुद्धको करुणा सबै मनुष्यमाथि व्याप्त हुन्छ, पिताको आफ्नो एक मात्र छोराप्रतिको स्नेह जस्तै रूपमा । त्यस स्नेहमा, उनले उनीहरूलाई मार्ग प्रदर्शन गर्ने, उपदेश दिने र ज्ञानको निधिद्वारा समृद्ध पार्ने सब भन्दा बुद्धिमत्ता पूर्ण पद्धतिको विचार गर्दछन् ।

३. जसरी वर्षा सबै वनस्पतिमाथि समानरूपले पर्दछ, त्यसरी नै बुद्धको करुणा सबै मनुष्यमाथि समानरूपले व्याप्त हुन्छ; तर जसरी विभिन्न बिरुवाहरूले एकै वर्षाबाट बेग्ला बेग्लै लाभ उठाउँछन्, त्यसरी नै विभिन्न प्रकृति तथा परिस्थितिका मानिसहरू विभिन्न पद्धतिबाट कल्याण प्राप्त गर्दछन् ।

४. बाबु आमाले आफ्ना सबै छोरा छोरीलाई स्नेह गर्दछन्; तर कुनै बिरामी छोरा छोरी पट्टी उनीहरूको स्नेह विशेष दयालुताकासाथ अभिव्यक्त हुन्छ ।

बुद्धको करुणा सबैका प्रति समान रूपको हुन्छ, तर जो आफ्नो अज्ञानको कारणले गर्दा बढी पाप र दुःखको भारी बोकेका हुन्छन् उनका-प्रति यो करुणा विशेष ध्यान पूर्वक व्यक्त हुन्छ ।

पूर्वी आकासमा सूर्योदय हुन्छ र यसले विशेष क्षेत्रका प्रति भेदभाव नराखी अथवा कृपा नगरी संसारको अन्धकारलाई हटाई दिन्छ । यसै गरी बुद्धको करुणा पनि सबै मनुष्यहरूमाथि व्याप्त हुन्छ, र उनीहरू-लाई कुमार्गबाट हटाएर सन्मार्गमा लाग्न प्रोत्साहित गर्दछ, यसरी उनले अज्ञानको अन्धकारलाई हटाएर मानिसहरूलाई ज्ञानको मार्ग तर्फ लग्दछन् ।

बुद्ध उनको करूणामा पिता सहर एवं उनको स्नेहपूर्ण दयालुतामा माता सरह छन् । मानिसहरू आफ्नो अज्ञान र सांसारिक तृष्णाको बन्धन-ले गर्द प्रायः अत्यधिक उत्साहपूर्वक कार्य गर्दछन्; बुद्ध पनि सबै मनुष्य हरूका प्रति करुणामय हुँदै अत्यन्त उत्साहित हुन्छन् । बुद्धको करुणा बिना उनीहरू निःसहाय हुन्छन्; उनीहरूले बुद्धका सन्तान सरह उनको निर्वाण पद्धति ग्रहण गर्नु पर्दछ ।

३

अनादि बुद्ध

१. साधारण व्यक्तिहरूको बिचारमा बुद्धको जन्म एक राज कुमार-का रूपमा भएको थियो र उनले ज्ञानको मार्ग एक सन्यासीको रूपमा प्राप्त गरे; तर,वास्तवमा,यो धेरै लामो साधना द्वारा उपलब्ध भएको हो, किन भने आदि र अन्त्य नभएको विश्वमा बुद्ध सदैव थिए ।

अनादि बुद्धका रूपमा, उनले सबै मनुष्यलाई चिनेका छन् र मोक्षको सबै पद्धति प्रयोगमा ल्याएका छन् ।

बुद्धले शिक्षा दिएको शाश्वत धर्ममा कुनै असत्यता छैन, किन भने बुद्धले संसारमा सबै वस्तुलाई जस्ताको जस्तै रूपमा चिन्दछन् र बुद्धले सबै मनुष्यलाई तिनको उपदेश दिन्छन् ।

वास्तवमा,संसारको वास्तविक रूप के हो भनी बुझ्न सारै कठिन छ, किन भने, यद्यपि यो वास्तविक देखिन्छ, तर त्यो होइन, यद्यपि यो अवास्तविक देखिन्छ, तर त्यो होइन । अज्ञानी व्यक्तिहरू संसारको सत्यता थाहा पाउन सक्दैनन् ।

बुद्धले मात्र संसार जस्तो छ त्यसलाई सत्य र पूर्णरूपले बुझ्दछन् अनले कहिल्यै पनि यो वास्तविक हो अथवा अवास्तविक तथा असल हो. अथवा नअसल भनी भन्दैनन् । उनले संसार जे जस्तो छ त्यसको यथार्थ रूप मात्र देखाउँ छन् ।

बुद्धले दिने उपदेश यो हो:– सबै मनुष्यले आफ्नो प्रकृति,आफ्नो कर्म र आफ्नो विश्वासका अनुसार सद्गुणको जरैसम्म पुगी त्यसमा लाग्नु पर्दछ । संसारको प्रमाणीकरण अथवा अप्रमाणीकरण भन्दा यो उपदेश धेरैमाथि छ ।

२.बुद्धले शब्दद्वारा मात्र उपदेश दिने होइन,उनले आफ्नो जीवन-द्वारा पनि उपदेश दिन्छन् । यद्यपि उनको जीवन अनन्त छ, तर तृष्णाले भरिएको जीवनसित आसक्त मनुष्यको ध्यान जाग्रत गराउन, उनले जीवन र मृत्युको उपाय प्रयोग गर्दछन् ।

"कुनै एक वैद्य आफ्नो घर बाहिर हुँदा, उसका छोरा छोरीले अकस्मात् बिष खान पुगे छन् । जब वैद्य फर्क्यो, उसले केटाकेटी बिरामी परेको देखि, एक प्रतिविष बनायो । छोराछोरीहरू मध्ये जसलाई धेरै विष लागे-

को थिएन उनीहरूले औषधी खाए र उनीहरूलाई निको भयो, तर अरुहरूलाई ज्यादै बढी विष लागेको हुँदा उनीहरूले औषधी खान अस्वीकार गरे।

"वैद्यले छोरा छोरीका प्रति बाबुमा हुने स्नेहले गर्दा, उनीहरूले उपचारका निमित्त औषधी सेवन गरून भनी एक ज्यादै कठोर पद्धति अपनाउने निर्णय गऱ्यो। उसले छोराछोरीलाई भन्यो: 'मैले यात्रामा टाढा जानु पर्ने भएको छ। म बुढो भएकोले कुनै दिन पनि मर्न सक्छु। यदि म तिमीहरूसित बसें भने तिमीहरूको हेर विचार गर्न सक्ने छु, तर यदि म मरें भने, तिमीहरूलाई रोग झन बढ्दै जाने छ। यदि तिमीहरूले मेरो मृत्युको समाचार सुन्यौ भने, विष लागेको रोगबाट निको हुन यो प्रतिविष खानु भनी आग्रह गर्दछु। त्यसपछि ऊ लामो यात्रामा हिंड्यो। केही दिनपछि, उसले आफ्ना छोरा छोरीहरूलाई एक सन्देश वाहकद्वारा आफ्नो मृत्युको सूचना पठायो।

"छोरा छोरीहरूले यो सन्देश पाए पछि, आफ्ना पिताको मृत्युको कुराले र विशेषतः बाबुको उदार स्नेहबाट अब वंचित भएको कुराले ज्यादै दुखित भए। उनीहरूले आफ्ना बाबु विदा हुँदा उनीहरूलाई अनुरोध गरेको कुरा संझेर दुःख तथा निस्सहायको भावनाले भरिएर, उनीहरूले औषधीको सेवन गरे र निको भए।"

मानिसहरूले यो वैद्य-पिताको कपटलाई निन्दा गर्नु हुन्न। बुद्ध पनि ती पिता जस्तै हुन्। उनले पनि तृष्णाको बन्धनमा डुबेकाहरूलाई रक्षा गर्न जीवन र मृत्युको गूढार्थ प्रयोगमा ल्याउँछन्।

तृतीय अध्याय

बुद्धका रूप र ऊनका सद्गुणहरू

१

बुद्धको शरीरका तीन पक्षहरू

१. बुद्धलाई उनको रूप अथवा गुणबाट चिन्ने प्रयत्न नगर; किन भने न त रूप न गुण नै वास्तविक बुद्ध हुन् । सत्य बुद्ध त स्वयं ज्ञान हो । बुद्धलाई थाहा पाउने सन्मार्ग ज्ञानको प्राप्ति गर्नु हो ।

यदि कसैले बुद्धको उत्कृष्ट आकार देख्दछ र अनि बुद्धलाई चिनेको छु भन्दछ भने, त्यो एक अज्ञानी आँखाको दोष मात्र हो, किन भने साँचो बुद्धलाई न त रूपमा मूर्त गर्न सकिन्छ न त मानव आँखाले नै देख्न सक्दछ । न त कसैले बुद्धलाई उनको गुणको विशुद्ध वर्णनबाट नै थाहा पाउन सक्दछ । उनका गुणहरू मानव शब्दमा वर्णन गर्न संभव छैन ।

यद्यपि हामीले उनको रूपको कुरा गर्दछौं, अनादि बुद्धको कुनै निश्चत रूप हुँदैन, तर उनले आफूलाई कुनै पनि रूपमा प्रकट गर्न सक्दछन् । यद्यपि हामी उनका गुणको वर्णन गर्दछौं, तर अनादि बुद्धका कुनै निश्चित गुणहरू हुन्नन् , तर उनले आफूलाई कुनै अथवा सबै उत्कृष्ट गुणहरूमा प्रकट गर्न सक्दछन् ।

तसर्थ, यदि कसैले बुद्धको रूप स्पष्ट देख्दछ भने, अथवा उनको गुण-को अनुभूति निर्मल रूपले गर्दछ भने र तैपनि उनको रूप तथा उनको गुण प्रति आसक्त भएर रहँदैन भने, उसमा बुद्धलाई हेर्ने र चिन्ने क्षमता हुन्छ ।

२. बुद्धको शरीर स्वयं ज्ञान हो । रूप रहित र सत्व रहित भएको हुँदा, ऊ सदैब थियो र सदैव रहने छ । यो आहारद्वारा पौष्टिक गरिनु पर्ने कुनै भौतिक शरीर होइन । यो त एक अनादि शरीर हो जसको सत्व प्रज्ञा हुन्छ । बुद्धलाई तसर्थ, न त कुनै त्रास हुन्छ अथवा व्याधि नै हुन्छ; उनी सदा परिवर्तन रहित छन् ।

तसर्थ, ज्ञान रहुन्जेल बुद्ध कहिले पनि लोप हुँदैनन् । ज्ञान, प्रज्ञा-ज्योति-का रूपमा प्रकट हुन्छ जसले मनुष्यहरूलाई जीवनको नवीनताका साथ जाग्रत गर्दछ र उनीहरूलाई बुद्धको संसारमा जन्माउँछ ।

जसले यो अनुभव गर्दछन्, उनीहरू बुद्धका सन्तान हुन पुग्दछन् ; उनीहरूले उनको धर्मको संरक्षण गर्दछन्, उनको उपदेशको सम्मान गर्दछन्; र सन्तान दरसन्तान सम्म यसलाई पुऱ्याउँछन् । बुद्धको शक्ति भन्दा बढी अद्‌भुत अरू केही हुन सक्दैन ।

३. बुद्धको शरीरका तीन रूप छन् । एक रूप तत्व अथवा धर्मकाय-को हुन्छ; अर्को रूप शक्यता अथवा संभोगकायको हुन्छ; र अर्को रूप अभिव्यक्ति अथवा निर्माणकायको हुन्छ ।

धर्मकाय धर्मको तत्व हो; अर्थात् यो सत्यको नै तत्व हो । तत्वको रूपमा, बुद्धको कुनै रूप अथवा रङ हुँदैन, तथा बुद्धको कुनै रूप अथवा रङ्ग नभएको कारणले नै, बुद्धको आवागमन अज्ञात हुन्छ । नीलो आकाश सरह उनी सबैलाई ढाक्दछन्, एवं उनी सबै वस्तु भएको हुनाले उनमा कुनै कुराको न्यूनता हुन्न ।

मनुष्यले उनी अवस्थित छन् भन्ने ठानेको हुनाले उनी अवस्थित भएका होइनन् ; न त मनुष्यले बिर्संदा उनी लोप हुने हुन् । मनुष्य सुखी र सन्तुष्ट भएको बेलामा प्रादुर्भाव हुनु पर्ने उनलाई कुनै विशेष वाध्यता छैन, न त मनुष्य असावधान एवं कार्य बिमुख भएको बेला अदृश्य हुने उनलाई आवश्यकता नै छ । मानवका सबै कल्पनातित विचार दिशा भन्दा बुद्धमाथि छन् ।

बुद्धको शरीर यस दृष्टिमा विश्वको कुना कुनामा व्याप्त छ; यो सर्वव्यापी छ; यो सदैव अवस्थित छ र यो कुरा मनुष्यको उनीमाथिको विश्वास अथवा उनको अस्तित्वमाथिको शंकामा निर्भर गर्दैन ।

४. संभोगकायले करुणा र प्रज्ञा दुबैको सम्मिश्रण भएको त्यस बुद्ध प्रकृतिलाई स्पष्ट गर्दछ, जो प्रतिबिम्बरहित भावना हुन्छ, जसले सबै मनुष्यलाई मुक्तिको मार्ग तर्फ लग्न, जन्म र मृत्युका प्रतीकद्वारा एवं संकल्प, साधना तथा उनको पवित्र नाम प्रकटीकृत गर्ने प्रतीकहरूद्वारा आफूलाई प्रकट गर्दछ ।

यसरी, करुणा यस कायको तत्व हो, र यसको भावनामा बुद्धले सबै उपाय-हरूको प्रयोग गरेर ती सबै व्यक्तिको उद्धार गर्दछन् जो उद्धारका निमित्त तत्पर देखिन्छन् । जस्तो अग्नि एक पल्ट बालिए पछि इन्धन समाप्त नहुन् जेल बली राख्दछ, त्यस्तै सम्पूर्ण सांसारिक राग समाप्त नहुन्जेल बुद्ध-को करूणा कदापि लरबरिन्न । जसरी हावाले धूलोलाई उडाएर लग्दछ, त्यसरी नै बुद्धको करूणाले मावन दुःखको धुलोलाई उडाई दिन्छ ।

निर्माण-कायका अनुसार, शक्यतारूपी बुद्धको मोक्षलाई पूर्ण गर्न, बुद्ध यस संसारमा शरीर रूप धारण गरेर प्रकट भए एवं मानिसहरूलाई उनीहरूको प्रकृति तथा क्षमता अनुसार जन्म, सन्यास तथा ज्ञान प्राप्तिका पक्षहरू देखाए । मनुष्यलाई मार्ग देखाउन, बुद्धले यस शरीरमा व्याधि र मृत्यु जस्ता सबै उपायहरू प्रयोग गर्दछन् ।

बुद्धको रूप प्रारम्भमा धर्मकाय हो, तर जसरी मनुष्यको प्रकृति प्रकृ-तिमा अन्तर हुन्छ त्यसरी नै बुद्धको रूप पनि बेग्ला बेग्लै देखिन्छ । यद्यपि मनुष्यको, विभिन्न तृष्णा, कर्म र क्षमताका अनुरूप बुद्धको रूपमा अन्तर हुन्छ, तर बुद्धको सम्बन्ध धर्मको सत्यसित मात्र छ ।

यद्यपि बुद्धका तीन शरीर छन्, तर उनको भावना र उद्देश्य एक मात्र छ-त्यो हो सबै मनुष्यको रक्षा गर्नु ।

यद्यपि सबै परिस्थितिहरूमा बुद्ध आफ्नो पवित्र रूपमा प्रकट हुन्छन्,

तर त्यो प्रकटीकरण बुद्ध होइन, कारण बुद्ध रूप होइन। बुद्धत्वले सबै कुरा परिपूर्ण गर्दछ, र यसले ज्ञानलाई आपनो शरीरको रूप दिन्छ, र ज्ञानका रूपमा यो ती सबैका समक्ष प्रकट हुन्छ जो सत्यको प्राप्ति गर्न सक्षम हुन्छन्।

२.

बुद्धको प्रादुर्भाव

१. संसारमा कुनै बुद्धको प्रादुर्भाव कमै हुन्छ। तर जब कुनै बुद्धको प्रादुर्भाव हुन्छ, उनले ज्ञान प्राप्त गर्दछन्, धर्मको प्रतिष्ठापन गर्दछन्, शंकाको जालो विच्छेद गरिदिन्छन्, तृष्णाको दुराकर्षणलाई जरैदेखि निर्मूल गरी दिन्छन्; पापको मुहानलाई बन्द गरिदिन्छन्; एवं कुनै पनि बाधा रहित भई आपनो इच्छानुसार संसारको विचरण गर्दछन्। बुद्धको श्रद्धा गर्नु भन्दा ठूलो कुरा अरू छैन।

बुद्धले दुःखी मनुष्यको परित्याग गर्न नसक्ने हुनाले नै उनको प्रादुर्भाव दुःखको संसारमा हुन्छ; उनको एक मात्र उद्देश्य धर्मको प्रचार गर्नु हो र यसको सत्यद्वारा सबै मनुष्यको कल्याण गर्नु हो।

अन्याय र असत्य नियमले भरिएको संसारमा, यस्तो संसार जो अतृप्त तृष्णा एवं असुविधासित वृथा संघर्ष गरी राखेको छ, त्यस्तो संसारमा धर्मको प्रतिष्ठापन ज्यादै कठिन कुरा हो। बुद्ध अत्यन्त प्रेम र करूणाले भरिएका हुनाले उनले यी कठिनाईहरूको प्रत्यक्षीकरण गर्दछन्।

२. बुद्ध यस संसारमा सबैका असल मित्र हुन्। यदि बुद्धले कुनै

व्यक्तिलाई सांसारिक रागको भारीद्वारा दुःख पाई राखेको पाए भने, उनमा त्यस व्यक्तिका प्रति करुणा जागृत हुन्छ र उसको भारीको अंश उनले बोकी दिन्छन् । यदि उनले मोहमा परेको कुनै व्यक्ति भेटे भने, उनले आफ्नो प्रज्ञाको पवित्र ज्योतिद्वारा मोहलाई हटाई दिन्छन् ।

बाछोले आफ्नो आमासित बस्न मन पराए जस्तै, जसले बुद्धको उपदेश सुनेका हुन्छन्, उनीहरू उनलाई त्यसपछि कहिल्यै पनि छाड्न चाहन्नन् कारण उनको उपदेशले उनीहरूलाई कल्याण प्रदान गर्दछ ।

३. जब चन्द्रमा अस्ताउँछन्, मानिसहरूले चन्द्रमा अदृश्य भए भन्दछन्, र जब चन्द्रमा उदय हुन्छन्, उनीहरू भन्दछन्—चन्द्रमा प्रकट भए । तर, वास्तवमा, चन्द्रमा न त कहिँले जान्छन् न त आउँछन्,उनी त अपरिवर्तित रूपले आकासमा चम्की राखेका हुन्छन् । बुद्ध ठीक चन्द्रमा समान हुन् : उनी न त प्रकट हुन्छन् न त अदृश्य हुन्छन् ; मनुष्यहरूलाई उपदेश दिन उनमा भएको स्नेहले गर्दा उनले यसो गरेको जस्तो मात्र देखिन्छ ।

चन्द्रमाको एक पक्षलाई मानिसहरू पूर्ण चन्द्र भन्दछन्, उनीहरूले अर्को पक्षलाई अर्धचन्द्र भन्दछन् ; तर, वास्तवमा, चन्द्रमा भने सदैव पूर्ण गोलाकार रहन्छन्, न त बढछन् न त घटछन् । बुद्ध ठीक चन्द्रमा जस्तै हुन् । मनुष्यको दृष्टिमा, बुद्धले रूप परिवर्तन गरी राखे जस्तो लाग्दो हो, तर, वास्तवमा, बुद्ध अपरिवर्तनशील छन् ।

चन्द्रमा सर्वत्र देखिन्छन्, ठूलो जनसंख्या भएको शहरमा, चकमन्न गाउँमा, पर्वतमा, नदीमा; तालको गहिराईमा, पानीको भांडोमा र पात-

माथि झुण्डिएको शीतको थोपामा। यदि कुनै मानिस सैकडौं कोश हिंड्यो भने, चन्द्रमा उसको साथ साथै हिंडेको देखिन्छ । मानिसको विचारमा चन्द्रमामा परिवर्तन आएको लाग्दछ, तर चन्द्रमामा परिवर्तन आउन्न। बुद्ध पनि चन्द्रमा जस्तै हुन् जो मनुष्यको सबै परिवर्तित परिस्थिति-मा विभिन्न रूपमा प्रकट भएका देखिन्छन्, तर उनको तत्वमाउनमा कुनै परिवर्तन हुन्न ।

४. बुद्ध प्रकट हुने र लोप हुने तथ्यको व्याख्या हेतु-प्रत्ययद्वारा गर्न सकिन्छ :- अर्थात् जब हेतु र परिस्थिति शुभ हुन्छन्, बुद्ध प्रकट हुन्छन् ; जब हेतु र परिस्थिति अशुभ हुन्छन्, बुद्ध संसारबाट लोप भए सरह देखिन्छन् ।

तर बुद्ध प्रकट भए पनि लोप भए,-पनि बुद्धत्व सदैव समान रहन्छ । यो सिद्धान्त बुझेर, प्रत्येकले ज्ञानको मार्गमा लाग्नै पर्दछ र पूर्ण प्रज्ञा प्राप्त गर्न पर्दछ,- र त्यसो गर्ने व्यक्ति बुद्धको प्रतिमामा एवं संसारको स्थितिमा देखिने परिवर्तनबाट अथवा मानव विचारमा उत्पन्न हुने सन्देहहरूबाट विचलित हुनु हुन्न ।

जस्तो व्याख्या गरी सकिएकोछ, बुद्ध भौतिक शरीर होइनन् तर ज्ञान हुन्। यदि शरीरलाई एउटा पात्र मान्यो भने, र यदि यो पात्र ज्ञानले भरिएको छ भने, यसलाई बुद्धको संज्ञा दिए हुन्छ । तसर्थ,यदि कुनै व्यक्ति पनि बुद्धको भौतिक शरीरसित आसक्त छ भने र उनी लोप हुँदा विलाप गर्छ भने, उसले सांचो बुद्ध देख्न सक्दैन ।

वास्तवमा, सबै वस्तुको सत्य प्रकृति, उत्पत्ति र लयको, आवागमनको अथवा शुभाशुभको विभेद भन्दामाथि हुन्छ । सबै वस्तुहरू तत्वरहित र पूर्ण समवाय हुन्छन् ।

यस्ता विभेदहरू यी गोचरवस्तु देख्ने व्यक्तिका भ्रान्तिपूर्ण निर्धारणका फल मात्र हुन् । बुद्धको सत्य रूप नत प्रकट हुन्छ नत लोप हुन्छ ।

३.

बुद्धका सद्‌गुण

१. बुद्धले विश्वको सम्मान प्राप्त गरेको कारण उनका पांच सद्‌गुण हुन् :– उत्कृष्ट व्यवहार ; उत्कृष्ट दृष्टिकोण ; परिपूर्ण प्रज्ञा ; उपदेश दिने उत्कृष्ट क्षमता ; र मनुष्यलाई आफ्नो उपदेश पालन गराउन मार्ग देखाउन सक्ने शक्ति ।

यसका अतिरिक्त, बुद्धका आठ अरू सद्‌गुणहरू छन्, जसले उनलाई मानिसहरूलाई आशिष एवं सुख प्रदान गर्न, उनको उपदेश पालन गर्नाले संसारलाई तत्काल लाभ प्रदान गर्न, असल र कमसल, सत्य र असत्य राम्ररी छुट्याउन , मानिसहरूलाई सन्मार्गको उपदेश दिइ ज्ञान प्राप्त गराउन, सबै मनुष्यलाई समान मार्गमा लगाउन, अभिमान र गर्व परित्याग गर्न, उनको वचन अनुसार गर्न, उनले गरे अनुसार बोल्न, र यसरी उनको करुणापूर्ण मनद्वारा भएको संकल्प पूरा गर्न, सक्षम तुल्याउँछन् ।

ध्यानको अभ्यासद्वारा बुद्धले निश्चल एवं शान्तिपूर्ण भावनाको संरक्षण

गर्दछन्, जुन भावना, दया, करूणा, सुख र समचित्तताले समेत देदीप्यमान हुन्छ। उनलेसबै सित समान व्यवहार गर्दछन्, एवं उनीहरूको मनको अपवित्रता हटाई पूर्ण एकाग्र भावनामा आनन्दित तुल्याउँछन्।

२. संसारका मनुष्यहरूका निमित्त बुद्ध माता-पिता दुवै हुन्। बालक जन्मेको सोरह महिनासम्म माता-पिताले ऊसित शिशुको बोल्नु पर्दछ, त्यस पछि उनीहरूले युवाहरूले बोल्ने सरह क्रमै संग बोल्न सिकाउँछन्।

सांसारिक माता पिता जस्तै, बुद्धले पहिले मानिसहरूको हेर विचार गर्दछन् र त्यसपछि आफ्नो हेर विचार स्वयं गरून् भनी उनीहरूलाई छाडी दिन्छन्; पहिले त उनले उनीहरूलाई उनीहरूको तृष्णा बमोजिम गर्न दिन्छन् र त्यसपछि उनीहरूलाई शान्तिपूर्ण एवं सुरक्षित आश्रयमा पुऱ्याउँछन्।

बुद्धले आफ्नो भाषामा जे उपदेश दिन्छन्, मानिसहरूले आफ्नो आफ्नो भाषामा त्यसलाई ग्रहण एवं एकीकरण गर्दछन्, यो उपदेश उनीहरूका निमित्त मात्र दिइन भएको जस्तो गरी यसो गर्दछन्।

बुद्धको मनस्थिति मानिसहरूको विचार भन्दामाथि छ; यसलाई शब्दद्वारा स्पष्ट गर्न सकिन्न; यसलाई अति कथाद्वारा मात्र संकेत गर्न सकिन्छ।

एउटा नदीमा घोडा एवं हात्तीहरू खुट्टा बजारेर हिंडे भने त्यसको पानी हल्लिन्छ एवं माछा तथा कछुवाको बगाईले त्यसको पानी बिथोलिन्छ; तर नदीलाई यस्ता साना कुराले कुनै असर नपारी पवित्र रूपमा एवं नखलबलिएर बगी राख्दछ। बुद्ध एक महानदी जस्तै हुन्। अन्य उपदेशका माछा

र कछुवाहरू यसको गहिराईमा पौडी खेली यसको प्रवाह रोक्ने असफल प्रयत्न गर्दछन् , बुद्धको धर्म विघ्न बाधा, रहित पवित्र रूपले बगी राख्दछ ।

३. बुद्धको प्रज्ञा, परिपूर्ण भएको हुँदा, दुराग्रहको अत्यन्तता भन्दा यसले आफूलाई टाढा राख्दछ र यसमा अवर्णनीय संयम संरक्षित गर्दछ। सर्वबुद्धि सम्पन्न भएको हुँदा उनले सबै मानिसहरूको विचार र भावना थाहा पाउँछन् र यस संसारको प्रत्येक कुरा एकै क्षणमा पूर्ण गर्दछन् ।

जसरी आकाशमा ताराहरू एक शान्त समुद्रमा प्रतिविम्वित हुन्छन्, त्यसरी नै बुद्धको प्रज्ञाको गहिराईमा, मानिसहरूको विचार, भावना र परिस्थितिहरू प्रतिबिम्बित हुन्छन् । त्यसैले बुद्धलाई पूर्ण ज्ञान प्राप्त व्यक्ति एवं सर्वज्ञ भनिन्छ ।

बुद्धको प्रज्ञाले मानिसहरूको शुष्क मस्तिष्कलाई शीतल पार्दछ, उनीहरूलाई उपदेश दिन्छ एवं यस संसारको महत्व, यसको हेतु र प्रभाव तथा यसको सृष्टि र लयको शिक्षा दिन्छ। वास्तवमा, बुद्धको प्रज्ञाको सहायता विना, मानिसहरूलाई संसारको कुन चाहीं रूप बोधगम्य हुन्छ र ?

४. बुद्ध सदैव बुद्धका रूपमा प्रकट हुँदैनन् । कहिलेकांही उनी दुष्टको अवतार लिएर प्रकट हुन्छन्, कहिले नारीको रूपमा, कहिले देवताको, कहिले राजाको अथवा कहिले राजनीतिज्ञको रूपमा ; कहिले कांहि वेश्यालय अथवा जुवाको अड्डामा पनि उनी प्रकट हुन्छन् ।

महामारी लागेको बेला उनी एक रोगहर चिकित्सकका रूपमा प्रकट हुन्छन् र युद्धको बेला उनले दुःखी मानिसहरूका निमित्त क्षमा र दयाको उपदेश दिन्छन् ; ती व्यक्तिहरूका निमित्त जो वस्तुहरू नित्य हुन् भनी विश्वास गर्दछन्, उनले अनित्य तथा अनिश्चयको उपदेश दिन्छन्, र जो घमण्डी अथवा आत्मश्लाघाधीन छन्, उनका निमित्त उनले विनम्रता एवं आत्मबलिदानको उपदेश दिन्छन् ; जो सांसारिक भोग विलासको जालोमा अल्झेका हुन्छन्, उनका समक्ष उनले संसारको क्लेश प्रकट गर्दछन् ।

बुद्धको क्रिया सबै कार्यहरू एवं अवसरहरूमा धर्मकायको पवित्र तत्व प्रकट गर्नु हो (जो बुद्धको पूर्ण प्रकृति हो) ; तसर्थ बुद्धको दया र करूणा मानिसहरूलाई निर्वाण प्रदान गर्ने अनन्त जीवन तथा असीमित ज्योतिका रूपमा, यसै धर्मकायबाट प्रवाहित हुन्छ ।

५. संसार एक आगो लागेको घर सरह हो जो निरन्तर नष्ट भइ राख्दछ र जसको निरन्तर निर्माण भइ राख्दछ । मानिसहरू अज्ञानको अन्धकारले मतिभ्रम भएर, क्रोध, असंतोष, ईर्ष्या, दुराग्रह एवं सांसारिक रागले बाटो बिराएका हुन्छन् । तिनीहरू आमा खोजी राखेका साना बालक जस्तै हुन्छन् ; प्रत्येक व्यक्ति बुद्धको दयामा भर पर्नै पर्दछ ।

बुद्ध सम्पूर्ण विश्वका पिता हुन् ; सबै मनुष्य बुद्धका सन्तान हुन्, बुद्ध सबै सन्तहरू मध्ये महासन्त हुन् । संसार जरा मरणको ज्वालामा प्रज्वलित छ; जता ततै दुःखै दुःख छ; तर सांसारिक भोग विलासको व्यर्थको खोजी-मा लागेका व्यक्तिहरूमा यस कुराको अनुभूति हुने पर्याप्त बुद्धि हुँदैन ।

बुद्धले मोहको यो महल, वास्तवमा, एक जली रहेको घर मात्र हो भन्ने कुरा देखे, त्यसैले उनले त्यसको परित्याग गरे एवं निःशब्द जंगलमा आश्रय एवं, शान्ति प्राप्त गरे। त्यहाँ, उनको महती करूणाबाट, उनले भने; "यो परिवर्तन एवं दुःखको संसार मेरो संसार हो ; यी सबै अज्ञानी एवं असावधान व्यक्तिहरू मेरा सन्तान हुन्; मैले मात्र उनीहरूलाई मोह तथा क्शलेबाट बचाउन सक्ने छु।"

बुद्ध, धर्मका महान् राजा भएका हुनाले, उनी सबै मनुष्यलाई आफूले इच्छा गरे सरह उपदेश दिन सक्दछन् ; तसर्थ बुद्ध संसारमा मानिसहरूलाई आशिर्वाद दिन प्रकट हुन्छन्। उनीहरूलाई दुःखबाट बचाउन उनले धर्मको उपदेश दिन्छन्, तर मानिसहरूको कान लोभले कुंठित भएको हुन्छ र उनीहरू ध्यान दिंदैनन्।

तर जसले उनको उपदेश सुन्दछन्, तिनीहरू मोह तथा जीवनको क्लेश-बाट मुक्त हुन्छन्। उनले भने, "मानिसहरूलाई उनीहरू कै बुद्धिको भरमा पर्न दिएर बचाउन सकिन्न र उनीहरूले विश्वासका साथ मेरो उपदेशमा प्रवेश गर्नै पर्दछ।" तसर्थ, प्रत्येक व्यक्तिले बुद्धको उपदेश सुन्नु पर्दछ र त्यसको पालना गर्नु पर्दछ।

धर्म

प्रथम अध्याय

हेतु-प्रत्यय

१

चार आर्य सत्य

१. संसार दुःखै दुःखले भरिएको छ। जन्म दुःख हो, जरा दुःख हो, व्याधि र मृत्यु दुःख हुन्। अप्रिय व्यक्तिसितको संयोग दुःख हो, कुनै प्रियजनबाट वियोग दुःख हो, आफ्नो आवश्यकताको पूर्तिको निमित्त वृथा संघर्ष गरी राख्नु दुःख हो। वास्तवमा, जुन जीवन तृष्णा र राग रहित हुँदैन त्यो सदैव क्लेशसित संलग्न हुन्छ। यसलाई नै दुःखको सत्य भनिन्छ।

मनुष्यको दुःखको हेतु निश्चय पनि भौतिक शरीरको पिपासामा एवं सांसारिक रागजनित मोहमा पाइन्छ। यी पिपासा र मोहलाई मुहानसम्म खोज्ने हो भने, यिनीहरू भौतिक सहजज्ञानका तीव्र तृष्णाहरूमा जरा हालेको पाइने छन्। यसरी, तृष्णाको आधार नै जीवनको अस्तित्व लम्ब्याउनु भएको हुँदा, यसले तृष्णा गरिएको कुरा खोज्दछ, कहिले कांही यो तृष्णा मृत्यु नै भएता पनि। यसलाई दुःख समुदय सत्य भनिन्छ।

मनुष्यको सम्पूर्ण रागको जरोमा बस्ने तृष्णालाई हटाउन सकियो भने,

रागको अन्त्य हुनेछ र सबै मानव दुःख समाप्त हुनेछ । यसलाई दुःख निरोध सत्य भनिन्छ ।

तृष्णा नभएको एवं दुःख नभएको स्थितिको अवस्थामा पुग्न प्रत्येक व्यक्तिले एक निश्चित मार्गमा लाग्नु पर्दछ । यस आर्य अष्टांगिक मार्गका श्रेणीहरू यस प्रकार छन्:– सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक वचन, सम्यक् कर्मान्त, सम्यक् आजीव, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि । यसलाई आर्य मार्गको दुःख निरोध गामिनी प्रतिपदा सत्य भनिन्छ ।

मनुष्यहरूले यी सत्यलाई सदैव स्पष्ट रूपले मनन गरी राख्नु पर्दछ, किन भने यो संसार दुःखले भरिएको छ, र यदि कसैले दुःखबाट मुक्ति पाउन चाहन्छ भने, उसले दुःखको मूल कारण जो सांसारिक रागको बन्धन हो त्यसलाई तोडनु पर्दछ । सांसारिक राग तथा दुःखबाट मुक्त जीवन मार्ग, ज्ञानद्वारा मात्र थाहा पाउन सकिन्छ, तथा ज्ञानको प्राप्ति आर्य अष्टांगिक मार्गको साधनाले मात्र हुन सक्दछ ।

२. जसले ज्ञान प्राप्त गर्न खोजेका छन्, तिनले यी चार आर्य सत्य बुझ्नै पर्दछ । यो नबुझेसम्म, उनले जीवनको मोह रूपी भुलभुलैयामा अनन्त कालसम्म घुमी राख्नु पर्दछ । जसले चार आर्य सत्य बुझेका हुन्छन्, उनीहरूलाई "ज्ञान–ज्योति प्राप्त गरेका व्यक्ति" भनी सम्बोधन गरिन्छ ।

तसर्थ, जसले बुद्धको उपदेश पालन गर्ने इच्छा राख्दछन्, उनीहरू यी

चार आर्य सत्यका प्रति एकाग्रचित्त हुनु पर्दछ र तिनको अर्थ स्पष्ट बुझ्ने प्रयत्न गर्नु पर्दछ। सबै युगमा, कुनै पनि सन्तले, यदि उनी सच्चा सन्त हुन् भने उनले यी सत्य बुझ्दछन् र अरूहरूलाई यिनको उपदेश दिन्छन्।

जब कुनै व्यक्तिले चार आर्य स प्र स्पष्टरूपले बुझ्दछ, त्यसबेला आर्य अष्टांगिक मार्गले उसलाई लोभबाट टाढा लग्दछ; र ऊ लोभबाट मुक्त छ भने उसले संसारसित कलह गर्ने छैन, उसले हत्या गर्ने छैन, चोरी गर्ने छैन परस्त्री गमन गर्ने छैन, छल–कपट गर्ने छैन, निन्दा गर्ने छैन, मिथ्या प्रशंसा गर्ने छैन, ईर्ष्या गर्ने छैन, क्रोधित हुने छैन, जीवनको क्षण भंगुर प्रकृति बिर्सने छैन, न त अन्याय नै गर्ने छ।

३. आर्यमार्ग अनुसरण गर्नु भनेको अँध्यारो कोठामा ज्योति हातमा लिएर पस्नु सरह हो : सम्पूर्ण अन्धकार हराउँछ र कोठा उज्यालोले भरिन्छ।

आर्य सत्यको अर्थ बुझ्ने व्यक्तिहरूले आर्यमार्ग अनुसरण गर्ने उपदेश ग्रहण गरेका छन् भने उनीहरूकासाथ रहेको प्रज्ञा ज्योतिले अज्ञानको अन्धकारलाई निर्मूल पारी दिन्छ।

बुद्धले मानिसहरूलाई चार आर्य सत्य संकेत गरेर नै मार्ग प्रदर्शन गर्दछन्। जसले यो राम्ररी बुझेका हुन्छन्, उनले ज्ञान प्राप्त गर्नेछन्; उनीहरूले संसारको भुंवरीमा परेकाहरूलाई मार्ग देखाउन र सहारा दिन सक्नेछन्, र विश्वासयोग्य हुनेछन्। चार आर्य सत्य

स्पष्टरूपले बुझिएपछि, सबै सांसारिक रागका मुहान सुकेर जान्छन् ।

यी चार आर्य सत्यका आधारमा अघि बढेर बुद्धका शिष्यहरूले अन्य सबै बहुमूल्य सत्य प्राप्त गर्नेछन्; एवं सबै अर्थ बुझ्न प्रज्ञा र परिज्ञान प्राप्त गर्नेछन्, तथा संसारका सबै मानिसहरूमा धर्मको उपदेश दिन सक्षम हुनेछन् ।

G NO 1017

२

हेतु-प्रत्यय

१. मनुष्यको सबै दुःखका हेतु हुन्छन्, तर तिनको अन्त्य गर्ने पनि केही उपाय हुन्छ, किनभने संसारमा प्रत्येक वस्तु हेतु र परिस्थितिको विस्तृत संयोगको फलस्वरूप उत्पन्न हुन्छ, तथा यी हेतु र परिस्थितिको परिवर्तन भएपछि सबै कुराको लोप र विलय हुन्छ ।

वर्षा हुन्छ, हावा बग्छ, बिरुवा विकसित हुन्छन्, पात सुक्छन् र अनि हावाले तिनलाई उडाएर लग्छ; यी सबै गोचर वस्तुको हेतु र परिस्थिति-सित अन्योन्याश्रित सम्बन्ध हुन्छ, तिनको उत्पत्ति यिनैबाट हुन्छ, एवं यी हेतु र परिस्थितिमा परिवर्तन हुनासाथ यिनको लोप हुन्छ ।

कसैको पनि जन्म माता–पिताको परिस्थितिबाट हुन्छ; उसको शरीरको पोषण अन्नद्वारा हुन्छ, उसको मनको पोषण उपदेश र अनुभवद्वारा हुन्छ ।

तसर्थ, शरीर र मनको सम्बन्ध परिस्थितिसित हुन्छ तथा परिस्थिति-को परिवर्तनकासाथ यसको पनि परिवर्तन हुन्छ ।

कुनै पनि माछा मार्ने जाल धेरै गाँठोका शृङ्खलाद्वारा बन्दछ, त्यस्तै यस संसारमा पनि सबै कुरा गाँठोको शृङ्खलाले जोडिएका छन्। यदि कसैले पनि जालको प्वाल स्वतन्त्र र असङ्ग वस्तु हो भन्ने ठान्दछ भने ऊ भ्रममा छ।

यसलाई जाल भनिने कारण नै यो प्वालहरूको शृङ्खलाले जोडिएकोले हो र जालको प्रत्येक प्वालको आफ्नो आफ्नो स्थान हुन्छ एवं एक प्वालको अर्को प्वालकाप्रति उत्तरदायित्व हुन्छ।

२. फूल फुल्ने कैयन् परिस्थितिहरूले गर्दा फूल फुल्दछन्; पात हावाले उडाएर लग्ने पनि कैयन् परिस्थितिहरूले गर्दा हुन्छ। परिस्थिति विना फूल फुल्दैन, न त पात नै स्वतः खस्दछ। तसर्थ, सबै वस्तु प्रकट हुने र अनि त्यसको लय हुने हेतु हुन्छ; परिवर्तनभन्दा कुनै वस्तु स्वतन्त्र रहन सक्दैन।

सबै वस्तुको उत्पत्ति हेतु र परिस्थितिहरूको शृङ्खलाले हुन्छ भन्ने कुरा यस संसारको चिरस्थायी एवं अपरिवर्तनीय नियम हो र यसै नियम अनुसार सबै वस्तुको लोप हुन्छ,; प्रत्येक वस्तुमा परिवर्तन आउँछ, परिवर्तन नभई कुनै वस्तु पनि रहन सक्दैन।

३

प्रतीत्य-समुत्पाद

१. मनुष्यको दुःख, विलाप, वेदना तथा व्यथाको मुहान के त? के यो कुरा मनुष्य साधारणत अज्ञानी एवं हठी भएको तथ्यमा त पाइने होइन?

मनुष्यहरू धन, मर्यादा, सुख, आनन्द, उत्तेजना र आत्मश्लाघाको जीवनसित बढो हठपूर्वक टाँसिएर बसेका हुन्छन्, तर मनुष्यको सबै दुःखको मुहान नै यिनै वस्तुहरूको तृष्णा हुन्छ भन्ने तथ्ययबारे उनीहरू अनभिज्ञ हुन्छन् ।

यसको प्रारम्भदेखि नै संसार, जरा, व्याधि तथा मृत्यु जस्ता अपरिहार्य तथ्यले भरिनुका अतिरिक्त एकपछि अर्को आपद विपदले भरिएको छ ।

तर कसैले यदि यी सबै तथ्य ध्यानपूर्वक विचार गऱ्यो भने, सम्पूर्ण दुःखको मूल आधारमा अति तृष्णा रहन्छ भन्ने कुराप्रति ऊ विश्वस्त हुनु पर्दछ । यदि लालसा हटाउन सकियो भने, मनुष्यको दुःखको निरोध हुनेछ ।

अज्ञानको अभिव्यक्ति, मनुष्यको मनमा भरिएको लोभमा नै हुन्छ ।

अज्ञान तथा असत्य कल्पनाको उदय, मनुष्यहरू, वस्तुक्रमको सत्य कारणबाटै अनभिज्ञ भएको तथ्यबाट हुन्छ ।

अज्ञान एवं लोभबाट वास्तवमा अप्राप्य वस्तुकाप्रति अपवित्र तृष्णाको जन्म हुन्छ, तर जसको प्राप्तिको मनुष्यहरूले अधैर्यपूर्वक एवं अन्धो सरह खोजी गरी राख्दछन् ।

अज्ञान तथा लोभको कारणले मनुष्य त्यस्तोमा पनि भेदभावको

कल्पना गर्दछ, जसमा वस्तुतः भेदभाव नै हुँदैन । मनुष्यको व्यवहारमा, स्वभावतः, सत्य र असत्य भन्ने भेदभाव हुँदैन ,तर मनुष्यहरू अज्ञानको कारणले गर्दा यस्तो कल्पना गर्दछन् एवं तिनलाई सत्य र असत्य भनी छुट्याउँछन् ।

आफ्नो अज्ञानको कारणले, मानिसहरू सदैव कुविचार राख्दछन् र सदैव सत्य दृष्टिकोण परित्याग गरी एवं आपनो अहंप्रति टाँसिएर उनीहरू कुकार्य गर्दछन् । यसको फलस्वरूप, उनीहरू मोहको अस्तित्वप्रति आसक्त हुन्छन् ।

आपनो कर्मलाई आपनो अहंको क्षेत्र बनाएर, मनको भेदभावको क्रियाकलापलाई बीजरूपमा प्रयोग गरेर, मनलाई अज्ञानको बादलले ढाकेर, अति तृष्णाको वर्षाले यसलाई मलिलो पारेर, अहंको हठले यसलाई सिंचित गरेर, उनीहरू पापको धारणा थप्दछन्, एवं मोहको यस अवतारलाई आपनो साथ लिएर हिंड्दछन् ।

२. तसर्थ, वास्तवमा, उनको मनले नै दुःख, विलाप, वेदना तथा व्यथाको मोह समूह उत्पन्न गर्दछ ।

मोहको यो सम्पूर्ण संसार, यस मनको प्रतिबिम्ब बाहेक अरू केही होइन । तैपनि, यसै मनबाट नै ज्ञानको संसार उदित हुन्छ ।

३. यस संसारमा तीन दूषित दृष्टिकोण छन् । यदि कोही यिनै

दृष्टिकोणसित टाँसिएर रहन्छ भने, यस संसारमा सबै कुरा निषिद्ध गरिनु पर्नेछ ।

पहिलो, कसै कसैको विचारमा, सम्पूर्ण मानव अनुभूति नियतिमा आधारित छ; दोस्रो, कसै कसैको विश्वासमा सबै कुराको सृष्टि ईश्वर-बाट भएको हो र सबै कुरा उनैको इच्छाधीन रहन्छ; तेस्रो, कसै कसैको विचारमा सबै कुराको उत्पत्ति कुनै हेतु अथवा परिस्थिति नभई आकस्मिक नै हुन्छ ।

यदि सबै कुराको निर्णय नियतिबाट नै भएको हो भने, सबै सत्कर्म र दुष्कर्म पूर्व-निर्दिष्ट हुन्, शुभाशुभ पूर्व-निर्दिष्ट हुन्; केही कुरा पनि पूर्व-निर्दिष्ट नभई उपस्थित हुँदैन । त्यसो भएमा प्रगति र उन्नतिका सबै मानवीय योजना र प्रयत्नहरू व्यर्थ हुनेछन् एवं मानवता आशारहित हुनेछ ।

यही कुरा अन्य दृष्टिकोणकाप्रति पनि सत्य छ, कारण, यदि सबै कुरा अन्ततोगत्वा ईश्वरको हातमा हुने भए, अथवा आकस्मिक नै हुने हो भने, मानवताका समक्ष समर्पण बाहेक आशा नै के रह्यो र? यस्ता धारणा राख्ने व्यक्तिहरू आशारहित हुने एवं पापलाई परित्याग गरी बुद्धिमत्तापूर्ण कार्यतर्फ आफूलाई लगाउने प्रयत्नको वास्ता नगर्ने कुरामा कुनै आश्चर्य छैन ।

वास्तवमा, यी तीनै धारणा अथवा दृष्टिकोण असत्य हुन्:– प्रत्येक वस्तु आविर्भावको शृङ्खला हो जसको मुहान हेतु र परिस्थितिको शृङ्खला हो ।

द्वितीय अध्याय

मन–मात्रको सिद्धान्त एवं वस्तुहरुको यथार्थ स्थिति

१

अनित्यता तथा अनात्मता

१. यद्यपि मन र शरीरको उदय हेतुहरूको संयोगले हुन्छ, तापनि यसैको फलस्वरूप आत्मा छ भन्न सकिन्न। मांसरूपी शरीर तत्वहरू-को समूह भएको हुनाले नै यो अनित्य हुन्छ।

यदि शरीर आत्मा हुँदो हो त, यसले निर्णय गरेको यो अथवा अर्को कुरा गर्न सक्ने थियो।

कुनै पनि राजाले आफ्नो इच्छानुसार कसैको प्रशंसा गर्न अथवा कसै-लाई दण्ड दिन सक्दछ, तर ऊ आफ्नो आशय अथवा इच्छाका विपरीत विरामीहुन्छ, अनिच्छापूर्वक ऊ बुढो हुन्छ र उसको भाग्य तथा इच्छाको प्रायः कुनै पनि सम्बन्ध हुँदैन।

न त मन नै आत्मा हो। मनुष्यको मन पनि हेतु र सम्बन्धहरूको एक समूह हो। यो निरन्तर परिवर्तनशील छ।

यदि मन आत्मा भए, यसले निर्णय गरे अनुसार, यो अथवा अर्को कुरा गर्न सक्ने थियो; तर मन प्रायः यसले सत्य हो भनी थाहा पाएको

कुराबाट टाढा उडेर जान्छ एवं अनिच्छापूर्वक पापको अनुसरण गर्दछ। आत्माको इच्छानुसार कुनै कुरा पनि भएको देखिंदैन ।

२. शरीरलाई नित्य छ अथवा अनित्य छ भनी कसैसित प्रश्न गरियो भने, उसले अवश्यपनि "अनित्य" छ भन्न करै लाग्छ ।

यदि अनित्यता सुख हो अथवा दुःख हो भनी कसैसित प्रश्न गरियो भने, उसले साधारणतया "दुःख हो" भनी उत्तर दिन पर्ने छ ।

यदि कुनै मनुष्यले यस्तो परिवर्तनशील तथा दुःखले भरिएको अनित्य वस्तु नै आत्मा हो भन्ने ठान्दछ भने त्यो ठूलो भ्रम हो ।

मनुष्यको मन पनि अनित्य र दुःख हो; यसलाई आत्मा भन्न सकिने यसमा कुनै कुरा छैन ।

तसर्थ, मन र शरीर दुबै, जसले कुनै व्यक्तिको जीवन निर्माण गर्दछन्, र वाह्य जगत् जसले उसलाई घेरेको हुन्छ, "म" र "मेरो" भन्ने दुबै धारणा भन्दा धेरै टाढा हुन्छन् ।

अपवित्र तृष्णाहरूले ढाकिएको प्रज्ञारहित अपवित्र मन मात्र "म" तथा "मेरो" भन्ने कुरा हठपूर्वक विचार गरी राख्छ ।

शरीर र यसको वरिपरिका कुराहरू हेतु दुवै र परिस्थितिको सहयोगात्मक कारणहरूले उत्पन्न हुने हुँदा, तिनको निरन्तर परिवर्तन भइ राख्दछ,

र ती कहिल्यै पनि अन्त्यमा पुग्दैनन् ।

मानिसको मन, यसको निरन्तरको परिवर्तनशीलतामा, नदीको बग्ने पानी सरह हो, अथवा मइनबत्तीको बली रहेको ज्योति सरह हो; एक क्षण पनि नअडिएर सदैव उफ्री रहने बाँदर सरह हो ।

यो सबै देखेर तथा सुनेर, कुनै पनि बुद्धिमान् पुरूषले, शरीर अथवा मनसितको आसक्तिबाट आफूलाई मुक्त गर्नु पर्दछ, त्यसो– गर्न सके मात्र उसले ज्ञान प्राप्त गर्न सक्दछ ।

३. पाँच कुराहरू यस्ता छन् जसलाई कसैले कहिल्यै पनि यस संसारमा प्राप्त गर्न सक्दैन । पहिलो, बृद्धावस्था भइ राखेको अवस्थामा बृद्ध नहुनु दोस्रो; रोगी नहुनु; तेस्रो, मृत्यु नहुनु; चौथो, विनष्ट अवस्थामा विनष्टता अस्वीकार गर्नु र निर्वाण अस्वीकार गर्नु ।

यस संसारका सबै साधारण मनुष्यले, ढीलो अथवा छीटो यी तथ्यहरूको सामना गर्नु पर्दछ, र, फलस्वरूप धेरै जसो मनुष्यले दुःख पाउँछन्, तर जसले बुद्धको उपदेश सुनेका छन्, उनले यी तथ्यलाई अपरिहार्यभनी बुझ्ने हुँदा, दुःख पाउँदैनन् ।

पुनः यस संसारमा चार सत्यहरू छन्:– पहिलो, सबै जीवित प्राणीको उत्पत्ति अज्ञानबाट हुन्छ; दोस्रो, तृष्णाका सम्पूर्ण वस्तु अनित्य, अनिश्चित र दुःख हुन्; तेस्रो, सबै वर्तमान वस्तुहरू पनि अनित्य, अनिश्चित

र दुःख हुन्; र चौथो, "आत्मा" भनी कुनै कुरालाई भन्न सकिन्न, एवं "मेरो" भन्ने कुनै कुरा यस संपूर्ण संसारमा छैन ।

सबै कुरा अनित्य, अनिश्चित एवं अनात्म भन्ने यी सत्यहरूको यस संसारमा बुद्ध प्रकट हुने अथवा लोप हुने तथ्यसित कुनै सम्बन्ध छैन । यी सत्य निर्विवाद हुन्; बुद्धलाई यो कुरा थाहा छ, र त्यसै कारणले, उनले सबै मनुष्यलाई धर्मको उपदेश दिन्छन् ।

२

मन–मात्रको सिद्धान्त

१. मोह र ज्ञान दुबैको उत्पत्ति मनबाट हुन्छ, र सबै अवस्थिति एवं गोचर वस्तुको उत्पत्ति पनि मनको क्रियाबाट हुन्छ-कुनै जादूगरको कमीजको बाहुलाबाट निस्कने विभिन्न वस्तुहरू जस्तै ।

मनको क्रियाकलापको कुनै सीमा हुन्न, तिनले जीवनको वरिपरिको रूप बनाउँछन् । अपवित्र मनले आफूलाई अपवित्र कुराहरूले घेरेको हुन्छ र पवित्र मनले आफूलाई पवित्र कुराहरूले घेरेको हुन्छ; तसर्थ, वरिपरि घेर्ने कुराको सीमा पनि मनको क्रियाकलापको सीमा भन्दा बढी हुन्न ।

कुनै कलाकारले बनाएको चित्र जस्तै, वरिपरिको कुरा मनको क्रियाकलापले बनाइएको हुन्छ । बुद्धले बनाएको परिपरीको वातारण पवित्र एवं क्लेशबाट मुक्त हुन्छ, तर मानिसले बनाएको त्यस्तो हुँदैन ।

कुनै पनि चित्रमा विवरणको अनन्त विविधता हुन्छ । त्यसै गरी मानव मनले आफ्नो जीवनको वरिपरिका कुराहरू भर्दछ । संसारमा त्यस्तो कुनै कुरा छैन जसलाई मनले सृष्टि नगरेको होस् ।

मानव मनद्वारा निर्मित सबै वस्तुहरूको सही अर्थ बुद्धले बुझेका हुन्छन् । तसर्थ, जसले यो कुरा बुझेका हुन्छन्, उनले वास्तविक बुद्ध देख्न सक्दछन् ।

२. तर आफ्नो वरिपरिको कुरा सृष्टि गर्ने मन, संज्ञना, त्रास र विलाप भन्दा स्वतन्त्र हुन्न, भूतकालमा मात्र यसो हुने होइन, वर्तमान र भविष्यमा पनि यसो हुने हो; किन भने यिनको उत्पत्ति अज्ञान र लोभमा भएको हुन्छ ।

अज्ञान र लोभको कारणले नै मोह रूपी संसारको प्रारम्भ हुन्छ, एवं हेतु र परिस्थितिहरूको विस्तृत जटिल संयोग मनमा बाहेक अन्यत्र हुँदैन ।

जीवन र मृत्यु दुवैको उत्पत्ति मनबाट हुन्छ र मन मै अवस्थित हुन्छ । तसर्थ, जब जन्म र मृत्युसित सम्बन्ध राख्ने मनको अन्त्य हुन्छ, त्यसका साथै जन्म र मृत्युको संसारको पनि अन्त्य हुन्छ ।

कुनै पनि अज्ञानी र भ्रान्त जीवनको उत्पत्ति आफ्नै मोहको संसार-द्वारा भ्रान्त भएको मनबाट हुन्छ। मन भन्दा स्वतन्त्र मोहको कुनै संसार हुँदैन भन्ने ज्ञान हामीलाई भएपछि, भ्रान्त मन निर्मल भएर आउँछ; एवं किनकि हामीहरूले अपवित्र वातावरणको सृजना गर्न अन्त्य गर्दछौं, हामीले ज्ञान प्राप्त गर्दछौं ।

यसरी जन्म र मृत्युको संसार मनले सृष्टि गर्दछ, यो मनको अधीन रहन्छ, मनद्वारा शासित हुन्छ; मन नै प्रत्येक परिस्थितिको स्वामी हुन्छ । दुःखको संसारको सृजना मोहले भरिएको मनद्वारा हुन्छ ।

३. तसर्थ, सबै वस्तुहरू प्राथमिक रूपमा मनद्वारा नियन्त्रित र शासित हुन्छन् र मनद्वारा निर्मित हुन्छन् । गाडीलाई तान्ने गोरूको पछि पछि पाँग्रा हिंडे जस्तै, दुःख पनि अपवित्र विचार तथा सांसारिक रागले घेरिएको मनको पछि पछि हिंडदछ ।

तर यदि कुनै मनुष्यले असल मनले बोल्दछ र कार्य गर्दछ भने, उसको प्रतिबिम्ब उसको पछि पछि हिंडे जस्तै सुख पनि उसको पछि पछि हिंडदछ । जसले दुष्टतापूर्ण कार्य गर्दछन्, "मैले अनुचित कार्य गरें" भन्ने विचार उनीहरूको पछि पछि लाग्दछ र कुकृत्यको संज्ञनाको संग्रहले गर्दा पुनर्जन्म-हरूमा अनिवार्य प्रतिफल भोग्नु पर्दछ । तर जसले सद्विचारले प्रेरित भइ कार्य गर्दछन्, उनीहरू "मैले सत्कार्य गरें" भन्ने विचारले सन्तुष्ट हुन्छन् र उनलाई पुनर्जन्महरूमा निरन्तर सुख प्राप्त हुने छ भन्ने विचारले झन् सुखी पार्दछ ।

यदि मन अपवित्र छ भने, गहारो एवं कठोर बाटोमा खुट्टा लरबरिन्छ, धेरै पल्ट खसिन्छ र निकै दुख्दछ । तर यदि मन पवित्र छ भने, बाटो सुगम हुन्छ एवं यात्रा शान्तिपूर्ण हुन्छ ।

तर जसले शरीर र मन दुबैको पवित्रताको आनन्द लिनु छ, उसले, स्वार्थी, अपवित्र विचार एवं दुष्ट तृष्णाहरूको जालोलाई तोड्दै, बुद्धत्वको मार्ग अनुसरण गर्दछ । जसको मन शान्त हुन्छ, उसले शान्ति प्राप्त गर्दछ र दिन रात आफ्नो मनलाई बढी उद्यमका साथ अनुशीलन गर्न सक्दछ ।

३

वस्तुहरूको वास्तविक स्थिति

१. यस संसारका सबै वस्तु हेतु र परिस्थितिको संयोगबाट उत्पन्न हुने हुँदा, वस्तुहरूका बीच कुनै मौलिक अन्तर हुन सक्दैन । अन्तर हुने कारण त मनुष्यमा रहेको अनर्थ तथा भेदभावपूर्ण विचारनै हो ।

आकाशमा पूर्व र पश्चिमको अन्तर हुँदैन; मनुष्यले आफ्नै मनद्वारा यस अन्तरको सृजना गर्दछन् अनि ती सत्य हुन् भनी विश्वास गर्दछन् ।

एक देखि अनन्तसम्म गणितका संख्याहरू प्रत्येकमा पूर्ण संख्या हुन् र प्रत्येकले आफैमा राशिको अन्तर राख्दैन ; तर मनुष्यले आफ्नै सुविधाको निमित्त एवं विभिन्न संख्या छुट्याउन, यिनमा विभेदको सृजना गर्दछन् ।

उत्पत्तिको सार्वभौमिक प्रक्रियामा, जीवनको प्रक्रिया एवं विनासको प्रक्रियामा कुनै अन्तर छैन ; मनुष्यले नै अन्तरको सृजना गर्दछन् र एउटालाई जन्म तथा अर्कोलाई मृत्यु भन्दछन् । कुनै कार्यमा पनि असल र कमसल भन्ने अन्तर हुन्न, तर मानिसहरूले आफ्नै मूर्खतापूर्ण सुविधाका निमित्त यस्तो अन्तरको सृजना गर्दछन् ।

बुद्ध यी विभेद भन्दा टाढा रहन्छन् तथा संसारलाई उडी रहेको एक बादलको टुक्रा सरह ठान्दछन् । बुद्धका निमित्त प्रत्येक निश्चित वस्तु मोह हो ; मनले समाती राख्ने र फ्यांक्ने कुनै पनि कुरा अवास्तविक हो भन्ने उनलाई थाहा छ ; यसरी उनले कल्पनाका त्रुटीहरू र विभेदपूर्ण विचारलाई परित्याग गर्दछन् ।

२. मनुष्यले आफैंले कल्पना गरेको सुविधा र सन्तोषका निमित्त वस्तुहरू समाती राख्दछन् ; उनीहरू धन, सम्पत्ति र सम्मान समाती राख्दछन् ; उनीहरू जीवनका प्रति अत्यन्त आसक्त हुन्छन् ।

उनीहरूले अवस्थिति र अनवस्थितिका बीच, असल र कमसलका बीच, सत्य र असत्यकाबीचको अन्तर स्वेच्छापूर्वक गर्दछन् । मनुष्यका निमित्त जीवन भनेको वस्तु पाउने प्रयत्न गर्नु र पाएको कुराका प्रति आसक्तिको श्रृंखला हो, र त्यसपछि त्यसै कारणले, उनीहरूले व्यथा र दुःखको मोहमा पर्नै पर्दछ ।

कुनै समय लामो यात्रामा हिंडेको व्यक्ति एक नदीको किनारमा पुग्यो ।

उसलें विचार गऱ्यो; "नदीको यो किनारमा हिंडन भयंकर र कठिन छ, वं पारी पट्टि सजिलो र सुगम देखिन्छ, तर मैले पारी तरेर कसरी जाने हो ?" अनि उसले रुखका हांगाहरू र नरकटहरूबाट पारी तर्न एउटा तरंड बनायो तथा सजिलोसित पारी तऱ्यो । त्यसपछि उसलें मनमनै विचार गऱ्यो "यो तरंड मलाई नदी तर्न ज्यादै उपयोगी भयो, म यसलाई नदी किनारमा सडेर गलन दिन्न, बरू म यसलाई आफ्नो साथ मै लाने छु ।" र त्यसले गर्दा उसले आफू खुशी एक व्यर्थको भारी बोक्यो । के त्यस व्यक्तिलाई बुद्धिमान् व्यक्ति भन्न सकिन्छ ?

कुनै असल कुरा पनि अनावश्यक बोझ हुन आउँछ भने त्यसलाई पयांकि दिनु पर्दछ भन्ने शिक्षा यस अति कथाबाट पाइन्छ ; झन् यो कमसल कुरा हो भने त त्यसलाई पयांक्नै पर्दछ। बुद्धले व्यर्थ र अनावश्यक छलफल परित्याग गर्न आफ्नो जीवनको नियम बनाएका थिए ।

३. वस्तुहरू न त आउँछन् नत जान्छन्, तिनीहरू नत प्रकट हुन्छन् नत लोप हुन्छन्; तसर्थ, कसैले पनि वस्तुहरू प्राप्त गर्न अथवा हराउन सक्दैन।

वस्तुहरू नत प्रकट हुन्छन् नत लोप हुन्छन्, किन भने यी कुरा अस्तित्वको पुष्टि अथवा अस्तित्वको खण्डन भन्दा माथि हुन्छन् भन्ने कुराको शिक्षा बुद्धले दिन्छन् । अर्थात्, प्रत्येक वस्तु हेतु र परिस्थितिको संयोग र श्रृंखला हुने हुँदा, कुनै वस्तुको आफ्नै अस्तित्व हुँदैन, तसर्थ यसको अस्तित्व छैन भने पनि हुन्छ । यसका साथै, हेतु र परिस्थितिसित यसको सापेक्ष सम्बन्ध भएको हुँदा, यसलाई अस्तित्व–रहित छैन भने पनि हुन्छ ।

वस्तुको रूपको कारणले नै कुनै वस्तुसित आसक्त हुनु मोहको मुहान हो। यदि रूपलाई समाती राखेर आसक्त भइएन भने, यस्तो असत्य कल्पना र अनर्थक मोह उत्पन्न हुँदैन। यस्तो मूर्खतापूर्ण मोह भन्दा स्वतन्त्र सत्यलाई थाहा पाउने प्रज्ञा ज्ञान हो।

संसार, वास्तवमा, एक सपना सरह हो र सांसारिक सम्पत्ति मृग-तृष्णा हो। चित्रमा देखिने दूरी जस्तो, वस्तुहरूको आफैंमा कुनै वास्तविकता हुँदैन, उनीहरू गर्मीको तुआंलो सरह हुन्।

४. वस्तुहरूको निर्माण हेतुहरूको असंख्य क्रमले हुने हुँदा यी सदैव कायम रहन्छन् भनी विश्वास गर्नु ठूलो भ्रम हो र यसलाई नित्यताको सिद्धान्त भन्दछन्; तर साथै वस्तुहरू पूर्णतया लोप भएर जान्छन् भन्ने विश्वास गर्नु पनि ठूलो भ्रम हो; यसलाई अनवस्थितिको सिद्धान्त भन्दछन्।

अमर जीवन र नित्य मृत्यु, एवं अवस्थिति तथा अनवस्थितिका यी प्रकारहरू वस्तुहरूको मूल प्रकृतिमा प्रयुक्त हुन्नन्, तर केवल तिनको रूपमा मात्र प्रयुक्त हुन्छन् किन भने तिनलाई दूषित मानवी आंखाले देखिन्छ। मनुष्यको तृष्णाले गर्दा, यसरी देखिने कुराहरू प्रति मनुष्य सापेक्ष एवं आसक्त हुन्छ, तर तिनको वास्तविक प्रकृतिमा विभेद तथा आसक्ति भन्दा ती स्वतन्त्र हुन्छन्।

हेतु र परिस्थितिहरूको क्रमले सबै कुराको उत्पत्ति हुने हुँदा नै, वस्तुको आकृतिको निरन्तर परिवर्तन भइ राख्दछ ; अर्थात्, सत्य तत्वको नैरन्तर्य जस्तो यिनको नैरन्तर्य हुँदैन । आकृतिको यही निरन्तर परिवर्तनले गर्दा नै, हामी मृगतृष्णा एवं सपनाको वस्तु मन पराउँछौं । तर, आकृतिमा यसरी निरन्तर परिवर्तन आई रहेता पनि, वस्तुहरू, उनको मूल प्रकृतिमा स्थिर एवं परिवर्तनरहित हुन्छन् ।

कुनै नदी मानिसका निमित्त नदी जस्तै देखिन्छ, तर एक भोको दैत्यका निमित्त जसले पानीमा आगो देख्दछ, यो अग्निका रूपमा देखिन सक्छ । तसर्थ, मानिसका निमित्त नदीको अस्तित्व भएको कुरा गर्नु कुनै अर्थ हुन सक्दछ, तर यस्तो अविश्वसनीय प्राणीका निमित्त भने यसको कुनै अर्थ हुन्न ।

यस्तै प्रकारले, सबै वस्तुहरूका निमित्त यो कुरा भन्न सकिन्छ : वस्तुहरू मोह सरह हुन्, न त उनको अस्तित्व हुन्छ भन्न सकिन्छ न त अस्तित्व हुन्न भन्न सकिन्छ ।

यसका अतिरिक्त, यो अन्त्य हुने जीवनलाई अपरिवर्तनशील जीवनको सत्य सरह ठान्नु भ्रम हो । तर परिवर्तनशील एवं आकृतिको संसारका अतिरिक्त स्थिरता तथा सत्यको अर्को संसार पनि छ भन्न सकिन्न । यस संसारलाई या त ऐहिक अथवा वास्तविक संसार भन्ठान्नु एक भ्रम हो ।

तर यस संसारका अज्ञानी पुरूष, यसै संसारलाई वास्तविक संसार भन्ठानेर, त्यही अनर्थक आधारमा कार्य गर्दछन् । तर यो संसार एक मोह

मात्र भएको हुँदा उनीहरूको कार्य मिथ्यामा आधारित भएकोले उनीहरूलाई हानि एवं दुःखको मार्ग तर्फ मात्र लग्दछ ।

तर यस संसारलाई मोह मात्र हो भनी चिन्ने बुद्धिमान् पुरूषले यसलाई वास्तविक ठानेर कार्य गर्दैन, र यसरी ऊ दुःखबाट त्राण पाउँछ ।

४

मध्यम मार्ग

१. ज्ञानको मार्ग छान्नेहरूले परस्परका दुई अत्यन्ततालाई सावधानीपूर्वक त्याग्नु पर्दछः– पहिलो, शारीरिक तृष्णा तृप्तिका निमित्त गरिने अत्यन्तता हुन्छ । दोस्रो, अर्को अन्तमा त्यस्तालाई यो स्वभावतः प्राप्त हुन्छ जो यस जीवनबाट सन्यास लिई सन्यासीको कठोर जीवन यापन गर्ने कार्य गर्दछन् तथा आफ्नो शरीर र मनलाई अविवेकपूर्वक पीडा पुर्‍याउँछन् ।

यी दुबै अत्यन्तता भन्दामाथि आर्य मार्ग हुन्छ जसले ज्ञान एवं प्रज्ञा तथा मनको शान्तिको मार्ग देखाउँछ, र यसलाई मध्यम मार्ग भन्न सकिन्छ । यो मध्यम मार्ग के हो ? यसमा आर्य अष्टाङ्गिक मार्ग हुन्छन् : सम्यक् दृष्टि, सम्यक् संकल्प ,सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीव, सम्यक् व्यायाम, सम्यक् स्मृति एवं सम्यक् समाधि ।

जस्तो माथि भनिएको छ, सबै वस्तुहरूको उत्पत्ति तथा लोप हेतुहरूको अन्तररहित शृंखलाले गर्दा हुन्छ । अज्ञानी पुरुषहरूले जीवनलाई या त अवस्थित अथवा अनवस्थित रूपमा ठान्दछन्, तर बुद्धिमान् पुरुषहरू अवस्थित अथवा अनवस्थित दुबै कुरा भन्दामाथि दृष्टि पुरचाउँछन्; यो मध्यम मार्गको निरूपण हो ।

२. नदीमा बगी रहेको एक काठको ठूलो टुक्रालाई दृष्टान्तमा लिउँ । यदि यो काठको ठूलो टुक्रा भईमा गाडिएन भने, अथवा डुबेन भने, अथवा कुनै मानिसले यसलाई बाहिर झिकेन भने अथवा सडेन भने, यो अन्ततोगत्वा समुद्रमा पुग्नेछ । जीवन पनि कुनै महानदीको धारमा परेको यस्तै काठको ठूलो टुक्रा सरह हो । यदि मनुष्य आसक्तिको जीवनसित टाँसिएर रहँदैन भने अथवा जीवनबाट सन्यास लिएर स्वयंलाई कष्ट दिने जीवनसित आसक्त हुँदैन भने, यदि उसले आफ्नो सद्गुणको गर्व गर्दैन भने, अथवा आपना दृष्ट कार्यकाप्रति आसक्त हुँदैन भने, र यदि ज्ञानकोखोजीमा उसले मोहलाई तिरस्कार गर्दैन अथवा त्यसतिस त्रसित हुँदैन भने, त्यस्तो व्यक्ति मध्यम मार्गमा लागेको हुन्छ ।

ज्ञानको मार्गमा लाग्ने महत्वपूर्ण कुरा आफूलाई अत्यन्ततामा पर्नु र त्यसमा जेलिनुबाट जोगाउनु हो; अर्थात् सदैव मध्यम मार्ग अनुसरण गर्नु हो ।

वस्तु या त अवस्थित हुन्छन् अथवा अवस्थित हुँदैनन् भन्ने थाहा पाएर, सबै कुरा स्वप्नवत् प्रकृतिका हुन् भनी संझेर एवं आपनो व्यक्तित्वको गर्व र सत्कार्यको प्रशंसाले जेलिने अथवा अन्य कुनै कुराले जेलिने अवस्था परित्याग गर्नु पर्दछ ।

तर यदि कोही आफ्नो तृष्णाको प्रवाहमा पर्न भन्दा आफूलाई मुक्त राख्न चाहन्छ भने, उसले प्रारम्भ मै वस्तुहरू प्राप्त गर्ने प्रयत्नमा नलाग्ने कुरा सिक्नु पर्दछ, अन्यथा ऊ तिनका प्रति अभ्यस्त हुन्छ र उसमा आसक्ति जागेर आउँछ । कुनै अवस्थित अथवा अवस्थित नभएको स्थिति, वाह्य अथवा आन्तरिक वस्तु, असल अथवा कमसल वस्तु, सत्य अथवा असत्य वस्तु कुनैकाप्रति पनि उसमा आसक्ति आउनु हुन्न ।

यदि ऊ वस्तुहरूप्रति आसक्त हुन्छ भने, त्यसै क्षणमा, अकस्मात् मोहरूपी जीवनको प्रारम्भ हुन्छ । जुन मनुष्य ज्ञानको आर्यमार्गमा लाग्दछ, ऊ न त कुनै कुराले दुःखित हुन्छ अथवा कुनै कुराको अभिलाषा राख्दछ तर जे जस्तो आई परे पनि, उसले समदर्शी एवं शान्त मनले त्यसको सामना गर्दछ ।

३. ज्ञानको स्वयं अभिव्यक्ति गर्ने, कुनै निश्चित रूप अथवा प्रकृति हुन्न; तसर्थ ज्ञान मै ज्ञान पाइने कुनै कुरा छैन ।

ज्ञान त मोह र अज्ञानको कारणले मात्र अवस्थित हुन्छ; र यदि तिनको लोप भयो भने ,ज्ञानको पनि लोप हुन्छ । यसको विपरीत कुरा पनि त्यत्तिकै सत्य छ : मोह र अज्ञान अवस्थित हुने कारण ज्ञान नै हो; जब ज्ञान निवृत्त हुन्छ, अज्ञान र मोह पनि निवृत्त हुन्छन् ।

तसर्थ, ज्ञानलाई एक "वस्तु" हो जसलाई ग्रहण गर्नु पर्दछ भन्ने विचारबाट जोगिनु पर्दछ, अन्यथा, यो पनि एक वाधा सरह हुनेछ । जब अन्धकारमा रहेको मनले ज्ञान प्राप्त गर्दछ, तब यसको निरोध हुन्छ, र

यसको निरोध भएपछि, त्यो वस्तु जसलाई हामी ज्ञान भन्छौं त्यसको पनि निरोध हुन्छ ।

जबसम्म मानिसहरू ज्ञान प्राप्त गर्ने इच्छा राख्दछन् र त्यसैलाई ग्रहण गरेर बस्दछन् भने, त्यसको तात्पर्य मोह अझै उनका साथ छ भन्ने हो; तसर्थ, ज्ञानको मार्गमा लागेकाहरूले ज्ञानलाई समातेर बस्न खोज्नु हुन्न, र यदि उनीहरूले ज्ञान प्राप्त गरे भने, त्यसप्रति लहस्सिएर बस्नु हुन्न ।

जब मानिसहरूले यस तात्पर्यमा ज्ञान प्राप्त गरी सक्दछन्, यसको अर्थ हुन्छ, प्रत्येक वस्तु जे जस्तो छ त्यो ज्ञान हो; तसर्थ, मानिसहरूले ज्ञानको मार्गको अनुसरण त्यस बेलासम्म गर्नु पर्दछ जबसम्म उनीहरूको विचारमा सांसारिक राग र ज्ञान परस्परमा अभिन्न हुँदैनन् ।

४. सार्वलौकिक एकात्मताको यो धारणा– अर्थात् वस्तुहरूको वास्तविक प्रकृतिमा कुनै विभेद चिह्न हुन्न– यसलाई "शून्यता" भनिन्छ । शून्यता भनेको ,यथार्थता नभएको, जन्म नभएको, स्वप्रकृति नभएको तथा द्वैत नभएकोलाई बुझ्नु पर्दछ । वस्तुहरूको आफैमा न त रूप हुन्छ न कुनै लक्षण हुन्छ, त्यसैले हामीले तिनका विषयमा न त जन्मेको न विनष्ट भएको भनी भन्न सक्दछौं । वस्तुहरूको वास्तविक प्रकृतिमा कुनै यस्तो कुरा छैन जसलाई विभेद गरी वर्णन गर्न सकियोस्; त्यसैले वस्तुहरूलाई यथार्थता नभएको भनिन्छ ।

जस्तो माथि भनिएको छ, सबै वस्तु हेतु तथा परिस्थितिहरूको

संयोगले उत्पन्न हुन्छन् अथवा लोप हुन्छन् । कुनै कुरा पनि आफूमा मात्र अवस्थित हुन्न; सबै कुरा अन्य सबै कुरासित सापेक्ष हुन्छ ।

जहाँ प्रकाश हुन्छ त्यहाँ छाया हुन्छ; जहाँ दीर्घता हुन्छ त्यहाँ लघुता हुन्छ; जहाँ सेतो हुन्छ, त्यहाँ कालो हुन्छ । यस्तै प्रकारले, वस्तुहरूको स्व–प्रकृति स्वयंमा अवस्थित हुन नसक्ने हुँदा, तिनलाई यथार्थता नभएको भनी भनिन्छ ।

यसै तर्कको आधारमा, ज्ञानको अस्तित्व अज्ञान भन्दा बेग्लै हुन सक्दैन; न त अज्ञानको अस्तित्व नै ज्ञान भन्दा बेग्लै हुन सक्दछ । यदि वस्तुहरूको वास्तविक प्रकृतिमा अन्तर हुँदैन भने, द्वैतता कसरी हुन सक्दछ ?

५. मानिसहरू आफूलाई अभ्यस्तरूपले जन्म र मृत्युसित सम्बन्धित रहेको ठान्दछन्, तर वास्तवमा यस्ता कुनै धारणा हुन्नन् ।

जब मानिसहरूले यो सत्य बुझ्दछन्, उनीहरूले जन्म र मृत्यु सम्बन्धी अद्वैत सत्य पनि बुझ्दछन् ।

मानिसहरूले आत्माको विचार राख्ने हुँदा उनीहरू स्वामित्वको विचारसित टाँसिएर बस्दछन्; तर वास्तवमा "आत्मा" भन्ने कुनै वस्तु नहुने हुँदा, स्वामित्व भन्ने पनि कुनै वस्तु हुँदैन । मानिसहरूले यो सत्य बुझेपछि, उनीहरूले "अद्वैत" सत्य पनि बुझ्न सक्ने छन् ।

मानिसहरूले पवित्रता तथा अपवित्रताका बीच भेद गर्दछन्; तर वस्तुको प्रकृतिमा यस्तो कुनै भेद हुन्न, यो त उनीहरूको मनको असत्य तथा निरर्थक कल्पनाबाट मात्र उत्पन्नहुन्छ ।

यसै गरी मानिसहरूले असल र कमसलका बीच अन्तर गर्दछन्, तर असल र कमसल बेग्ला बेग्लै अवस्थित हुँदैनन् । जो ज्ञानको मार्गमा लागेका हुन्छन्, उनीहरूले यस्तो द्वैततालाई स्वीकार गर्दैनन्, एवं यसले उनीहरूलाई त न असल कुराको प्रशंसा गर्नेतर्फ लग्दछ, न त कमसल कुराको निन्दा गर्ने तर्फ लग्दछ, न त असल कुराको तिरस्कार गर्ने तर्फ लग्दछ, न त पाप कुरालाई क्षमा गर्नेतर्फ लग्दछ ।

मानिसहरू स्वभावतः दुर्भाग्यदेखि डराउँछन् तथा सौभाग्यको कामना गर्दछन्; तर यस अन्तरलाई राम्रो गरी अध्ययन गरेमा हामी प्रायः दुर्भाग्य सौभाग्यमा तथा सौभाग्य दुर्भाग्यमा परिणित भएको पाउँछौं । बुद्धिमान् मानिसले जीवनको परिवर्तित परिस्थितिलाई समान भावनाले सामना गर्ने कुरा सिक्दछ, न त ऊ सफलतामा खुशी हुन्छ न त असफलतामा खिन्न हुन्छ । यसरी कसैले पनि अद्वैत सत्य बुझ्न सक्दछ ।

तसर्थ, द्वैतताको सम्बन्ध प्रकट गर्ने यी सबै शब्दहरू– जस्तो, अवस्थित हुने तथा अवस्थित नहुने, सांसारिक राग तथा सत्य–ज्ञान, पवित्रता तथा अपवित्रता, असल र कमसल–विचारमा अन्तर देखिने यी शब्दहरू न त तिनको सत्य प्रकृतिमा अभिव्यक्त हुन्छन्, नत चिनिन्छन् । मानिसहरू यी शब्दहरू र तिनद्वारा उत्पन्न चित्त विकारबाट जति मुक्त हुन सक्दछन्, त्यतिनै बढी उनीहरूले शून्यताको सार्वलौकिक सत्यलाई बुझ्न सक्दछन् ।

६. जसरी पवित्र र सुगन्धित कमल मलिलो माटो भएको खेतको सट्टा कुनै धापको हिलोबाट फुल्दछ, त्यसरी नै सांसारिक राग रूपी अपवित्र मलबाट बुद्धत्वको पवित्र ज्ञानको उदय हुन्छ । अन्य विचारधारा राख्ने-हरूका भ्रमपूर्ण धारणाहरू तथा सांसारिक रागजनित मोह पनि बुद्धत्वको-बीज हुन सक्दछ ।

समुद्रमा डुबेर मोती खोज्ने व्यक्तिले मोती पाउने हो भने समुद्रभित्र रहने तीखो घोचने विद्रुमका हांगाहरू तथा दुष्ट शार्क माछाहरूको संकट उठाउँदै समुद्रको तलसम्म ओर्लनु पर्दछ । त्यसरी नै मनुष्यले ज्ञानको बहुमूल्य मोती प्राप्त गर्ने हो भने सांसारिक रागको संकटको सामना गर्नु पर्दछ । उसमा ज्ञानको मार्ग खोज्ने इच्छा जाग्रत हुनु भन्दा अघि उसले अहंकार तथा स्वार्थका पर्वत शिखरहरूमा बाटो विराउनु पर्दछ ।

प्राचीन कालका एक योगीका सम्बन्धमा भएको कथा अनुसार, सत्य मार्ग खोज्ने उनको महती इच्छाले गर्दा उनले तरवारहरूको एक पर्वतमा चढे एवं आगोमा हाम फाले, तथा उनले आफ्नो आशाले गर्दा यी दुबै कुरा सहन सके । जसले धर्म मार्गमा आई पर्ने संकटको सामना गर्ने तात्परता देखाउँछ, उसले कांडा सरह तरवार उम्रेका स्वार्थको पर्वतमा तथा घृणाको ज्वालामा शीतल वायु बगेको पाउँछ र अन्त्यमा, स्वार्थ तथा सांसारिक राग, जसका विरूद्ध उसले संघर्ष गरेको थियो, एवं जसद्वारा दुःख पाएको थियो त्यो नै ज्ञान हो भनी अनुभव गर्दछ ।

७. बुद्धको उपदेशले दुई विरोधी दृष्टिकोणका विभेदपूर्ण धारणा-बाट हामीलाई अद्वैतको मार्ग तर्फ लग्दछ । असल र सत्य ठानिएको वस्तु

प्राप्त गर्ने प्रयत्न गर्नु अथवा कमसल र असत्य भनिने कुराबाट उम्कन खोज्नु दुबैं भ्रम हुन् ।

यदि मनुष्यले सबै कुरा खोक्रो र क्षण भंगुर हुन् भनी अडान लिन्छन् भने, त्यो कुरा त्यत्तिकै ठूलो भ्रममा पर्नु हो जति सबै कुरा वास्तविक तथा अपरिवर्तनीय भन्ने ठान्नु । यदि कुनै मनुष्य आफ्नो आत्माप्रति आसक्त हुन्छ भने. त्यो भ्रम हो, किन भने त्यसले उसलाई असन्तोष तथा दुःखबाट बचाउन सक्दैन । यदि कसैले आत्मा भन्ने केही होइन भनी विश्वास गर्दछ भने यो पनि भ्रम हो, किन भने त्यसो भएमा उसले सत्यको मार्ग अनुसरण गर्नु व्यथ हुन्छ । यदि मानिसहरू सबै कुरा दुःख हो भन्ने दावी गर्दछन् भने त्यो पनि एक भ्रम हो, र यदि उनीहरू सबै कुरा सुख हो भन्ने ठान्दछन् भने त्यो पनि एक भ्रम हो । बुद्धले मध्यम मार्गको उपदेश दिन्छन्, जो यस्ता दुराग्रहपूर्ण धारणा भन्दामाथि हुन्छ, जहाँ अद्वैततामा द्वैतता मिसिन जान्छ ।

तृतीय अध्याय

बुद्ध–प्रकृति

१

पवित्रताको मन

१. मनुष्यहरूमा मानसिक प्रवृत्ति धेरै प्रकार र श्रेणीका हुन्छन् : कोही बुद्धिमान् हुन्छन्, कोही मूर्ख हुन्छन्, कोही असल प्रकृतिका हुन्छन्, कोही क्रोधी प्रकृतिका हुन्छन्, कसैलाई सजिलैसित बाटो देखाउन सकिन्छ, कसैलाई बाटो देखाउन कठिन हुन्छ, कसैको मन पवित्र हुन्छ र कसैको मन अपवित्र हुन्छ ; तर, ज्ञान प्राप्तिमा यी अन्तरहरू नगण्य हुन्छन् । संसार कमलको एक जलाशय सरह हो जसमा धेरै प्रकारका बिरुवाहरू भरिएका हुन्छन् ; त्यहाँ विभिन्न रङ्गका फूलहरू हुन्छन् । कुनै सेता, कुनै गुलाफी कुनै नीला, कुनै पहेंला; कुनै पानीमुनि उम्रन्छन्, कुनै पानीमा आफ्ना पात फिंजाउँछन् र कुनै पानीमाथि आफ्ना पात उठाउँछन् । मनुष्यहरूमा त्यो भन्दा धेरै बढी अन्तर हुन्छन् । लिङ्गको अन्तर हुन्छ, तर यो अन्तर महत्वपूर्ण नभएकोले, नारीहरूले पनि उचित साधनाद्वारा, पुरूषहरूले प्राप्त गरे सरह ज्ञान प्राप्त गर्न सक्दछन् ।

हात्तीको माहुते हुन कुनै पनि व्यक्तिसित पाँच गुण हुनु पर्दछ : राम्रो स्वास्थ्य, विश्वास, परिश्रम, आफ्नो उद्देश्यप्रति निष्कपटता र बुद्धि । ज्ञान प्राप्त गर्नका निमित बुद्धका आर्य मार्ग अनुसरण गर्न, प्रत्येक

व्यक्तिमा उपरोक्त पांचै असल गुण हुनु पर्दछ । यदि कसैसित यी गुणहरू छन् भने, लिङ्गको अन्तर जे भए पनि, ज्ञान प्राप्त गर्न संभव छ । बुद्धको उपदेश सिक्न धेरै समय लाग्दैन, कारण प्रत्येक व्यक्तिसित ज्ञान प्राप्त गर्ने सान्निध्य भएको प्रकृति रहन्छ ।

२. ज्ञानप्राप्तिको मार्गको साधनामा, मानिसहरूले आफ्नै आँखाले बुद्धलाई देख्दछन् र आफ्नै मनले बुद्धमा विश्वास राख्दछन् । बुद्धलाई देख्ने आँखा तथा बुद्धमा विश्वास गर्ने मन, त्यही आँखा र मन हुन्, जो यसभन्दा अघि सम्म जन्म र मृत्युको संसारमा भौंतारी रहेका थिए ।

कुनै राजालाई डांकाहरूले दुःख थिए भने, तिनमाथि आक्रमण गर्न भन्दा अघि राजाले तिनको गढ पत्ता लगाउनु पर्दछ । त्यसै गरी, कुनै व्यक्ति सांसारिक रागमा जेलिएको छ भने, सबभन्दा पहिले उसले तिनको मुहान पत्ता लगाउनु पर्दछ ।

कुनै व्यक्ति कुनै घरमा छ भने, उसले आंखा खोल्नासाथ सबभन्दा पहिले कोठाभित्र भएका कुरा देख्दछ र अनि मात्र झ्याल बाहिरको दृश्य देख्दछ । यस्तै प्रकारले हाम्रो आंखाले पहिले घर भित्रका कुरा नदेखि बाहिरका कुरा देख्न सक्दैन ।

यदि शरीर भित्र मन छ भने, यसले पहिले शरीर भित्रको कुरा थाहा पाउनु पर्दछ; तर साधारणतया मनुष्य वाह्य वस्तुहरूमा बढी चाख राख्दछन् तथा शरीरभित्रको कुरा थाहा पाउने र वास्ता राख्ने कार्य गर्दैनन् ।

यदि मन शरीर बाहिर स्थित हो भने, यसले शरीरको आवश्यकतासित कसरी सम्पर्क राख्न सक्दछ? तर, वास्तवमा, मनले जे थाहा पाउँछ शरीरले त्यही अनुभव गर्दछ तथा मनले त्यही थाहा पाउँछ जो शरीरले अनुभव गर्दछ। तसर्थ, मानिसको मन शरीरभन्दा बाहिर रहन्छ भनी भन्न सकिन्न। त्यसो भए मनको सारतत्व कहाँ रहन्छ त ?

३. अनन्त कालदेखि मानिसहरू आफ्नै कर्मको फलस्वरूप, एवं दुई मौलिक भ्रमको मोहमा परेर अज्ञानमा विचरण गरी राखेका छन्।

प्रथमतः, उनीहरुले भेदभाव राख्ने मन, जो यस जन्म र मृत्युरूपी जीवनको जरोमा रहन्छ, त्यसलाई नै उनीहरूको सत्य–प्रकृति हो भनी विश्वास गर्दछन्; र दोस्रो, भेदभाव राख्ने मन भित्र ज्ञानको पवित्र मन लुकेर बसेको हुन्छ, जो उनको सत्य–प्रकृति हो भनी उनीहरू थाहा पाउन्नन्।

जब मानिसले मुट्ठि बटारेर हातमाथि उठाउँछ, आखाले यो कुरा देख्दछ एवं मनले सो कुराको भेदभाव गर्दछ, तर भेवभाव गर्ने मन सत्य मन होइन ।

भेदभाव गर्ने मन केवल त्यो मन हो जसले कल्पना गरिएका त्यस्ता भेवभावहरूलाई छुट्याउँछ जसको उत्पत्ति लोभ र स्वयंसित सम्बन्धित अन्य चित्तवृत्तिले गरेको हुन्छ। भेवभाव गर्ने मन, हेतु र परिस्थितिहरूको बसमा हुन्छ, यो स्व-तत्व रहित हुन्छ, तथा यो निरन्तर परिवर्तन भई

रहन्छ । तर, मनुष्यहरूले यसै मनलाई उनीहरूको वास्तविक मन भनी विश्वास गर्नेहुँदा हेतु र परिस्थितिमा मोह प्रवेश गर्दछ जसले दुःखको जना गर्दछ ।

जब मानिस आफ्नो मुठ्ठि खोल्दछ, मनले त्यो कुरा थाहा पाउँदछ; तर यसमा चलने कुरा के हो त ? के यो मन हो, अथवा यो हात हो ? अथवा यी दुबैमध्ये कुनै होइन ? यदि हात चल्दछ भने, मन पनि त्यसै अनुकूल चल्दछ, र त्यसको विपरीत पनि ठीक त्यसै प्रकारले हुन्छ ; तर यो चल्ने, मन, मनको वाह्य देखावटी रूप मात्र हो : यो सत्य तथा मौलिक मन होइन ।

४. मौलिकरूपमा, प्रत्येक व्यक्तिको पवित्र एवं निर्मल मन हुन्छ, तर यो प्रायशः मनुष्यको परिस्थितिबाट उत्पन्न सांसारिक तृष्णाहरूको क्लेश एवं धूलोले ढाकिएको हुन्छ । यो अपवित्र मन कसैको प्रकृतिको सारतत्व होइन : केही थपिएको कुरा जस्तो हो, यो त आगंतुक अथवा घरको पाहुना सरह हो, यो यसको निमन्त्रक होइन ।

चन्द्रमा प्रायशः बादलले ढाकिन्छ, तर त्यसद्वारा यो चालिने होइन, र यसको पवित्रता निष्कलंक रहन्छ । तसर्थ यो अपवित्र मननै उनीहरूको सत्य मन हो भनी मानिसहरू भ्रममा पर्नु हुन्न ।

उनीहरूले ज्ञानको पवित्र एवं अपरिवर्तनीय मौलिक मनलाई आफू भित्र जगाएर स्वयंलाई उपरोक्त तथ्य बारम्बार स्मरण गराई राख्नु पर्दछ । परिवर्तनशील र अपवित्र मनको वशमा परेर एवं आफ्नै कलुषित विचारको

भ्रममा परेर उनीहरू मोहको संसारमा भौंतारी रहन्छन् ।

मनुष्यको मनको विघ्न बाधा तथा क्लेशहरू लोभ तथा यस्तो परिवर्तनशील परिस्थितिप्रतिको यसको प्रतिक्रियाद्वारा उत्पन्न हुन्छ ।

वस्तुहरूको प्रादुर्भाव हुँदा, विघ्न बाधा नपु-याउने मन नै जो सबै परिस्थितिहरूमा पवित्र तथा शान्त रहन सक्दछ, त्यो सत्य मन हो र यो नै स्वामी पर्दछ ।

पाहुना अदृश्य हुनासाथ जसरी कुनै पनि अतिथिसदन बिलाएर जान्छ भनी हामी भन्न सक्दैनौं; त्यसै गरी जीवनको परिवर्तनशील स्थितिबाट उत्पन्न भएको अपवित्र मन लोप भएर जानासाथ सत्य मन लोप भयो भन्न सकिन्न । परिवर्तित परिस्थिति अनुसार परिवर्तन हुने कुरा मानव मनको सत्य–प्रकृति होइन ।

५. हामी यस्तो भाषण कक्षको विचार गरौं जो सूर्यको ज्योति हुन्जेल उज्यालो हुन्छ तथा सूर्य अस्ताउनासाथ अँध्यारो हुन्छ ।

सूर्य अस्ताउनासाथ उज्यालो समाप्त हुने तथा रात्रीको आगमनकासाथ अँध्यारो आउने कुरा हामी विचार गर्न सक्दछौं, तर हामी त्यस्तै प्रकारले उज्यालो र अँध्यारो थाहा पाउने मनबारे विचार गर्न सक्दैनौं । जुन मन उज्यालो तथा अंध्यारोद्वारा चांडो प्रभावित हुन्छ त्यसलाई कतैतिर पनि फर्काउन सकिन्न; त्यो केवल सत्य–प्रकृतिमा मात्र फर्कन सक्दछ जो यसको मौलिक प्रकृति हो ।

सूर्य उदाउँदा तथा अस्ताउँदा उज्यालो तथा अंध्यारोको परिवर्तनलाई "क्षणिक" मनले मात्र क्षणिक रूपमा देख्दछ ।

"क्षणिक" मनले मात्र जीवनको परिवर्तनशील परिस्थितिप्रति क्षण क्षणमा बेग्ला बेग्लै भावना राख्दछ; यो वास्तविक तथा सत्य मन होइन। उज्यालो तथा अँध्यारो अनुभव गर्ने मौलिक तथा सत्य मन नै मनुष्यको सत्य–प्रकृति हो ।

आफ्नो वपरिपरि तथा परिवर्तनशील परिस्थितिहरूबाट उत्पन्न असल तथा कमसल, प्रेम र घृणाका क्षणिक भावनाहरू, मानव मनमा संग्रहित हुन आएको क्लेशका क्षणिक प्रतिक्रिया मात्र हुन् ।

मनमा उत्पन्न तृष्णा र सांसारिक रागका भित्र निर्मल तथा पवित्र मन रहन्छ, जो मनको मौकिल एवं सत्य तत्व हो ।

कुनै गोलाकार पात्रमा पानी गोल देखिन्छ तथा कुनै चतुष्कोण आकार परेको पात्रमा पानी चतुष्कोण देखिन्छ, तर पानीको आफ्नो विशेष आकार हुन्न । मानिसहरू यस तथ्यलाई प्रायः बिर्सन्छन्, यद्यपि उनीहरूले यसको कहिल्यै अनुभूति गरेका भए पनि ।

मानिसहरूले यसलाई असल तथा उसलाई कमलस रूपमा देख्दछन्, उनीहरू यसलाई मन पराउँछन् अथवा उसलाई मन पराउन्नन्, उनीहरू अवस्थित एवं अवस्थित नभएको कुरामा अन्तर गर्दछन्, र अनि, यी जटिलताहरूमा जेलिएर एवं यिनमा आसक्त भएर, दुःख पाउँछन् ।

यदि मनुष्यहरूले यी काल्पनिक तथा असत्य भेदभावहरू प्रतिको आफ्नो आसक्ति परित्याग गर्न मात्र सके भने, तथा आफ्नो मौलिक मनको पवित्रता पुनः स्थापित गर्न सके भने, उनीहरूको मन र शरीर दुबै अपवित्रता एवं दुःखबाट मुक्त हुनेछन् तथा यस मुक्तिसित संलग्न रहने शान्ति थाहा पाउन सक्ने छन् ।

२

बुद्ध–प्रकृति

१. सत्य र पवित्र मन मौलिक भएको कुरा हामीले चर्चा गर्‍यौं, यो बुद्ध–प्रकृति हो, अर्थात्, यो बुद्धत्वको अंकुर हो ।

सूर्य, र सुकेको पातको भूसकाबीच दीप्ति दिने कांच राख्यौं भने हामीले आगो पाउन सक्दछौं, तर त्यो आगो कहाँबाट आउँछ ? कांच सूर्य भन्दा अत्यन्त टाढा हुन्छ ; तर कांचको माध्यमद्वारा सुकेको पातको भूसमाथि आगो निश्चय नै लाग्दछ । तर सुकेको पातको भूसको आगो लाग्ने प्रकृति नभएको भए, आगो लाग्ने थिएन ।

यसै प्रकार, यदि बुद्धको प्रज्ञा मानिसको मनमा केन्द्रीभूत गरियो भने, यसको सत्य–प्रकृति, जो बुद्धत्व हो, त्यो प्रज्वलित हुने छ, तथा यसको तेजले मानिसहरूको मन पनि उज्यालो पार्ने छ एवं बुद्धमा विश्वास जगाउने छ । उनले सबै मानिसहरूको विश्वास प्रज्वलित होस् भन्ने उद्देश्यले प्रज्ञाको काँचलाई सबै मानिसहरूको मनमा राख्दछन् ।

२. प्रायः मानिसहरू उनको मन तथा बुद्धको ज्ञानोद्दीपक प्रज्ञाका बीच रहेको घनिष्ट सम्बन्धको बेवास्ता गर्दछन् र यसै कारणले गर्दा, उनीहरू सांसारिक रागमा जेलिन्छन्, तथा असल र कमसलको विभेदसित आसक्त हुन्छन् र त्यसपछि उनको बन्धन र दुःखमाथि विलाप गर्दछन् ।

यस्तो मौलिक तथा पवित्र मन हुने मानिसहरूले आफ्नो वरिपरि बुद्धको प्रज्ञाज्योति फिंजिएको हुँदाहुँदै पनि, असत्य भावनाहरूसित अझै टांसिएर बस्ने एवं मोह र दुःखको संसारमा भौंतारिने दुर्भाग्यमा पर्ने कारण के हो ?

कुनै समय एक व्यक्तिले ऐनाको उल्टो तर्फ हेर्दा आफ्नो अनुहार र शिर नदेखेर ऊ बहुलाए छ । ऐनामा असावधानीपूर्वक उल्टो तर्फ हेर्दा आफ्नो अनुहार नदेखेर बहुलाउनु कुनै पनि मानिसमकानिमित्त कति अनावश्यक हो !

यसै गरी आफूले पाउने आशा गरेको ज्ञान प्राप्त नगरेको कारणले दुःख भोगी राख्नु कुनै व्यक्तिकानिमित्त त्यत्तिकै मूर्खतापूर्ण तथा अनावश्यक हो । ज्ञान प्राप्तिमा असफलता भन्ने हुँदैन; असफलता त ती मानिसहरूको हो जो धेरै कालदेखि विभेद गर्ने आफ्नो मनमा ज्ञान प्राप्त गर्न खोज्दछन् र उनीहरू त्यो उनको सत्य मन होइन तर कल्पनाको मन हो भन्ने कुरा बुझ्दैनन्, जो लोभ र मोहको संग्रहले उत्पन्न भएको हुन्छ र जसले उनीहरूको सत्य मन छोपेर एवं लुकाएर राख्दछ ।

असत्य भावनाहरूको संग्रह हटाउन सकियो भने ज्ञानको उदय हुन्छ । तर, आश्चर्यको कुरा के भने, जब मानिसहरूले ज्ञान प्राप्त गर्दछन्, तब असत्य भावना विना ज्ञान प्राप्त गर्न संभव हुँदैन भनी उनीहरू अनुभव गर्नेछन्।

३. बुद्ध–प्रकृति त्यस्तो कुरा होइन जसको अन्त होस् । दुष्ट मानिसहरू, पशु भएर जन्मुन्, अथवा भोका राक्षस भएर जन्मुन् अथवा नर्कमा खसुन् उनीहरू आफ्नो बुद्ध–प्रकृति कदापि हराउन सक्तैनन् ।

शरीरको क्लेश भित्र यो जति सुकै लुकेको होस् अथवा सांसारिक तृष्णाको जरोमा लुकेर बिर्सिएको होस, बुद्धत्वसित मानव–घनिष्टता कहिल्यै पनि पूर्णरूपले विनष्ट हुँदैन ।

४. कुनै मानिस रक्सी लागेर सुतेको एक पुरानो कथा छ । उसको साथी ऊनिर आफूले सकुन्जेलसम्म बस्यो तर, उसको खोजि भई राखेको होला भन्ने ठानी त्यहाँबाट जानै पर्ने बाध्यता देखि जानुभन्दा अघि उसले रक्सी लागेको व्यक्तिको लुगामा एक रत्न लुकाएर गयो । जब रक्सी लागेको मानिस बिउँझ्यो, उसको साथीले उसको लुगामा रत्न लुकाएर राखेको कुरा थाहा नपाएर ऊ गरीबी तथा भोकले एक ठाउँबाट अर्को ठाउँमा भौंतारी रह्यो । धेरै दिन पछि दुबैको फेरि भेट भयो र साथीले गरीब मानिसलाई रत्नका सम्बन्धमा बतायो र त्यसलाई खोज्न भन्यो ।

यस कथामा भएको रक्सी लागेको मानिसको जस्तै मानिसहरू जन्म र

मृत्युको यस जीवनमा दुःखले भौंतारी राख्दछन्, उनीहरूले उनको आन्तरिक प्रकृतिमा, पवित्र तथा निर्मल बुद्ध–प्रकृतिको बहुमूल्य रत्न लुकेको छ भन्ने कुराप्रति उनीहरू अनभिज्ञ रहन्छन् ।

यो सर्वोच्च प्रकृति सबैमा छ भन्ने तथ्यप्रति मनुष्यहरू जति सुकै अनभिज्ञ भए तापनि उनीहरू जति नीच तथा अज्ञानी भएतापनि, बुद्धले कहिल्यै पनि उनीहरूमा विश्वास हराउन्नन्, कारण उनीहरूमध्ये सबभन्दा नीचसित पनि, बुद्धत्वका सबै गुण अन्तर्निहित हुन्छन् भन्ने कुरा उनलाई थाहा छ ।

त्यसैले बुद्ध तिनीहरूमा विश्वास जाग्रत गर्दछन्, जो अज्ञानद्वारा छलिएका हुन्छन् र आफ्नो स्वयंको बुद्ध–प्रकृति देख्न सक्दैनन्, उनीहरूको असंभव कल्पनाबाट उनीहरूलाई टाढा लग्दछन् एवं मौलिक रूपमा उनीहरू तथा बुद्धत्वका बीच कुनै अन्तर छैन भनी उनीहरूलाई उपदेश दिन्छन् ।

५. बुद्धत्व प्राप्त गरेको व्यक्ति बुद्ध हो र मानिसहरू बुद्धत्व प्राप्त गर्न सक्षम हुन्छन्; उनीहरूका बीच मुख्य अन्तर त यही हो ।

तर यदि कुनै व्यक्तिले उसले ज्ञान प्राप्त गरी सक्यो भन्ने विचार गर्दछ भने उसले आफैंलाई धोखा दी राखेको हुन्छ कारण, ऊ त्यस दिशा तर्फ अग्रसर भइ राखेको छ भने तापनि, उसले अझै बुद्धत्व प्राप्त गरी सकेको हुन्न।

बुद्ध–प्रकृति परिश्रम तथा विश्वासपूर्ण प्रयत्न नगरी प्रकट हुँदैन, नत बुद्धत्व प्रकट नभई यो कार्य समाप्त हुन्छ ।

६. कुनै समय एक राजाले एक हात्तीको वरिपरि केही अन्धा मनिसहरू जम्मा पारेर हात्ती कस्तो हुन्छ भनी उनलाई बताउन भने । पहिला मानिसले हात्तीको एउटा दन्त छुन पुग्यो र भन्यो हात्ती त ठूलो गाजर जस्तो हो; अर्कोले एउटा कान छुन पुग्यो र उसले हात्तीलाई ठूलो पंखा सरह हो भनी भन्यो, अर्कोले सूंड छुन पुग्यो र उसले हात्तीलाई मूसल जस्तो भन्यो तथा झन् अर्को जसले हात्तीको खुट्टा छुन पुग्यो उसले त्यसलाई खल जस्तो भन्यो, रअर्को जसले पुच्छर छुन पुगेको थियो त्यसले हात्तीलाई डोरी जस्तै भन्यो । उनीहरूमध्ये कसैले पनि हात्तीको वास्तविक रूप बताउन सकेन ।

त्यसै गरी, कसैले पनि मनुष्यको प्रकृतिको आंशिक वर्णन गर्न सक्दछ तर मनुष्यको वास्तविक प्रकृतिको, बुद्ध–प्रकृतिको वर्णन गर्न सक्ने छैन ।

मनुष्यको स्थायी प्रकृति, उसको बुद्ध–प्रकृतिलाई न त सांसारिक तृष्णाले खलबल्याउन सक्दछ न त मृत्युले नष्ट गर्न सक्दछ, त्यसको प्राप्ति निर्विकल्परूपमा जुन उपायद्वारा गर्न सकिन्छ, ती उपाय हुन् बुद्ध एवं बुद्धका आर्य उपदेश ।

३

बुद्ध–प्रकृति एवं अनात्मता

१. हामीले बुद्ध-प्रतिकृतिको विषयमा, यो वर्णन गर्न सकिने हो

भन्ने किसिमले चर्चा गर्दै आएको छौं, यो अरु उपदेशमा भएको "आत्मा" सरह भन्ने किसिमले यसको चर्चा गरेका छौं, तर यो त्यो होइन ।

"अहं-व्यक्तित्व" को धारणा त एक विभेद गर्ने मनको कल्पना जस्तो मात्र हो, जसले पहिले त्यसलाई ग्रहण गऱ्यो एवं त्यस पछि यसकाप्रति आसक्त भयो, तर जसलाई छाड्नै पर्दछ । यसका विपरीत, बुद्ध-प्रकृति व्याख्या गर्न असंभव कुरा सरह हो, यसको पहिले खोजी गरिनु पर्दछ । एक अर्थमा, यो "अहं-व्यक्तित्व" जस्तै देखिन्छ तर यो "म" र "मेरो" भन्ने आशय भएको त्यो "आत्मा" होइन ।

कुनै आत्माको अस्तित्वमा विश्वास गर्नु एक भ्रामक विश्वास हो, यसले अस्तित्व नहुनुलाई बुझाउँछ; बुद्ध प्रकृतिलाई अस्वीकार गर्नु भ्रम हो, कारण यसले अस्तित्वलाई अस्तित्व नहुनु बुझाउँछ ।

एक अर्ती–कथाद्वारा यसको व्याख्या गर्न सकिन्छ । कुनै आमाले आफ्नो बिरामी छोरालाई चिकित्सक कहाँ लगिन् । चिकित्सकले बिरामी बाकलकानिमित्त औषधी दिए तथा औषधी नपचुन्जेलसम्म आमाको दूध नखवाउनु भनी भने ।

आमाले आफ्नो स्तनमा कुनै तीतो कुरा दलिन्, जसले गर्दा बालक आफ्नो इच्छाले आमा भन्दा टाढा आफूलाई राखोस् । ओखती पची सकेको अवधि पछि, आमाले स्तन पखालिन् तथा बाकललाई दूध खान दिइन् । ती आमाले बाकलप्रतिको स्नेहले गर्दा आफ्नो बालक बचाउने यसरी उपाय गरिन् ।

उपरोक्त अर्ती–कथाकी आमा सरह, बुद्धले पनि भ्रम एवं अहं-व्यक्तित्व प्रतिको आसक्ति हटाउन, आत्माको अस्तित्व अस्वीकार गर्दछन्; र जब भ्रम तथा आसक्ति समाप्त हुन्छन्, त्यसपछि उनले सत्य मनको वास्तविकताको व्याख्या गर्दछन्, जो बुद्ध–प्रकृतिको हो ।

अहं-व्यक्तित्वप्रतिको आसक्तिले मानिसलाई मोहमा पार्दछ, तर उनको बुद्ध-प्रकृतिप्रतिको विश्वासले उनीहरूलाई ज्ञानको दिशातर्फ लग्दछ ।

यो कुनै कथाकी ती नारी सहरह हो जसलाई एक सन्दूस अपुतालीमा परेको थियो । त्यस सन्दूस भित्र सुन छ भन्ने थाहा नपाएर, उनले गरीबीमा त्यसबेलासम्म जीवन यापन गरी राखिन् जबसम्म अर्को व्यक्तिले सन्दूस खोलेर उसनलाई सुन देखाएन । बुद्धले मानिसहरूको मन उघारेर बुद्ध-प्रकृतिको पवित्रता उनीहरूलाई देखाई दिन्छन् ।

२. यदि सबै मनुष्यमा यो बुद्ध-प्रकृति छ भने, मानिसले मानिसलाई ठग्ने र मार्ने कारणले गर्दा यत्तिको दुःख किन त ? पद र धनको तथा धनी र गरीबको यतिका विभेद किन त ?

कुनै एक पहलवानको एउटा कथा छ, जो आफ्नो निधारमा अलंकारका रूपमा एक वहुमूल्य रत्न लगाउने गर्दथ्यो । एक पल्ट कुस्ती खेल्दा, त्यो

रत्न उसको निधारको मासुभित्र थिचियो । उसले रत्न हरायो भन्ने ठानी घाउ सफा गर्न लगाउन शल्य चिकित्सिक कहाँ गयो । शल्यचिकित्सकले घाउ सफा गर्न लाग्दा उसको निधारको मासु भित्र रगत र माटोमा लट-पटिएको रत्न फेला पार्‍यो । उसले ऐना उचालेर पहलवानलाई रत्न देखाई दियो ।

बुद्ध-प्रकृति पनि यस कथाको बहुमूल्य रत्न सरह हो : यो अन्य स्वार्थको धूलोले ढाकिए पछि मानिसहरू यो हरायो भन्ठान्दछन्, तर एक असल उपदेशकले उनीहरूकानिमित्त यसको पुनः प्राप्ति गरी दिन्छ ।

बुद्ध-प्रकृति सबैमा रहन्छ, यद्यपि लोभ, द्वेष एवं अज्ञानले यो जति सुकै ढाकिएको भए तापनि, अथवा उनीहरूको कर्म एवं प्रतिकारको भावना अन्तर्गत गाडिएको भए तापनि । बुद्ध-प्रकृति न त हराउन सक्दछ, न त नष्ट हुन सक्दछ; र जब सबै क्लेश हटाइन्छन्, ढीलो अथवा छीटो यसको पुनरोदय हुन्छ ।

कथाको पहलवान जस्तै जसलाई उसको मासु र रगतमा गाडिएको रत्न ऐनाको माध्यमद्वारा देखाइयो, त्यसै गरी बुद्धको ज्योति-द्वारा, मानिसहरूलाई उनीहरूको तृष्णा तथा सांसारिक रागमा गाडिएको उनीहरूको बुद्ध-प्रकृति देखाइन्छ ।

३. बुद्ध-प्रकृति मानिसहरूको जस्तो सुकै विभिन्न परिस्थिति र वातावरण भए तापनि सदैव नै पवित्र र शान्त रहन्छ । जस्तो गाईको छालाको रातो, सेतो अथवा कालो जुन सुकै रङ भए तापनि दूधको रङ

सदैव सेतो हुन्छ, त्यस्तै कुनै व्यक्तिको जीवनमाथि कर्मले जस्तो सुकै प्रभाव पारे पनि अथवा मानिसको कार्य र विचारले बेग्ला बेग्लै प्रभाव पारे पनि, यसमा फरक पर्दैन ।

भारतको एउटा कथा अनुसार हिमालको अग्ला घाँसहरूमा रहस्यमय औषधीयुक्त जडी बुटी लुकेको थियो । धेरै कालसम्म मानिसहरूले यसको खोजीको असफल प्रयत्न गरे, तर अन्त्यमा एक बुद्धिमान् पुरूषले त्यसको मिठासबाट त्यसलाई पत्ता लगायो । त्यो बुद्धिमान् पुरूष बाँचुन्जेल उसले त्यो औषधी एउटा आरीमा संग्रह गरी रह्यो, तर उसको मृत्युपछि, त्यो मीठो रसायन, पर्वतमा कुनै टाढाको जलस्रोतमा लुकी रह्यो, तथा आरीको पानी अमिलो एवं हानिकारक र अर्कै स्वादको हुन पुग्यो ।

यस्तै प्रकारले, बुद्ध-प्रकृति पनि सांसारिक रागको जंगलमा लुकेको हुन्छ र बिरलै पत्ता लाग्दछ, तर बुद्धले यसलाई प्राप्त गरे तथा मानिसहरूका समक्ष यसलाई प्रकट गरे, तर मानिसहरूले आफ आफ्नो क्षमता अनुसार सो प्राप्त गर्ने हुँदा, प्रत्येकका निमित्त यसको स्वाद बेग्ला बेग्लै हुन्छ ।

४. हीरा सब भन्दा कडा वस्तु हो, यसलाई किच्न सकिन्न । ढुंगा र बालुआलाई पीनेर मसिनो धुलो बनाउन सकिन्छ तर हीरामा कुनै क्षति पुग्न सक्दैन । बुद्ध-प्रकृति हीरा सरह हो र यसैले यसलाई फोर्न सकिन्न ।

मानव-प्रकृति, यसको शरीर र मन दुबै नष्ट भएर जान्छन्, तर बुद्धत्वको प्रकृतिलाई कहिल्यै पनि नष्ट गर्न सकिन्न ।

बुद्ध-प्रकृति, वास्तवमा, मानव–प्रकृतिको सर्वोत्कृष्ट लक्षरा हो । बुद्धका उपदेश अनुसार, मानव-प्रकृतिका अनन्त विविधता हुन सक्दछन्, जस्तो पुरूषहरू र नारीहरू तर बुद्ध-प्रकृतिमा कुनै विभेद हुन्न ।

शुद्ध सुन, सुनको धाउ पगालेर तथा सबै अशुद्ध तत्वहरू हटाएर पाउन सकिन्छ । यदि मानिसहरूले उनीहरूको मनको धाउ पगालेर सांसारिक राग तथा अहंकारका अपवित्रताहरू हटाए भने उनीहरूले त्यही पवित्र बुद्ध-प्रकृति पुनः प्राप्त गर्न सक्नेछन् ।

चतुर्थ अध्याय

मानव–क्लेश

१.

मानव–प्रकृति

१. बुद्ध प्रकृतिको पवित्रतालाई ढाक्ने एवं त्यसलाई अपवित्र पार्ने दुई प्रकारका सांसारिक राग हुन्छन् ।

पहिलो विश्लेषण र छलफल गर्ने राग हो, जसको कारणले मानिसहरूको विवेक भ्रममा पर्दछ । दोस्रो आवेगको अनुभवको राग हो जसको कारणले मानिसहरू मान्यताहरूप्रति भ्रममा पर्दछन् ।

तर्कको मोह तथा व्यवहारको मोह दुबैलाई सबै मानवी क्लेशको एक वर्गीकरण भनी भन्न सकिन्छ, तर, वास्तवमा तिनको आधार, दुई मौलिक सांसारिक कस्टकर अवस्था हुन् । पहिलो अज्ञान हो र दोस्रो तृष्णा हो ।

तर्कका मोह अज्ञानमा आधारित छन्, र व्यवहारका मोह तृष्णामा आधारित छन्, तसर्थ, यी दुबै रचना वास्तवमा एकै हुन् र संयुक्तरूपमा सबै सांसारिक दुःखका मुहान हुन् ।

यदि मानिसहरू अज्ञानी छन् भने उनीहरूले सही एवं निःशंक तर्क

गर्न सक्दैनन् । उनीहरू जसै अस्तित्वका निमित्त तृष्णाको पासोमा पर्दछन्, सबै कुरा समात्ने, टाँसिने र आसक्तिको उत्पत्ति पनि अनिवार्यरूपले त्यसैबाट हुन्छ । देखिने र सुनिने प्रत्येक राम्रो वस्तुको यसै निरन्तरको पिपासाले नै मानिसहरूलाई स्वभावको मोह तर्फ लग्दछ । केही मानिसहरू शरीरको मृत्युको तृष्णातर्फ पनि समर्पित हुन्छन् ।

यी प्राथमिक मुहानहरूबाट नै, लोभ, क्रोध, अज्ञान, मतिभेद, रोष, ईर्ष्या, अतिप्रशंसा, कपट, घमण्ड, उपेक्षा, मदोन्मतता, स्वार्थ जस्ता कुराको उत्पत्ति र उदय हुन्छ ।

२. संतुष्टि–सम्बन्धी भ्रान्त धारणाबाट लोभको उत्पत्ति हुन्छ; आफ्नो सम्बन्धमा तथा आफ्नो वरिपरिका सम्बन्धमा भ्रान्त धारणाबाट द्वेषको उत्पत्ति हुन्छ; सही आचार के हो भन्ने निर्णय गर्ने क्षमता नभएर नै अज्ञानको उत्पत्ति हुन्छ ।

लोभ, द्वेष र अज्ञान-यी तीनैलाई संसारका तीन अग्नि भनिन्छ । लोभको कारणले गर्दा जसले सत्य मन हराएका हुन्छन् तिनलाई लोभको अग्निले विनष्ट गर्दछ, द्वेषद्वारा जसले सत्य मन हराएका हुन्छन्, तिनलाई द्वेषको अग्निले विनष्ट गर्दछ; जसले बुद्धको उपदेश नसुनेर तथा वास्ता नगरेर आफ्नो सत्य मन हराएका हुन्छन्, तिनलाई अज्ञानको अग्निले विनष्ट गर्दछ ।

वास्तवमा, यो संसार कैयन् एवं विभिन्न प्रकारको अग्निले जली

राखेको छ । यहाँ लोभाग्नि छ, द्वेषाग्नि छ, अज्ञान रूपी अग्नि छ, मोह र अहंको अग्निछ, जरा, व्याधि र मृत्युका अग्नि छन्, तथा दुःख, विलाप, वेदना र व्यथाका अग्नि छन् । चारै तर्फ यी अग्निका ज्वाला प्रज्वलित छन् । यी अग्नि, स्वयंलाई मात्र जलाउने होइनन्, यिनले अरु-लाई पनि दुःखमा पुर्‍याउँछन् एवं अरुहरूलाई शरीर वचन तथा मनद्वारा कुत्सित कार्य गर्न लगाउँछन् । यी अग्निका दाहले क्षत-विक्षत ठाउँबाट निस्कने पीपलाई जसले छुन्छ तिनलाई नै दूषित एवं विषालु पारी दिन्छ र पापको मार्ग तर्फ लगाउँछ ।

३. सन्तोष भए तापनि लोभको उत्पत्ति हुन्छ; असन्तोष भए तापनि द्वेषको उत्पत्ति हुन्छ; तथा अपवित्र विचारहरूबाट अज्ञानको उत्पत्ति हुन्छ । लोभको दुर्विकारमा कम क्लेश हुन्छ तर यसलाई हटाउन सजिलो छैन; द्वेषको दुर्विकारमा बढी क्लेश हुन्छ तर यसलाई हटाउन सजिलो छ; अज्ञानको दुर्विकारमा धेरै क्लेश हुन्छ र यसमाथि विजय प्राप्त गर्न सारै कठिन हुन्छ ।

तसर्थ, मानिसहरूले यी अग्नि जहाँ जहिले देखापर्छन्, तिनलाई निभाउनु पर्दछ । यसो गर्दा उनीहरूले वास्तविक सन्तुष्टिले के दिन सक्दछ त्यसको सही निर्णय गर्न सक्नु पर्दछ, जीवनका असन्तोषपूर्ण वस्तुहरू भए तापनि, मनलाई पूर्णतया नियन्त्रण गर्नु पर्दछ, र साथै बुद्धको सद्भावना तथा दयाको उपदेश सदैव स्मरण गर्नु पर्दछ । यदि मन, बुद्धिमत्तापूर्ण पवित्र एवं स्वार्थरहित विचार-ले भरिएको छ भने, सांसारिक रागले जरो गाड्ने कुनै स्थान रहन्न ।

४. लोभ, द्वेष र अज्ञान भनेको ज्वर जस्तो हो । यदि कुनै व्यक्ति-

लाई यो ज्वरो आयो भने, ऊ एक आरामपूर्ण कोठामा सुतेकोछ भने तापनि, उसले दुःख पाउँछ एवं निद्रा नपरेर पीडित रहन्छ ।

जसलाई यस्तो ज्वरो आएको हुन्न, उनीहरूलाई जाडोको रातमा, मामुली पात पतिङ्गर ओछ्याएको भुइँमा अथवा गर्मीको रातमा एक सानो बन्द कोठामा पनि शान्तिपूर्वक निद्रा पर्न कुनै कठिनाई हुन्न ।

लोभ,द्वेष र अज्ञान, यी तीनै कुरा सबै मानवीय विपत्तिका मुहान हुन् । यी विपत्तिका मुहानबाट मुक्ति पाउन, कसैलेपनि शील पालन गर्नु पर्दछ, मनको समाधि गर्नु पर्दछ तथा उसमा प्रज्ञा हुनु पर्दछ । शील पालनाले लोभको क्लेश हटाउँछ; मनको सम्यक् समाधिले द्वेषको क्लेश हटाउँछ; एवं प्रज्ञाले अज्ञानको क्लेश हटाउँछ ।

५. मानिसका तृष्णाहरू अन्त्यरहित हुन्छन् । यो त्यस मानिसको प्यास जस्तो हो जसले नुनीलो पानी खान्छः उसले कुनै सन्तुष्टि पाउन्न तथा उसको प्यास केवल बढ्दछ ।

आफ्नो तृष्णा पूर्ति गर्न खोज्ने मानिसको स्थिति पनि त्यस्तै हो, केवल उसको असन्तोष बढेर जान्छ र उसका विपत्तिहरू गुणित हुँदै जान्छन् ।

तृष्णाको तृप्ति कहिल्यै पनि हुँदैन; यसले केवल अस्थिरता तथा क्रोध मात्र बढाउँछ र यसलाई कहिल्यै पनि हटाउन सकिन्न र त्यस पछि यदि

उसको तृष्णाको तृप्ति कतै रोकियो भने त्यसले उसलाई प्रायः "पागल" समेत बनाउँछ ।

आफ्नो तृष्णा तृप्तिको निमित्त, मानिसहरू परस्परमा संघर्ष र द्वन्द्व गर्दछन्, राजाका विरुद्ध राजा, दासका विरुद्ध दास, सन्तानका विरुद्ध बाबु आमा, भाईका विरुद्ध भाई, बहिनीका विरुद्ध बहिनी, मित्रका विरुद्ध मित्र; तिनीहरू आफ्नो तृष्णा तृप्ति निमित्त परस्परमा संघर्ष गर्दछन् एवं एक अर्काको हत्या समेत गर्दछन् ।

आफ्नो तृष्णा तृप्तिको प्रयत्नमा मानिसहरू प्रायः आफ्नो जीवन विनष्ट गर्दछन् । उनीहरू चोर्दछन्, ठग्दछन्, तथा परस्त्री गमन गर्दछन्, र अनि, यस कारणले समातिएर प्रतिष्ठा गए पछि र यसबाट दण्ड पाए पछि दुःखित हुन्छन् ।

उनीहरू आफ्नै शरीर र वचनका विरुद्ध पाप गर्दछन्, आफ्नै मनका विरुद्ध पाप गर्दछन्, सन्तुष्टिले उनीहरूमा अन्ततोगत्वा दुःख र क्लेश उत्पन्न गर्दछ भन्ने कुरा पूर्णरूपले थाहा पाउँदा पाउँदै पनि; तृष्णा भनेको यस्तो अति प्रबल हुन्छ । र अनि पुनर्जन्मना पाइने विभिन्न दुःख र यसका वेदना उनको पछि पछि लाग्दछन् ।

७. सबै सांसारिक राग मध्ये दुर्वासना सबभन्दा तीव्र हुन्छ । अन्य सबै सांसारिक राग यसका संगसंगै जाने देखिन्छन् ।

दुर्वासनाले नै अन्य राग उत्पन्न हुने माटो प्रदान गर्ने देखिन्छ । दुर्वासना भनेको एक राक्षस सरह हो जसले संसारका सबै असल कर्महरू खाएर नष्ट पार्दछ । दुर्वासना भनेको फूलको बंगैचामा लुकी राखेको एक विषालु सर्प हो; जो सौन्दर्य मात्रको खोजीमा आउँछन्, तिनलाई यसले डस्दछ ।

दुर्वासना रुखमा चढेको एक लता हो, जो रुख नसुकुन्जेल हाँगाहरू माथि फैलिन छाड्दैन । दुर्वासनाले मानव आवेगलाई घेर्दछ र सद्‌विचार लाई मन नबैलाउन्जेलसम्म शोषण गरी राख्दछ । दुर्वासना भनेको कुनै दुष्ट राक्षसले राखेको त्यो चारा हो जसलाई अज्ञानी मनुष्यले झंटेर लिन खोज्दछन् र अनि पापको संसारमा तलसम्म तानिन्छन् ।

यदि कुनै सुकेको हाडको टुक्रामा रगत लतपत्याएर कुकुरलाई दियो भने, कुकुरले नथाकुन् जेल र हतोत्साहित नहुन्जेल त्यो हाडको टुक्रा टोकी राख्दछ । दुर्वासना भनेको मानिसका निमित्त कुकुरलाई दिएको ठीक त्यस्तै हाडको टुक्रा सरह हो; जसप्रति ऊ नथाकुन्जेलसम्म लोभ गरी राख्दछ ।

दुई जंगली पशुका समक्ष सिनुको एक टुक्रा फाल्यो भने ती दुबै जनावर त्यो टुक्रा पाउन परस्परमा नङ्ग्रा गाडेर झगडा गर्दछन् । यदि कुनै मानिस-ले मूर्खतावश हावाको दिशा विपरीत राँको बोक्यो भने, उसले आफैंलाई जलाउन सक्ने छ । उपरोक्त दुई जंगली पशु एवं उपरोक्त मूर्ख व्यक्ति सरह, मानिसहरू आफ्नो सांसारिक तृष्णाले गर्दा, आफूलाई आघात पुऱ्याउँछन् एवं जलाउँछन् ।

७. बाहिरी शरीरलाई विषालु वाणबाट रक्षा गर्न सजिलो छ, तर, आफ्नै शरीर भित्रबाट उत्पन्न हुने विषालु वाणबाट आफ्नो मनको रक्षा गर्न असंभव छ । लोभ,द्वेष, अज्ञान र अहंकारप्रतिको मोह यी चार विषालु वाणको उत्पत्ति मन भित्रबाट हुन्छ तथा यसलाई प्राणनाशक विषले दूषित गरी दिन्छ ।

यदि मनुष्यहरू लोभ, द्वेष र अज्ञानले दूषित भए भने, उनीहरू असत्य

बोल्दछन्, ठग्दछन्, निन्दा गर्दछन् र दुई-जिब्रे हुन्छन्, र त्यसपछि, यी शब्दहरूलाई हत्या, चोरी तथा परस्त्रीगमनद्वारा यथार्थ रूप दिन्छन्।

मनका यी तीन दुरवस्था, यी चार कुत्सित शब्द तथा यी तीन दुराचार-लाई जोड्यो भने जम्मा दश अकुशल हुन्छन् ।

यदि मानिसहरूमा झूठो बोल्ने बानी परेको छ भने, उनीहरूले सचेत नभइकन नै हरसंभव अनुचित कर्म गर्दछन्। दुष्टतापूर्ण काम गर्न भन्दा अघि उनीहरूले झूठो बोल्नु पर्दछ र जब उनीहरू एकपल्ट झूठो बोल्न थाल्दछन् भने उनीहरू चिन्तित नभई दुष्टतापूर्ण कार्य गर्न थाल्दछन् ।

लोभ, दुर्वासना, त्रास, क्रोध, दुर्भाग्य, दुःख सबैको उत्पत्ति अज्ञान बाट हुन्छ । तसर्थ, अज्ञान विषहरूमध्ये सब भन्दा कडा हो ।

८. तृष्णाबाट कर्मको उत्पत्ति हुन्छ, कर्मबाट दुःखको उत्पत्ति हुन्छ; तृष्णा, कर्म र दुःख अनन्तरूपले घुमी राखेका पाङ्ग्रा सरह हुन् ।

यस पाङ्ग्राको यो घुम्ने कार्यको न त प्रारम्भ हुन्छ न त अन्त हुन्छ; त्यसैले मानिसले यस्तो पुनर्जन्मबाट कसरी उम्कन सक्ने हो ? पुनर्जन्म चक्रको यो अनन्त प्रत्यावृत्तिमा एक जन्मपछि अर्को जन्म हुन्छ ।

यो नित्य पुनर्जन्ममा आफू भष्म भएको हाड र खरानीको कसैले संग्रह गर्‍यो भने, यो संग्रह पर्वत जत्रै अग्लो हुनेछ, र यदि कसैले आफ्ना

पुनर्जन्महरूमा आमाहरूको खाएको दूध जम्मा पार्‍यो भने , त्यो समुद्र भन्दा पनि गहिरो हुनेछ ।

यद्यपि सबै मनुष्यमा बुद्ध–प्रकृति हुन्छ तर यो सांसारिक रागको क्लेशमा ज्यादै तल गाडिएकोले यसलाई धेरै कालसम्म थाहा पाइन्न । त्यसै निमित्त दुःख यस्तो सार्वभौमिक हुन्छ एवं दुःखले भरिएको अन्त्यरहित पुनर्जन्म भई रहन्छ ।

तर जसरी लोभ, द्वेष र अज्ञानप्रति आफूलाई समर्पण गरेर पाप कर्मको संग्रह भई पुनर्जन्म हुन्छ, त्यस्तै गरी, बुद्धको उपदेश पालन गर्नाले पापका मुहान पवित्र हुन्छन् एवं दुःखले भरिएको यस संसारमा पुनर्जन्मको अन्त्य हुन्छ ।

२

मनुष्यको प्रकृति

मनुष्यको प्रकृति कुनै प्रवेशद्वार नभएको एक सघन जंगल जस्तो हो, जसमा प्रवेश गर्न कठिन हुन्छ । त्यसको तुलनामा,पशुको प्रकृति बुझ्न बढी सजिलो छ । तैपनि हामीले साधारणरूपमा, मानिसको प्रकृतिलाई चार प्रमुख अन्तरका आधारमा वर्गीकरण गर्न सक्दछौं ।

पहिला, ती व्यक्तिहरू हुन् जो असत् उपदेशको कारणले गर्दा तपस्या गरी आफूलाई दुःख दिन्छन् । दोस्रो प्रकारका तिनीहरू हुन्, जो निर्दयता,

चोरी हत्या एवं अन्य निर्दयी कार्यद्वारा, अरूलाई दुःख पुऱ्याउँछन् । तेस्रो प्रकारका तिनीहरू हुन्, जो आफ्ना साथै अरूलाई दुःख पुऱ्याउँछन् । चौथो प्रकारका तिनीहरू हुन्छन् जो आफू पनि दुःखमा पर्दैनन् एवं अरूलाई पनि दुःखबाट रक्षा गर्दछन् । यी अन्तिम वर्गका व्यक्तिहरू बुद्धको उपदेश पालन गरेर, लोभ, द्वेष र अज्ञानप्रति आफूलाई समर्पण गर्दैनन्, तर हत्या नगरी अथवा चोरी नगरी दया तथा प्रज्ञाको शान्तिपूर्ण जीवन व्यतीत गर्दछन् ।

२. संसारमा तीन प्रकारका मनुष्य हुन्छन् । पहिला ती हुन्, जो प्रस्तरमा लेखिएका अक्षर सरह हुन्छन्; उनीहरू छिटै रिसाउँछन् एवं रिसलाई धेरै कालसम्म बोकी राख्दछन् । दोस्रो ती हुन् जो बालुवामा लेखिएका अक्षर सरह हुन्छन्; उनीहरू पनि रिसाउँछन्, तर उनको रिस छिटै शान्त हुन्छ । तेस्रा ती हुन् जो बगी रहेको पानीमा लेखिएका अक्षर सरह हुन्छन्; उनीहरू आफ्नो असंगत विचारलाई धारणामा ली राख्दैनन्; उनीहरू निन्दा तथा वृथाकुराहरूप्रति वास्ता नराखी तिनलाई समाप्त हुन दिन्छन् । उनीहरूको मन सदैव पवित्र तथा विघ्नरहित हुन्छ ।

यसका अतिरिक्त अरू तीन प्रकारका मानिस पनि हुन्छन् । पहिला ती हुन्, जो घमण्डी हुन्छन्, अदूरदर्शितापूर्वक कार्य गर्दछन् र कहिल्यै पनि सन्तुष्ट हुँदैनन्; यिनीहरूको प्रकृति बुझ्न सजिलो हुन्छ । अनि त्यस्ता हुन्छन् जो विनम्र हुन्छन् र विवेकले कार्य गर्दछन् ; उनीहरूको प्रकृति बुझ्न कठिन हुन्छ । अनि त्यस्ता व्यक्ति हुन्छन् , जो आफ्नो तृष्णामाथि पूर्ण नियन्त्रण पाई सकेका हुन्छन्; यिनीहरूको प्रकृति बुझ्न असंभव हुन्छ ।

यसरी मानिसहरूलाई विभिन्न प्रकारले वर्गीकरण गर्न सकिन्छ, तर उनीहरूको प्रकृति बुझ्न गहारो हुन्छ। केवल बुद्धले उनीहरूलाई चिन्दछन् एवं आफ्नो प्रज्ञाले विभिन्न उपदेशहरूद्वारा उनीहरूलाई मार्ग देखाउँछन्।

३

मानव जीवन

१. मानव जीवन वर्णन गर्ने एउटा दृष्टान्त छ। कुनै समय एक व्यक्ति कुनै नदीमा नदी बगेतिर डुंगा खियाउँदै थियो। नदी किनारमा उभिएको एक व्यक्तिले उसलाई चेतावनी दिंदै भन्यो: "यस्तो तीव्र नदीको धारमा प्रफुल्ल भई नाउ नखियाउ, अगाडि बेगले बग्ने प्रपात छन् र एक बडो डर लाग्दो भुंवरी छ, एवं पत्थरका कन्दराहरूमा ग्राहा तथा राक्षसहरू घात लगाएर बसेका छन्। तिमीले नाउ खियाई राख्यौ भने तिम्रो अन्त्य हुनेछ।"

यस दृष्टान्तमा "तीव्र नदी" भनेको दुर्वासनाको जीवन हो, "प्रफुल्ल भई नाउ खियाउनु" भनेको आफ्नो रागको वशमा पर्नु हो, "अगाडि बेगले बग्ने प्रपात" भनेको आउने दुःख र वेदना हो, "भुंवरी" भनेको भोग विलास हो, "ग्राहा र राक्षस" भनेको लालसा र आसक्तिको जीवनले ल्याउने क्षय र मृत्यु हो, "नदी किनारमा उभिएको व्यक्ति" जसले बोलाउँछ, ऊ बुद्ध हो।

यहाँ अर्को दृष्टान्त छ। अपराध गरेको एक मानिस भागी राखेको छ; रक्षकहरू उसको पिछा गरी राखेका छन्, त्यसैले ऊ कुनै कुवाको पर्खालमा उम्रेको लताहरूको सहाराले ओर्लेर लुक्न खोज्दछ। जसै ऊ ओर्लन लाग्दछ उसले कुवाको फेदमा विषालु सर्पहरू देख्दछ, त्यसैले आफ्नो रक्षाका

निमित्त ऊ लताहरूमा झुण्डिएर रहने निर्णय गर्दछ । केही बेरपछि उसका हात थाकेर आउँछन्, उसले दुई मूसाहरू देख्दछ, एउटा सेतो र अर्को कालो, जसले लता काटी राखेका हुन्छन् ।

यदि लता चुंडियो भने, ऊ विषालु सर्पहरूमाथि खस्ने छ र उसको अन्त्य हुनेछ । अकस्मात्, उसले मास्तिर हेर्दा आफ्नो ठीक अनुहारमाथि, मौरीको एक गुंड देख्दछ जसबाट थोपा–थोपा मह चुही राखेको हुन्छ । त्यस मानिसले, आफ्ना सबै संकटहरू बिर्सेर, आनन्दसाथ मह चाख्दछ ।

"कुनै मानिस" भनेको त्यो व्यक्ति हो जो, दुःख पाउन तथा एक्लै मर्न जन्मन्छ । "रक्षक" र "विषालु सर्प" भनेको शरीर र त्यसका सबै तृष्णाहरू हुन् । "लता" भनेको मानव जीवनको नैरन्तर्य हो । "काला र सेता दुइ मुसा" भनेको समयको अवधि, दिन र रात तथा व्यतीत भई रहने वर्षहरू हुन् । "मह" ले शारीरिक आनन्दहरूलाई संकेत गर्दछ जसले व्यतीत भई रहने वर्षहरूका दुःखलाई असत्य रूपमा देखाउँछन् ।

२. यहाँ अझै एक अर्को दृष्टान्त छ । कुनै राजाले एउटा बाकसमा चार विषालु सर्प राखी त्यो बाकसको रक्षा गर्न आफ्नो नोकरलाई दिन्छन् । यी सर्पहरूलाई राम्रोसित हेर विचार गर्न भनी राजाले नोकरलाई आज्ञा दिन्छन् र सर्पहरू मध्ये कुनै एकलाई पनि नोकरले रिस उठायो भने उसलाई मृत्यु दण्ड दिइने छ भनी चेतावनी दिन्छन् । नोकर, डराएर, बाकस फ्यांकि भाग्ने निर्णय गर्दछ ।

नोकरलाई समाउन राजाले पांच रक्षकहरू पठाउँछन् । पहिले त उनीहरू नोकरलाई सुरक्षापूर्वक फर्काएर लग्ने आशय राखी उसकहाँ मैत्रीपूर्ण भावले आउँछन्, तर नोकरले उहनीहरूको मैत्री भावनामाथि विश्वास गर्दैन र अर्को गाउँ तर्फ भाग्दछ ।

अनि, एक सपनामा, उसलाई एक स्वरले त्यो गाउँमा लिएको शरणले सुरक्षा हुन्न भनी बताउँछ, तथा त्यहाँ भएका छ डांकाहरूले उसलाई आक्रमण गर्नेछन् भनी भन्दछ, त्यो सुनेर ऊ त्यहाँबाट पनि त्रासले भाग्दछ र अनि एक तीव्र नदीको किनारमा आई पुग्दछ जसले उसको बाटो छेक्दछ । उसले, आफ्नो पछि पछि आई रहेको संकटमाथि विचार गरेर काठका पटरीहरू जोडी नदी तर्ने साधन बनाएर प्रचण्ड वेग तर्न सफल हुन्छ, र उसले अन्त्यमा सुरक्षा र शान्ति पाउँछ ।

"बाकसमा चार विषालु सर्पहरू" भनेको पृथ्वी, जल, अग्नि र वायु रूपी चार तत्व हुन् जसले यो माँसरूपी शरीर बनाउँछन् । शरीरलाई दुर्वासनाको जिम्मा दिइएको हुन्छ र यो मनको शत्रु हुन्छ । तसर्थ, ऊ शरीरबाट टाढा भाग्न खोज्दछ ।

"मित्रवत् रूपमा आउने पांच सिपाहीहरू" भनेको पंच स्कन्ध हुन्- रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान, जसले शरीर र मनको रचना गर्दछन् ।

"सुरक्षित आश्रय स्थल" भनेको छ इन्द्रियहरू हुन्, जो वास्तवमा सुरक्षित आश्रय स्थल होइनन्, एवं "छ डाकूहरू" भनेको छ इन्द्रियहरूका छ हेतुहरू हुन् । तसर्थ, छ इन्द्रियहरूमा संकट देखेर, ऊ एक पल्ट फेरि भाग्दछ तथा सांसारिक तृष्णाहरूको तीव्र प्रवाहमा पुग्दछ ।

अनि उसले बुद्धका सद्उपदेशहरूको डुंगा बनाएर तीव्र प्रवाह सुरक्षा पूर्वक तर्दछ ।

३. संकटले भरिएका तीन यस्ता अवसरहरू हुन्छन् जसमा कुनै छोराले आफ्नी आमालाई सहायता गर्न सक्दैन र कुनै आमाले छोरालाई सहायता गर्न सक्दिन – अग्निकाण्डमा, बाढीमा र चोरीमा । तर, यस्तो संकटपूर्ण तथा दुःखद स्थितिमा पनि एकले अर्कोलाई सहायता गर्ने अवसर रहन्छ ।

तर तीन यस्ता अवस्था हुन्छन्, जसमा आमाले छोरालाई र छोराले आमालाई बचाउन असंभव हुन्छ । यी तीन अवस्था हुन् जरा, व्याधि र मरण ।

आमाको उमेर ढल्दै जांदा आमाको त्यो ठाउँ कुनै छोराले कसरी लिन सक्दछ ? कुनै छोरा बिरामी भएको अवस्थामा आमाले उसको ठाउँ कसरी लिन सक्छिन् ? मृत्युको घडी आएको बेलामा एकले अर्कोलाई कसरी सहायता गर्न सक्छ ? एकले अर्कोलाई जत्तिकै माया गर्ने भएता पनि अथवा उनीहरू जति निकट भएता पनि , यी अवस्थाहरूमा एकले अर्कोलाई कुनै सहायता गर्न सक्दैन ।

४. एक दिन नर्कका पौराणिक राजा यमले, नर्कमा परेको एक व्यक्तिलाई उसले बांचुन्जेल गरेको पाप–कर्मका सम्बन्धमा प्रश्न गरे र भने , के उसले बांचुनजेल स्वर्गका तीन दूत कहिल्यै भेटेको थियो । त्यस मानिसले उत्तर दियो " महाराज, मैले त्यस्तो कुनै व्यक्ति भेटिन । "

यमले पुनः प्रश्न गरे, के तिमीले कहिल्यै बुढो भएर कुप्रिएको एवं लठ्ठि टेकेर हिंडेको मानिस भेटेका थियौ, त्यस मानिसले उत्तर दियो "हो महाराज, मैले यस्ता व्यक्ति बराबर भेटेको छु । " त्यसपछि यमले उसलाई भनेः "तिमीले अहिले भोगी राखेको दण्डको कारण त्यो बूढो

मानिसलाई स्वर्गको दूतकारूपमा नचिन्नु हो जसलाई तिमी पनि बूढो हुनु भन्दा अघि नै आफ्नो क्रिया–कलाप छिटो परिवर्तन गर्नु पर्दछ भनेर तिमीलाई चेतावनी दिन पठाइएको थियो ।"

यमले उसलाई फेरी प्रश्न गरे: "के तिमीले कहिल्यै कुनै निर्धन, बिरामी तथा मित्रहीन मानिस देखेका छौ ? उसले उत्तर दियो, "महाराज, मैले यस्ता धेरै मानिसहरूलाई देखेको छु ।"अनि, यमले उसलाई भने : "तिमी यहाँ आउनु पर्ने कारण तिमीले ती बिरामी मानिसका रूपमा स्वर्गीय दूतहरूलाई चिन्न नसकेर हो, जसलाई पठाउनुको अर्थ तिमी पनि बिरामी हुन सक्छौ भनी तिमीलाई चेतावनी दिनु थियो ।"

यमले उसलाई पुनः प्रश्न गरे : " के तिमीले कुनै मृत मनुष्यलाई देखेका छौ ?" त्सय व्यक्तिले उत्तर दियो, "हो महाराज, म धेरै पल्ट मृत्युका समक्ष परेको छु ।" यमले उसलाई भने : "तिमीले ती व्यक्तिहरूमा तिमीलाई चेतावनी दिन पठाइएको देवदूतका रूपमा चिनेनौ त्यसैले तिम्रो यो गति भयो । यदि तिमीले यी देवदूतहरूलाई चिनेर तिनको चेतावनी बुझेको भए तिमीले आफ्नो बाटो सपार्ने थियौ र दुःखको यो स्थलमा आउने थिएनौ ।"

५. कुनै समय, एक धनी व्यक्तिकी किसा गोतमी नामक युवती पत्नी उनको छोराको मृत्यु भएको कारणले बहुलाइन् । आफ्नो मरेको बालकलाई हातमा बोकेर उसलाई जीवित पारी दिन भनी मानिसहरूसित अनुरोध गर्दै घर घरको ढोकामा गइन् ।

वास्तवमा, उनीहरूले उनलाई केही सहायता गर्न सक्ने थिएनन्, तर अन्त्यमा बुद्धका एक शिष्यले उनलाई तिनताक जेतवनमा बस्नु भएका भगवान् बुद्धसित भेट्ने सल्लाह दिए, र अनि उनी आफ्नो मरेको बाकललाई लिएर भगवान् बुद्धकहाँ गइन् ।

भगवान् बुद्धले उनलाई सहानुभूतिपूर्वक हेरेर भन्नु भयोः "यस बाकललाई निको पार्न मलाई अहिपुष्पका केही बिउ चाहिन्छ; तिमी त्यस्तो घरबाट तोरीका चार पाँच गेडा लिएर आऊ जुन घरमा अहिलेसम्म मृत्युले प्रवेश नगरेको होस् ।"

अनि ती बहुलाएकी महिला, मृत्यु कहिल्यै प्रवेश नगरेको घर खोज्दै हिँडिन्, तर कतै त्यस्तो घर पाइनन् । अन्त्यमा उनी बुद्धकहाँ फर्कन बाध्य भइन् । उहाँको शान्त मुद्रा समक्ष पुग्दा उनको मन स्पष्ट भएर आयो र उनले उहाँको वचनको अर्थ बुझिन् । उनले मृतशरीरलाई लगेर गाडिन् र त्यसपछि बुद्धकहाँ फर्केर शिष्या मध्ये एक भइन् ।

४

मानव जीवनको वास्तविकता

१. यस संसारमा मानिस स्वार्थी एवं अरुकाप्रति सहानुभूति नराख्ने प्रवृत्ति भएका हुन सक्दछन्; उनीहरूले परस्परमा प्रेम तथा सम्मान गर्ने कुरा जान्दैनन्; उनीहरू साना साना कुरामा विवाद र झगडा गर्दछन् जसले उनीहरू कै अहित गर्दछ र उनीहरूलाई दुःख हुन्छ, एवं जीवन उराठलाग्दो किसिमले दुःखै दुःखले भरिन्छ ।

उनीहरू धनी हुन् अथवा निर्धन हुन्, उनीहरू रूपियाँ–पैसाका सम्बन्धमा चिन्तित हुन्छन्; उनीहरू विपन्नतामा दुःख पाउँछन् एवं उनीहरू संपन्नतामा दुःख पाउँछन् । उनीहरूको जीवनमाथि लोभको नियन्त्रण हुने हुँदा उनीहरू कहिल्यै पनि तृप्त हुन्नन्, कहिल्यै पनि सन्तुष्ट हुन्नन् ।

कुनै पनि धनी मानिसलाई ऊसित जग्गा जमीन छ भने त्यसको चिन्ता रहन्छ; उसलाई आपनो भवन तथा अन्य सबै सम्पत्तिको चिन्ता रहन्छ । कुनै दुर्घटना त उसमाथि आई पर्ने होइन, घर त आगोले भष्म हुने होइन, डाँका पर्ने त होइन अथवा लुटेराहरूले उसैलाई लुटेर लग्ने त होइनन्, यी सबै चिन्ताहरूले उसलाई सताई राख्दछ । त्यसपछि आफ्नो मृत्यु र मृत्युपछि सम्पत्तिको के होला भन्ने उसलाई चिन्ता लाग्दछ । वास्तवमा, उसको मृत्युको मार्ग एकाकी हुन्छ, एवं कोही पनि उसको मृत्यु पछि पछि लाग्दैन ।

निर्धन मानिस आफूसित केही छैन भनी सदैब दुःखित हुन्छ र त्यसैले उसमा अनन्त तृष्णा जागेर आउँछ-जग्गा जमीन र एक घरका प्रति लालसाको ज्वालाले गर्दा उसको शरीर र मन दुबै गलेर जान्छ, एवं अधवैशें उमेरमै उसको मृत्यु हुन्छ ।

संपूर्ण संसार नै उसको विपरीत भए जस्तो उसलाई लाग्दछ र मृत्युको मार्ग समेत उसलाई एकाकी लाग्दछ , उसका एक पनि साथी नभएको जस्तो लामो यात्रा लाग्दछ ।

२. संसारमा पाँच प्रकारका पाप हुन्छन् । पहिलो हो निर्दयता; प्रत्येक प्राणी, यहाँ सम्म कीराहरू पनि, परस्परमा एक अर्काका विरुद्ध लड्दछन् । बलियाले निर्धोमाथि आक्रमण गर्दछन्; एवं निर्धाले बलियालाई धोका दिन्छन्; जताततै संघर्ष र निर्दयता हुन्छ ।

दोस्रो, पिताको अधिकार तथा पुत्रको अधिकार छुट्याउने स्पष्ट सीमाङ्कन हुँदैन तथा त्यस्तै सीमाङ्कन दाजु भाइका बीच, पति पत्नीका बीच; जेठो कुटुम्बी र कान्छो कुटुम्बीका बीच हुँदैन; प्रत्येक अवसरमा एकले अर्को भन्दा ठूलो हुन खोज्ने एवं अर्कोबाट लाभ उठाउन खोज्ने हुन्छ। उनीहरू परस्परमा ठग्दछन्, उनीहरूमा छल हुन्छ र निष्कपटता हुँदैन।

तेस्रो, लोग्ने मानिस तथा स्वास्नी मानिसको व्यवहार छुट्याउने स्पष्ट सीमांकन छैन। प्रत्येकमा कहिलें काहीं अपवित्र तथा कामुक विचार र तृष्णा आउंछ जसले उनीहरूलाई शंकास्पद कार्य तर्फ लग्दछ, र प्राय झगडा तथा मारपीट, अन्याय एवं दुष्टता तर्फ लग्दछ।

चौथो, मानिसहरूमा अरूको अधिकारको अनादर गर्ने प्रवृत्ति हुन्छ, उनीहरू अरूलाई होच्याएर आफ्नो महत्व बढाई चढाई भन्दछन्, उनीहरूले व्यवहारको नराम्रो उदाहरण प्रस्तुत गर्दछन्, र उनीहरू बोल्दा विवेक प्रयोग नगर्ने हुँदा, धोखा दिन्छन्, अपवाद बोल्दछन्, एवं अरूको निन्दा गर्दछन्।

पाँचौं, मानिसहरूमा अरूप्रति आफ्नो कर्तव्यको उपेक्षा गर्ने प्रवृत्ति हुन्छ। उनीहरू आफ्नै आराम तथा आफ्नै तृष्णाका सम्बन्धमा मात्र अत्यन्त बढी विचार गर्दछन्; उनीहरू अरूहरूबाट पाएको उपकार बिर्सन्छन् एवं अरूलाई यति टण्टा पुऱ्याई दिन्छन् जो प्रायः अन्त्यन्त अन्यायमा परिणत हुन्छ।

३. मानिसहरूमा बढी पारस्परिक सहानुभूति हुनु पर्दछ; मानिसहरूमा उनीहरूको असल लक्षणप्रति पारस्परिक सम्मान हुनुपर्दछ र कठिनाई-

को स्थितिमा परस्परमासहयोग गर्नु पर्दछ; तर, यसका विपरीत, उनीहरू स्वार्थी तथा निर्दयी हुन्छन्; उनीहरूले आफ्ना असफलताहरूकालागि परस्परमा तिरस्कार गर्दछन् तथा आफ्नो लाभकानिमित्त अरुहरूलाई मन पराउन्नन् । यी द्वेष समयकासाथ साधारणतः बढ्दै जान्छन् र केही समयपछि, असह्य भएर आउँछन् ।

यी मन नपराउने भावना शीघ्र हिंसा कार्यको रूपमा परिणत हुँदैनन्; तर तिनले जीवनलाई घृणा र क्रोधले यति विषालु बनाई दिएका हुन्छन् जो मनमा गहिरो रूपले कुँदिए सरह हुन्छन्, उसको छापलाई जन्म जन्मान्तरसम्म पनि मानिसहरूले मनमा ली राख्दछन् ।

वास्तवमा, दुर्वासनाको यस संसारमा, कुनै पनि मानिस एक्लै जन्मन्छ र एक्लै मर्दछ, तथा मृत्यु पछिको जीवनमा उसले पाउने दण्डको सहभागी अरू कोही हुन्न ।

हेतु र फलको नियम सार्वभौमिक छ; प्रत्येक व्यक्तिले आफ्नो पापको भारी आफै बोक्नु पर्दछ र त्यसको दण्ड पनि एक्लै पाउनु पर्दछ । हेतु-फलको यही नियमले नै असल कर्महरूको पनि नियन्त्रण गर्दछ । सहानुभूति र दयाको जीवनले सौभाग्य र सुख ल्याउँछ ।

४. जसै जसै वर्षहरू वितेर जान्छन् त्यसै त्यसै नै मानिसहरू लोभ, स्वभाव र दुःखले जटिल रूपमा जेलिंदै गएको आफूलाई पाउँछन्, त्यसोहुँदा उनीहरू धेरै दुःखित एवं निरुत्साहित हुन्छन् । प्रायः उनीहरू आफ्नो यस निरुत्साहमा अरुहरूसित झगडा गर्दछन् र पापमा झन् झन् तल खस्दछन् तथा सत्य मार्गमा हिंड्ने प्रयत्न छाड्दछन्; प्रायः आफ्नो दुष्टताको मध्यमा तिनीहरूको जीवनको असामयिक अन्त्य हुन्छ र उनीहरूले सदैवदुःख पाउँछन् ।

आफ्नो दुर्भाग्य र दुःखले निरुत्साहमा यसरी खस्नु अत्यन्त अप्राकृतिक हो तथा पृथ्वी र स्वर्गको नियमका विपरीत हो, र, त्यसैले, त्यस्तो व्यक्तिले यस संसारमा र मृत्युपछिको संसार दुबैमा दुःख पाउँछ ।

जीवनमा प्रत्येक वस्तु क्षणिक हो एवं अनिश्चितताले भरिएको छ भन्ने कुरा साँचो हो,तर यस तथ्यलाई कसैले बेवास्ता गरी आफ्नो तृष्णाको तृप्ति र आनन्दका निमित्त प्रयत्न गर्दै जानु शोचनीय हो ।

५. दुःखको यस संसारमा मानिसहरूले स्वार्थ एवं अहंकार पूर्वक विचार गर्नु एवं कार्य गर्नु स्वाभाविक हो, एवं यसको फलस्वरूप, दुःख र क्लेश पछि पछि लाग्नु पनि स्वाभाविक हो ।

मानिसहरूले अरुको बेवास्ता गरी आपनो मात्र हित गर्दछन् । मानिसहरूले आफ्ना तृष्णाहरूलाई लोभ, दुर्वासना तथा अन्य सबै प्रकारका पाप तर्फ लग्दछन् । यिनै कारणहरूले गर्दा उनीहरूले निरन्तर दुःख पाई राख्नु पर्दछ ।

विलासपूर्ण समय धेरै दिन टिक्दैन, परन्तु यो छिटै समाप्त हुन्छ; सय संसारमा कुनै कुराको पनि धेरै कालसम्म उपभोग गर्न सकिन्न ।

६. तसर्थ, मानिसहरूले, युवक र स्वस्थ हुँदा नै, सांसारिक कुराहरूप्रतिको उनको संपूर्ण लोभ र आसक्ति परित्याग गर्नु पर्दछ एवं सत्य

ज्ञान तर्फ हृदय देखि नै लाग्नु पर्दछ, कारण ज्ञानका अतिरिक्त स्थायी शरण अथवा सुख अरुमा प्राप्त हुन सक्दैन ।

तर, धेरै जसो मानिहरू, हेतु र फलको यस नियममा विश्वास गर्दैनन् अथवा यसको वेवास्ता गर्दछन् । उनीहरूले लोभ र स्वार्थको आफ्नो कुप्रवृत्ति छाड्ददैनन् तथा असल कर्मले सुख तथा कमसल कर्मले दुर्भाग्य ल्याउँछ भन्ने तथ्यलाई बिर्सन्छन् । यस जीवनमा गरेको कार्यले पुनर्जन्महरूमा प्रभाव पार्दछ भन्ने कुरामा पनि उनीहरू वास्तवमा विश्वास गर्दैनन् र पुरष्कार एवं आफ्नो पापको दण्डकासम्बन्धमा अरुहरूलाई सुछ्न खोज्दछन् ।

वर्तमान जीवनको कार्यले पुनर्जन्महरूमाथि प्रभाव पार्न तथ्यलाई एवं उनको दुःख तथा विगत जन्महरूका कार्यहरूसितको सम्बन्धलाई पूर्णरूपले नबुझेर उनीहरू आफ्नो दुःखलाई लिएर विलाप गर्दछन् एवं रुन्छन् । उनीहरू वर्तमान दुःख र वर्तमान तृष्णालाई मात्र विचार गर्दछन् ।

यस संसारमा कुनै कुरा पनि स्थायी अथवा नित्य छैन; प्रत्येक कुरा परिवर्तनशील हुन्छ, क्षणिक हुन्छ तथा कुनै कुराको पनि भविष्यवाणी गर्न सकिंदैन । तर मानिसहरू अज्ञानी एवं स्वार्थी हुन्छन् तथा तत्कालको तृष्णा र दुःखका सम्बन्धमा मात्र पीर गर्दछन् । उनीहरू सद्उपदेश सुन्दैनन् न त तिनलाई बुझ्न नै खोज्छन्; उनीहरू केवल आफ्नो वर्तमान स्वार्थ, धन र लालसाप्रति मात्र आसक्त हुन्छन् ।

७. मोह र दुःखको यस संसारमा अनन्त कालदेखि असंख्य मानिस-हरू जन्मे तथा अझै जन्मदैछन् । तर संसारमा बुद्धको उपदेश हुनु एक

सौभाग्यको कुरा हो एवं यस उपदेशमा मानिसहरूले विश्वास गर्न सक्दछन् र यसद्वारा उनीहरूलाई सहायता पुग्न सक्दछ ।

तसर्थ, मानिसहरूले गंभीरतापूर्वक विचार गर्नु पर्दछ, उनीहरूले आफ्नो मन पवित्र र शरीर स्वस्थ राख्नु पर्दछ, लोभ र पापभन्दा टाढा बस्नु पर्दछ, र असल कुरा खोज्नु पर्दछ ।

सौभाग्यवश, हाम्रा निमित्त बुद्धको उपदेशयम ज्ञानको प्रादुर्भाव भएकोछ, हामीहरूलें यिनमा विश्वास गर्नु पर्दछ एवं बुद्धको पवित्र भूमिमा जन्मने कामना गर्नु पर्दछ । बुद्धको उपदेश थाहा पाएर, हामीहरूलें अरुहरूको लोभ र पापपूर्ण मार्ग अनुसरण गर्नु हुन्न, न त हामीहरूलें बुद्धको उपदेश आफूसितमात्र राख्नु पर्दछ, परन्तु उपदेश पालन गरी अरुहरूलाई पनि यसको शिक्षा दिनु पर्दछ ।

पंचम अध्याय

बुद्धले प्रदान गरेको मोक्ष

१

अमिताभ बुद्धको संकल्प

१. जस्तो व्याख्या गरी सकिएको छ, मानिसहरू अनन्त कालदेखि सांसारिक रागका समक्ष दब्ने गरेका छन्, पापमाथि पाप दोहऱ्याउंदै गएका छन्, तथा असह्य कार्यको भारी बोक्दै लोभ र आसक्तिको स्वभावलाई भंग गर्न आफ्नो प्रज्ञा अथवा आफ्नो शक्तिलें सक्दैनन् । यदि उनीहरूलें सांसारिक राग हटाउन सक्दैनन् अथवा त्यसमाथि विजय पाउन सक्दैनन् भने उनीहरूलें बुद्धत्वको आफ्नो सत्य प्रकृति थाहा पाउने आशा कसरी गर्ने ?

बुद्ध, जसले मानव प्रकृति पूर्णरूपलें बुझका थिए, उनमा मानिसहरू प्रति ठूलो सहानुभूति थियो, तथा उनलें आफूलाई अत्यन्त कठिनाई सहनु परेतापनि, उनीहरूलाई त्रास र दुःखबाट मोक्ष दिलाउन सबै प्रकारको संकल्प लिएका थिए । यस मोक्षलाई कार्य रूप दिन उनलें अनन्त कालदेखि बोधिसत्वको रूप लिएर यो संकल्प लिएका थिए :–

(क) "मैले बुद्धत्व प्राप्त गरेतापनि, मेरो भूमिका सबै निवासीहरूलें बुद्धत्व प्राप्त गरेर ज्ञान प्राप्त गर्न विश्वस्त नहुन्जेल मैलें कदापि पूर्णत्व प्राप्त गर्ने छैन ।

(ख) "मैले बुद्धत्व प्राप्त गरेतापनि, मेरो पुष्टिकारक आलोक संसार भरी नफिजिउन्जेलसम्म मैले कदापि पूर्णत्व प्राप्त गर्ने छैन ।

(ग) "मैले बुद्धत्व प्राप्त गरेतापनि, मेरो जीवन, अनन्त कालसम्म चिरस्थायी रहेर असंख्य मानिसहरूको रक्षा नगरुन्जेलसम्म मैले कदापि पूर्णत्व प्राप्त गर्ने छैन ।

(घ) "मैले बुद्धत्व प्राप्त गरे तापनि, दशै दिशाका सबै बुद्धहरूले संयुक्तरूपले मेरो प्रशंसा नगरुन्जेल मैले कदापि पूर्णत्व प्राप्त गर्ने छैन ।

(ङ) "मैले बुद्धत्व प्राप्त गरेतापनि, मानिसहरूले विशुद्ध विश्वासका साथ मेरो भूमिमा पुनर्जन्मको प्रयत्नमा मेरो नाम दशपल्ट नदोहऱ्याउन्जेल र यस्तो जन्ममा सफल नहोउन्जेल मैले कदापि पूर्णत्व प्राप्त गर्ने छैन ।

(च) "मैले बुद्धत्व प्राप्त गरेतापनि, जबसम्म सबै मानिसहरू ज्ञान प्राप्त गर्न, सद्गुणको पालना गर्न, मेरो भूमिमा पुनर्जन्मको विशुद्ध हृदयले कामना गर्न दृढ निश्चय लिने छैनन्, तबसम्म मैले कदापि पूर्णत्व प्राप्त गर्ने छैन; यसरी, उनीहरूलाई मेरो पवित्र भूमिमा स्वागत गर्न, उनीहरूको मृत्युको घडीमा म धेरै बोधिसत्वहरूकासाथ उपस्थित हुनेछु ।

(छ) "मैले बुद्धत्व प्राप्त गरेतापनि, म त्यस बेलासम्म कदापि पूर्णत्व प्राप्त गर्ने छैन, जबसम्म सबै ठाउंका मानिसहरूले, मेरो नाम सुनेपछि, मेरो भूमि संझेर त्यहाँ जन्मने कामना गर्दैनन् र त्यसै उद्देश्यले प्रेरित भई विशुद्धताका साथ सद्गुणको बिउ रोप्दैनन्, र यसरी, आफ्नो सम्पूर्ण कामनाको प्राप्ति गर्दैनन् ।

(ज) "मैले बुद्धत्व प्राप्त गरेतापनि, म त्यस बेलासम्म कदापि पूर्णत्व प्राप्त गर्ने छैन जबसम्म मेरो पवित्र भूमिमा जन्मेकाहरूले बुद्धत्व प्राप्त गर्न निश्चित हुने छैनन्, जसले गर्दा उनीहरूले धेरैलाई ज्ञानको मार्ग देखाउन सकुन् एवं महती करुणाको साधनामा लगाउन सकुन् ।

(झ) "मैले बुद्धत्व प्राप्त गरेतापनि म त्यस बेलासम्म कदापि पूर्णत्व प्राप्त गर्ने छैन जबसम्म संसार भरीका मानिसहरू मेरो प्रेमपूर्ण करुणाको भावनाबाट प्रभावित हुन्नन् जसले उनीहरूको मन र शरीरलाई पवित्र पारी तिनलाई सांसारिक कुराहरूबाट माथि उठाउँदैनन् ।

(ञ) "मैले बुद्धत्व प्राप्त गरेतापनि म त्यस बेलासम्म कदापि पूर्णत्व प्राप्त गर्ने छैन, जब सम्म सबै तिरका मानसिहरू मेरो नाम सुनेर, जीवन र मृत्युका सम्बन्धमा सही विचार लिन नसकुन्, तथा सांसारिक लोभ र दुःखकाबीच आपनो मनलाई पवित्र तथा शान्त राख्न पूर्ण प्रज्ञा प्राप्त गर्न न सकुन् ।

"यसरी म यी संकल्पहरू लिन्छु; उपरोक्त कुराहरू पूर्ण नहुन्जेल मैले बुद्धत्व प्राप्त नगरूँ । म असीमित ज्योतिको मुहान हुन सकूं, मेरो प्रज्ञा र सद्गुणको ज्योति स्वतन्त्ररूपले चारै तिर फिजाउन सकूं, संपूर्ण संसारमा ज्ञान फिजाएर सबै दुःखी मानिसहरूलाई मुक्त गर्न सकूं ।"

२. यसरी, कल्प कल्पदेखि असंख्य सद्गुण संग्रह गरेर उनी अमिताभ हुन पुगे अथवा अपरिमित ज्योति र अमर जीवनका

बुद्ध हुन पुगे र आफ्नो बुद्ध–भूमिको पवित्रतालाई पूर्णत्वमा पुऱ्याए; जहाँ उनी अहिले निवास गर्दैछन्, जो शान्तिको संसार हो र जहाँबाट उनले संपूर्ण मानव समाजलाई ज्ञान प्रदान गरी रहेछन् ।

यो पवित्र भूमि, जहाँ कुनै दुःख छैन, त्यो, वास्तवमा अत्यन्त शान्त र सुखी छ । त्यहाँ निवास गर्ने सबैलाई वस्त्र, अन्न र सबै सुन्दर वस्तुहरू इच्छा गर्नासाथ प्राप्त हुन्छ । यसका रत्नले लटरम्म वृक्षहरूमा जसै कोमल वायु बग्दछ, यसको पवित्र उपदेशको संगीतले वायुमण्डल भरिन्छ र यसका सबै श्रोताहरूको मनबाट अपवित्रता निर्मूल गरी दिन्छ ।

यस पवित्र भूमिमा कैयन् सुगन्धित कमल फुलेका छन्, र प्रत्येक फूलका अनगिन्ती वहुमूल्य दल अथवा पत्रहरू छन् र प्रत्येक पत्र अवर्णनीय सौन्दर्यका साथ कोमलतापूर्वक चंकी राखेको छ । कमलका फूलको यसै दीप्तिले प्रज्ञाको मार्गलाई प्रकाश प्रदान गर्दछ, र जसले पवित्र उपदेशको संगीत सुन्दछन् तिनीहरू पूर्ण शान्तिको मार्ग तर्फ लगिन्छन् ।

३. दशै दिशामा भएका सबै बुद्धहरूले अपरिमित ज्योति र अमर जीवनका यी बुद्धका सद्गुणहरूको प्रशंसा गरी राखेका छन् ।

जसले पनि यी बुद्धको नाम सुनेर यसलाई प्रवर्धित गर्दै हर्षका साथ ग्रहण गर्दछ, उसको मनले बुद्धको मनसित तादात्म्य स्थापित गर्दछ र बुद्धको अद्भुत पवित्र भूमिमा उसको पुनर्जन्म हुन्छ ।

जसको जन्म यो पवित्र भूमिमा हुन्छ उनीहरू बुद्धको असीमित जीवनका सहभागी हुन पुग्दछन्; उनीहरूको हृदय सबै दुःखीहरूप्रतिको सहानुभूतिले तत्कालै भरिन्छ र उनीहरू बुद्धको मोक्षको प्रक्रियालाई अभिव्यक्त गर्न अघि सर्दछन् ।

यी संकल्पहरूको भावना अनुकूल उनीहरू सबै सांसारिक आसक्तिहरूको परित्याग गर्दछन् र यस संसारका अनित्यतालाई बुझ्दछन् । र उनीहरू सबै सचेतन जीवनको मोक्षका निमित्त धर्म गर्दछन्; उनीहरू आफ्नो जीवनलाई अरु सबैको जीवनसित अभिन्न पार्दछन्, अरुको मोह तथा दुःखका सहभागी हुन्छन् , तर साथै यस सांसारिक जीवनको बन्धन तथा आसक्तिबाट उनीहरूलाई मुक्ति प्राप्त गराउँछन् ।

उनीहरूलाई सांसारिक कठिनाई तथा बाधाहरू थाहा हुन्छ, तर त्यसका साथै, उनीहरूलाई बुद्धको करुणाको असीमित शक्यताको पनि ज्ञान हुन्छ । उनीहरू आवागमनका निमित्त स्वतन्त्र हुन्छन्, उनीहरू आफ्नो इच्छानुसार अगाडि बढ्न तथा थामिन सक्दछन्, तर उनीहरूको रुचि बुद्धको करुणा प्राप्त व्यक्तिहरूका साथ बस्ने हुन्छ ।

तसर्थ, यी अमिताभ बुद्धको नाम कसैले सुनेर उनको नाम पूर्णविश्वासका साथ लिन प्रोत्साहित हुन्छ भने, ऊ बुद्धको करुणाको सहभागी हुनेछ । तसर्थ सबै व्यक्तिहरुले बुद्धको उपदेश सुन्नु पर्दछ र यसको पालन गर्नु पर्दछ, यद्यपि यसो गर्दा जीवन मरणको यस संसारलाई व्याप्त गर्ने ज्वाला भएर उनीहरूलाई यसले लग्दछ भन्ने उनीहरूलाई लागे पनि ।

यदि मानिसहरूले सत्य र निष्ठाकासाथ ज्ञान प्राप्त गर्न चाहन्छन् भने उनीहरूले यी बुद्धको शक्तिमाथि श्रद्धा राख्नै पर्दछ । कुनै साधारण व्यक्तिका निमित्त यी बुद्धको समर्थनविना आफमा भएको सर्वोच्च बुद्ध-प्रकृति प्राप्त गर्न संभव हुन्न ।

४. अमिताभ बुद्ध कुनै व्यक्तिभन्दा पनि टाढा छैनन् । उनको पवित्र भूमि धेरै टाढा पश्चिममा छ भनिन्छ, तर त्यो यी व्यक्तिहरूको मनमा पनि छ जो त्यहाँ जन्मने निष्ठा राख्दछन् ।

जब मानिसहरूले अमिताभ बुद्धको सुवर्ण तेजले देदीप्यमान मूर्तिलाई आफ्नो मनमा कल्पना गर्दछन्, त्यो कल्पना चौरासी हजार मूर्तिहरू अथवा रूपहरूमा विभाजित हुन्छ र त्यो प्रत्येक मूर्ति अथवा रूपले ज्योतिका चौरासी हजार किरण छरी राखेको हुन्छ, र ज्योतिको प्रत्येक किरणले संसारलाई ज्ञानोद्दीप्ति प्रदान गर्दछ, एवं बुद्धको नाम स्मरण गर्ने कुनै पनि व्यक्तिलाई कदापि अन्धकारमा रहन दिन्न । यसरी यी बुद्धले आफले प्रदान गर्ने मोक्षबाट लाभ उठाउन मानिसहरूलाई सहायता गर्दछन् ।

बुद्धको मूर्ति देखेर मानिसहरू बुद्धको मनको अनुभव गर्न सक्षम हुन्छन् । दुद्धको मनमा महती करुणा हुन्छ, जसमा सम्पूर्ण प्राणीहरू समाहित हुन्छन्, ती समेत पनि हुन्छन् जो उनको करुणाकाप्रति अनभिज्ञ हुन्छन् अथवा जो त्यसकाप्रति विस्मरणशील हुन्छन्, यसलाई धर्मका रूपमा विश्वास गर्नेहरू पर्ने नै भए ।

जसमा विश्वास हुन्छ, तिनलाई उनीसित एकात्मता स्थापित गर्न उनले अवसर प्रदान गर्दछन् । बुद्ध सर्वव्याप्त समानताका रूप भएको हुँदा

ज जसले बुद्धको ध्यान गर्दछ, बुद्धले उसको विचार गर्दछन् र उसको मनमा स्वतन्त्र रूपले प्रवेश गर्दछन् ।

यसको अर्थ हो, जब कुनै व्यक्तिले बुद्धको ध्यान गर्दछ, उसले पवित्र, सुखी तथा शान्त पूर्णताकासाथ बुद्धको मन प्राप्त गर्दछ । अर्को शब्दमा, उसको मन बुद्ध-मन हुन्छ ।

तसर्थ, प्रत्येक व्यक्तिले पवित्रता र विश्वासको निष्ठामा, आफ्नो मनलाई बुद्धको मनका रूपमा चित्रित गर्नु पर्दछ ।

५. बुद्धको रूपान्तर एवं पुनर्जन्मका विभिन्न रूप छन्, र प्रत्येक व्यक्तिको क्षमता अनुसार उनी कैयन् प्रकारले प्रकट हुन सक्छन् ।

उनले आफ्नो शरीरलाई वृहत् आकारमा प्रकट गरी सम्पूर्ण आकाशमा व्याप्त गर्दछन् र अनन्त तारा लोकमा विस्तारित हुन्छन् । उनी प्रकृतिको अति सूक्ष्म रूपमा पनि प्रकट हुन्छन्, कहिले आकारमा, कहिले शक्तिका रूपमा र कहिले मनको पक्षका रूपमा र कहिले व्यक्तित्वको रूपमा प्रकट हुन्छन् ।

तर जसले विश्वासकासाथ बुद्धको नाम उच्चारण गर्दछन् उनका समक्ष कुनै न कुनै प्रकारले उनी निश्चय नै प्रकट हुन्छन् । यस्ताका समक्ष प्रकट हुँदा, अमिताभ, दुई बोधिसत्वहरूलाई सदैव साथमा लिएर आउँछन् : अवलोकितेश्वर, करुणाको बोधिसत्व र महास्थान-प्राप्त, प्रज्ञाको बोधिसत्व ।

उनको प्रकटीकरण सबैका निमित्त संसारमा व्याप्त हुन्छ तर जसमा विश्वास छ ऊनलें मात्र उनलाई देख्दछन् ।

जुन जुन व्यक्ति उनको भौतिक रूप देख्न समर्थ हुन्छन्, उनमा स्थायी सन्तोष र सुखको प्राप्ति हुन्छ । यसका अतिरिक्त, जो वास्तविक बुद्ध देख्न सक्षम हुन्छन्, उनीहरू सुख र शान्तिको असंख्य सम्पत्ति प्राप्त गर्न समर्थ हुन्छन् ।

६. स्नेह र प्रज्ञाको असीमित शक्यता भएका अमिताभ बुद्धको मन नै करुणा भएको हुँदा, बुद्धले सबैको रक्षा गर्न सक्दछन् ।

त्यस्ता दुष्ट मनुष्यहरूलाई समेत जसले अविश्वसनीय अपराध गर्दछन्, जसको मन लोभ, दोष र मोहले भरिएको हुन्छ, जो असत्य बोल्दछन् वृथालाप गर्दछन्, अपवाद बोल्दछन् र कपट गर्दछन्, जो हत्या गर्दछन्, चोरी गर्दछन् र कामासक्त सरह कार्य गर्दछन् ; जो वर्षौं देखिको दुष्कर्म पछि आफ्नो जीवनको अन्त्यमा पुगेका हुन्छन्,उनीहरूलाई लामो युगहरूसम्म दण्ड सहनु पर्ने हुन्छ ।

कुनै असल मित्र उनीहरू समक्ष उनको अन्तिम घडीमा आई भन्दछ : "अब तिमी मृत्यु समक्ष पुगेका छौ ; तिम्रो दुष्टतापूर्ण जीवनलाई तिमी निष्कलंक पार्न सक्दैनौ, तर तिमी अपरिमित ज्योतिको बुद्धको नाम स्मरण गरेर उनको करुणाको शरण लिन सक्दछौ ।"

यदि यी दुष्ट व्यक्तिहरूले एकाग्रचित्तले अमिताभ बुद्धको पवित्र नाम उच्चारण गर्दछन् भने ती सम्पूर्ण पापहरू जसले उनलाई भ्रमपूर्ण मोह तर्फ

लगेका थिए, निर्मूल भएर जान्छन् ।

यदि पवित्र नामको उच्चारणले मात्र यति हुन सक्दछ भने, यी बुद्धको ध्यान गर्न सक्यो भने अरु कति अधिक हुन सक्ला ।

जो पवित्र नाम उच्चारण गर्न समर्थ हुन्छन्, ती आफ्नो जीवन कालको अन्त्यमा पुग्दा अमिताभ बुद्ध तथा करुणा एवं प्रज्ञाका बोधिसत्वहरूले उनलाई भेट्दछन् र उनीहरूले उनलाई बुद्धको भूमि तर्फ लग्दछन्, जहाँउनीहरूको जन्म श्वेत कमलको सम्पूर्ण स्वच्छताका साथ हुन जान्छ ।

तसर्थ, प्रत्येक व्यक्तिले आफ्नो मनमा 'अमिताभ बुद्धलाई नमस्कार' भन्ने शब्दहरू ग्रहणगरी राख्नु पर्दछ, अथवा असीमित ज्योति र अपरिमित जीवनका बुद्धमा एकाग्र निष्ठा राख्नु पर्दछ ।

२

अभिताभ बुद्धको पवित्र भूमि

१. असीमित जीवन तथा अपरिमित ज्योतिका बुद्ध अमर छन् र सदैव आफ्नो सत्यलाई देदीप्यमान पारी राखेका छन् । उनको पवित्र भूमिमा नत दुःख छ नत अधंकार छ, र त्यहाँ प्रत्येक क्षण आनन्दमा बित्दछ, तसर्थ यसलाई आनन्दको भूमि भनिन्छ ।

यस भूमिको मध्यमा स्वच्छ र टलकंदो पवित्र जलको एक सरोवर छ, जसका तरङ्गहरूले सुनौला बालुआ भएको किनारलाई कोमलताका साथ अंकमाल गर्दछन् । यत्र तत्र, रथका पाङग्रा जत्रा ठूला कैयन् तथा विभिन्न

छाया तथा रङका कमलका फूलहरू छन् ; नीलो छाया नीलो रङका निमित्त, पहेंलो पहेंलोका निमित्त, रातो रातोका निमित्त, सेतो सेतोका निमित्त, जसको सुगन्धले वायु भरिएको हुन्छ ।

सरोवरको किनारमा विभिन्न ठाउँहरूमा, सुन र चांदी, वैदूर्यमणि तथा स्फटिकले सिंगारिएका मण्डपहरू छन्, जसका संगमर्मरका भरचाङ सरोवरको पानी सम्म जान्छन् । अन्यत्र, पर्दा र बहुमूल्य रत्न–जडित जालले घेरिएका पानीमाथि बार्दलीहरू तथा सिंढीका लघु–स्तभ–पंक्ति छन् एवं तिनका बीचमा सुगंधित वृक्ष वाटिकाहरू र फूलले ढाकिएका लघु वृक्षहरू छन् ।

पृथ्वी सौन्दर्यले दीप्तिमान देखिन्छ र वायु दिव्य-स्वर-माधुर्यले स्पन्दित छ । दिन र रातमा छ पल्ट, आकाशबाट कमनीय रङको छाया भएका फूलका पत्रहरू झर्दछन् र मानिसहरूले फूलको भांडोमा तिनको संग्रह गरी अन्य सबै बुद्ध भूमिमा तिनलाई लग्दछन् र दश सहस्र बुद्धलाई चढाउँछन् ।

२. यस अद्भुत भूमिमा कैयन् पक्षीहरू छन् । त्यहाँ हिउँ जस्तै सेता सारस तथा हंसहरू छन्, र प्रफुल्ल रङका मयूरहरू, ग्रीष्म कटिबन्धमा हुने चराहरू र मधुरो गीत गाई रहेका साना चराहरूको बथान छन् । बुद्धको भूमिमा मीठो संगीत गाउने यी पक्षीहरू, बुद्धको उपदेश गाएर बुद्धको सद्गुणको प्रशंसा गर्दछन् ।

जसले पनि यी संगीतहरूको स्वर सुन्दछ, बुद्धको वाणी सुन्दछ तथा

जता ततै भएका बुद्धका शिष्यहरूको भ्रातृत्व संघमा विश्वास, आनन्द एवं शान्तिको नवीनताप्रति जाग्रत हुन्छ ।

यस पवित्र भूमिका वृक्षहरूमा मृदु वायु बग्दछ र मण्डपका सुगन्धित पर्दाहरू हल्लाउंछ एवं संगीतका मधुर स्वरावरोह उत्पन्न गर्दै यो वायु बग्दछ ।

मानिसहरूलें स्वर्गीय संगीतको यो मसीनो प्रतिध्वनि सुनेर बुद्ध,धर्म र संघलाई संझन्छन् । यी सबै उत्कृष्टताहरू पवित्र भूमिको साधारण वस्तु-हरूका प्रतिबिम्ब मात्र हुन् ।

३. यस भूमिमा बुद्धलाई अपरिमित ज्योति तथा असीमित जीवनका अभिताभ बुद्ध किन भनिन्छ ? किन भने उनको सत्यको तेज, बुद्ध भूमिको वाह्य एवं आन्तरिक सीमासम्म निर्वाध रूपलें देदीप्यमान हुन्छ, र किन भने उनको सचेष्ट करुणाको शक्ति असंख्य जीवन र अनन्त कल्पमा पनि घटदैन ।

किन भने उनको पवित्र भूममिा जन्म ग्रहण गर्नेहरू र पूर्णरूपलें ज्ञानी हुनेहरू असंख्य हुन्छन् र उनीहरू कहिल्यै पनि मोह र मृत्युको संसारमा फर्केर जान्नन् ।

किन भने उनको ज्योतिलें नवीन जीवन पाई जाग्रत हुनेहरू पनि असंख्य हुन्छन् ।

तसर्थ, सबै मनुष्यलें उनको नाममा आफ्नो चित्त एकाग्र गर्नु पर्दछ तथा, उनीहरूले जीवनको अन्तिम घडीमा पुग्दा अथवा एकदिन मात्रका निमित्त भए पनि अथवा सात दिनका निमित्त भए पनि पूर्ण विश्वासका साथ अमिताभ बुद्धको नाम स्मरण गर्नु पर्दछ, यदि उनीहरूलें एकाग्रचित्तलें यसो गरे भने,उनीहरूको पुनर्जन्म बुद्धको पवित्र भूमिमा हुन जान्छ र उनलाई अमिताभ बुद्ध र अन्य धेरै देवहरूलें यस अन्तिम क्षणमा प्रकट भई मार्ग देखाउने छन् ।

यदि कुनै पनि मनुष्य अमिताभ बुद्धको नाम सुन्दछ, उनको उपदेशमा आफ्नो विश्वास जाग्रत गर्दछ भने, ऊ विशिष्ट एवं पूर्ण ज्ञानको प्राप्ति गर्न समक्ष हुनेछ ।

साधनाको मार्ग

प्रथम अध्याय

विशुद्धि मार्ग

१

चित्त–शुद्धि

१. मानिसहरूमा सांसारिक राग हुन्छ, जसले उनीहरूलाई मोह र दुःखमा पुऱ्याउँछ । सांसारिक रागको बन्धनबाट मुक्त हुने उनीहरूका समक्ष पाँच उपायहरू छन् ।

पहिलो, उनीहरूमा वस्तुहरूप्रति सम्यक् विचार र हुनु पर्दछ र ती विचारहरूको आधार सावधानी पूर्वक अवलोकनमा हुनु पर्दछ, एवं हेतु र फलहरू तथा तिनको महत्वको सत्य बोध हुनु पर्दछ । किन भने दुःखको कारण मनको तृष्णा र आसक्तिमा जरै सम्म गाडिएको हुन्छ, र किन भने तृष्णा र आसक्तिको सम्बन्ध आत्माको भ्रमपूर्ण अवलोकन एवं हेतु र फलको नियमको महत्वको उपेक्षासित हुन्छ र यी मिथ्या अवलोकनहरू नै यीनका कारण हुने हुंदा यी सांसारिक रागको मनले परित्याग गर्न सक्यो भने मात्र शान्ति हुन सक्दछ ।

दोस्रो, मानिहरूले सावधानी तथा धैर्यपूर्वक चित्त नियन्त्रण गरेर यी मिथ्या अवलोकन तथा साँसारिक रागबाट मुक्ति पाउन सक्दछन् । राम्ररी चित्त नियन्त्रणद्वारा उनीहरूले आँखा,कान,नाक, जिब्रो र छालाको उत्तेजनाद्वारा र त्यसको फलस्वरुप उत्पन्न हुने मानसिक तृष्णाहरूको परित्याग गर्न सक्दछन् र यसो गर्नाले, सबै सांसारिक रागलाई जरैबाट निर्मूल पार्न सक्दछन् ।

तेस्रो, सबैं वस्तुहरूको उचित प्रयोग सम्बन्धी सही विचार उनीहरूमा हुनु पर्दछ। जस्तो, अन्न र वस्त्रलाई, उनीहरूले सुख र आनन्दसित सम्बन्धित ठान्नु हुन्न, तर शरीरको आवश्यकतासित मात्र सम्बन्धित ठान्नु पर्दछ। जाडो र गर्मीको अत्यधिकताबाट शरीरलाई बचाउन र शरीरको लाज ढाक्न वस्त्रको आवश्यकता हुन्छ; अन्न शरीरको आहारका निमित्त आवश्यक हुन्छ; त्यस बेला जब शरीर ज्ञान र बुद्धत्वका निमित्त अभ्यास गर्दै हुन्छ। यस्तो सम्यक् विचार राख्यो भने सांसारिक रागको उत्पत्ति हुन सक्दैन।

चौथो, मनुष्यले सहिष्णुता राख्न सिक्नु पर्दछ; उनीहरूले गर्मी र जाडोबाट तथा भोक र प्यासबाट उत्पन्न हुने असुविधाहरू सहन सिक्नु पर्दछ; कसैले निन्दा गर्दा अथवा तिरस्कार गर्दा उनीहरूले धैर्यसाथ सहन सिक्नु पर्दछ; सहिष्णुताको अभ्यासले नै उनीहरूको शरीरलाई जलाई राख्ने सांसारिक रागको अग्निलाई भष्म गर्दछ।

पाँचौं, मानिसहरूले सबै संकट देख्न र तिनको परित्याग गर्न सिक्नु पर्दछ। जसरी बुद्धिमान् पुरुषले आफूलाई जंगली घोडा तथा बहुला कुकुर भन्दा टाढा राख्दछ, त्यसै गरी कुनै पनि मनुष्यले दुष्टहरूको संगत गर्नु हुन्न, न त त्यस्तो ठाउंमा जानु हुन्छ जसको परित्याग बुद्धिमान् मनुष्यहरूले गर्दछन्। यदि कसैले सावधानी र विवेकको अभ्यास गर्दछन् भने उनको प्राण जलाई राख्ने सांसारिक रागको अग्नि त्यसै सेलाएर जान्छ।

२. संसारमा तृष्णाका पाँच समूह छन् । आँखाले रूपमा देखेर उत्पन्न हुने तृष्णा; कानले सुन्ने स्वरबाट उत्पन्न हुने; नाकले सुंघने सुगन्धबाट उत्पन्न हुने; जिब्रोलाई लाग्ने मीठो स्वादबाट उत्पन्न हुने, स्पर्श बोधबाट राम्रो लाग्ने वस्तुबाट उत्पन्न हुने । तृष्णाका यी पाँच द्वारबाट शरीरमा आनन्दप्रतिको प्रेमको उत्पतित हुन्छ ।

धेरै जसो मानिसहरू, आनन्दप्रति शरीरको प्रेमद्वारा प्रभावित हुने हुँदा, यस्तो आनन्द पछि पछि आउने दुर्विकारहरू देख्दैनन्, र उनीहरू, जंगलमा शिकारीको जालमा परेको हरिण जस्तै पैशाचिक जालमा पर्दछन् । वास्तवमा, इन्द्रियहरूबाट उत्पन्न हुने तृष्णाका यी पाँच द्वारहरू, सबभन्दा भयावह जालहरू हुन् । यसमा परे पछि, मनुष्यहरू सांसारिक रागले जेलिन्छन् र दुःख पाउँछन् । यी जालहरूबाट कसरी मुक्ति पाउने हो त्यो उनीहरूले थाहा पाउनु पर्दछ ।

३. सांसारिक रागको जालबाट मुक्ति पाउने कुनै एक मार्ग छैन । कल्पना गरौं तपाईले एक सर्प, एक ग्राहा, एक पक्षी एक कुकुर, एक फ्याउरो र एक बांदर, बेग्ला बेग्लै प्रकृति भएका छ जनावरहरू समात्नुभयो र तपांईले ती छवटैलाई एउटा बलियो डोरीले बांधेर छाडी दिनुभयो । यी छवटै जनावर प्रत्येकले आफ आफ्नो वासस्थानमा आफ आफ्नै प्रकारले जाने प्रयत्न गर्ने छ । सर्प घाँस भित्र पस्न खोज्नेछ, ग्राहाले पानी खोज्नेछ, पक्षी आकाशमा उड्ने इच्छा गर्ने छ, कुकुरले कुनै गाउँ खोज्ने छ, फ्याउरोले एकान्त शीतफलक खोज्नेछ, र बांदरले जंगलको रुख खोज्ने छ । प्रत्येकले आफ आफ्नो बाटो खोज्दा संघर्ष हुने छ, तर सबै एउटा डोरीले बाधिएको हुँदा, ती मध्ये सब भन्दा बलियोले अरुलाई तानेर लग्ने छ ।

उपरोक्त दृष्टान्तमा भएका जनावरहरू जस्तै मानिस उसका छ इन्द्रिय-हरू, आंखा, कान, नाक, जिब्रो, स्पर्श र मनको तृष्णाले विभिन्न दिशातर्फ आकर्षित हुन्छ र प्रबल तृष्णाद्वारा नियन्त्रित हुन्छ ।

यदि ती छवटै जनावरहरू एउटै खम्बामा बांधिएर रहे भने, उनीहरू नथाकुन्जेलसम्म स्वतन्त्र हुने प्रयत्न गर्दछन् र त्यस पछि तिनीहरू खम्बा मनी थाकेर सुत्नेछन् । यस्तै प्रकारले यदि मानिसहरूले मनलाई तालीम दिएर नियन्त्रणमा राख्न सके भने अन्य पांच इन्द्रियहरूद्वारा अरू कष्ट उत्पन्न हुन सक्दैन । यदि मन नियन्त्रणमा छ भने मानिसहरूले वर्तमान र भविष्य दुबैमा सुख पाउने छन् ।

४. मानिसहरूले आफ्नो अहंकारपूर्ण आनन्दलाई प्रेम गर्दछन्, जो कुरा प्रतिष्ठा र प्रशंसाप्रतिको प्रेम हो । तर प्रतिष्ठा र प्रशंसा भनेको त त्यो धूप जस्तो हो जसले स्वयंलाई खान्छ र छिटै बिलाएर जान्छ । यदि मानिसहरू सम्मान र जनप्रशंसाको पछि पछि मात्र लाग्दछन् एवं सत्य मार्ग छाड्दछन् भने, उनीहरू गंभीर संकटमा पर्दछन् र छिटै नै पश्चात्ताप गर्ने कारणमा पुग्नेछन् ।

जो मानिस सम्मान र सम्पत्ति एवं प्रेमालापको पछि पछि दगुर्दछ त्यो त्यस्तो बालक सरह हो जो चक्कुको धारबाट मह चाट्दछ । उसले महको मीठो स्वाद लिउन्जेल आफ्नो जिब्रोमा चोट पुऱ्याउन सक्दछ । ऊ एक त्यस्तो मानिस सरह हो जो एक तीव्र हावाका विपरीत बत्ती बालेर लग्न खोज्दछ; बत्तीको ज्वालाले त उसको हात र अनुहार निश्चय नै जलाउने छ ।

कसैले पनि आफनो त्यो मन जो लोभ, दोष र मोहले भरिएको छ,त्यस माथि विश्वास गर्नु हुन्न । कसैले पनि आफनो मनलाई अनियन्त्रित रूपले विचरण गर्न दिनु हुन्न, तर त्यसमाथि दृढ नियन्त्रण राख्नु पर्दछ ।

५. मनमाथि पूर्ण नियन्त्रण प्राप्त गर्नु भनेको एउटा अत्यन्त कठिन कुरा हो। जो ज्ञान प्राप्त गर्न चाहन्छन् उनले सर्वप्रथम सबै तृष्णाहरूको अग्नि परित्यागगर्नु पर्दछ। तृष्णा भनेको अग्निको तीव्र ज्वाला सरह हो, र ज्ञानको प्राप्ति गर्न खोज्ने व्यक्तिले तृष्णाको अग्निबाट त्यत्तिकै टाढा वस्नु पर्दछ जति टाढा, सुकेको परालको भारी बोक्ने मानिसले आगोको झिल्काबाट, आफूलाई राख्दछ ।

तर सुन्दर रूपप्रति आकर्षित हुने डरले मात्र कुनै मानिसले आँखा चिम्लनु मूर्खता हो । मन भनेको स्वामी हो र यदि मन नियन्त्रणमा रह्यो भने अन्य तुच्छ तृष्णाहरू बिलाएर जान्छन् ।

ज्ञानको मार्ग अनुसरण गन कुरा कठिन हो, तर यदि मानिसहरूमा त्यस्तो मार्ग प्राप्त गर्ने कुनै मन छैन भने त्यो बढी कठिन कुराहो । ज्ञानविना जन्म र मृत्युको यस संसारमा अनन्त दुःख हुन्छ ।

ज्ञानको मार्ग खोजी गर्नु भनेको एउटा भारी बोकेको गोरुले हिलोको खेतबाट हिंड्नु जस्तो हो । तर यदि गोरुले अरू कुराको वास्ता नराखी सकभर वढी प्रयत्न गर्दछ भने, उसले हिलोमाथि विजय प्राप्त गरी थकाई मार्न सक्दछ । यसैगरी यदि मन नियन्त्रणमा छ र सही मार्गमा राखिएको छ भने लोभको कुनै हिलोले उसको बाटो छेक्ने छैन र यसमा सबै दुःख विलाएर जाने छन् ।

६. जसले ज्ञानको मार्ग खोज्ने प्रयत्न गर्दछन् तिनले सव भन्दा पहिले सम्पूर्ण अहंकारलाई हटाउनु पर्दछ र विनम्रतापूर्वक बुद्धको उपदेशको ज्योति ग्रहण गर्न तत्पर रहनु पर्दछ । संसारको सबै सम्पत्ति, यसको सब सुन, चाँदी र सम्मानको तुलना प्रज्ञा र सद्‌गुणसित गर्न सकिन्न ।

राम्रो स्वास्थको उपभोग गर्न, आफ्नो परिवारमा सच्चा आनन्द ल्याउन, सबैलाई शान्ति प्रदान गर्न भन्दा अघि मनुष्यले आफ्नो मनलाई अनुशासन तथा नियन्त्रणमा ल्याउनु पर्दछ । यदि कुनै मनुष्यले आफ्नो मनमाथि नियन्त्रण ल्याउन सक्यो भने उसले ज्ञानको मार्ग प्राप्त गर्न सक्छ एवं संपूर्ण प्रज्ञा र सद्‌गुण स्वाभाविक रूपले उसकहाँ आई पुग्ने छन् ।

जसरी पृथ्वी मुनिबाट धनराशि झिक्न सकिन्छ, त्यसै गरी सत्कार्यबाट सद्‌गुण प्रकट हुन्छ, तथा पवित्र र शान्त मनबाट प्रज्ञा प्रकट हुन्छ । मानव जीवनको भुलभुलैयाबाट सुरक्षापूर्वक हिंडन, कुनै पनि व्यक्तिलाई प्रज्ञाको ज्योति र सद्‌गुणको मार्ग दर्शन चाहिन्छ ।

बुद्धको उपदेशले मानिसलाईलोभ, दोष र अज्ञानलाई निर्मूल पार्ने उपायको शिक्षा दिन्छ, यो एक असल उपदेश हो र जसले यसको पालन गर्द-छन् उनले असल जीवनमा हुने सुख प्राप्त गर्दछन् ।

७. मानसिहरू आफ आफ्नो विचारको दिशा तर्फ अग्रसर हुने प्रवृति राख्दछन् । यदि उनीहरूले लोभपूर्ण विचार राख्दछन् भने उनीहरू अरू बढी लोभी हुन्छन्; यदि उनीहरू क्रोधपूर्ण विचार राख्दछन्, भने उनीहरू बढी क्रोधी हुन्छन, यदि उनीहरू प्रतिहिंसाको विचार राख्दछन् भने उनीहरू त्यसै दिशा तर्फ बढ्दछन् ।

वाली नालीको समयमा किसानहरूले आफ्ना जनावरहरूलाई थुनेर राख्दछन्, अन्यथा उनीहरूले बारहरू भत्काएर वाली भएका खेपतमा पस्न सक्दछन् र यसले गर्दा अभियोगका अथवा मारिने कारण हुन सक्दछन्; त्यसैले मानिसहरूले आफ्नो मनलाई कपटता तथा दुर्भाग्यबाट निरन्तर रक्षा गर्नु पर्दछ । उनीहरूले ती विचारहरू निर्मूल गर्नै पर्दछ जसले लोभ, दोष र अज्ञानलाई उत्तेजित गर्दछन्, तर उदारता र दयालाई अनुप्राणित गर्ने विचारहरूलाई प्रोत्साहित गर्नु पर्दछ ।

जब वसन्तको आगमन हुन्छ र चरनहरू हरिया घाँसले भरिन्छन्, किसान हरूले आफ्ना जनावरहरूलाई चरनमा पठाउँछन्, तर त्यस वेला पनि उनी-हरूले आफ्ना जनावरहरूमाथि निरन्तर दृष्टि राखी छाड्दछन् । यो कुरा मनमाथि पनि उत्तिकै प्रयुक्त हुन्छ; अत्यन्त असल परिस्थितिहरूमा पनि मनमाथि दृष्टि पुन्याई राख्नु पर्दछ ।

८. एक समय भगवान् बुद्ध कौशाम्बी नगरमा बस्नु भएको थियो । थस नगरमा एक यस्तो व्यक्ति थियो जसमा उहाँप्रति कुभावना थियो र जसले उहाँप्रति असत्य कथाहरू फिंजाउन दुष्ट व्यक्तिहरूलाई घूस दिएको थियो । यी परिस्थितिहरूमा उहाँका शिष्यहरूलाई भिक्षाटनमा पर्याप्त भिक्षा मागेर ल्याउन कठिन हुन्थ्यो र त्यो नगरमा जतात्तै पर्याप्त निन्दा फिंजाइएको थियो ।

आनन्दले शाक्यमुनिलाई भनेः "हामीले यस्तो नगरमा बरु नबस्नु बेस हो ; यस भन्दा अन्य र असल नगरहरू छन् जहाँ जान सकिन्छ; हामी-ले बरु यो नगर छाडी दिऊँ ।"

भगवान् बुद्धले उत्तर दिनु भयोः "भनौं, अर्को नगर पनि यस्तै भयो भने, हामीले अनि के गर्ने ?"

"अनि हामी अर्को नगरमा जाने छौं ।"

भगवान् बुद्धले उत्तर दिनु भयो: "होइन, आनन्द, यसरी यसको कुनै अन्त्य हुने छैन । हामी बरु यहीं बसी धैर्यपूर्वक अपशद्वहरू सही राखौं जबसम्म यो अपशद्वहरू बन्द हुँदैनन्, र अनि हामी अर्को ठाउँमा जानु पर्दछ ।

"यस संसारमा लाभ र हानि हुन्छ, यश र अपयश हुन्छ, निन्दा र प्रशंसा हुन्छ, सुख र दुःख हुन्छ; बुद्धमाथि यी वाह्य वस्तुहरूको नियन्त्रण हुँदैन; तिनीहरू जति शीघ्र आउँछन् त्यति शीघ्रनै तिनको अन्त्य हुन्छ ।"

२

सदाचारको असल मार्ग

१. जसले ज्ञानको मार्ग खोज्दछन् उनीहरूले आफ्नो शरीर, वाणी र मनलाई निरन्तर पवित्र राख्ने आवश्यकतालाई मनमा ली राख्नु पर्दछ । शरीरलाई पवित्र राख्न कसैले पनि जीवित प्राणीको हत्या गर्नु हुन्न, कसैले पनि चोरी गर्नु हुन्न, अथवा परस्त्री गमन गर्नु हुन्न । वाणीलाई पवित्र राख्न कसैले पनि असत्य बोल्न हुन्न, अथवा अपवाद गर्नु हुन्न, अथवा ठग्नु हुन्न, अथवा व्यर्थको प्रलाप गर्नु हुन्न । मनलाई पवित्र राख्न कसैले लोभ, दोष र असत्य निर्णयलाई अवश्य वहिष्कार गर्नु पर्दछ ।

यदि मन अपवित्र भयो भने, निश्चय नै, कसैले गर्ने कार्यहरू पनि अपवित्र हुने छन्; यदि कार्यहरू अपवित्र भए भने दुःख उत्पन्न हुन जान्छ । तसर्थ मन र शरीरलाई पवित्र राख्नु अत्यन्त महत्वपूर्ण कुरा हो ।

२. कुनै समय एक धनी विधुवा थिइन्, जसको दया, विनय र सौजन्यको प्रसिद्धि फिंजिएको थियो । उनकी एक परिचारिका थिइन् जो बुद्धिमती एवं परिश्रमी थिइन् ।

एक दिन परिचारिकाले विचार गरिनन्: "मेरी मालिकनीको ख्याति निकै फैलिएको छ, तर उनी प्रकृतिले नै असल हुन् अथवा वरिपरिको वातावरणले असल हुन् मलाई थाहा छैन । म जाँच लिई यो पत्ता लगाउने छु । "

अर्को बिहान परिचारिका मालिकनी समक्ष आइनन् र झंडै दिउँसो भएपछि मात्र आइन् । मालिकनी रिसाइन् र अधैर्यपूर्वक उनलाई झपारिन् । परिचारिकाले उत्तर दिइनः

"यदि म एक वा दुई दिनका निमित्त अल्छी भएँ भने, तपाईमा यसरी अधैर्य आउनु हुन्न ।" त्यो सुनेर मालिकनी रिसाइन् ।

अर्को दिन परिचारिका फेरी अबेर उठिन् । यसले गर्दा मालिकनी अत्यन्तै रिसाइन् र परिचारिकालाई एक लौरोले पीटिन् । यस घटनाको व्यापक चर्चा भयो र ती धनी विधवाको राम्रो प्रतिष्ठा बिलाएर गयो ।

३. धेरै मानिसहरू यिनै नारी सरह हुन्छन् । जब उनको परिस्थिति सन्तोष जनक देखिन्छ, उनीहरू दयालु, विनम्र र शान्त देखिन्छन् र जब परिस्थितिमा परिवर्तन आएर त्यो असन्तोष जनक हुन्छ, तब पनि उनीहरू पहिलेको जस्तै हुन्छन् भन्ने कुरा प्रश्नवाचक हुन पुग्दछ ।

कुनै पनि मनुष्यले त्यस बेलामात्र पवित्र र शान्त मन राख्न सकेको भन्न सकिन्छ जब उसको कार्य त्यस बेला पनि असल रहन्छ जुन बेला उसका कानमा अप्रिय शद्बहरू पर्दछन्, जब अरुहरूले उसप्रति शत्रुता देखाउँछन् अथवा जब उसले पर्याप्त अन्न वस्त्र र आश्रय पाउन्न, त्यस्तो

व्यक्तिलाई मात्र हामीले असल भन्न सक्दछौं ।

तसर्थ, जसले आफ्नो वरिपरिको परिस्थिति सन्तोषपूर्ण हुँदा मात्र शान्त मन राख्न सक्दछन् र सही कार्य गर्न सक्दछन् त्यस्ताहरू वास्तवमा असल व्यक्ति होइनन् । जसले बुद्धको उपदेश ग्रहण गरेर त्यस उपदेश अनुकूल आफ्नो शरीर र मनको साधना गरी सकेका हुन्छन् ती व्यक्तिहरूलाई मात्र वास्तवमा असल, विनम्र र शान्त भन्न सकिन्छ ।

४. जहाँसम्म प्रयोग गरिने वचनहरूको उपयुक्तताको प्रश्न छ,अपर्यायवाची वचनहरूका पाँच समूहरू हुन्छन्ः शब्दहरू जो आफ्नो अवसरका निमित्त उपयुक्त हुन्छन् तथा ती वचनहरू जो आफ्नो अवसरका निमित्त अनुपयुक्त हुन्छन्; वचनहरू जो तथ्यका अनुकूल हुन्छन् तथा जो तथ्यका अनुकल हुन्नन्; वचनहरू जो प्रिय हुन्छन् र जो अशिष्ट हुन्छन्; वचनहरू जो हितकारी हुन्छन् तथा जो अहितकारी हुन्छन्; वचनहरू जो सहानुभूति ल्याउने हुन्छन्, र जो घृणोत्पादक हुन्छन् ।

हामीले जुनसुकै वचन प्रयोग गर्दा पनि सावधानी पूर्वक तिनको छनोट गर्नु पर्दछ, किन भने मानिसहरूले तिनलाई सुन्दछन् तथा असल वा खराब प्रति ती द्वारा प्रभावित हुन्छन् । यदि हाम्रो मन सहानुभूति तथा करुणाले भरिएको छ भने, हामीले अपशब्द सुन्दा पनि त्यसप्रति तिनमा प्रतिकार उत्पन्न हुँदैन । हामीले उच्छृंखल शब्दहरू उच्चारण गर्नु हुन्न किन भने तिनले द्वेष र घृणाको भावना मात्र वृद्धि गर्दछन् । हामी जो वचन प्रयोग गर्दछौं ती सदैव सहानुभूति तथा प्रज्ञाका वचनहरू हुनु पर्दछ ।

कल्पना गरौं त्यस्तो व्यक्तिको जसले जमीनबाट सबै धूलो बढार्न चाहन्छ। उसले एउटा कोदालो तथा एउटा धूलो बढार्ने कुचोको प्रयोग गर्दछ र सतत प्रयास गर्दा पनि धूलो चारै तिर फिंजिन्छ र यो एक असंभव कार्य हुन जान्छ। त्यस मूर्ख मनुष्य जस्तै हामीले सबै शद्वहरू नामेट पार्न सक्दैनौं। हामीले आफ्नो मनलाई सधाउनै पर्दछ र त्यसमा सहानुभूति भर्न पर्दछ जसले गर्दा अरुहरूले बोलेका वचनहरूद्वारा हाम्रो मन विचलित हुन पुग्ने छैन ।

कसै कसैले नीलो आकाशमा रंगीन चित्र बनाउने प्रयत्न गरोस् तर त्यो कुरा असंभव हो। त्यस्तै प्रकारले सुकेको घाँसको राँकोको तापले एक ठूलो नदी सुकाउन असंभव हुन्छ, अथवा राम्रो गरी तयारी छाला बनाइए-को दुई छालाका टुक्रा परस्परमा घसेर करकर आवाज पनि पार्न सकिन्न। यी उदाहरणहरू जस्तै,मानिसहरूले आफ्नो मनलाई सधाउनु पर्दछ जसको फलस्वरूप उनीहरू आफूले सुनेका जस्तो सुकै वचनहरूद्वारा पनि विचलित हुन सक्ने छैनन् ।

उनीहरूले आफ्नो मनलाई सधाउनु पर्दछ र तिनलाई पृथ्वी जस्तै विस्तृत, आकाश जस्तै असीमित, एक ठूलो नदी जस्तै गहिरो एवं राम्ररी तयार परिएको छाला जस्तै नरम राख्नु पर्दछ ।

तिम्रो शत्रुले तिमीलाई समात्छ र तिमीलाई शारीरिक यातना दिन्छ भने पनि यदि तिमीमा रोषको भावना हुन्छ भने, तिमीले बुद्धको उपदेश पालन गरेको भनी मान्नुहुन्न। प्रत्येक परिस्थितिमा तिमीले यो विचार गर्न सिक्नु पर्दछः "मेरो मन विचलित हुन सक्दैन। घृणार द्वेषका वचनहरू मेरो मुखबाट निस्कने छैनन्। मैले, सबै चेतन प्राणीप्रति करुणाले भरिएको मनबाट उत्पन्न हुने सहानुभूति तथा दयाको विचारले मेरा शत्रुहरूलाई परिवेष्ठित गरिदिने छु ।"

५. एउटा मानिसका सम्बन्धमा एक कथा छ जसले कमिलाव्दारा बनाइएको एक पहाड भेट्टायो जो दिउसो बल्दथ्यो र जसबाट राती धुवां उठ्दथ्यो । ऊ एउटा बुद्धिमान् मानिसकहाँ गयो र उसले यस विषयमा के गर्ने भनी सल्लाह माग्यो । बुद्धिमान् मनुष्यले त्यसलाई एक तरवारव्दारा खन्न भनी सल्लाह दिए । त्यस मानिसले भने बमोजिम गऱ्यो । सब भन्दा पहिले उसले ढोकाको छेकवार भेट्यो, त्यस पछि पानीका केही फोकाहरू, अनि लामू बीड भएको भइं कोर्ने एक काँटा, एउटा बाकस,एउटा कछुवा, एउटा कसाईको चक्कू, एक टुक्रा मासु र अन्त्यमा एउटा उडने नाग, जो त्यहाँबाट बाहिर निस्क्यो । त्यस मानिसले यी पाइएका कुराहरूका सम्बन्धमा बुद्धिमान् पुरूषलाई वतायो । बुद्धिमान् पुरूषले यसको महत्वको व्याख्या गरे तथा भने, "उडने नाग बाहेक सवै वस्तुहरू फ्यांकी देऊ; त्यो नागलाई नचलाई एक्लै छाडी देउ ।

यो एक यस्तो कथा हो जसमा "कमिलाको पहाड" मानव शरीरको प्रतीक हो । "दिउसो बल्ने " भनेको विगत रातमा विचार गरेको कुरा दिनमा मानिसहरूले कार्य रूपमा परिणत गरेको तथ्य हो ।" "रात्रीमा धुवाँ उठने" भनेको मानिसहरूले दिनमा गरेको कार्यलाई रात्रीमा आनन्द अथवा खेदका साथ स्मरण गर्दछन् भन्ने कुराको संकेत हो ।

त्यसै कथामा "एक मनुष्य" भनेको ज्ञानको खोजी गर्ने मनुष्य हो । "एक बुद्धिमान् पुरूष" भनेको बुद्ध हो । "एक तरवार" भनेको विशुद्ध प्रज्ञा हो । "त्यसलाई खन्नु" भनेको ज्ञान प्राप्तिका निमित्त उसले गर्नै पर्ने प्रयत्न हो ।

त्यसै कथामा "ढोकाको छेकवार" भनेको अज्ञान हो; "पानीको फोका" भनेको दुःख र द्वेषका फोका हुन्, "लामो वीड भएको भइं कोर्ने काँटा" भनेको संशय र चिन्ताकुलता हो, "वाकस" भनेको लोभ, दोष, आलस्य, अधीरता, पश्चात्ताप र भ्रम हो; "कछुवा" भनेको शरीर र मन हो, "कसाइको चक्कू"को अर्थ पाँच इन्द्रियहरूको तृष्णाको समन्वयहो र "मासुको टुक्रा" भनेको त्यस्तो तृष्णा हो जसले मानिसलाई सन्तुष्टि वेसरी समाती राख्ने पट्टी प्रवृत्त गर्दछ। यी सबै वस्तुहरू मनुष्यका निमित्त हानिकारक हुन्, त्यसैले "तिनीँहरूसबैको परित्याग गर्न," बुद्धले भनेका हुन्।

कथामा अरु अधि, "उड्ने नाग" भनेको त्यस्तो मन हो जसले सबै सांसारिक रागलाई अन्त्य गरी सकेको हुन्छ। यदि कुनै मनुष्यले आफ्नो वरिपरिका वस्तुलाई प्रज्ञाको तरवारले खन्दछ भने ऊ अन्ततोगत्वा यसै उड्ने नाग निर आई पुग्दछ। "यो उड्ने नागलाई एक्लै रहन देऊ, यसलाई नखलबल्याऊ" को अर्थ सांसारिक तृष्णा भन्दा स्वतन्त्र मनको खोजी गर्न त्यसलाई खन्नु भनेको हो।

६. बुद्धका एक शिष्य, पिण्डोलले ज्ञान प्राप्त गरेपछि उनको जन्म स्थल कौशाम्बीका निवासीहरूले उनी प्रति देखाएको दयाप्रति कृतज्ञता प्रकट गर्न त्यहां फर्के। यसो गरेर उनले बुद्धांकुर रोप्न खेत तैयार पारे।

कौशाम्बी नगरको छेउमा गंगा नदीको तीरमा एउटा सानो बगैंचा छ जसमा नरिवलका पंक्तिका पंक्ति रुखहरूले छहारी दिएका छन् र जहाँ शीतल वायु निरन्तर बग्दछ।

एक दिन गर्मीको याममा, एक वृक्षको छहारीमा जब पिण्डोल ध्यान गरेर बसी राखेका थिए, त्यसै बेला राजा उदेन आफ्नी रानीहरूका साथ आमोद प्रमोदका निमित्त त्यस बगैंचामा आए एवं संगीत तथा आनन्द पश्चात्, उनी एक अर्को रुखको छहरीमा एकछिन निदाए ।

जब उनीहरूका स्वामी सुती राखेका थिए, उनकी रानीहरू आफ्ना परिचारिकाहरूका साथ बगैंचामा घुम्न थाले र घुम्दा घुम्दै अकस्मात् ध्यान मग्न भई बसेका पिंडोललाई देख्न पुगे । उनीहरूले उनलाई एक ऋषिका रूपमा चिने र उनीबाट उपदेशको याचना गरे र उनले उनको उपदेश सुने ।

जब राजा आफ्नो अल्प निद्राबाट बिउँझे, उनी आफ्ना रानीहरूको खोजीमा हिंडे र उनले उनीहरूलाई त्यस व्यक्तिको चारै तिर बसेर उनको उपदेश सुनी रहेको पाए । राजाको मन ईर्ष्यालु र लंपट भएको हुँदा, राजा रिसाए तथा पिंडोलप्रति अपशव्दहरू बोल्दै भने; "तिमी ऋषि जस्तो मानिस, महिलाहरूको बीचमा बसी उनीहरूसित व्यर्थका कुरा गरी रहनु अक्षम्य हो ।" पिण्डोलले विस्तारै आंखा बन्द गरे र चुपचाप बसी राखे ।

रिसाएको राजाले आफ्नो तरवार झिके तथा पिंडोललाई हिर्काउंला जस्तै गरे, तर ऋषि शान्त नै रहे र चट्टान जस्तै दृढ बसी रहे । यसले गर्दा राजा अरू बढी रिसाए र उनले एउटा कमिलाको पहाड फोरे तथा कमिलै कमिला भरिएको माटो उनी तिर फाले, तैपनि पिंण्डोल ध्यान मग्न बसी राखे एवं यो अनारद तथा यातना चुपचाप सही राखे ।

त्यसपछि राजा आफ्नो यो रोषले भरिएको व्यवहारप्रति लज्जित भए तथा पिण्डोलसित क्षमा याचना गरे । यस घटनाको फलस्वरूप, बुद्धको उपदेश राजाको महलमा प्रवेश गर्‍यो र त्यहांबाट संपूर्ण देशमा फैलियो ।

७. त्यसको केही दिन पछि राजा उदेन पिंडोलको जंगलस्थित एकान्त-वासमा गए र उनलाई प्रश्न गर्दै भने, "श्रद्धेय गुरु, मलाई यो कुरा वताउनोस् कसरी बुद्धका शिष्यहरू धेरै जसो युवक भए तापनि, आफ्नो शरीर र मनलाई पवित्र राख्न सक्दछन् र कामासक्तिव्दारा प्रलोभित हुँदैनन् ?"

पिंडोलले उत्तर दिए, "हे महाप्रतापी राजा, बुद्धले सबै नारीहरूको सम्मान गर्न हामीलाई उपदेश दिनु भएको छ । सबै बुढी नारीहरूलाई आफ्नो आमाको रूपमा हेर्न, आफ्नो उमेरकाहरूलाई बहिनीका रूपमा हेर्न तथा आफू भन्दा सानालाई आफ्ना पुत्रीका रुपमा हेर्न उहाँले हामीलाई उपदेश दिनु भएको छ। यसै उपदेशको फलस्वरूप बुद्धका शिष्यहरू युवक भएतापनि आफ्नो शरीर र मनलाई पवित्र राख्नसक्दछन् एवं कामासक्तिव्दारा प्रलोभित हुँदैनन् ।"

"तर, श्रद्धेय गुरु, कुनै व्यक्तिले, आमाको उमेर जस्तै बहिनीको उमेर जस्तै अथवा पुत्रीको उमेर जस्तै अन्य नारीप्रति पनि अपवित्र विचार राख्न सक्दछ । बुद्धका शिष्यहरूले आफ्नो तृष्णामाथि कसरी नियन्त्रण राक्दछन् ?"

"हे महाप्रतापी राजा, भगवान् बुद्धले हाम्रो शरीरलाई सबै प्रकारले अपवित्रता जस्तो रगत, पीप, पसीना र तेल पदार्थ, मलका रूपमा परित्याग गर्ने धारणाका रूपमा लिने उपदेश दिनु भएको छ, र यसरी विचार गरेर

हामी युवा भएपातापनि, आफ्नो मनलाई पवित्र राख्न सक्दछौं ।"

"श्रद्धेय गुरु" राजाले पुनः प्रश्न गरे। "तपाईंका निमित्त यस्तो गर्नु सरल कुरा हुन्छ, कारण तपाईले आफ्नो शरीर र मनलाई साधनामा ल्याई सक्नु भएको छ र आफ्नो प्रज्ञालाई परिष्कृत गरी सक्नु भएको छ, तर यो कुरा तिनीहरूका निमित्त कठिन हुन्छ जसले यस्तो साधना अझै गरी सकेका छैनन् । उनीहरूले अपवित्रता संझने प्रयत्न गर्न सक्दछन् तर उनीहरूका आँखा सुन्दर रूपहरूका पछि पछि लाग्न सक्दछन् । उनीहरूले कुरूपता देख्ने प्रयत्न गर्न सक्दछन् तर उनीहरू सुन्दर रूपहरूबाट प्रलोभित हुन सक्दछन् । बुद्धका युवा शिष्यहरूले आफ्ना कार्यहरू पवित्र राख्न सक्ने अन्य कारणहरु हुनै पर्दछ ।"

पिंडोलले उत्तर दिए: "हे महाप्रतापी राजा, तथागतले पाँच इन्द्रियद्वारहरूको रक्षा गर्न उपदेश दिनु भएको छ । जब हामीले आफ्नो आँखाले सुन्दर रूप तथा रङ देख्दछौं, जब हामीले आफ्नो कानले सुमधुर वाणी सुन्दछौं, जब हामीले आफ्नो नाकबाट सुगन्धको बास्ना लिन्छौं, जब हामी हाम्रो जिब्रोले मीठो कुराको स्वाद लिन्छौं अथवा जब हामी हाम्रो हातले नरम वस्तु स्पर्श गर्दछौं, हामी यी आकर्षक वस्तुहरूप्रति आसक्त हुनु हुँदैन, न त हामीले अनाकर्षक वस्तुहरूलाई देख्दा घीन मान्नु हुन्छ । हामीले यी पाँच इन्द्रियका द्वारहरूको सजग भई रक्षा गर्नु पर्दछ भनी हामीलाई शिक्षा दिइएको हुन्छ । भगवान् बुद्धको यसै उपदेशका फलस्वरूपनै युवा शिष्यहरू पनि आफ्नो मन र शरीर पवित्र राख्न सक्षम हुन्छन् ।

"भगवान् बुद्धको उपदेश वास्तवमा अद्भुत छ । मेरो स्वयंको अनुभवबाट मलाई थाहा छ, यदि म सजग नरहेको अवस्थामा कुनै सुन्दर अथवा

प्रिय वस्तुका समक्ष पुगें भने, इन्द्रियमाथि परेको त्यस वस्तुको प्रभावबाट म विचलित हुन्छु । इन्द्रियहरूको द्वारमा सदैव सजग रही हाम्रो कर्तव्य पवित्र राख्नु अत्यन्त महत्वपूर्ण कुरा हो ।"

८. जहिले पनि मनुष्यले आफ्नो मनको विचारलाई क्रियामा परिणत गर्दछ, त्यसको प्रतिक्रिया सदैव त्यस पछि पछि आउँछ । यदि कसैले तिमो-प्रति अपशद्ब बोल्यो भने, त्यस्तै प्रकारले उत्तर दिने अथवा बदला लिने भावना जाग्दछ । प्रत्येक व्यक्तिले यस्तो स्वाभाविक प्रतिक्रियाप्रति सजग रहनु पर्दछ । यो त हावाका विपरीत थुक्नु सरह हो, यसले आफूलाई बाहेक अरु कसैको हानि गर्दैन । यो कुरा हावाका विपरीत धूलो बढार्नु जस्तै हो, यसले धूलो त बढारिंदैन,केवल आफूलाई दूषित पार्दछ । प्रतिकारको भावना तिर जो लाग्दछ त्यसलाई पाइला पाइलामा दुर्भाग्यले लखेट्दछ ।

९. लोभको परित्याग गरी दानशील मनको पोषण गर्नु अत्यन्त असल कार्य हो । आर्य मार्गको सम्मानप्रति आफ्नो मन लगाई राख्नु झन् असल कुरा हो ।

कसैले पनि स्वार्थी मनको परित्याग गरी त्यसको सट्टा त्यस्तो मन राख्नु पर्दछ जो अरुको सहायता गर्न उत्सुक रहोस् । अरुलाई सुखी पार्ने कार्यले, झन् अरुलाई सुखी पार्न उसलाई प्रेरित गर्दछ, र यसरी यस्तो कार्यले सुखको उत्पत्ति हुन्छ ।

एउटै बत्तीबाट हजारौं बत्ती बाल्न सकिन्छ, यसले गर्दा त्यो बत्तीको जीवन छोट्टिन जाने होइन । अरुसित सहभागी भएको सुख कहिल्यै घट्दैन ।

जसले ज्ञानको खोजी गर्दछन् तिनीहरू आफ्नो प्रथम पाइलामैं साव-धान हुनु पर्दछ । कसैको जत्तिकै उच्च आकांक्षा भए पनि त्यसको प्राप्ति एक एक पाइला सारेर गर्नु पर्दछ । ज्ञानको मार्गका पाइलाहरू हाम्रो दैनिक जीवनमा नै अवश्य सारिनु पर्दछ–आज, भोली, पर्सी र यसै क्रममा ।

१०. ज्ञानको मार्गमा हाम्रा समक्ष यस संसारमा जित्नु पर्ने सर्वप्रथम बीस कठिनाईहरू हुन्छन्, र यी हुन्ः १. एक निर्धन व्यक्तिलाई उदार हुनु ज्यादै कठिन कुरा हो । २. घमण्डी व्यक्तिका निमित्त ज्ञानको मार्ग सिक्नु कठिन कुरा हो । ३. आत्म-बलिदान गरेर ज्ञान प्राप्त गर्न खोज्नु कठिन कुरा हो । ४. संसारमा बुद्ध उपस्थित भएको बेला जन्मन सक्नु दुर्लभ कुरा हो । ५. बुद्धको उपदेश सुन्नु दुर्लभ कुराहो । ६. शरीरको अन्तः प्रवृत्तिको विरोधमा मन विशुद्ध राख्नु कठिन कुरा हो । ७. सुन्दर तथा आकर्षक वस्तुको तृष्णा नहुनु कठिन कुरा हो । ८. आफ्नो तृष्णाको परितुष्टि गर्नका निमित्त कुनै बलियो मानिसले आफ्नो बलको प्रयोग नगर्नु कठिन कुरा हो । ९. कुनै मनुष्यले आफ्नो अनादर हुँदा पनि नरिसाउनु कठिन कुरा हो । १०. अकस्मात्को परि-स्थितिले आकर्षित भए पछि निष्पाप रहनु कठिन कुरा हो ।

११. व्यापक र विस्तृत अध्ययनमा आफूलाई लगाई राख्नु कठिन कुरा हो । १२. सिकारुलाई तिरस्कार नगर्नु कठिन कुरा हो । १३. आफूलाई विनम्र राखी छाड्नु कठिन कुरा हो ।१४.असल मित्र-हरू-पाउनु कठिन कुरा हो । १५. ज्ञान प्राप्ति तर्फ लग्ने आचारप्रति धैर्य हुनु कठिन कुरा हो । १६. वाह्य अवस्था र परिस्थितिबाट विचलित नहुनु कठिन कुरा हो । १७. अरुको क्षमता बुझेर उपदेश दिन सक्नु कठिन कुरा हो । १८.शान्तिपूर्ण मन राख्न सक्नु कठीन कुरा हो । १९.

न्याय र अन्यायका विषयमा तर्फ विर्तक नगर्नु कठिन कुरा हो । २०. असल पद्धति खोज्नु र सिक्नु कठिन कुरा हो ।

११. असल मानिस तथा कमसल मानिस आफ आफना लक्षणले परस्परमा भिन्न हुन्छन् । कमसल मानिसले पाप कार्यलाई पाप भनी मान्दैनन् यदि उनको ध्यान कार्यको पाप पक्ष तिर आर्काषित गरियो भने पनि उनीहरूले त्यो गर्न छाडदैनन् र उनीहरूको पाप कार्यका सम्बन्धमा कसैले उनीहरूलाई बताओस् भन्ने कुरा पनि उनीहरू चाहँदैनन्। बुद्धिमान् मनुष्यहरू न्याय र अन्यायप्रति सचेत रहन्छन्; उनीहरू कुनै पनि कार्य अन्याय हो भन्ने थाहा पाउना साथ त्यो गर्न छाडदछन् ; उनीहरू तिनका प्रति कृतज्ञ हुन्छन् जसले उनीहरूको ध्यान यस्ता अन्याय कार्यप्रति आर्काषित गर्दछन् ।

यसरी, असल अनुष्यहरू तथा कमसल मनुष्यहरूमा मौलिक अन्तर हुन्छ । कमसल मानिसहरू उनीहरूप्रति देखाइएको दयाको कहिल्यै पनि प्रशंसा गर्दैनन्, तर बुद्धिमान् मनुष्यहरू प्रशंसा गर्दछन् र कृतज्ञ हुन्छन् । बुद्धिमान् मनुष्यहरू आपनो उपकार गर्नेहरूलाई मात्र होइन अन्य सबै व्यक्तिलाई पनि केही दयापूर्ण कार्यद्वारा आफ्नो प्रशंसा तथा कृतज्ञताको प्रत्युत्तर प्रकट गर्दछन् ।

३

प्राचीन उपाख्यानहरूमा भएका उपदेश

१. कुनै समय एउटा देश थियो जसमा बूढा बूढीहरूलाई टाढा दुर्गम पर्वतमा लगेर परित्याग गरिदिने विचित्रको चलन थियो ।

त्यस राज्यको एउटा मन्त्रीलाई आपनो बूढो बाबुप्रति त्यस चलनको

पालन गर्न अत्यन्त कठिन भयो, तसर्थ उनले भूमि मनि एउटा गोप्य गुफा बानएर बाबुलाई त्यहीं लुकाई हेर विचार गर्न थाले ।

एक दिन त्यस देशको राजा समक्ष एक देवता प्रकट भए र उनलाई एक रहस्यमय समस्या दिएर भने, यदि उनले यस प्रश्नको सन्तोष जनक उत्तर दिन सकेनन् भने उनको देश विनष्ट हुनेछ । समस्या यस प्रकार थियो; "यहाँ दुई सापहरू छन्, यिनमा कुन भाले कुन पोथी भनी छुट्याएर मलाई बताऊ ।"

राजा अथवा दर्बारमा भएका अन्य कुनै व्यक्ति पनि त्यस समस्याको समाधान गर्न समर्थ भएनन्; त्यसैले राजाले उनको राज्यमा भएको कसैले पनि यसको समाधान गरेमा एक ठूलो पुरस्कार दिने घोषणा गरे ।

मन्त्रीले आफ्नो बाबु लुकी राखेको ठाउँमा गएर यस समस्याको समाधान सोधे । बूढाले उत्तर दिए, "यसको सजिलो समाधान छ । ती दुबै सापलाई एक नरम गलैंचामाथि राख; त्यसमध्ये जो हिंड्दछ त्यो भाले हो र जो चुपचाप बसी राख्दछ, त्यो पोथी हो ।" मन्त्रीले यो उत्तर राजा कहाँ पुऱ्याए र समस्याको सफलतापूर्वक समाधान भयो ।

त्यसपछि देवताले अन्य कठिन प्रश्नहरू गरे जसको उत्तर राजा तथा उनका अनुचरहरूले दिन सकेनन् तर मन्त्रीले भने आफ्नो बूढो पितासित सल्लाह गरी ती प्रश्नहरूको सदैव समाधान गर्न सक्दथे ।

त्यस्ता केही प्रश्न र तिनका उत्तर यस प्रकार छन् । "त्यो व्यक्ति को हो जसलाई सुतेको अवस्थामा जाग्रत व्यक्ति भनिन्छ, तथा जाग्रत अवस्थामा सुतेको व्यक्ति भनिन्छ । "यसको उत्तर हो:– यो त्यो व्यक्ति हो जो ज्ञानको साधना गरी राखेको छ । त्यो व्यक्ति उनीहरूको तुलनामा जाग्रत छ जो ज्ञान प्राप्ति गर्न इच्छुक हुँदैनन्; त्यो व्यक्ति उनीहरूको तुलनामा सुतेको हुन्छ जसले ज्ञान प्राप्त गरी सकेको हुन्छन् ।

"तिमीले एक ठूलो हात्ती कसरी तौलन सक्छौ ?" "त्यसलाई एक डुंगामा राख र डुंगा पानीमा जति तल डुब्छ त्यति तल पानी वरिपरि चिन्ह लगाऊ । त्यसपछि हात्ति बाहिर झिक र अनि त्यस डुंगामा त्यसबेलासम्म ढुंगा भर जबसम्म डुङ्गा पहिले लगाएको चिन्हसम्म डुब्दैन । अनि ढुंगाहरूलाई तौल ।"

यस भनाईको तात्पर के हो "एउटा महासागरको पानी भन्दा एक कप पानी बडी हुन्छ ?" यसको उत्तर यस प्रकार छः " शुद्ध करुणाले भरिएको भावनाले आफ्नो बाबु आमा अथवा कुनै बिरामी व्यक्तिलाई एक कप पानी दियो भने अनन्त पुण्य हुन्छ, तर महासागरको पानी भनेकुनै दिन सुकेर जान्छ ।"

भगवान्ले भोकले हाड र छाला भई सकेको एक व्यक्ति बनाई त्यसलाई गनथन गर्दै भन्न लगाउनु भयो, "के म भन्दा अरु कोही व्यक्ति यस संसारमा बढी भोको छ ?" "त्यो व्यक्ति जो यति स्वार्थी र लोभी छ जो बुद्ध, धर्म र संघको त्रिरत्नमा विश्वास राख्दैन र जो आफ्नो पिता माता एवं गुरुहरूलाई केही अर्पण गर्दैन, ऊ बढी भोको मात्र होइन, ऊ

भोका राक्षसहरूको संसारमा खस्न गई, भोकले सदैव सताइने छ ।"

"यहाँ चन्दन काठको एक फल्याक छ, यसको कुन चाहीं छेऊ रुखको तल्लो भागले बनेको हो ?" "त्यस फल्याकलाई पानीमा बगाऊ; जुन छेऊ पानीमा अलिक बढी डुब्छ त्यो छेऊ रुखको तल्लो भागको सबभन्दा नजीक हो ।"

"यहाँ एकै नाप र रूपका दुइ घोडा छन्; तिमीले यी मध्ये कुन चाहिं आमा र कुन चाहिं छोरा भनी कसरी छुटचाउन सक्दछौ ?" "उनीहरूलाई केही सुकेको पराल खान देऊ, आमा चाहींले छोरातिर पराल सारी दिनेछ ।"

यी कठिन प्रश्नहरूको उत्तरले देवता र राजा दुबैलाई प्रसन्न पारचो । राजाले यी उत्तर त्यस बूढो व्यक्तिबाट प्राप्त भएको हो जसलाई छोराले गुफामा लुकाई राखेका थिए भन्ने थाहा पाएपछि उनी कृतज्ञ भए र उनले बूढा व्यक्तिहरूलाई पर्वतमा परित्याग गरिनु पर्ने ऐन फिर्ता लिए र उनीहरूप्रति दयापूर्ण व्यवहार गरियोस् भनी आदेश दिए ।

२. भारतमा विदेहकी रानीले एक पल्ट, हस्तिहाडको छ दन्त भएको एक हात्ती सपनामा देखिन्। उनले ती दन्तको तीव्रइच्छा गरिन् र राजालाई ती दन्त उनका निमित्त प्राप्त गर्न आग्रह गरिन् । यद्यपि यो कार्य असंभव जस्तो थियो, तर राजाले रानीलाई ज्यादै प्रेम गर्ने हुना जुन कुनै शिकारीले छ- दन्ते हात्ती देखेको सूचना ल्याउँछ त्यसलाई पुरस्कार दिन्छु भनी भने ।

त्यसबेला त्यो हात्ती बुद्धत्व प्राप्तिका निमित्त हिमालयमा साधना गरी राखेको थियो । एउटा शिकारी पर्वतको कन्दरामा संकटमा परेको बेला त्यस हात्तीले उसको प्राण बचाई दिएको थियो र शिकारी सुरक्षा पूर्वक आफ्नो देश फर्केको थियो । तर शिकारीले हात्तीद्वारा उसप्रति देखाइएको दया बिर्सेर एवं ठूलो पुरस्कार पाउने आशामा अन्धो भएर हात्तीलाई मार्न पर्वत तर्फ फर्क्यो ।

हात्तीले बुद्धत्व प्राप्तिका निमित्त साधना गरिराखेको छ भन्ने थाहा पाएर शिकारीले एउटा भिक्षुको चीवर लगाई आफ्नो कपट रूप धारण गऱ्यो र हात्तीले न थाहा पाउने गरी एउटा विषालु वाणले उसलाई हिर्कायो ।

हात्तीले आफ्नो अन्तिम घडी आई पुगेको एवं शिकारी पुरस्कार पाउने सांसारिक तृष्णाले व्याप्त भएको थाहा पाएर, उसमा शिकारीप्रति करुणा जागेर आयो तथा अरु हात्तीहरूको रोषबाट बचाउन उसलाई आफ्नो अंग भित्र शरण दी रक्षा गऱ्यो । त्यसपछि हात्तीले शिकारीलाई यस्तो मूर्खतापूर्ण कार्य किन गरेको भनी प्रश्न गऱ्यो । शिकारीले पुरस्कारको कुरा बतायो र कसरी छ हस्ति दन्त पाउने भन्ने लोभ जागेर आयो भन्ने कुरा भन्यो । हात्तीले तत्कालै एउटा रूखमा बेसरी हिर्काएर हस्ति दन्त फुकाल्यो र शिकारीलाई त्यो दिंदै भन्यो:– "यो उपहार दिएर मैले बुद्धत्व प्राप्तिको साधना पूरा गरें र अब मेरो पुनर्जन्म सुखावतीमा हुनेछ । जब म बुद्ध हुनेछु, त्यस बेला मैले तिमीलाई लोभ, दोष र मोहका तीन विषालु वाणहरू परित्याग गर्न सहायता गर्नेछु ।"

३. हिमालय पर्वतको फेदमा भएको एक जंगलमा कुनै समय एउटा सुगा, अन्य धेरै जनावर तथा पक्षीहरूका साथ बस्दथ्यो । एक दिन ठूलो आँधी आएको बेला बाँसहरूको घर्षणले गर्दा जंगलमा आगो लाग्यो र पशु तथा पक्षीहरू भयले व्याकुल भए । उनीहरूको त्रास र दुःख देखेर सुगामा करुणा भरिएर आयो र बाँसको झांङमा आफूले शरण लिंदा उनीहरूबाट पाएको दयाको प्रत्युत्तर दिन, उनीहरूलाई बचाउनका निमित्त हर संभव प्रयत्न गर्‍यो । उसले एउटा तलाउमा बुडुल्की मार्‍यो र त्यस पछि आगोमाथि उडेर आफ्नो शरीरमा भएको पानीका थोपाहरू झारी आगो निभाउने प्रयत्न गर्‍यो । उसले यो कार्य, जंगलप्रति उसमा भएको कृतज्ञताले गर्दा करुणापूर्वक बडो परिश्रमका साथ वोहर्‍याई राख्यो ।

उसको दया र आत्म वलिदानको भावना स्वर्गका एक देवताले देखे जो आकाशबाट तल ओर्ले एवं सुगालाई भने:– "तिम्रो मन एक शूर वीरको जस्तो छ, तर यत्रो ठूलो आगो निभाउन तिम्रो एक दुई थोपा पानीले के गर्न सक्छु भन्ठान्दछौ ?" सुगाले उत्तर दियो:– "कृतज्ञता र आत्मवलि-दानको भावनाबाट उपलव्ध गर्न नसकिने कुनै कुरा छैन । म बारम्बार प्रयत्न गर्नेछु र अर्को जन्ममा पनि गरी नै रहने छु ।" महान् देवताले सुगाको उत्साह देखेर प्रभावित भए र दुबैले मिलेर आगो निभाए ।

४. कुनै समय हिमालयमा एक शरीर तथा दुई टाउको भएको एक चरा बस्दथ्यो । एक पल्ट एउटा शिरले अर्को शिरलाई मीठो फल खाई राखेको देख्यो र बडो डाहा गरेर– मन मनै भन्यो:– "त्यसो

भए म विषालु फल खानेछु ।" यसरी उसले विष खायो र संपूर्ण चरा मरयो ।

५. एक पल्ट एउटा सर्पको शिर र पुच्छरमा कुन चाहीं अघिल्लो भाग हुने हो भन्ने कुरामा झगडा भयो । पुच्छरले शिरलाई भन्यो : "तिमीं सदैव अघि अघि हिंड्छौ, यो कुरा उचित होइन, कहिले काहीं मलाई पनि तिमीले अघि अघि हिंड्न दिनु पर्दछ ।" शिरले उत्तर दियो–; "म शिर भएको कुरा हाम्रो प्रकृतिको नियम हो, म तिमीसित आफ्नो ठाउँ साट्न सक्दिन ।"

तर झगडा चालू रह्यो र एक दिन पुच्छर एउटा रूखमा बेसरी बेरियो र यसरी शिरलाई अगाडि बढ्न दिएन । जब शिर, पुच्छरको जिद्दीले गर्दा यस संघर्षमा थाक्न गयो र फलस्वरूप सर्प अग्निको एक खाल्डोमा पर्न गई विनष्ट भयो ।

प्रकृतिको संसारमा सदैव एक समुचित व्यवस्था रहन्छ र प्रत्येक वस्तुको आफ आफ्नो कार्भ क्षेत्र हुन्छ । र जब यो नियम खलबलिन्छ, यो कार्य क्षेत्रमा विघ्न उपस्थित हुन्छ तथा सम्पूर्ण रचनाक्रम विनष्ट हुन्छ ।

६. कुनै समय एउटा छिटो रिसाउने बानी भएको व्यक्ति थियो । एक दिन दुई व्यक्तिहरू ऊ बस्ने घर अगाडि त्यस व्यक्तिका सम्बन्धमा कुरा गरी राखेका थिए । त्यसमध्ये एउटाले अर्कोलाई भन्योः– " ऊ एक असल मानिस हो तर ऊ ज्यादै अधैर्य छ; ऊ रिसाहा छ र छिटै रिसाउने उसको बानी छ ।" त्यस मानिसले यो आक्षेप सुन्यो र घर बाहिर छिटो निस्क्यो र दुबै व्यक्तिहरूमाथि आक्रमण गरी हात र खुट्टाले हिर्काई उनीहरूलाई चोट पारचो ।

जब कुनै बुद्धिमान् मानिसलाई उसका गल्तीहरूका सम्बन्धमा सल्लाह दिइन्छ, उसले तिन माथि विचार गर्दछ र आफ्नो चालचलन सपार्दछ । जब कुनै मूर्ख व्यक्तिलाई उसको दुराचरणका सम्बन्धमा बताइन्छ, उसले त्यस कुराको बेवास्ता गर्ने मात्र होइन, सोही गल्ती फेरि दोहऱ्याउँछ ।

७. कुनै समय एउटा धनी तर मूर्ख व्यक्ति थियो । जब उसले अर्को व्यक्तिको राम्रो तीन तले घर देख्यो उसले त्यसको डाहा गऱ्यो तथा आफूलाई पनि ऊ जत्तिकै धनी ठानेर आफ्नो पनि त्यत्रै घर बनाउने निर्णय गऱ्यो । उसले एउटा सिकर्मी बोलायो र घर बनाउन भन्यो । सिकर्मीले स्वीकार गऱ्यो तथा तत्कालै जग, पहिलो तल्ला, दोस्रो तल्ला र अनि तेस्रो तल्ला बनाउन प्रारम्भ गऱ्यो । धनी मानिसले यो देखेर रिसाउँदै भन्यो; "म घरको जग अथवा पहिलो तल्ला अथवा दोस्रो तल्ला चाहन्न; म त केवल त्यो राम्रो तेस्रो तल्ला चाहन्छु । यसलाई छिटो बनाऊ ।"

मूर्ख मानिस जहिले पनि फललाई मात्र विचार गर्दछ, तर फल प्राप्तिका निमित्त जे प्रयत्न आवश्यक हुन्छ त्यसतर्फ भने ऊ अधैर्य हुन्छ । उचित प्रयत्न विना कुनै पनि असल फल प्राप्त गर्न सकिन्न, जस्तो कि जग तथा पहिलो र दोस्रो तल्ला नबनीकन तेस्रो तल्ला बन्न सक्दैन ।

८. एउटा मूर्ख मानिस एकपल्ट मह उमाल्दै थियो । उसको साथी अकस्मात् आई पुग्यो र मूर्ख व्यक्तिले उसलाई केही मह दिन चाह्यो, तर त्यो ज्यादै तातो थियो, तसर्थ त्यसलाई आगोबाट नझिकेर नै उसले पंखा हंकेर त्यसलाई सेलाउन खोज्यो । त्यस्तै प्रकारले, सांसारिक रागको

आगो नहटाउन्जेलसम्म प्रज्ञाको शीतल मह पाउन असंभव हुन्छ ।

९. एकपल्ट दुई राक्षसहरू एउटा बाकस, एउटा बेत र एक जोडा जुत्तालाई लिएर संपूर्ण दिन वादविवाद तथा झगडा गरी राखेका थिए । त्यसै बाटोबाट गई रहेको एउटा व्यक्तिले प्रश्न गऱ्यो, "तिमीहरू यी वस्तुहरूका सम्बन्धमा किन वादविवाद गरी राखेका हौ ? यी वस्तुहरूमा जादू भरिएको त्यो कस्तो तत्व छ जसको प्राप्तिका निमित्त तिमीहरू यस्तो झगडा गरी राखेका हौ ?"

राक्षसहरूले व्याख्या गर्दै भने, बाकसबाट उनीहरूले अन्न, वस्त्र र सम्पत्ति जे इच्छा गऱ्यो पाउन सक्दछन्; बेतद्वारा उनीहरूले आफ्ना सबै शत्रुहरूलाई वशमा राख्न सक्दछन्; र जुत्ताको जोडा लगाएर उनीहरू हावामा उडेर यात्रा गर्न सक्दछन् ।

यो सुनेर उक्त मानिसले भन्यो : "झगडा किन गर्छौ ? यदि तिमीहरू केही क्षणका निमित्त यहाँबाट गयौ भने, यी वस्तुहरूको तिमीहरूमा उचित वितरण कसरी गर्ने हो त्यस विषयमा मैले विचार गर्न सक्नेछु ।" त्यस पछि ती दुई राक्षसहरू त्यताबाट गए र जसै उनीहरू त्यहाँबाट गएका थिए, उक्त व्यक्तिले जुत्ता लगायो तथा बाकस र बेत झटपट लिएर हावामा उडेर गयो ।

यी "राक्षसहरू" विधर्मी मतका मनुष्यहरूका प्रतीकका रूपमा देखिन्छन् । "एउटा बाकस" भनेको दानमा दिइने उपहारको प्रतीक हो; मानिसहरूले दानद्वारा कति प्रकारको धन सम्पत्तिको उत्पत्ति गर्न सकिन्छ भन्ने कुरा बुझ्दैनन् । "बेत" भनेको मनको एकाग्रताको साधना हो । मानिसहरूले मनको आध्यात्मिक एकाग्रताको साधनाले सबै संसारिक

तृष्णालाई वशमा गर्न सकिन्छ भन्ने कुरा बुझ्दैनन् । "एक जोडा जुत्ता" भनेको विचार र व्यवहारको त्यो पवित्र शिष्टाचार हो जसले मानिसहरूलाई सबै प्रकारका तृष्णा तथा वादविवादहरू भन्दा टाढा लग्दछ । यी कुरा थाहा नपाएर उनीहरूले एउटा बाकस, एउटा बेत र एक जोडा जुत्ताका निमित्त झगडा गर्दछन् ।

१०. एक पल्ट एउटा मानिस एक्लै यात्रा गरी राखेको थियो । साँझपख ऊ एउटा खाली घरको सामुन्ने आई पुग्यो र उसले त्यो रात्री त्यहीं बास बस्ने निर्णय गऱ्यो । मध्य राततिर एउटा राक्षसले एउटा लाश त्यहाँ ल्यायो र भुईंमा राख्यो । त्यसको ठीक पछि अर्को राक्षस त्यहाँ आई पुग्यो एवं त्यो लाश उसको हो भनी दावी गऱ्यो र यस सम्बन्धमा दुबैले झगडा गरे ।

त्यसपछि पहिलो राक्षसले यस विषयमा अरु वादविवाद गर्नु व्यर्थ हो भन्दै यसमाथि कस्को अधिकार हुनु पर्दछ भन्ने निर्णय गर्न एउटा निर्णायकका समक्ष यो विषय पेश गर्ने प्रस्ताव गऱ्यो । अर्को राक्षसले यो प्रस्ताव स्वीकार गऱ्यो तथा कुनामा तर्सेर बसी राखेको एक मानिस देखेर उसलाई यसको स्वामित्व विषयको निर्णय गर्न अनुरोध गऱ्यो । तर मानिस सारै डराएको थियो, कारण उसले जस्तो सुकै निर्णय दिए तापनि हार्ने पक्षको राक्षस ऊसित रिसाउने छ र प्रतिशोध लिई उसलाई मार्नेछ तैपनि उसले जे देखेको थियो, साँचो साँचो भन्ने निर्णय गऱ्यो ।

जस्तो उसले अनुमान गरेको थियो, यसले गर्दा दोस्रो राक्षस ऊसित रिसायो र उसले त्यस मानिसको एउटा हात थुत्यो र चुंडायो तर पहिलो राक्षसले लाशको हात थुतेर चुडाइएको हातको सट्टा जडी दियो ।

रिसाएको राक्षसले त्यस मानिसको अर्को हात चुंडाएर थुत्यो र पहिलो राक्षसले तत्कालै लाशको अर्को हात झिकेर त्यस मानिसको हातको सट्टा जडी दियो। यो क्रम जारी रह्यो जबसम्म सो मानिसका दुबै हात, दुबै खुट्टा, शिर र शरीर चुंडिएनन् र तिनका सट्टा क्रमैले लाशका ती अंगहरू जडिएनन्। त्यसपछि ती दुई राक्षसहरूले त्यस मानिसका अंग प्रत्यङ्ग भईंमा यता उति छरिएको देखेपछि त्यो टिपेर उनीहरूले खाइदिए र हाँस्दै खुशी मनाउँदै त्यहाँबाट गए।

त्यो विचरा मानिस जो त्यस निर्जन घरमा बास बसेको थियो आफ्नो दुर्भाग्यप्रति ज्यादै दुःखित भयो। उसको शरीरका जुन भाग राक्षसहरूले खाएका थिए ती भाग उसले आफ्ना बाबु आमाबाट पाएका थिए तथा जुन भागहरू अब ऊसित थिए ती लाशबाट आएका थिए। यस कारण ऊ को थियो त? उसले सबै तथ्य बुझ्न नसकेर र बहुला जस्तो भएर, ऊ घर बाहिर निस्क्यो र भौतारिन थाल्यो। एउटा मन्दिरमा पुगेपछि ऊ त्यसभित्र गयो र त्यहाँ भिक्षुहरूका समक्ष आफ्ना पीरका कुरा सुनायो। मानिसहरूले उसको कथामा आफू भन्ने कुनै कुरा नभएको सत्य अर्थ थाहा पाउन सक्दछन्।

११. एक पल्ट राम्रो पोशाक लगाएकी एक सुन्दरी एउटा घरमा गइन्। घरको मालिकले उनी को हुन् भनी सोध्यो; उनले भनिन्, उनी सम्पन्नताकी देवी हुन्। घरको मालिक प्रसन्न भयो र उनको राम्रो स्वागत गर्‍यो।

त्यसको छिटै पछि एक अर्की नारी उपस्थित भइन्, तर उनी नराम्री थिइन् तथा नराम्रो लुगा लगाएकी थिइन्। घरको मालिकले उनी को हुन् भनी सोध्यो र ती नारीले उत्तर दिइन्, उनी विपन्नताकी देवी हुन् भनेर। घरको मालिक डरायो र उनलाई घरबाट धपाउन खोज्यो, तर नारीले जान अस्वीकार गरिन् र भनिन्, "धनकी देवी मेरी बहिनी हुन्। कहिल्यै पनि हामी छुट्टिएर नवस्ने भनी हाम्रा बीच एक संझौता छ; यदि तिमीले मलाई धपायौ भने उनी पनि मेरा साथ जाने छिन्।" र भयो पनि त्यस्तै, जसै नराम्री नारी निस्किन् अर्की नारी पनि लोप भइन्।

जन्म भएपछि मृत्यु हुन्छ। सौभाग्य पछि दुर्भाग्य आउँछ। असल कुरापछि कमसल कुरा आउँछ। मानिसले यसलाई स्वीकार गर्नु पर्दछ। मूर्ख मानिसहरू दुर्भाग्यसित डराउँछन् र सौभाग्य पाउने प्रयत्न गर्दछन्, तर जसले ज्ञान प्राप्त गर्न खोज्दछन् उनीहरू यी दुबै कुरा भन्दा माथि उठ्दछन् र सांसारिक आसक्ति भन्दा स्वतन्त्र हुन्छन्।

१२. कुनै समय एउटा गरीब कलाकार थियो जसले धन कमाउन आफ्नो घर र पत्नी छाडेर हिंड्यो। तीन वर्षको कठोर संघर्ष पछि उसले तीन सय सुनका टुक्रा वचत गर्न सक्यो र घर फर्कने निर्णय गर्‍यो। बाटोमा ऊ एउटा ठूलो मन्दिरमा पुग्यो जहाँ दानको एक महान् उत्सव मनाई राखिएको थियो। ऊ यसबाट ज्यादै प्रभावित भयो र मन मनै विचार गर्‍योः– "अहिलेसम्म मैले वर्तमानका सम्बन्धमा मात्र विचार गरी राखें; मैले आफ्नो भविष्यको सुखका सम्बन्धमा कहिल्यै पनि विचार गरिनँ। मैले यस्तो ठाउँमा आई पुग्नु मेरो सौभाग्य हो; मैले यसको लाभ उठाई धर्म कार्यको बीज रोप्नु पर्दछ।"

यसरी विचार गर्दै, उसले कृतज्ञतापूर्वक आफ्नो सबै संचित धन मन्दिरलाई दानमा दियो र एक पैसा पनि संगमा नराखी घर फर्क्यो ।

जब ऊ घरमा पुग्यो, उसकी पत्नीले उसको जीविकाका निमित्त केही पैसा पनि नल्याएकोमा उसको भर्त्सना गरी । गरीब कलाकारले उत्तर दियो, उसले केही धन बचाएको थियो– तर उससले त्यो त्यहीं राखेर आएको छ जहाँ त्यो सुरक्षित रहन्छ । उसले त्यो धन लुकाएको ठाउँ वताउन जब पत्नीले जिद्दी गरी, उसले त्यो धन कुनै एक मन्दिरका भिक्षुहरूलाई दिएको कुरा स्वीकार गर्‍यो ।

यसले गर्दा पत्नी रिसाई र उसले आफ्नो पतिलाई गाली गरी र अन्तमा यो विषयलाई स्थानीय न्यायाधीश कहाँ लगी । जब न्यायाधीशले पतिलाई उसको आफ्नो पक्षको कुरा गर्न आदेश दियो, कलाकारले भन्यो उसले मूर्खतापूर्ण रूपले कार्य गरेको होइन, किनभने उसले धेरै लामो र कठिन संघर्षपछि मात्र त्यो धन कमाउन सकेको थियो र यसै कारणले भविष्यमा सौभाग्यको बीजका रूपमा ऊ त्यसको उपयोग गर्न चाहन्थ्यो । जब ऊ मन्दिरमा पुग्यो त्यहाँ उसलाई त्यो भूमि फेला परे जस्तो लाग्यो जहाँ उसले आफ्नो सौभाग्यको बीजका रूपमा आफूसित भएको सुन रोप्न पर्ने आवश्यकता देख्यो । त्यस पछि उसले अरु भन्यो :– "जब मैले भिक्षुहरूलाई सुवर्ण दिएँ, मैले आफ्ना सबै लोभ र कृपणता त्याग गरे जस्तो लाग्यो, र मैले अनुभव गरें साँचो धन सुन होइन परन्तु मन हो ।"

न्यायाधीशले कलाकारको भावनाको प्रशंसा गर्‍यो, एवं जस जसले यो कुरा सुने उनीहरूले उसलाई विभिन्न प्रकारले सहायता दिएर उसको कार्यप्रति स्वीकारोक्ति प्रदर्शित गरे । यसरी कलाकार र उसकी पत्नी स्थायी र राम्रो सौभाग्यमा प्रवेश गरे ।

१३. एउटा चिहान निर बस्ने मानिसले एक रात चिहानबाट आएको कुनै आवाज सुन्यो। ऊ ज्यादै कातर भएकोहुँदा त्यो कुरा आफैं बुझ्न खोजेन र भोली पल्ट एक शूरो साथीलाई त्यो कुरा बतायो जसले सो राती त्यो चिहानमा गई त्यो आवाज कहाँबाट आएको रहेछ भनी पत्ता लगाउने निश्चय गऱ्यो।

जहाँ कातर मानिस डरले काँपी राखेको थियो, उसको साथी चिहानमा गयो र निश्चय पनि, सोही आवाज चिहानबाट आई राखेको थियो। साथीले प्रश्न गऱ्यो, ऊ को हो र उसले के चाहन्छ। त्यस आवाजले चिहान मुनीबाट उत्तर दियो:– "म एक लुकेको सम्पत्ति हूँ र आफूलाई कुनै व्यक्तिलाई सुम्पी दिन चाहन्छु। मैले हिजो राती एक व्यक्तिलाई यो दिन चाहें तर ऊ सारै कातर भएकोले आउन सकेन तसर्थ म तिमीलाई दिनेछु- किन भने तिमी यो पाउने योग्य छौ। भोली विहान म आफ्ना सात अनुयायी हरूका साथ तिम्रो घर आउने छु।"

त्यो साथीले भन्यो; "म तिम्रो प्रतीक्षामा रहने छु, तर तिम्रो स्वागत मैले कुन प्रकारले गर्ने हो, कृपया त्यो कुरा बताऊ ?" त्यो आवाजले उत्तर दियो:– "हामीहरु भिक्षुको चीवर लगाएर आउने छौं। हाम्रा निमित्त पानी समेत भएको एच कोठा तैयार पारी राख्नु; आफू स्नान गरी कोठा सफाराख्नु, र त्यहां हाम्रो निमित्त बस्ने आसन तथा आठ कचौरा खोले पनि तैयार राख्नु। भोजन पछि, तिमीले हामीलाई एक एक गरी एउटा बन्द कोठामा लग्न पर्ने छ जहाँ हामी सुनको भांडोका रूपमा परिणित हुने छौं।"

अर्को दिन विहान त्यस मानिसले जसरी उसलाई भनिएको थियो त्यसरी नै स्नान गरी कोठा सफा पाऱ्यो र आठ भिक्षुहरूको आगमनको

प्रतीक्षामा बस्यो । उचित समयमा उनीहरू उपस्थित भए तथा उसले उनीहरूलाई बडो सौजन्यताका साथ स्वागत गऱ्यो । उनीहरूले भोजन गरी सकेपछि उनीहरूलाई एक एक गरी बन्द कोठामा लग्यो र त्यहाँ प्रत्येक भिक्षु सुनले भरिएको भाँडोका रूपमा परिणत भए ।

त्यसै गांउमा एउटा बडो लोभी व्यक्ति रहन्थ्यो र सो घटनाबारे सुनेपछि उसले पनि सुनका भाँडाको इच्छा गऱ्यो । उसले आठ भिक्षुहरूलाई आफ्नो घरमा आमन्त्रित गऱ्यो । उनीहरूको भोजन पछि उसले उनीहरूलाई एउटा बन्द कोठामा लग्यो, तर उनीहरू सुनको भाँडोमा परिणत हुनुको सट्टा, उनीहरू रिसाएर कठोर भए र लोभी मानिसका सम्बन्धमा पुलिसलाई उजूर गरे र पुलिसले अन्ततोगत्वा उसलाई पक्राउ गऱ्यो ।

कातर पुरूषले जब यो थाहा पायो चिहानको आवाजले शूरो व्यक्ति कहाँ सम्पत्ति ल्याई दिएको हो, ऊ शूरो व्यक्ति कहाँ गयो उसले त्यो आवाज सब भन्दा पहिले उसलाई भनिएकोहुँदा त्यो सुन उसको हो भनी उसले लोभले भरिएर माग गऱ्यो । जसै कातर व्यक्तिले भाँडा लग्न खोज्यो, तिनमा उसले धेरै सर्पहरू भएको पायो जो टाउको ठाडो पारेर उसमाथि आक्रमण गर्न तत्पर थिए ।

राजाले जब यो कुरा सुने उनले ती सुनका भाँडाहरू शूरो व्यक्तिका हुन् भन्ने आदेश दिंदै भने "संसारको चलन नै यस्तै प्रकारको छ। मूर्ख व्यक्तिहरू असल फलकाप्रति लोभी हुन्छन् तर ज्यादै कातर हुने हुँदा त्यसका पछि लाग्न सक्दैनन्, तसर्थ निरन्तर असफल हुन्छन्। उनीहरू मनका आन्तरिक संघर्षको सामना गर्ने साहस राख्दैनन् जसको माध्यमद्वारा मात्र साँचो शान्ति र एक चित्तता प्राप्त गर्न सकिन्छ ।"

द्वितीय अध्याय
व्यावहारिक प्राप्तिको मार्ग

१

सत्यको अन्वेषण

१. सत्यको अन्वेषणमा केही प्रश्नहरू यस्ता छन् जो महत्वपूर्ण हुँदैनन् । विश्वको निर्माण कुन वस्तुबाट भएको छ ? के विश्व अनन्त छ ? के विश्वको कुनै सीमा छ अथवा छैन ? यस मानव समाजको संगठन कुन प्रकारले हुन्छ? मानव समाजको संगठनको आदर्श रूप के हो ? यी प्रश्नहरूको समाधान न हुन्जेलसम्म यदि कुनै व्यक्तिले ज्ञान प्राप्तिको अन्वेषण र अभ्यास स्थगित गर्छ भने उसले आफ्नो मृत्यु पर्यन्त पनि धर्मको मार्ग प्राप्त गर्न सक्ने छैन ।

कल्पना गरौं, कुनै मानिसलाई एक विषालु वाणले छेडेको छ र उसका सम्बन्धी तथा मित्रहरूले त्यो वाण झिक्न र घाउ निकोपार्न एक शल्य चिकित्सक डाक्न भेला भएका छन् ।

तर त्यो घाइते व्यक्तिले वाण झिक्न नदिएर यो प्रश्न गरोस्, "एक छिन पर्खनुस् । तपाईले यो झिक्नु भन्दा अघि, मलाई यो वाण हिर्काउने को हो भनी म थाहा पाउन चाहन्छु । के त्यो वाण हिर्काउने पुरूष थियो अथवा स्त्री थिई ? त्यो कुल घरानको थियो अथवा ऊ कुनै किसान थियो ?

यो धनुष केले बनाइएको थियो ? यो वाण ठूलो धनुष अथवा सानो धनुष-बाट छाडिएको थियो ? यो काठ अथवा बाँसले बनेको थियो ? धनुषको केले बनेको थियो ? ताँदो के यो तन्तुले बनेको थियो अथवा आन्द्राले ? के वाण बेतले अथवा नरकटले बनेको थियो ? कस्तो प्वाँख जडिएको थियो? तपाईले वाण झिक्न भन्दा अघि म यीसवै कुरा थाहा पाउन चाहन्छु ।" त्यसो भए के हुने छ ?"

यी सबै सूचना प्राप्त गरुन्जेलसम्ममा, निःसन्देह, विष शरीर भरी बग्ने छ र सो व्यक्ति मर्न सक्ने छ । पहिलो कर्तव्य त वाणको विष फैलिनबाट रोक्न वाण झिक्नु हो ।

जब रागको अग्निले संसारलाई संकटमा पुऱ्याई राखेको हुन्छ, त्यस बखत विश्वको निर्माण कुन कुन वस्तुले भएको छ भन्ने कुरा व्यर्थ हो; मानव समुदायका निमित्त कुन आदर्श रूप हो भन्ने कुरा पनि त्यति महत्वपूर्ण होइन ।

विश्व सीमित छ अथवा अनन्त छ भन्ने प्रश्नको उत्तर, जन्म, जरा, व्याधि र मरण को अग्नि निभाउने केही उपाय नखोजुन् जेलसम्मका निमित्त स्थगित रहन सक्दछ; विलाप, शोक, दुःख र वेदनाका समक्ष कुनै पनि व्यक्तिले सर्वप्रथम ती समस्याको समाधान गर्ने बाटो खोज्नु पर्दछ र अनि त्यस मार्गको उपासनामा आफूलाई लगाउनु पर्दछ ।

बुद्धको उपदेशले कुन कुरा महत्वहीन हो भन्नै होइन कुन महत्वपूर्ण हो भन्ने कुरा थाहा पाउने शिक्षा दिन्छ । यसको तात्पर्य के हो भने, यसले

मानिसहरूलाई त्यही कुरा सिक्ने शिक्षा दिन्छ जो कुरा उनीहरूलाई सिक्न आवश्यक हुन्छ; त्यही कुरा परित्याग गर्नु पर्छ जुन कुरा परित्याग गर्नु आवश्यक हुन्छ, त्यहीं कुराको साधना गर्नु पर्दछ, जसको साधनाले ज्ञान प्राप्त गर्न सकिन्छ ।

तसर्थ, मानिसहरूले प्राथमिक महत्वको वस्तु के हो भन्ने कुरा आफ्नो विवेकले सर्वप्रथम छुट्याउनु पर्दछ, कुन समस्याको समाधान सबभन्दा पहिले गरिनु पर्दछ र तत्कालै समाधान गरिनु पर्ने समस्या छुट्याउनु भन्दा पहिले मनलाई साधनामा ल्याउनु पर्दछ, अर्थात् उनीहरूले सर्वप्रथम मनको नियन्त्रण गर्ने प्रयत्न गर्नु पर्दछ ।

२. कल्पना गरौं, कुनै मानिस कुनै रुखको माझमा उम्रने गुदी झिक्न जंगल जान्छ तर हाँगाहरू तथा पातहरूको एक भारी बोकेर यो भन्ठान्दै फर्कन्छ–उसले जे खोज्न गएको थियो त्यो कुरा पाई सक्यो; उसले रुखको गुदी लिन गएको सट्टा बोक्रा, जरा अथवा काठ मात्रै ल्याएर ऊ सन्तुष्ट हुन्छ भने के त्यो उसको मूर्खता हुन्न ? तर कैयन् मनुष्यहरू यसै प्रकारले कार्य गरी राखेका छन् ।

कुनै पनि मानिस आफूलाई जन्म, जरा, व्याधि र मरणबाट अथवा विलाप, शोक, दुःख र वेदनाबाट टाढा राख्ने मार्ग खोज्दछ; तर तैपनि उसले त्यस मार्गको अलिक अनुसरण गरेपछि उसले आपनो अलिक उन्नति भएको देख्नासाथ ऊ बाटो बिराएर, तत्कालै अंहकारी, अभिमानी तथा मदोद्धत हुन्छ । ऊ त्यही व्यक्ति समान हो जसले रुखको गुदी खोज्न गयो तर हाँगाहरू तथा पातहरूको एक भारी पाउनासाथ सन्तुष्ट भयो ।

अर्को व्यक्ति जो अलिक प्रयत्न गरेर केही प्रगति गरेको कारणले सन्तुष्ट भई आफ्नो प्रयत्नमा शिथिलता ल्याउंछ र अहंकारी तथा अभिमानी हुन्छ, ऊ खोज्न गएको गुदीको सट्टा हाँगाहरूको भारी बोकेर लग्ने सरह हुन पुग्दछ।

झन् अर्को व्यक्ति जसले आफ्नो मन अरु शान्त भएको तथा विचार अरु स्पष्ट भएको पाउँछ, उसले पनि, आफ्ना प्रयत्नमा शिथिलता ल्याउएर अहंकार तथा अभिमान भर्दछ भने, उसले खोज्न गएको रुखको गुदीको सट्टा बाकलको भारी बोकेको जस्तो हुन्छ ।

त्यस पछि, कुनै अर्को व्यक्ति जो केही मात्रामा अन्तर्ज्ञानको परिज्ञान प्राप्त गरेको भन्ने ठानी अहंकार तथा अभिमानले भरिन्छ भने; त्यस्तो व्यक्तिले गुदीको सट्टा रुखको काठको केलाको भारी बोकेको हुन्छ । ज्ञान प्राप्त गर्न खोज्ने यी सबै व्यक्तिहरू, जो आफ्ना अपूर्ण प्रयत्नहरूबाट छिटै सन्तुष्ट हुन्छन् तथा अहंकारले भरिएर उद्धत भई आफ्ना प्रयत्नहरूमा शिथिलता ल्याउँछन् ती सबै आलस्यमा पर्दछन् । यस्ता व्यक्तिहरू अपरिहार्य रूपले पुनः दुःख पाउँछन् ।

ती व्यक्तिहरू जसले ज्ञानको सत्य मार्ग खोज्दछन् तिनीहरूले यसलाई सजिलो कार्य भन्ने ठान्नु हुन्न, न त यसलाई सम्मान, प्रतिष्ठा तथा उपासनाद्वारा सुखकर भएको ठान्नु हुन्छ । यसका अतिरिक्त, उनीहरूले साधारण प्रयत्न मात्र गर्ने उद्देश्य राख्न हुन्न, न त निर्विकारता, ज्ञान र परिज्ञानको थोरै प्रगतिलाई नै उद्देश्य राख्नु हुन्छ ।

सर्वप्रथम, कसैले पनि जन्म र मरणको यस संसारको मौलिक र तात्विक प्रकृति स्पष्टरूपले बुझ्नु पर्दछ ।

३. संसारको आफ्नै सारतत्व छैन। यो त केवल हेतु र परिस्थितिहरूको विस्तृत सादृश्य हो जसको उत्पत्ति, केवल र एकमात्र, मनको क्रिया कलापव्दारा हुन्छ र जो अज्ञान, असत्य कल्पना, तृष्णा र मोहव्दारा उत्तेजित हुन्छ। यो कुनै वाह्य वस्तु होइन जसप्रति मनमा असत्य धारणा होस्, यसको कुनै सारतत्व छैन। यो मनको प्रक्रियाले मात्र प्रकट भएको हुन्छ, र यसले आफ्नै मोहको प्रकटीकरण गर्दछ। यसको जग र निर्माण मनको तृष्णामाथि हुन्छ जो स्वयंको लोभ, दोष र मोहव्दारा उत्पन्न वेदनाको दुःख र संघर्षको कारणले उत्पन्न हुन्छ। जो व्यक्ति ज्ञान प्राप्तिको लक्ष्य राख्दछन् उनीहरूले यो लक्ष्य प्राप्तिका निमित्त यस्तो मनसित संघर्ष गर्न तत्पर रहनु पर्दछ।

४. हे मेरो मन! तिमी किन जीवनको अनित्य परिस्थितिहरूमाथि यसरी चंचल भई परिभ्रमण गरी राखेका छौ ? तिमीले मलाई किन यस्तो व्याकुल र चंचल पारी राखेका छौ ? यतिका वस्तुहरूको संग्रह गर्न तिमीले मलाई किन प्रेरित गरी राखेका छौ ? तिमी त्यो हलो जस्तै छौ जो जोत्न ारम्भ गर्न भन्दा अघि टुक्रा टुक्रा हुन्छ; तिमी त्यो पतवार जस्तै छौ जो जीवन र मृत्युको समुद्रमा प्रवेश गर्ने प्रयत्न गर्नासाथ फुक्लन्छ? कैयन् पुनर्जन्मको के अर्थ हुन्छ यदि हामीले वर्तमान जीवनको सदुपयोग गर्न सकेनौं भने ?

हे मेरो मन ! एकपल्ट तिमीले मलाई एक राजाका रूपमा जन्मायौ र त्यस पछि मलाई पतितका रूपमा जन्माएर भोजनको भिक्षा माग्न लगायौ। कहिले काहीं तिमीले मलाई देवताहरूको स्वर्गीय दर्बारमा जन्माउँछौ र मलाई विलास र हर्षोन्मादमा जीवन विताउन दिन्छौ, र त्यसपछि मलाई नर्कको ज्वालामा खसाली दिन्छौ।

हे मेरो मूर्ख, मूर्ख मन! तिमीले यसरी मलाई विभिन्न मार्गमा लगेका छौ र म तिम्रो आज्ञाकारी रहेकोछु र तिम्रो वशमा छु। अब मैले बुद्धको उपदेश सुनेकोहुँदा, मलाई अरु विचलित नगर न त अरू दुःखमा पार, वरु हामी दुबै मिलेर, क्रियशील एवं धैर्यवान् भएर, ज्ञान प्राप्ति गर्ने प्रयत्न गरौं।

हे मेरो मन! सबै कुरा निःसार एवं क्षणभंगुर हो भनी तिमीले यदि बुझ्न सक्यौ भने मात्र पनि तिमीले वस्तुहरू प्राप्त गर्न पछि पछि लाग्नु हुन्न, वस्तुहरूको लोभ गर्नु हुन्न; लोभ, दोष र मूर्खताका समक्ष दब्नु हुन्न भन्ने यदि बुझ्न सक्यौ भने मात्र पनि; हामीले शान्तिपूर्वक यात्रा गर्न सक्ने छौं। त्यसपछि, प्रज्ञाको तरवारले तृष्णाको बन्धन काटेर, तथा लाभदायक अथवा हानिकारक, असल र कमसल, लाभ र हानि, प्रशंसा वा निन्दा सम्बन्धी परिवर्तित परिस्थितिबाट विचलित नभएर, हामी शान्तिपूर्वक बस्न सक्ने छौं।

हे मेरो प्रियमन! तिमी नै हौं जसले सर्वप्रम हामीमा विश्वास जगाएका थियौं; तिमीले नै हामीलाई ज्ञान प्राप्त गर्न सल्लाह दिएका थियौ। अब तिमी के कारणले लोभ, आरामकाप्रतिको प्रेम तथा आनन्ददायक उत्तेजनाका समक्ष यति सरलतासित दब्न गएका हौ।

हे मेरो मन! तिमीले किन विना कुनै निश्चित उद्देश्य लिएर यता उति हुर्रिएको? लौ हामी मोहको यो सागर पारी तरौं। अहिलेसम्म मैले तिमीले इच्छा गरे बमोजिम गरेको छु, तर अब तिमीले मैले इच्छा

गरे बमोजिम गर्नु पर्नेछ तथा हामी दुबैले संगसंगै बुद्धको उपदेश पालन गर्नेछौं ।

हे मेरो प्रिय मन ! यी पर्वतहरू, नदीहरू तथा समुद्रहरू परिवर्तनशील छन् र वेदनाको उत्पत्ति गर्दछन् । यस मोहको संसारमा हामीले शान्ति कहाँ खोज्ने हो ? तसर्थ हामी बुद्धको उपदेश पालन गरौं एवं ज्ञानको अर्को किनार पुग्न पारी तरेर जाऊँ ।

५. जसले ज्ञानको मार्ग वास्तवमा खोज्दछन् तिनले मनद्वारा गरिनु पर्ने कुराको आदेश दिन्छन् । त्यसपछि उनीहरू दृढ निश्चयका साथ अघि बढ्दछन् । यद्यपि उनीहरूले कसै कसैबाट अपशब्द सुन्नु परे पनि अथवा अन्य कसै कसैबाट तिरस्कार गरिए पनि उनीहरूले आपनो मनलाई विचलित नपारी अगाडि बढी राख्दछन् । उनीहरूलाई कसैले मुड्कीले हिर्काए पनि, पत्थरले हिर्काए पनि अथवा तरवारले ठूलो घाउ पारे पनि रिसाउँदैनन् ।

यदि शत्रुहरूले शरीरबाट शिरलाई करौंतीले काटेर छुट्याए भने पनि, मन विचलित हुनु हुन्न । यदि उनीहरूले दुःख पाई राखेको कुराबाट आपनो मनलाई अन्धकारमय पार्दछन् भने उनीहरूले बुद्धको उपदेश पालन गरी राखेका हुँदैनन् । उनीहरूका प्रति जे सुकै भए तापनि, उनीहरू सदैव करुणा र सदिच्छाको विचारले देदीप्यमान भई, दृढ एवं अविचलित रहनु पर्दछ । अरूबाट निन्दा गरिए पनि, दुर्भाग्य आए पनि, मनलाई अविचलित तथा शान्त राख्न मानिसले दृढ निश्चय गर्नु पर्दछ र बुद्धको उपदेशले भरिनु पर्दछ ।

ज्ञान प्राप्तिका निमित्त, मैले असंभव कुरा पूर्णगर्नेछु, र असह्य कुरा

सहने छु । मसित भएको मध्ये अन्तिम शेषसम्म दिनेछु । ज्ञान प्राप्त गर्न मैले दिनमा एक गेडा मात्र चामल खान पर्छ भनी मलाई भनियो भने, मैले त्यति मात्र खानेछु, । यदि ज्ञानको मार्गमा पुग्न आगो भएर जानु पर्दछ भने पनि म अगाडि बढ्ने छु ।

तर कसैले पनि यी कुराहरू कुनै अपर उद्देश्यका निमित्त गर्नु हुन्न । यी कार्यहरू बुद्धिमत्तापूर्ण कुरा हुन्, सही कुरा हुन् भनेर कसैले पनि यी कार्य गर्नु पर्दछ । कसैले पनि यी कार्यहरू करुणाको भावनाले प्रेरित भएर गर्नु पर्दछ, जसरी कुनै आमाले आफ्नो सानो बालकका निमित्त, आफ्नो विरामी बालकका निमित्त गर्छिन् र यसो गर्दा उनले आफ्नो शक्ति अथवा आरामको कुनै वास्ता गर्दिनन् ।

६. कुनै समय एउटा राजा थिए जो आफ्नो प्रजा र आफ्नो देशलाई प्रेम गर्दथे तथा उनीहरूमाथि बुद्धि एवं दयापूर्वक शासन गर्दथे, र यसै कारणले गर्दा उनको देश समृद्ध तथा शान्तिपूर्ण थियो । उनी सदैव झन् बढी प्रज्ञा एवं ज्ञानको खोजी गर्दथे; उनले त्यस्तो व्यक्तिलाई पुरस्कार पनि दिन्थे जसले उनलाई योग्य उपदेशकहरूकहाँ पुर्याउँथ्यो ।

उनको उपासना तथा प्रज्ञाप्रति अन्ततोगत्वा देवताहरूको ध्यान गयो, तर उनीहरूले उनको जाँच गर्ने निर्णय गरे । एउटा देवता राक्षसको भेष लिएर राजाको दरवारको ढोकामा पुगे र उनले एक पवित्र उपदेश दिनु छ भनी राजा समक्ष उनलाई लगियोस् भनी आग्रह गरे ।

राजाले प्रसन्नतापूर्वक उनको सन्देश विनम्रतापूर्वक सुन्न इच्छुक भई उनलाई उपदेश दिन भनी आग्रह गरे । राक्षसले भयंकर रूप धारण गऱ्यो र भोजनको माग गऱ्यो अनि भन्यो—मनपराएको खाना नखाउन्जेलसम्म उसले उपदेश दिन सक्दैन । राक्षसका समक्ष राम्रा राम्रा भोजन राखियो, तर उसले मनुष्यको ताजा मासु र रगत खाने हठ गऱ्यो । युवराजले आफ्नो शरीर राक्षसलाई दिए र रानीले पनि आफ्नो शरीर दिइन्, तैपनि राक्षस तृप्त भएन र उसले राजाको शरीरको माग गऱ्यो ।

राजाले आफ्नो शरीर दिन तयार भएको विचार व्यक्त गरे, तर उनले भने, आफ्नो शरीर दिनु भन्दा अघि उनले उपदेश सुन्न पाउनु पर्दछ ।

तत्कालै देवताले यो बुद्धिमत्तापूर्ण उपदेश दिए:— "विलापको उत्पत्ति लालसाबाट हुन्छ र त्रासको उत्पत्ति लालसाबाट हुन्छ । जसले आफ्नो लालसाको परित्याग गर्दछन्, उनीहरूले न त विलाप गर्नु पर्दछ न त त्रासमा नै पर्नु पर्दछ ।" तत्कालै देवताले आफ्नो सही रूप धारण गरे तथा राजकुमार र रानीपनि उनीहरूको आफ्नो रूपमा प्रकट भए ।

७. कुनै समय सत्यमार्गको एक अन्वेषक हिमालयमा बस्दथे । उनले पृथ्वीको सबै सम्पत्ति तथा स्वर्गको सबै आनन्दको समेत कुनै वास्ता गर्दैनथे तर उनले त्यो उपदेश खोज्दथे जसले सबै मानसिक मोहहरू हटाउन सकोस् ।

ती मानिसको एकाग्रता तथा निष्कपटता देखर देवताहरू बडा प्रभावित भए तथा उनको मन जाँचने निर्णय गरे । तसर्थ, देवतामध्ये एक देवताले राक्षसको भेष धारणा गरेर हिमालयमा यसरी गाउँदै प्रकट भए :

"प्रत्येक वस्तुको परिवर्तन हुन्छ, प्रत्येक वस्तु प्रकट हुन्छ र प्रत्येक वस्तुको लय हुन्छ ।"

ज्ञानको खोजी गर्नेले यो गीत सुने जसले उनलाई सारै आनन्दित पार्‍यो । उनले आफ्नो प्यास मेट्न शीतल जलको एक स्रोत पाउँदा आनन्दित भए सरह अथवा एउटा कमारोले आफ्नो बन्धनबाट अकस्मात् मुक्त हुँदा आनन्दित भए सरह सारै आनन्दित भए । उनले आफैंसित भने, "अन्त्यमा मैले त्यो उपदेश पाएँ जसको खोजीमा म यतिको समयदेखि लागी राखेको थिएँ । उनी त्यस आवाजको पछि पछि लागे र अन्त्यमा त्यो डर लाग्दो राक्षसनिर आई पुगे । चिन्ताकुल मनले उनी राक्षसनिर गएर भने : "के मैले भर्खरै सुनेको पवित्र गीत तिमीले नै गाएका हौ ? यदि तिमीले नै हो भने, त्यो गीत अरू गाऊ ।"

राक्षसले उत्तर दियो : "हो, त्यो गीत मैले नै गाएको हूँ, तर म ज्यादै भोकाएको हुँदा, केही खान नपाई म अरु गाउन सक्दिन ।"

ती मानिसले उसलाई अरु गाउन बडो उत्सुकतापूर्वक आग्रह गरे र भनेः– "त्यो गीतको मेरा निमित्त बडो पवित्र अर्थ छ र मैले यसको उपदेश धेरै कालदेखि खोजी राखेको थिएँ । मैले यसको अंश मात्र सुन्न पाएँ, कृपा गरी यसको अरू अंश पनि मलाई सुनाई दिनुस् ।"

राक्षसले फेरि भन्यो : "म ज्यादै भोकाएको छु, तर यदि मैले कुनै मानिसको तात तातो मासु र रगत चाख्न पाएँ भने गीत पूरा सुनाउने छु ।"

ती मानिसले उपदेश सुन्ने उत्सुकतामा उपदेश सुनी सकेपछि राक्षसले

उनको शरीर खाए हुन्छ भनी वचन दिए । त्यसपछि राक्षसले पूरा गीत गायो :–

प्रत्येक वस्तुको परिवर्तन हुन्छ
प्रत्येक वस्तु प्रकट हुन्छ र लय हुन्छ;
त्यहाँ पूर्ण शान्ति हुन्छ
जहाँ मानिस जीवन र निर्वाण भन्दा माथि उठ्दछ ।

यो सुनेर, त्यस मानिसले, सो गीत वरिपरिका चट्टान तथा रुखहरू-माथि लेखेर, विस्तारै एउटा रुखमाथि चढ्यो र त्यहाँबाट आफू तल राक्षसको खुट्टामा झोम्मियो, तर राक्षस त्यहाँबाट बिलाई सकेको थियो र उसको ठाउँमा एउटा देदीप्यमान देवताले उसलाई कुनै शारीरिक हानि हुन नदी आफ्नो हातमा थापे ।

८. कुनै समय ज्ञान मार्गको एक निष्कपट अन्वेषक थियो जसको नाम सदप्ररुदित थियो । ऊ आफ्नो जीवनलाई संकटमा पारेर पनि लाभ र सम्मानको प्रलोभनलाई परित्याग गरी सन्मार्ग प्राप्त गर्न खोज्दथ्यो । एक दिन स्वर्गबाट आएको एक आवाजले उसलाई भन्यो : "सदप्ररुदित ! तिमी सोझै पूर्वतिर जाऊ ! तिमी गर्मी र जाडोका सम्बन्धमा विचार नगर, सांसारिक प्रशंसा तथा भर्त्सनाप्रति कुनै ध्यान नदेऊ, असल अथवा कमलसको विभेदमा नफँस, केवल पूर्वको बाटो लागि राख । सुदूर पूर्वमा तिमीले एक सच्चा उपदेशक भेट्ने छौ र अनि ज्ञान प्राप्त गर्ने छौ ।"

यो निश्चित निर्देशन पाएर सदप्ररुदित ज्यादै प्रसन्न भए र तत्कालै पूर्व तर्फको यात्रा प्रारम्भ गरे । कहिके काहीं जब रात पर्दथ्यो उनी कुनै निर्जन मैदान अथवा अनकण्टारको पर्वतमा वास बस्दथे । विरानो भूमिमा विदेशी भएको हुँदा उनलाई धेरै अपमान सहनु पर्‍यो; एक पल्ट उनले

आफूलाई कमाराका रूपमा विक्री गरे, तथा भोकले गर्दा आफ्नै मासुसम्म बेचे, तर अन्त्यमा उनले सच्चा उपदेशक भेट्टाए र उपदेशको लागि आग्रह गरे ।

एउटा उखान छ, "असल वस्तुहरू वहुमूल्य हुन्छन्," र सदप्ररुदितले आफ्नो सम्बन्धमा यो कुरा सत्य पाए, किन भने उनले सन्मार्गको खोजीमा उनलाई धेरै कठिनाई भोग्नु पर्‍यो । उनीसित उपदेशकलाई चढाउने फूल अथवा धूप किन्न कुनै पैसा थिएन । उनले आफ्नो सेवा विक्री गर्ने प्रयत्न गरे र उनलाई काममा लगाउने कोही पाएनन् । कुनै दुष्टात्माले उनी जतातिर फर्के पनि वाधा पुर्‍याई राखेको थियो जस्तो देखिन्थ्यो । ज्ञान प्राप्तिको मार्ग ज्यादै कठिन छ, यसका निमित्त मानिसको जीवन सर्वस्व पनि हुन सक्दछ ।

अन्ततोगत्वा, सदप्ररुदित उपदेशकका समक्ष स्वयं पुगे तैपनि उनका सामु एक नया संकट आई पुग्यो । उपदेशकको उपदेश टिप्न उनीसित कागज थिएन, न त लेख्ने कुची न त मसी नै थियो । अनि उनले आफ्नो नाडीमा प्वाल पारे तथा आफ्नो रक्तले उपदेश टिपे । यसरी उनले बहु-मूल्य सत्य प्राप्त गरे ।

९. कुनै समय सुधान नाम गरेको एक केटो थियो जसले ज्ञान प्राप्त गर्ने इच्छा गर्‍यो तथा एकाग्रतापूर्वक सन्मार्गको खोजी गर्‍यो । एउटा मछुवाबाट उसले समुद्र सम्बन्धी विद्या सीक्यो । एउटा चिकित्सकबाट उसले विरामी मानिसहरूको दुःखप्रति करुण हुनु पर्ने कुरा सिक्यो । एउटा धनीबाट उसले एक एक पैसा वचाउनु नै उसको सम्पत्तिको रहस्य हो

भन्ने बुझेर उसले ज्ञानको मार्गमा प्रत्येक साना तिना उपलब्धिको संरक्षण गर्नु कति आवश्यक हो भन्ने कुरा विचार गर्‍यो ।

ध्यानमग्न एउटा भिक्षुबाट उसले विशुद्ध र शान्तिपूर्ण मनले अन्य मनहरूलाई शुद्ध र शान्त गर्न सक्ने अलौकिक शक्ति भएको कुरा थाहा पायो । एक पल्ट उसले एक असाधारण व्यक्तित्व भएकी महिला भेट्यो र उनको दानशील भावनाबाट प्रभावित भयो र उनीबाट दान नै प्रज्ञाको फल हो भन्ने कुरा सिक्यो । एक पल्ट उसले एउटा घुमन्ते बूढो भेट्यो जसले उसलाई कुनै एउटा ठाउँमा पुग्न उसले तरवारहरूको पर्वत चढ्न पर्ने एवं अग्निको उपत्यकाबाट हिंड्नु पर्ने कुरा बतायो । यसरी सुधानले आफ्नो अनुभवबाट, कसैले पनि देख्ने अथवा सुन्ने कुरामा सत्य उपदेश हुन्छ भन्ने तथ्य थाहा पायो ।

एक शारीरिक रूपबाट अपूर्ण तथा निर्धन नारीबाट उसले धैर्यको कुरा सिक्यो, सडकमा खेली राखेका केटाकेटीहरू देखेर उसले सरल आनन्दको कुरा सिक्यो; केही भद्र तथा विनम्र मानिसहरूबाट, जसले अरुले चाहना गर्ने कुरा पनि चाहना गर्दैन थे, उसले सम्पूर्ण संसारसित कसरी शान्तिसाथ बस्ने भन्ने रहस्य सिक्यो ।

धूपको तत्वहरूको सम्मिश्रण हेरेर उसले एकताको पाठ सिक्यो, र फूलहरूको रचनाबाट कृतज्ञता दर्शनको पाठ सिक्यो । एक दिन एउटा जंगलबाट जाँदा ऊ एउटा अग्लो रुख मुनि थकाई मार्न बस्यो र नजिकै एउटा सडेको रुखबाट बीज पुनः उम्री राखेको देख्दा उसले जीवनको अनिश्चितताको पाठ सिक्यो ।

दिनमा सूर्य ज्योति तथा रातीका टल्कने ताराहरू उसको भावनालाई निरन्तर ताजा बनाई राख्दथे । त्यसरी सुधानले आफ्नो लामो यात्राको अनुभवबाट लाभ उठायो ।

वास्तवमा, जो ज्ञान प्राप्त गर्न चाहन्छन् उनीहरूले आफ्नो मनलाई गढका रूपमा विचार गर्नु पर्दछ र तिनलाई सुसज्जित गर्नु पर्दछ । उनीहरूले गढरूपी आफ्नो मनको ढोका बुद्धका निमित्त सम्पूर्ण रूपले खुला राख्नु पर्दछ, एवं उनलाई सम्मान तथा विनम्रतापूर्वक भित्रसम्म आउन आमन्त्रित गर्नु पर्दछ र त्यहाँ उनलाई विश्वासको सुगन्धित धूप तथा कृतज्ञता एवं हर्षको पुष्प चढाउनु पर्दछ ।

२

अभ्यासका मार्गहरू

१. ती व्यक्तिहरू जो ज्ञानको खोजी गरी राखेका छन् तिनकानिमित्त अभ्यासका तीन मार्ग छन्, जसलाई बुझ्नै पर्दछ र पालन गर्नै पर्दछ । प्रथम व्यावहारिक आचारको शील, द्वितीय, सभ्यक् समाधि, र तृतीय प्रज्ञा ।

शीलहरू के हुन् ? प्रत्येक व्यक्ति, चाहे जो त्यो साधारण मनुष्य होस् अथवा मार्गको खोजी गर्ने व्यक्ति होस्, उसले सदाचारका नियमहरू पालन गर्नु पर्दछ । उसले आफ्नो मन र शरीर दुबैलाई नियन्त्रणमा राख्नु पर्दछ र आफ्ना पांचै इन्द्रियका ढोकाहरूको रक्षागर्नु पर्दछ । उसले सानो तिनो पापसित पनि डराउनु पर्दछ र प्रत्येक क्षण उसले असलकार्यहरू मात्र अभ्यास गर्ने प्रयत्न गर्नु पर्दछ ।

समाधि भनेको के हो ? यसको अर्थ लोभी र दुष्ट तृष्णाहरू उठना साथ तिनबाट यथाशीघ्र टाढा हुनु एवं मनलाई पवित्र र शान्त राख्नु हो।

प्रज्ञा के हो ? प्रज्ञा हो, चार आर्य सत्यहरूलाई पूर्णरूपले बुझ्नु तथा धैर्य पूर्वक स्वीकार गर्नु–दुःखको तथ्य र त्यसको प्रकृति बुझ्नु, दुःखको मुहान थाहा पाउनु ; दुःख निरोध के हो भनी थाहा पाउनु ; तथा त्यो आर्य मार्ग थाहा पाउनु जसले दुःख निरोधको बाटो देखाउँछ ।

जुन व्यक्तिहरू यी तीन सदाचारमार्ग एकाग्रचित्तले पालन गर्दछन् तिनलाई बुद्धका शिष्य भन्न सकिन्छ ।

एउटा गधा,जसको गाईको जस्तो न त राम्रो रूप छ,न आवाज छ न त सिङ नै छ, ऊ गाईको एउटा बथान पछि पछि हिंड्दै ठूलो स्वरमा यो भन्दै गरेको होस, "हेर, म पनि एउटा गाई हुँ ।" के कसैले उसलाई विश्वास गर्न सक्दछ ? ठीक त्यस्तै प्रकारले कुनै पनि व्यक्ति जसले अभ्यासका यी तीन सन्मार्ग पालन गर्दैन, त्यसले म सन्मार्गको खोजी गर्ने हुँ अथवा म बुद्धको शिष्य हुँ भनी गर्व गर्नु त्यत्तिकै मूर्खता पूर्ण कुरा हो ।

कुनै पनि किसानले हेमन्त ऋतुमा बाली संग्रह गर्नु भन्दा अघि उसले सब भन्दा पहिले खेत खन्नु पर्दछ, बिउ छर्नु पर्दछ, पानी पटाउनु पर्दछ, र वसन्तमा खेतमा उम्रेका झारपात टिपेर फाल्नु पर्दछ । ठीक त्यसै प्रकारले ज्ञान प्राप्त गर्न खोज्ने व्यक्तिले अभ्यासका तीन सदाचार पालन गर्नै पर्दछ । कुनै पनि किसान आज कोपिला, भोलि बिरुवा र पर्सी बाली संग्रह गर्ने कुराको

आशा गर्न सक्दैन । त्यस्तै प्रकारले ज्ञान प्राप्त गर्न खोज्नेले आज सांसारिक तृष्णा परित्याग गरेर, भोलि आसक्ति तथा पापपूर्ण तृष्णाहरू परित्याग गरेर एवं पर्सी पल्ट ज्ञान प्राप्त गर्ने आशा गर्न सक्दैन ।

जसरी किसानले बिउ छरेपछि उम्रने विरुवाको, हाँवा पानीको परिवर्तनको समयमा र बिरुवाबाट फलमा परिणित हुने अवस्थामा, बिरुवालाई धैर्यपूर्वक स्याहार गर्दछ, त्यसै गरी ज्ञानको प्राप्ति गर्न खोज्ने व्यक्तिले अभ्यासको तीन मार्ग पालन गरेर ज्ञानको बाटोलाई धैर्यपूर्वक एवं अनवरत प्रयास गरेर जोत्नु पर्दछ ।

२. ज्ञानको मार्गमा अघि बढ्न त्यस बेलासम्म कठिन हुन्छ जबसम्म कुनै पनि व्यक्ति आनन्द तथा विलासकाप्रति लोलुप रहन्छ एवं उसको मनलाई इन्द्रियहरूका तृष्णाहरूले विचलित पारी राख्दछन् । जीवनको आनन्द र सन्मार्गको आनन्दमा एक ठूलो अन्तर छ ।

जस्तो व्याख्या गरिसकिएको छ, मन नै सबै वस्तुहरूको मुहान हो । यदि मनले सांसारिक विषयहरूमा आनन्द मनाउँछ भने मोह र दुःख अवश्यंभावी रूपले पछि पछि आउँछन्, तर यदि मनले सन्मार्गको आनन्द मनायो भने सुख, सन्तोष र ज्ञान निश्चय पनि पछि पछि आउँछ ।

तसर्थ, जसले ज्ञान प्राप्त गर्न खोज्दछन् उनीहरूले आफ्नो मनलाई विशुद्ध राख्नु पर्दछ, एवं तीन मार्गहरूको अभ्यास धैर्य पूर्वक गरी

राख्नु पर्दछ। यदि उनीहरूले यी नियमहरू पालन गरे भने उनीहरूले मनको एकाग्रता स्वाभाविक रूपले पाउन सक्दछन् ; र यदि उनीहरूले मनको एकाग्रता प्राप्त गरे भने उनीहरूले प्रज्ञा प्राप्त गर्नु त्यत्तिकै स्वाभाविक हुन्छ, तथा प्रज्ञाले उनीहरूलाई ज्ञानको मार्ग तर्फ लग्ने छ।

यी तीन मार्गहरू (शील पालन गर्ने, मनको एकाग्रताको साधना गर्ने र सदैव प्रज्ञापूर्वक कार्य गर्ने) ज्ञान प्राप्तिका निमित्त सच्चा मार्ग हुन्।

यी तीन मार्गहरूको पालन नगरेर नै, मानिसहरूले धेरै कालदेखि मानसिक मोहको संग्रह गरी राखेका छन्। उनीहरूले सांसारिक व्यक्तिहरू-सित वादविवाद गर्नु हुन्न, तर ज्ञान प्राप्त गर्नका निमित्त विशुद्ध मनको आन्तरिक हृदयमा धैर्यपूर्वक ध्यान गर्नु पर्दछ।

३. यदि अभ्यासका तीन मार्गको विश्लेषण गरियो भने, तिनले आर्य-अष्टांगिक मार्ग, विचार गरिनु पर्ने चार दृष्टिकोण, चार सत्य प्रणाली, प्रयोग गरिनुपर्ने पांच इन्द्रियाशक्तिहरू एवं छ अभ्यासहरूको पूर्णता प्रकट गर्ने छन्।

आर्य अष्टांगिक मार्ग भनेको, सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीव, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि हुन्।

सम्यक् दृष्टिको अर्थ चार आर्यसत्यहरूलाई स्पष्ट रूपले बुझ्नु हो, वस्तुहरूको सत्य रूप निरूपण गरी, हेतु र फलको नियममा विश्वास गर्दै दृष्य वस्तु एवं तृष्णाको धोकामा नपर्नु हो।

सम्यक् संकल्प भनेको तृष्णा नलिने कुरामा दृढ निश्चयी हुनु, लोभी नहुनु, नरिसाउनु तथा कुनै हानिकारक कार्य नगर्नु हो ।

सम्यक् वचन भनेको मिथ्याको, व्यर्थका शब्दहरूको, अपशब्दहरूको, एवं दुइ–जिब्रे क्रियाको परित्याग गर्नु हो ।

सम्यक् कर्मान्त भनेको कुनै जीव नाश नगर्नु, चोरी नगर्नु र परस्त्री-गमन नगर्नु हो ।

सम्यक् आजीव भनेको मानिसलाई कलंकित गर्ने जीवनको परित्याग गर्नु हो ।

सम्यक् व्यायाम भनेको सत्य दिशा तर्फ अत्यन्त परिश्रमपूर्वक प्रयत्न गर्नु हो ।

सम्यक् स्मृति भनेको विशुद्ध र विवेकी मन कायम गर्नु हो ।

सम्यक् समाधि भनेको मनलाई एकाग्रताका निमित्त विशुद्ध र शान्त राखी मनको सारतत्व प्राप्त गर्नु हो ।

४. विचार गरिनु पर्ने चार दृष्टिकोणहरू यस प्रकार छन् : पहिलो, शरीरलाई अपवित्र भन्ने विचार गरी यसकाप्रति भएका सबै आसक्तिहरू-

को परित्याग गर्ने विचार गर्नु । दोस्रो, इन्द्रियहरूलाई दु:खको मुहान मान्नु, उनीहरूको वेदना र आनन्दको अनुभूति जस्तो सुकै भए तापनि । तेस्रो, मनलाई निरन्तर परिवर्तनको अनुक्रममा रहेको भन्ठान्नु । चौथो, यस संसारमा सबै कुरा हेतु र परिस्थितिहरूकाप्रतिकूल हुन् एवं कुनै कुरा पनि परिवर्तन नभई सदैव रहन सक्दैन भन्ने ठान्नु ।

५. चार सत्य प्रणालीहरू यस प्रकार छन् :– पहिलो, पापको प्रारम्भ हुनुभन्दा अघि यसलाई रोक्नु । दोस्रो, सबै पापको प्रारम्भ हुनासाथ त्यसको परित्याग गर्नु । तेस्रो, असल कार्य गर्न प्रवृत्त गर्नु । चौथो, प्रारम्भ भइसकेको असफल कार्यलाई विकसित गर्ने एवं चालू राख्ने कुरालाई प्रोत्साहित गर्नु। प्रत्येक व्यक्तिले यी चार प्रणालीको प्रयत्न गर्नु पर्दछ ।

६. शक्तिका पांच क्षमता भनेका यी हुन् : पहिलो, विश्वासमा आस्था दोस्रो, प्रयत्न गर्ने संकल्प, तेस्रो विश्वसनीय स्मरण शक्तिको क्षमता, चौथो मनको एकाग्रताको सामर्थ्य, र पांचौं, स्पष्ट प्रज्ञा कायम राख्ने क्षमता । ज्ञान प्राप्तिका निमित्त यी पांचै क्षमता आवश्यक शक्ति हुन् ।

७. ज्ञानको अर्को किनारमा पुग्ने छ अभ्यासका पूर्णताहरू यस प्रकार छन् :– दानको मार्ग, शीलको मार्ग, सहनशीलताको मार्ग, प्रयत्नको मार्ग, समाधिको मार्ग तथा प्रज्ञाको मार्ग । यी मार्गको अनुसरण गरेर कुनै पनि व्यक्तिले निश्चय नै मोहको किनार पारीतरी ज्ञानको किनारमा पुग्न सक्दछ ।

दानको आचारले स्वार्थलाई परित्याग गर्दछ ; शीलको आचारले व्यक्तिलाई अरु व्यक्तिको अधिकार तथा सुविधाप्रति ध्यान दिने बनाउँछ; शहनशीलताको आचार त्रस्त र रोषपूर्ण मनलाई नियन्त्रणमा राख्न सहायक हुन्छ; प्रयत्नको आचार कसैलाई पनि परिश्रमी र विश्वासी हुन सहायक हुन्छ ; समाधिको आचार रुमल्लिएको तथा तुच्छ मनलाई नियन्त्रण गर्न सहायक हुन्छ ; प्रज्ञाको आचारले अन्धकारमय तथा आकुल मनलाई स्पष्ट तथा परिज्ञानको मर्म बुझ्नेमा परिणत गरी दिन्छ ।

दान र शील भनेको एक ठूलो गढ बनाउन आवश्यक जग जस्तै हुन् । सहनशीलता तथा विश्वास भनेको त्यस गढका पर्खाल सरह हुन् जसले वाह्य शत्रुहरूबाट रक्षा गर्दछन् । समाधि तथा प्रज्ञा भनेका ती व्यक्तिगत कवच हुन् जसले जीवन र मरणको आक्रमणबाट रक्षा गर्दछन् ।

यदि कसैले सुविधा भएको बेलामा मात्र दान दिन्छ, अथवा दान नदिनु भन्दा दान दिनु सजिलो हो भनी दान दिन्छ भने, त्यो दान त हो तर सच्चा दान भने होइन । सच्चा दान भनेको त्यो दान हो जो, कुनै याचना हुनु भन्दा अघि नै सहानुभूतिपूर्ण हृदयद्वारा खुला रूपले दिइन्छ, एवं सच्चा दान कहिले कहीं मात्र दिइने होइन, यो निरन्तर दिइन्छ ।

त्यो पनि सत्य दान होइन जो दान दिइएपछि पश्चात्ताप अथवा आत्म-प्रशंसाको भावना जगाउँछ, सच्चा दान त आनन्दसाथ दिइन्छ, दाताले दान पाउने एवं दान समेतलाई बिर्सिन्छ ।

सच्चा दान करुणापूर्ण पवित्र हृदयबाट स्वेच्छापूर्वक उत्पन्न हुन्छ र यसले कुनै प्रतिफलको आशा गर्दैन, केवल ज्ञानको जीवनमा संगसंगै प्रवेश गरूँ भन्ने इच्छा राख्दछ ।

८. कुनै समय सत्व नाम गरेका एक राज कुमार थिए । एक दिन उनी र उनका दुई दाजुहरू जंगलमा खेल्न गए । त्यहाँ उनले एउटा बुभुक्षित बघिनी देखे, जो आफ्नो भोक मेट्न भर्खरै जन्मेका सात डमरुहरू निल्न चाहन्थी ।

दाजुहरू भने डरले त्यहाँबाट भागे तर सत्वले साना डमरुहरूको प्राण बचाउन एक ठाडो भीर चढी त्यहाँबाट बघिनी तर्फ आफूलाई फ्याँके ।

राजकुमार सत्वले यो दानशील कार्य स्वेच्छापूर्वक गेर तर उनको मनमा उनी विचार गरी राखेका थिए :–"यो शरीर परिवर्तनशील र अनित्य छ । मैले यो शरीरलाई फ्यांक्ने विचारले माया गरेको होइन, तर मैले अहिले बघिनीका समक्ष गर्न लागेको आहुति मैले ज्ञान प्राप्त गरुँ भनेर हो ।" राजकुमार सत्वको मनमा उठेको यो विचार ज्ञान प्राप्त गर्न देखाइएको सच्चा दृढ निश्चयका रूपमा प्रकट हुन्छ ।

९. ज्ञानको प्राप्ति गर्न खोज्नेले चार असीमित मनस्थितिको उपासना

गर्नु पर्दछ। ती हुन् करुणा, कोमलता, संतोष र समभाव। कसैले पनि करुणाको उपासना गरेर लोभको परित्याग गर्न सक्दछ; कोमलताले रोष हटाउन सक्दछ; सन्तोषले दुःख हटाउन सक्दछ, समभावले मनको उपासना गरेर शत्रु र मित्रमा भेद गर्ने स्वभाव हटाउन सक्दछ।

मानिसहरूलाई सुखी र सन्तुष्ट गर्न खोज्नु ठूलो करुणाको कुरा हो, मानिसहरूलाई सुखी र सन्तुष्ट नराख्ने प्रत्येक कुरा हटाउनु ठूलो कोमलता हो; सबैलाई आनन्दको मनले सुखी र सन्तुष्ट देख्नु ठूलो सन्तोषको कुरा हो; सबै व्यक्ति जब सुखी र सन्तुष्ट हुन्छन् त्यसबेला ठूलो शान्ति हुन्छ, र त्यस बेला सबैमा प्रत्येक व्यक्तिकाप्रति समान भावना हुन्छ।

कुनै पनि व्यक्तिले सावधानीपूर्वक यी चार असीमित मनस्थितिहरूको उपासना गर्न सक्दछ र लोभ, दोष, दुःख तथा प्रेम–घृणाको मनस्थिति परित्याग गर्न सक्दछ, तर यो गर्न सक्नु सजिलो कुरा छैन। कुनै पनि कुत्सित मनलाई हटाउनु पाले कुकुरलाई हटाउनु जस्तै कठिन हुन्छ र सही मनलाई हराउनु त्यत्तिकै सजिलो हुन्छ जत्ति कुनै जंगलमा एउटा हरिन हराउनु; अथवा एउटा कुत्सित मन हटाउनु भनेको पत्थरमा कुंदिएको अक्षर मेटाउनु जस्तै कठिन हो, र सही मन हराउनु त्यत्तिकै सजिलो हुन्छ जति पानीमा लेखिएको अक्षर हराउनु। निश्चय नै, ज्ञानको साधनामा आफूलाई मेटाउनु जस्तै कठिन हो, र सही मन हराउनु त्यत्तिकै सजिलो हुन्छ जति पानीमा लेखिएको अक्षर हराउनु। निश्चय नै, ज्ञानको साधनामा आफूलाई लगाउनु, जीवनमा एक अत्यन्त कठिन कुरा हो।

१०. एक युवक जसको नाम स्रोन थियो, उनको जन्म एक सम्पन्न परिवारमा भएको थियो, तर उनी रोगी थिए। ज्ञान प्राप्त गर्नका निमित्त उनी वडा उत्सुक थिए एवं उनी भगवान् बुद्धका शिष्य भए। यसका निमित्त उनले सार कडा परिश्रम गरे जसले गर्दा उनको खुट्टाबाट रगत बग्यो।

भगवान् बुद्धले उनीमाथि अनुकंपा गरी भन्नु भयो: "स्रोन, मेरो नानी, के तिमीले कहिल्यै घरमा वीणा बजाउन सिकेका छौ ? तिमीलाई थाहा होला यदि वीणाको तार ज्यादै कस्यो अथवा ज्यादै खुकुलो पा-यो भने वीणाबाट संगीत बज्दैन। तारहरूलाई ठिक्क तान्यो भने मात्र यसबाट संगीत निस्कन्छ।

"ज्ञान प्राप्तिको साधना पनि वीणाको तार मिलाउनु जस्तै हो। तिमीले आफ्नो मनको तारलाई ज्यादै खुकुलो गरी अथवा ज्यादै कडा गरी तान्यौ भने तिमीले ज्ञान प्राप्त गर्न सक्दैनौ। तिमी विवेकी हुनु पर्दछ र बुद्धिमत्ता-पूर्वक कार्य गर्नु पर्दछ।"

स्रोनले यी शब्दहरूलाई ज्यादै लाभप्रद पाए तथा अन्त्यमा उनले जे खोजी गरेका थिए सो प्राप्त गरे।

११. कुनै समय एक राजकुमार थिए जो पांच अस्त्रको प्रयोग गर्नमा दक्ष थिए। एक दिन उनी आफ्नो अभ्यास पछि घर फर्कंदै थिए र बाटोमा उनले अभेद्य छाला भएको एक राक्षस भेटे।

राक्षसले उनलाई झस्कायो तर उनी केहिलेयनि तर्सेनन्। उनले उसमाथि एउटा वाण छाडे तर त्यसले कुनै हानि पु-याउन सकेन। अनि उनले आफ्नो भालाले रोप्न खोजे तर त्यसले बाक्लो छाला छेड्न सकेन। त्यसपछि उनले लाठो र बर्छीले हाने तर त्यसले पनि राक्षसलाई चोट पु-याउन सकेन। अनि उनले आफ्नो तरवारले हिर्काए तर तरवार टुक्रियो। राजकुमारले राक्षसलाई आफ्नो हात र खुट्टाले हिर्काए तर त्यसले केही पनि भएन बरू उल्टो राक्षसले

आफ्नो ठूलो हातले राजकुमारलाई आफ्नो मुठ्ठी भित्र बेसरी अंठ्यायो। अनि राजकुमारले आफ्नो शिरलाई नै अस्त्रको रूपमा प्रयोग गर्ने प्रयत्न गरे तर त्यो पनि व्यर्थ भयो ।

राक्षसले भन्यो: "तिमीले प्रतिरोध गर्नु व्यर्थ हो, अब म तिमीलाई निल्नेछु," तर राजकुमारले उत्तर दिए, "मैले सबै अस्त्र प्रयोग गरी सकें र अब म निःसहाय छु भनी तिमीले भन्ठान्न सक्ने छौ, तर मसित अझै एउटा अस्त्र बांकि छ। यदि तिमीले मलाई निल्यौ भने, म तिम्रो पेट भित्रबाट तिमीलाई नष्ट पार्ने छु ।"

राजकुमारको साहसले राक्षसलाई विचलित पार्‍यो र उनलाई प्रश्न गर्‍यो: " तिमीले यो कसरी गर्न सक्ने छौं ? " राजकुमारले उत्तर दिए, "सत्यको शक्तिले ।"

त्यस पछि राक्षसले उनलाई मुक्त गरी दियो र सत्यको शिक्षाका निमित्त उनीसित अनुरोध गर्‍यो ।

यस कथाको उपदेश हो, शिष्यहरूलाई कैयन् आपत् विपद्मा पनि निर्भिक भई आफ्नो प्रयत्नलाई अनवरत तुल्याउंदै ज्ञान प्रोत्साहित गर्नु ।

१२. निन्द्य आत्म–वचन एवं निर्लज्जता दुवैले मानव समाजमा वैमनष्य उत्पन्न गर्दछ, तर असम्मान र लज्जाले मानवको रक्षा गर्दछ। मानिसहरूले आफ्ना माता–पिता तथा मान्यजनको सम्मान गर्दछन्, आफ्ना दाजु र दिदीहरूको सम्मान गर्दछन्, किन भने उनीहरू असम्मान तथा लज्जाप्रति सचेत हुन्छन् । आत्म विचार पछि आफ्नो सम्मानलाई आफूबाट निग्रह गर्नु र अरुलाई देखदा लाज मान्नु योग्य कुरा हो ।

यदि कुनै मानिसमा पश्चात्ताप गर्ने भावना छ भने उसका पापहरू बिलाएर जान्छन्, तर यदि पश्चात्ताप नगर्ने भावनाको व्यक्ति छ भने उसका पापहरू कायमै रहन्छन् र उसलाई सदाकालकानिमित्त दोषी ठहराउँछन् ।

त्यस व्यक्तिले मात्र जसले सत्य उपदेशलाई ठीक ठीक सुनेको हुन्छ र जसले यसको अर्थ र त्यसको आफूसितको सम्बन्धलाई बुझेको हुन्छ, उसले मात्र यसलाई ग्रहण गरी यसबाट लाभ उठाउन सक्दछ ।

यदि कुनै मानिसले सत्य उपदेश सुन्दछ मात्र, तर त्यसलाई ग्रहण गर्दैन भने, उसले ज्ञान प्राप्तिको अन्वेषणमा सफलता हासिल गर्ने छैन ।

विश्वास, विनम्रता, लज्जा, प्रयत्न र प्रज्ञा त्यस व्यक्तिका निमित्त शक्तिका महान् मुहान हुन् जसले ज्ञान प्राप्तिको खोजी गर्दछ । उपरोक्त मध्ये प्रज्ञा सबभन्दा महती हो र अरु सबै प्रज्ञाका पक्षहरू मात्र हुन् । अभ्यासको मार्गमा रहेको व्यक्तिले यदि सांसारिक विषय मन पराउँछ भने, व्यर्थका कुरा गर्न आनन्द मनाउँछ भने, सुन्दछ भने, ऊ ज्ञानको मार्गबाट वंचित गरिने छ ।

१३. ज्ञान प्राप्तिको साधनामा कसै कसैले अरु भन्दा छिटो सफलता प्राप्त गर्न सक्ने छन् । तसर्थ, अरुले आफू भन्दा अघि ज्ञान प्राप्त गरेको देख्दा आफूमा निरुत्साह आउनु हुन्न ।

यदि कसैले धनुर्विद्याको अभ्यास गर्दछ भने, उसले छिटै छिटै सफलता प्राप्त गर्न सक्ने आशा राख्दैन तर यदि उसले धैर्यपूर्वक अभ्यास गर्दै रह्यो भने, ऊ दिन प्रति दिन बढी अचूक हुँदै जाने छ । कुनै पनि नदी पहिले एउटा सानो खोलाबाट प्रारम्भ हुन्छ र बढ्दै जान्छ र अन्त्यमा विशाल महासागरमा मिसिन पुग्दछ ।

यी उदाहरणहरू सरह, यदि कसैले धैर्य पूर्वक र अनवरत साधना गर्दछ भने, उसले निश्चय पनि ज्ञान प्राप्त गर्ने छ ।

जस्तो स्पष्ट गरी सकिएकोछ, यदि कसैले आफ्नो दृष्टि खुला राख्यो भने, उसले जता ततै उपदेश सुन्ने छ र यसरी उसको ज्ञान प्राप्तिका अवसरहरू असीमित हुने छन् ।

कुनै समय एक व्यक्तिले धूप बाली राखेको थियो । उसले देख्यो, वास्ना नत आई राखेको थियो नत गई राखेको थियो नत प्रकट भई राखेको थियो न बिलाई राखेको थियो । यो साधारण घटनाबाट उसले ज्ञान प्राप्त ग-यो।

कुनै समय एउटा मानिसको खुट्टामा कांडा बिझ्यो । उसलाई सारै दुख्यो र उसको मनमा विचार आयो, वेदना भनेको त मनको प्रतिक्रिया मात्र हो । त्यस घटनाबाट उसमा झन् गम्भीर विचार आयो, यदि कसैले मनको नियन्त्रण गर्न सकेन भने त्यो अनियन्त्रित हुने छ, तर कसैले यसको नियन्त्रण गर्न सफल भयो भने यो विशुद्ध भएर आउने छ । यी विचारहरूबाट, केही काल पछि; उसले ज्ञान प्राप्त गऱ्यो ।

एउटा अर्को व्यक्ति थियो जो सारै कृपण थियो । एक दिन उसले आफ्नो लोभी मनका सम्बन्धमा सोच्दा सोच्दै उसमा एक यस्तो विचार जागेर आयो–लोभी विचारहरू भनेको काठका त्यान्द्रा र छ्याकनहरू हुन् जसलाई प्रज्ञाले जलाएर भष्म गर्न सक्दछ । यो विचार उसको ज्ञानको प्रारम्भ थियो ।

एउटा पुरानो उखान छ :– "तिम्रो मनलाई सन्तुलित राख । यदि मन संतुलित छ भने, सम्पूर्ण संसार संतुलित हुनेछ ।" यी शब्दहरूमाथि विचार गर । संसारका सम्पूर्ण भेदभावहरू मनका भेदभाव पूर्णविचारले

उत्पन्न हुन्छन् भन्ने कुरा अनुभव गर । ती शब्दहरूमा नै ज्ञानको मार्ग छ । वास्तवमा, ज्ञानका मार्गहरू असीमित छन् ।

३

श्रद्धाको मार्ग

१. जसले बुद्ध, धर्म र संघको त्रिरत्नमा शरण लिन्छन्, तिनीहरू बुद्धका शिष्य भनिन्छन् । बुद्धका शिष्यहरू मनको नियन्त्रणका चार नियमहरू पालन गर्दछन् ,ती हुन् शील, श्रद्धा, दान र प्रज्ञा ।

बुद्धका शिष्यहरू पांच शीलहरू पालन गर्दछन् :— कुनै जीवको हत्या नगर्नु, चोरी नगर्नु, परस्त्री गमन नगर्नु, असत्य नबोल्नु, र कुनै प्रकारको लागू पदार्थको सेवन नगर्नु ।

बुद्धका शिष्यहरूलाई बुद्धको परिपूर्ण प्रज्ञामा श्रद्धा छ । उनीहरू लोभ र स्वार्थबाट टाढा रहेर दानको अभ्यास गर्ने प्रयत्न गर्दछन् । उनीहरू हेतु र फलको नियमलाई बुझ्दछन्, एवं जीवनको क्षणभंगुरतालाई विचार गरेर, प्रज्ञाको नियम पालन गर्दछन् ।

पूर्व तिर निहुरेको वृक्ष स्वाभाविक रूपले पूर्वै तिर ढल्दछ र ती जसले बुद्धको उपदेश श्रवण गर्दछन् र यसमा श्रद्धा राख्दछन्, तिनीहरूको पुनर्जन्म अवश्य पनि बुद्धको सुखावतीमा हुन्छ ।

२. जस्तो उचित नै भनिएको छ, जो बुद्ध, धर्म र संघ यी त्रिरत्नमा विश्वास गर्दछन् तिनलाई बुद्धका शिष्य भनिन्छ ।

बुद्धले परिपूर्ण ज्ञान प्राप्त गरे तथा आफ्नो यस उपलब्धिलाई सम्पूर्ण मानव समाजलाई मुक्त गर्न र आशिवार्द दिन प्रयोगमा ल्याए । उपदेशको व्याख्या गर्ने धर्म सत्य हो र ज्ञानको भावना हो। बुद्ध र धर्ममा पूर्णरूपले विश्वास गर्नेहरूको समूह संघ हो ।

हामी बुद्धत्व, धर्म र संघ तीन बेग्ला बेग्लै कुरा हुन् भने जस्तो गरी कुरा गर्छौं, तर तिनीहरू वास्तवमा एक हुन् । बुद्ध उनको धर्ममा अभिव्यक्त हुन्छन् एवं संघद्वारा उनको सिद्धि गर्न सकिन्छ । तसर्थ,धर्ममा विश्वास गर्नु र संघको उपासना गर्नु, बुद्धमा श्रद्धा राख्नु हो, र बुद्धमा श्रद्धा हुनुको अर्थ धर्ममा विश्वास गर्नु तथा संघको उपासना गर्नु हो ।

तसर्थ, मानिसहरूले बुद्धमा श्रद्धा राखेर मोक्ष र ज्ञान प्राप्त गर्न सक्दछन् । बुद्धले परिपूर्ण ज्ञान प्राप्त गरेका हुन् र उनले प्रत्येक व्यक्तिलाई आफ्नो एक मात्र छोरालाई स्नेह गरे जस्तै स्नेह गर्दछन् । तसर्थ यदि कसैले बुद्धलाई आफ्नो माता पिता सरह मान्दछ भने उसले बुद्धसित तादात्म्य स्थापित गरी ज्ञान प्राप्त गर्दछ ।

जसले बुद्धलाई यसरी श्रद्धा गर्ने छन् उनीहरूले उनको प्रज्ञाबाट समर्थन पाउँनेछन् र उनको अनुग्रहले सुगन्धित हुने छन् ।

३. यस संसारमा बुद्धमाथि विश्वास गर्नु भन्दा बढी लाभ अन्य केही कुराले ल्याउन्न । बुद्धको नाम सुन्नाले मात्र, एक क्षणका निमित्त उनमा विश्वास गरेर त्यस कुराले प्रसन्न भए पनि, कृतार्थ होइन्छ ।

तसर्थ, संसार भरी फिंजिएको दावानलको मध्यबाट पनि प्रत्येक व्यक्तिले उपदेशको खोजी गरी प्रसन्न हुनु पर्दछ ।

धर्मको व्याख्या गर्न सक्ने उपदेशक पाउनु कठिन कुरा हो, बुद्धलाई भेट्नु झन् कठिन कुरा हो ; तर उनको उपदेशमा विश्वास गर्नु सब भन्दा कठिन कुरा हो ।

तर अब तिमीले भेट्न कठिन बुद्ध भेटी सकेको हुँदा, यो सुन्न कठिन विषय तिम्रा समक्ष व्याख्या गरी सकिएको हुँदा, तिमीले आनन्द मनाएर बुद्धमाथि विश्वास गर्नु पर्दछ ।

४. मनुष्य जीवनको लामो यात्रामा श्रद्धा नै सबभन्दा उत्तम साथी हो; श्रद्धा नै यात्राको सब भन्दा उत्तम जलपान हो, र यो सबभन्दा ठूलो सम्पत्ति हो ।

श्रद्धा त्यो हात हो जसले धर्मलाई ग्रहण गर्दछ; यो त्यो विशुद्ध हात हो जसले सबै सद्‌गुणलाई ग्रहण गर्दछ । श्रद्धा त्यो अग्नि हो जसले सबै सांसारिक तृष्णाका अपवित्रतालाई भष्म गर्दछ, यसले बोझलाई हटाई दिन्छ, यसले कसैलाई पनि मार्ग निर्देशित गर्दछ ।

श्रद्धाले लोभ, त्रास र घमण्डलाई हटाउँछ; यसले सौजन्यको शिक्षा दिन्छ तथा सम्मान आर्जन गर्दछ ; यसले मनुष्यलाई परिस्थितिको बन्धनबाट मुक्त गर्दछ; यसले कसैलाई पनि कठिनाईको सामना गर्न साहस प्रदान गर्दछ; यसले कसैलाई पनि प्रलोभनमाथि विजय प्राप्त गर्ने शक्ति प्रदान गर्दछ ; श्रद्धाले मनुष्यको कार्यलाई उज्वल र विशुद्ध राख्न सक्षम तुल्याउँछ; र यसले प्रज्ञाद्वारा मनलाई समृद्ध पार्दछ।

जब कसैको बाटो लामो र थकाई लगाउने हुन्छ त्यस बेला श्रद्धा प्रोत्साहन हुन्छ, र यसले मानिसलाई ज्ञान निर पुन्याउँछ।

श्रद्धाले हामीलाई बुद्धका समक्ष पुन्याएको अनुभव गराउँछ र यसले हामीलाई त्यस ठाउँमा पुन्याउछ जहाँ बुद्धको हातले हामीलाई आड दी राखेको हुन्छ । श्रद्धाले हाम्रो कठोर एवं स्वार्थी मनलाई नरम पार्दछ, र हामीलाई एक मैत्रीपूर्ण भावना एवं सहानुभूतिपूर्ण मन प्रदान गर्दछ।

५. जसमा श्रद्धा छ उनीहरूले जस्तो सुकै सुन्दा पनि उनीहरूमा बुद्धको उपदेश सुन्ने प्रज्ञा हुन्छ। जसमा श्रद्धा हुन्छ उनीहरूमा प्रत्येक वस्तुलाई हेतु र परिस्थितिहरूको नियमले नै प्रकट हुने हो भनी बुझ्ने प्रज्ञा हुन्छ, र अनि श्रद्धाले उनीहरूलाई परिस्थितिका अनुसार शान्ति पूर्वककार्य गर्ने क्षमता प्रदान गर्दछ र त्यसलाई धैर्य पूर्वक स्वीकार गर्ने गुण प्रदान गर्दछ ।

श्रद्धाले उनीहरूलाई जीवनको अनित्यतालाई स्वीकार गर्ने प्रज्ञा प्रदा-न गर्दछ तथा जस्तो सुकै आई परे पनि तथा जीवनको अन्त्य आई पुगे पनि

त्यसमा आश्चर्य नमान्ने एवं दुःखित नहुने गुण प्रदान गर्दछ, परिस्थिति र दृश्य वस्तुमा जस्तो सुकै परिवर्तन भएता पनि जीवनको सत्यता सदैव अपरिवर्तित रहन्छ भन्ने कुरा उनीहरू थाहा पाउँछन् ।

श्रद्धाका तीन महत्वपूर्ण पक्ष छन्:–विनम्र एवं धैर्यपूर्वक स्व–लघुकरण, अरुको सद्‌गुणप्रति आनन्द मनाउंदै निर्मल सम्मान, र बुद्धको प्रकटीकरण प्रति कृतज्ञ स्वीकारोक्ति ।

मानिसहरूले श्रद्धाका यी पक्षलाई अनुशीलन गर्नु पर्दछ; उनीहरू आफ्नो त्रुटि तथा अपवित्रताप्रति सचेत हुनु पर्दछ ; उनीहरूले तिनका प्रति लज्जित हुनु पर्दछ तथा तिनलाई अंगीकार गर्नु पर्दछ, उनीहरूले परिश्रम पूर्वक अरूहरूको असल लक्षण तथा कार्यहरू स्वीकार गरी तिनको प्रशंसा गर्ने अभ्यास गर्नु पर्दछ, एवं उनीहरूले बुद्धसित कार्य गर्ने तथा बुद्धलाई प्रेम गर्ने सतत इच्छा गर्नु पर्दछ ।

श्रद्धाको मन निष्कपटताको मन हो; यो गंभीर मन हो; यो त्यो मन हो जो बुद्धको शक्तिद्वारा बुद्धको पवित्र भूमि तर्फ निर्देशित गरिन निष्कपट रूपले हर्षित हुन्छ ।

तसर्थ, बुद्धले श्रद्धालाई त्यो शक्ति प्रदान गर्दछन् जसले मानिहरूलाई पवित्र भूमिमा निर्देशित गर्दछ, त्यो शक्ति जसले उनीहरूलाई पवित्र गर्दछ, त्यो शक्ति जसले उनीहरूलाई स्वयंको मोहबाट रक्षा गर्दछ । यदि उनीहरू एक क्षणको निमित्त भए पनि श्रद्धा राख्दछन् भने, जब उनीहरूले बुद्धको नाम विश्व भरी प्रशंसित भएको सुन्दछन्, त्यसले उनीहरूलाई बुद्धको पवित्र भूमिमा लग्ने छ ।

६. श्रद्धा भनेको सांसारिक मनमा थपिने सरह कुरा होइन – यो त मनको बुद्ध–प्रकृतिको प्रकटीकरण हो । किन भने जसले बुद्धलाई बुझ्दछ ऊ स्वयं बुद्ध हुन्छ; जसले बुद्धमा विश्वास राख्दछ ऊ स्वयं बुद्ध हुन्छ ।

तर कसैकोलागि पनि बुद्ध प्रकृतिको अनावरण गर्नु एवं पुनः प्राप्त गर्नु कठिन कुरा हो; लोभ, दोष र सांसारिक रागको निरन्तर उत्थान र पतनको स्थितिमा मनलाई पवित्र राख्नु कठिन कुरा हो; तर कसैलाई पनि विश्वासले यो कार्य गर्न सक्षम तुल्याउंछ ।

विषालु एरण्डका रुखहरूको जंगलमा एरण्डको रुख मात्रै उम्रन्छ, र सुगन्धित चन्दनको रुख त्यहाँ उम्रन्न । यदि एरण्डको जंगलमा चन्दनको रुख उम्र्यो भने त्यो कुरा चमत्कार हुन जान्छ । त्यसैगरी मनुष्यहरूको हृदयमा बुद्धप्रति विश्वास उत्पन्न हुनु एक चमत्कार हो ।

तसर्थ, बुद्धमा गरिने विश्वासलाई एक "मूलरहित" विश्वास भनिन्छ । अर्थात्, मानव मनमा उम्रने यसको जरो हुँदैन, तर बुद्धको करुणामय मनमा उम्रने यसको जरो हुन्छ ।

७. यसरी श्रद्धा, फलप्रद र पवित्र हुन्छ । तर अल्छी मनमा श्रद्धा जगाउनु कठिन कुरा हो । विशेष गरी मानव मनको छायामा पाँच शंसयहरू लुकेर बसेका हुन्छन् जसले श्रद्धालाई निरुत्साहित पार्ने प्रयत्न गर्दछ ।

पहिलो शंसय बुद्धको प्रज्ञामाथि हुन्छ; दोस्रो शंसय बुद्धको उपदेश-माथि हुन्छ; तेस्रो शंसय बुद्धको उपदेश व्याख्या गर्ने व्यक्तिमाथि हुन्छ; चौथो शंसय आर्य मार्ग अनुसरण गर्न बताइएको बाटो तथा प्रणाली विश्वसनीय हो होइन भन्ने कुरामाथि हुन्छ; र पाँचौ शंसय त्यस्तो व्यक्ति-बाट हुन्छ, जसको घमण्डी र अधीर मनले गर्दा अरुहरूको निष्कपटतामाथि शंका गर्दछ, जो बुद्धको उपदेश बुझेर त्यसको अनुसरण गर्न लागेका हुन्छन्।

वास्तवमा, शंसय भन्दा भयंकर कुरा अरु केही होइन । शंसयले मानिसहरूलाई परस्परमा टाढा पार्दछ।यो त्यस्तो विष हो जसले मित्रतालाई खण्ड खण्ड पारी दिन्छ र सुखद सम्बन्धमा विच्छेद ल्याई दिन्छ । यो त्यो काँडा हो जसले पीडा र घाउ पार्दछ; यो त्यो तरवार हो जसले हत्या गर्दछ ।

श्रद्धाको प्रारम्भ, धेरै कालअघि, बुद्धको करुणाद्वारा भएको थियो । जब मानिसमा श्रद्धा जाग्दछ उसले यस कुराको अनुभव गरेर बुद्धको कृपालुताप्रति अत्यन्त कृतज्ञ हुनु पर्दछ ।

कसैले पनि यो कुरा कदापि बिर्सनु हुन्न, उनीहरूमा श्रद्धा जाग्रत भएको कारण उनीहरूमा भएको करुणाले होइन, तर बुद्धको करुणाले हो,जसले धेरै काल अघि मानव मनमा श्रद्धाको पवित्र ज्योति फिजाएर उनीहरूको अज्ञानको अन्धकारलाई हटाई दियो। जससित वर्तमान श्रद्धा छ ऊ, उनीहरूको त्यही परम्परामा प्रवेश गरेको हो ।

एक साधारण जीवन व्यतीत गर्दा पनि, कुनै व्यक्ति पवित्र भूमिमा

जन्म लिन सक्दछ, किन भने उसले बुद्धको दीर्घकालीन निरन्तरको करुणा द्वारा श्रद्धा जाग्रत गर्दछ ।

वास्तवमा, यो संसारमा जन्म लिनु कठिन कुरा हो । धर्म श्रवण गर्नु कठिन कुरा हो; श्रद्धा जाग्रत गर्नु झन् कठिन कुरा हो; तसर्थ, प्रत्येक व्यक्तिले बुद्धको उपदेश श्रवण गर्न सकभर बढी प्रयत्न गर्नु पर्दछ ।

४

पवित्र सूत्रहरु

१. "उसले मेरो निन्दा गऱ्यो, उसले मेरो हाँसो उडायो, उसले मलाई पिट्यो ।" यसरी कोही विचार गर्दछ र जबसम्म उसले यस्ता विचार-हरू मनमा ली राख्दछ, उसको रोष कायमै रहन्छ ।

मनमा क्रोधको विचार आउन्जेल रोष कहिल्यै पनि समाप्त भएर जान्न । रोष त्यसै बेला समाप्त भएर जान्छ जब क्रोधको विचार बिर्सिन्छ ।

यदि छत नराम्ररी बनाइएको छ अथवा मरम्मत गरिएको छैन भने, वर्षा घर भित्र पस्ने छ; त्यसै गरी राम्रो गरी साधना नगरिएको अथवा नियन्त्रण बाहिर रहेको मनमा लोभ प्रवेश गर्दछ ।

अल्छी हुनु भनेको मृत्युको छोटकरी मार्ग हो, र परिश्रमी हुनु भनेको जीवनको मार्ग हो; मूर्ख व्यक्तिहरू अल्छी हुन्छन् तथा बुद्धिमान् व्यक्तिहरू परिश्रमी हुन्छन् ।

एउटा वाण बनाउने व्यक्तिले आफ्नो वाण सोझो बनाउने प्रयत्न गर्दछ; त्यसै गरी एक बुद्धिमान् पुरुषले आफ्नो मनलाई सोझो राख्ने प्रयत्न गर्दछ ।

विचलित मन निरन्तर सक्रिय रहन्छ, यताबाट उता उफ्री राख्दछ, र यसलाई नियन्त्रण गर्न ज्यादै कठिन हुन्छ; तर निश्चल मन शान्त हुन्छ तसर्थ मनलाई नियन्त्रणमा राख्नु बुद्धिमत्तापूर्ण कुरा हो ।

मानिसको आफ्नो मनले नै कुत्सित मार्ग तिर जान उसलाई प्रलोभित गर्दछ, उसको शत्रु अथवा प्रतिद्वन्द्वीले होइन ।

जसले आफ्नो मनलाई लोभ, दोष र मोहबाट रक्षा गर्दछ, उसले नै वास्तविक स्थायी शान्तिको उपभोग गर्न सक्दछ ।

२. मीठा मीठा शब्दहरू बोल्नु तर तिनको अभ्यास नगर्नु भनेको सुगन्ध नभएको एक राम्रो फूल जस्तै हो ।

फूलको सुगन्ध उल्टो वायुको दिशाबाट बग्दैन; तर एक असल मानिसको प्रतिष्ठा वायुको विपरीत पनि संसारमा फैलिन्छ ।

निद्रा नपरेको मानिसका निमित्त रात लामो लाग्दछ र थाकेको यात्री का निमित्त यात्रा लामो लाग्दछ; त्यसै गरी सही उपदेश थाहा नपाएको व्यक्तिलाई मोह र दुःखको समय लामो लाग्दछ ।

कुनै पनि मानिसले यात्रा गर्दा आफू जस्तै मन भएको अथवा आफू भन्दा असल मन भएको व्यक्तिसित यात्रा गर्नु पर्दछ; एउटा मूर्ख मानिस-कासाथ यात्रा गर्नु भन्दा वेस त बरु एक्लै यात्रा गर्नु हो ।

एउटा कुटिल र दुष्ट मित्रसित एउटा जंगली जनावर भन्दा पनि बढी डराउनु पर्दछ; एउटा जंगली जनावरले तिम्रो शरीरमा घाउ पार्न सक्दछ, तर एउटा कुटिल मित्रले तिम्रो मनमा घाउ पार्दछ ।

जबसम्म कुनै मानिसले आफ्नो मनलाई नियन्त्रणमा राख्न सक्दैन, उसले "यो मेरो छोरो हो" अथवा "यो मेरो सम्पत्ति हो" भन्ने कुरा विचार गरेर कसरी सन्तुष्टि पाउन सक्दछ । एक मूर्ख मानिसले यस्ता विचारहरू-बाट दुःख पाउँछ ।

मूर्ख हुनु र मूर्ख भएको कुरा स्वीकार गर्नु भनेको मूर्ख भएर आफूलाई बुद्धिमान् ठान्नु भन्दा असल हो ।

एउटा चम्चाले बोक्ने भोजनको स्वाद त्यो चम्चाले लिन सक्दैन । ठीक त्यसै गरी जसरी एउटा मूर्ख मानिसले एउटा योगीसित संगत गऱ्यो भने तापनि, बुद्धिमान् मानिसको प्रज्ञा बुझ्न सक्दैन ।

ताजा दूध प्रायः छिटो जम्दैन, त्यसै गरी पापपूर्ण कार्यहरूले तत्कालै प्रतिफल ल्याउन्नन् । पापपूर्ण कार्यहरू भनेको खरानी भित्र लुको राखेको कोइलाको त्यस्तो आगो हो जो खरानीमा भुङ्ग्री रहेको हुन्छ र पछिबाट अझै ठूलो आगोको कारण बन्दछ ।

कुनै पनि व्यक्तिले सुविधा, पदोन्नति, लाभ र सम्मानको तृष्णा गर्नु मूर्खता हो, किन भने त्यसतो तृष्णाले कहिल्यै पनि सुख ल्याउदैन, बरु दुःख ल्याउँछ ।

एक असल मित्रले जसले दोष र अपूर्णताहरू बताई दिन्छ र दुष्कर्मप्रति ताडना गर्दछ उसलाई लुकेका सम्पत्तिको गोपनीयता बताई दिए सरह ठानी संमान गर्न पर्दछ ।

३. कुनै पनि मानिस जो असल शिक्षा प्राप्त गरे पछि हर्षित हुन्छ, ऊ शान्तिपूर्वक सुत्न सक्दछ, किन भने उसको मन पवित्र भइसकेको हुन्छ ।

एउटा सिकर्मीले आफ्नो दलिन सोझो बनाउन चाहन्छ ; एउटा वाण बनाउनेले आफ्नो वाण राम्ररी सन्तुलित बनाउन चाहन्छ ; सिंचाईको खाल्डो खन्नेले त्यसमा पानी सललल बगोस् भन्ने चाहन्छ; त्यसै गरी एउटा बुद्धिमान् पुरूषले आफ्नो मनलाई नियन्त्रित गर्ने प्रयत्न गर्दछ जसमा ऊ निर्विघ्नतापूर्वक एवं सत्यतापूर्वक कार्य गर्न सकोस् ।

एउटा ठूलो चट्टान हावाले खलबलिन्न ; एउटा बुद्धिमान् मनुष्यको मन पनि प्रतिष्ठा अथवा निन्दाले खलबलिन्न ।

कुनै युद्धमा हजारौं व्यक्तिमाथि विजय पाउनु भन्दा आफूलाई जित्नु बढी ठूलो विजय हो ।

असल उपदेश सुनेर एक दिन बांच्नु, अज्ञानमा एक सय वर्ष बांच्नु भन्दा असल हो ।

जसले आफैलाई सम्मान गर्दछन् उनीहरू कुत्सित तृष्णामा नपरुन् भनेर निरन्तर सावधान रहनु पर्दछ। जीवनमा कमसे कम एक पल्ट, चाहे उसको युवावस्थामा, अथवा प्रौढावस्थामा अथवा वृद्धावस्थामा उनीहरूले

श्रद्धा जाग्रत गर्नु पर्दछ ।

यो संसार सदैव बलीराखेको छ– बली राखेको छः लोभ, दोष र मूर्खताको अग्नि लें ; कुनै पनि व्यक्ति यस आपत्‌बाट यथासंभव शीघ्र उम्कनु पर्दछ ।

यो संसार, पानीको फोका जस्तै छ, यो माकुरोको जालो जस्तै छ, यो एक फोहोर गाग्रोको अपवित्रता जस्तै हो ; कुनै पनि व्यक्तिले आफ्नो मनको पवित्रतालाई निरन्तर सुरक्षित राख्नु पर्दछ ।

४. पापलाई परित्याग गर्नु, असल कुराको खोजी गर्नु र मनलाई पवित्र राख्नु ; यही नै बुद्धको उपदेशको सारतत्व हो ।

सहनशीलता विनयमध्ये सब भन्दा कठिन कुरा हो, तर जो सहनशील हुन्छ उसैलें अन्तिम विजय प्राप्त गर्दछ ।

रोष जागेर आउँदा कसैले पनि रोष हटाउनु पर्दछ ; दुःखको मध्यमा हुँदा दुःखको परित्याग गर्नु पर्दछ ; लोभको प्रवृत्ति हुँदा लोभको परित्याग गर्नु पर्दछ । विशुद्ध निःस्वार्थी जीवन व्यतीत गर्न, प्राचुर्यको मध्यमा बस्दा पनि कुनै कुरा आफ्नो भन्ने ठान्नु हुन्न ।

स्वस्थ हुनु ठूलो लाभको कुरा हो; आफूसित भएको कुरामा सन्तुष्ट रहनु भनेको धेरै सम्पत्तिमाथिको स्वामित्व भन्दा पनि ठूलो हो; विश्वसनीय भन्ठान्नु मित्रताको सब भन्दा सांचो चिन्ह हो ; ज्ञान प्राप्त गर्नु सबभन्दा ठूलो आनन्द हो ।

जब कसैमा पापप्रति अरुचिको भावना छ भने, जब कसैले शान्तिको अनुभव गर्दछ, जब कसैले असल उपदेश सुनेर आनन्द प्राप्त गर्दछ ; जब कसै-मा यी भावनाहरू हुन्छन् र यिनलाई बुझ्दछ भने, त्यो व्यक्ति त्रासबाट मुक्त हुन्छ ।

तिमीले मनपराएका वस्तुहरूप्रति आसक्त नहोऊ, तिमीले मन नपा-राएका वस्तुहरुप्रति घृणा नगर । कसैको रुचि र अरुचिबाटै दुःख, त्रास र बन्धनको उत्पत्ति हुन्छ ।

५. फलामबाट उत्पन्न भएको खियाबाटै फलाम नष्ट हुन्छ, त्यस्तै मानिसको मनमा उत्पन्न हुने पापले मानिसलाई नष्ट गर्दछ ।

कुनै पनि शास्त्रलाई निष्कपटतापूर्वक पढिएन भने त्यो छिटै नै धूलोले ढाकिन्छ, कुनै पनि मरम्मत गर्नु पर्ने घर समयमै मरम्मत भएन भने त्यो फोहोर भएर आउँछ ; त्यसरी नै एक अल्छी मानिस छिटै अपवित्र भएर जान्छ ।

अपवित्र कार्यले कुनै पनि नारीलाई अपवित्र पार्दछ, कृपणताले दानलाई अपवित्र पार्दछ; त्यसै गरी पाप कर्मले यस जीवनलाई मात्र होइन, भावी जीवनहरूलाई पनि अपवित्र पार्दछ ।

तर सब भन्दा त्रसित हुनु पर्ने क्लेश अज्ञानको क्लेश हो । जबसम्म अज्ञानको परित्याग गर्न सकिन्न तबसम्म कसैले पनि आफ्नो शरीर र मनलाई पवित्र पार्ने आशा राख्न सक्दैन ।

निर्लज्जतामा गल्ती गर्नु सजिलो कुरा छ, काग जस्तै चोथाले र शूरो हुनु सजिलो कुरा छ, अरुको मन दुःखाउनु र त्यस कुरालाई आफूले बिर्सनु

सजिलो कुरा छ ।

तर, वास्तवमा, विनम्र हुनु ; सम्मान तथा प्रतिष्ठा गर्न जान्नु, सबै आसक्तिबाट मुक्त हुनु, विचार र कार्यमा पवित्र रहनु र बुद्धिमान् हुनु, कठिन कुरा हो ।

अरुको गल्ती बताउनु सजिलो कुरा हो, तर आफ्नो स्वयंको गल्ती स्वीकार गर्नु कठिन कुरा हो । कुनै पनि मनुष्य अरुको पापको प्रसार गर्दछ तर आफु भने जुवाडीले एउटा बढी पाशा लुकाए जस्तै आपनो पाप लुकाएको कुरामाथि भने विचार गर्दैन ।

आकाशमा चरा, धुंवा तथा आंधीको कुनै अवशेष बाँकि रहंदैन, कुनै पनि कुत्सित उपदेशमा ज्ञान हुँदैन; यस संसारमा कुनै कुराको स्थायित्व हुन्न; तर ज्ञान प्राप्त गरेको मन विचलित हुँदैन ।

६. जसरी कुनै योद्धाले आफ्नो गढको ढोकाको रक्षा गर्दछ, त्यसैगरी कसैले पनि वाह्य र आन्तरिक संकटबाट मनको रक्षा गर्नु पर्दछ, उसले एक क्षण पनि यसको उपेक्षा गर्नु हुन्न ।

स्वयं नै स्वयंको स्वामी हो, स्वयंमाथि भरपर्ने रम्य स्थान स्वयं-नै हो, तसर्थ, कसैले पनि सर्वप्रथम स्वयंको नियन्त्रण गर्नु पर्दछ ।

आध्यात्मिक स्वतन्त्रताको पहिलो खुड्किलो भनेको सांसारिक बन्धन र अवरोध भन्दा स्वतन्त्र मनको नियन्त्रण गर्नु हो र गम्भीर हुनु हो ।

सूर्यले दिनलाई प्रकाश दिन्छन्, चन्द्रमाले रात्रीलाई सुन्दर पार्दछन्, अनुशासनले योद्धालाई प्रतिष्ठा थप्दछ ; त्यसै गरी शान्त ध्यानको अभ्यासले ज्ञान प्राप्त गर्न खोज्ने व्यक्तिलाई विशिष्टता प्रदान गर्दछ ।

जो व्यक्ति आफ्ना पांच इन्द्रियहरू, आंखा, कान, नाक, जिब्रो र शरीरको नियन्त्रण गर्न असमर्थ छ, र आफ्ना वपरिपरिका स्थितिहरूप्रति प्रलोभित हुन्छ, उसले आफूलाई ज्ञानको साधनामा लगाउन सक्दैन । जसले आफ्ना पांचै इन्द्रियहरूका ढोकाहरूलाई दृढतापूर्वक नियन्त्रण गर्दछ र जसले मनलाई नियन्त्रणमा राख्नसक्छ उसले ज्ञान प्राप्तिको निमित्त सफलतापूर्वक साधना गर्न सक्दछ ।

७. जो व्यक्ति आफ्नो रुचि तथा अरुचिको प्रभावमा पर्दछ , उसले परिस्थितिहरूको महत्वलाई सही रूपले बुझ्न सक्दैन र तिनीहरूले उसलाई जीते जस्तो देखिन्छ; जो आसक्तिबाट स्वतन्त्र छ उसले परिस्थितिहरूलाई सही रूपमा बुझ्दछ एवं उसका निमित्त सबै वस्तु नयाँ र अर्थयुक्त हुन जान्छन् ।

दुःख पछि पछि सुख आउँछ र सुख पछि पछि दुःख आउँछ तर जब कसैले सुख र दुःखकाबीच, असल कार्य र कमसल कार्यकाबीचको विभेद गर्न छाड्दछ, त्यस व्यक्तिले स्वतन्त्रतालाई प्राप्त गर्न सक्दछ ।

भविष्यमा अनुमानको भरमा चिन्ता गर्नु अथवा वितेका कुराका निमित्त पश्चात्ताप गर्दै रहनु भनेको ती नर्कट सरह हुन् जो काटिए पछि सुकेर जान्छन् ।

मन र शरीर दुबैको स्वास्थ्यको रहस्य विगत कुराहरूप्रति विलाप गर्नु होइन, नत भविष्यका निमित्त चिन्ता गर्नु नै हो, न त भविष्यमा हुन सक्ने

कठिनाईहरूको अडकल गर्नु हो तर वर्तमान क्षणमा बुद्धिमत्ता एवं निष्कपटतापूर्वक रहनु हो ।

भूतकालमा विचरण नगर, भविष्यको सपनामा नपर, वर्तमान क्षणमाथि नै मनलाई एकाग्र गर ।

वर्तमान कर्तव्य राम्ररी गरी त्यसलाई पूरा गर्नु योग्य कुरा हो, यसलाई परिहार नगर अथवा भोलि सम्म स्थगित नगर । तत्काल कार्य कसैले गर्‍यो भने, उसले त्यो दिन राम्ररी बिताउन सक्दछ ।

प्रज्ञा सर्वश्रेष्ठ मार्ग दर्शक हो र विश्वासनै सर्वश्रेष्ठ सहचर हो । कसैले पनि अज्ञान र दुःखको अन्धकारबाट उम्कने प्रयत्न गर्नु पर्दछ, र ज्ञानको ज्योतिको खोजी गर्नु पर्दछ ।

यदि कसैको मन र शरीर नियन्त्रणमा छ भने यसको प्रमाण उसले नैतिक गुण भएको कार्यबाट गर्नु पर्दछ । यो एउटा पवित्र कर्तव्य हो । श्रद्धा नै अनि उसको सम्पत्ति हुने छ, निष्कपटताले उसको जीवनलाई एक मीठो विशिष्ट स्वाद प्रदान गर्नेछ, र सद्‌गुण संग्रह गर्नु उसको पवित्र कार्य हुने छ ।

जीवनको यात्रामा श्रद्धा नै पौष्टिक आहार हो, सद्‌गुणले भरिएको कार्य नै आश्रय हो, प्रज्ञा दिनमा ज्योति सरह हो र सही विचारशीलता रात्रीमा रक्षक हो । यदि कुनै व्यक्तिले विशुद्ध जीवन बिताउँछ भने उसलाई कुनै कुराले पनि उसको स्वतन्त्रता सीमित गर्न सक्दैन ।

कसैले पनि आफ्नो परिवारका निमित्त आफूलाई बिर्सनु पर्दछ; आफ्नो गाउँका निमित्ति आफ्नो परिवारलाई बिर्सनु पर्दछ; आफ्नो राष्ट्रका निमित्त आफ्नो गाउँलाई बिर्सनु पर्दछ; र कसैले पनि ज्ञानका निमित्त सबै कुरालाई बिर्सनु पर्दछ ।

प्रत्येक वस्तु परिवर्तनशील हुन्छ, प्रत्येक वस्तु प्रकट एवं लोप हुन्छ ; आनन्दमय शान्ति त्यस बेलासम्म प्राप्त हुँदैन जबसम्म कुनै व्यक्ति जीवन र मृत्युको वेदना भन्दा माथि पुग्दैन ।

संघ

प्रथम अध्याय

संघका कर्तव्यहरू

१

भिक्षुहरू

१. कुनै पनि व्यक्ति जो मेरो शिष्य हुन चाहन्छ उसले आफ्नो परिवारसित, संसारका सबै सामाजिक जीवनसित एवं सम्पत्तिमाथिको सबै निर्भरतासितका सबै प्रत्यक्ष सम्बन्ध परित्याग गर्नु पर्दछ ।

कुनै पनि व्यक्ति जसले धर्मको निमित्त यस्ता सबै सम्बन्धको परित्याग गरी सकेको हुन्छ उसको आफ्नो शरीर तथा मनका निमित्त कुनै स्थायी स्थल हुँदैन र यस्तालाई गृहविहीन भिक्षु भनिन्छ ।

यद्यपि मेरा पद चिह्नहरूमा उसको पाइलाले पनि चिह्न छोडेको हुन्छ र उसको हातले मेरो चीवर बोकेको हुन्छ, तर यदि उसको मन लोभले विचलित भएको हुन्छ भने, ऊ मभन्दा धेरै टाढा हुन्छ । यद्यपि उसले भिक्षुको भेष धारण गरेको हुन्छ, तर उपदेश स्वीकार गर्दैन भने उसले मलाई देख्न सक्दैन ।

तर यदि उसले सम्पूर्ण लोभको परित्याग गरी सकेको छ एवं उसको मन विशुद्ध तथा शान्त छ भने, ऊ हजारौं मील टाढा भए तापनि मेरो ज्यादै निकट छ । यदि उसले धर्म ग्रहण गऱ्यो भने, उसले त्यसमा मलाई देख्दछ ।

२. मेरा शिष्यहरू, भिक्षुले, चार नियमहरू पालन गर्नै पर्दछ एवं तिनै नियमहरू वरिपरि आफ्नो जीवन निर्माण गर्नु पर्दछ ।

पहिलो, उनीहरूले पुरानो तथा फ्याँकिएको चीवर लगाउँछन्; दोस्रो, उनीहरूले भिक्षाटनबाट आफ्नो भोजन प्राप्त गर्दछन्; तेस्रो, तिनीहरूको घर त्यही नै हुन्छ जहाँ रात्रीले उनीहरूलाई पुऱ्याउँछ, त्यो रुख मनी हुन सक्दछ अथवा चट्टानमाथि हुन सक्दछ; चौथो, उनीहरूले संघद्वारा निर्धारित गरिएको गाईको मूत्रबाट बनेको विशेष औषधी मात्र सेवन गर्दछन् ।

हातमा एउटा पात्र लिएर घर घर जानु एक भिखारीको जीवन हो, तर कसैले पनि भिक्षुलाई यस्तो गर्न कर लगाउन्न, उसलाई परिस्थिति अथवा प्रलोभनले यस्तो वाध्यता गर्दैन; उसले आफ्नो स्वेच्छाद्वारा नै यस्तो गर्दछ, किन भने उसलाई थाहा छ, विश्वासको जीवनले मोहको जीवनलाई टाढा राख्दछ, दुःखलाई परित्याग गर्न उसलाई मद्दत गर्दछ, र ज्ञान प्राप्ति तर्फ उसलाई लग्दछ ।

एक भिक्षुको जीवन सजिलो जीवन होइन; यदि कसैले आफ्नो मनलाई लोभ र दोषबाट मुक्त गर्न सकेको छैन, एवं उसले आफ्नो मन र पाँच इन्द्रियहरूलाई नियन्त्रित गर्न सकेको छैन भने उसले यो जीवन ग्रहण गर्नु हुन्न ।

३. आफूले एक भिक्षुका रूपमा विश्वास गर्नु एवं जुन वखत प्रश्न गऱ्यो त्यस बखत यस सम्बन्धमा उत्तर दिन सक्ने हुन, उसले यो भन्न सक्षम हुनु पर्दछः–

"एक भिक्षु हुन म जे आवश्यक भए पनि गर्न तत्पर छु ।

म यस कुराप्रति निष्कपट हुनेछु एवं यो हुने उद्देश्य पूर्ण गर्ने प्रयत्न गर्ने छु। मलाई दानद्वारा जसले सहायता गर्दछन् म उनीहरूप्रति कृतज्ञ हुनेछु तथा मेरो निष्कपटता तथा असल जीवनद्वारा उनीहरूलाई प्रसन्न पार्ने प्रयत्न गर्ने छु।"

एक भिक्षु हुन उसले विभिन्न किसिमले आफ्नो साधना गर्नु पर्दछः– जब ऊ असफल हुन्छ उसले कलंक तथा अपयशप्रति सचेत रहनु पर्दछ; उसले आफ्नो जीवन पवित्र राख्ने हो भने उसको शरीर, वाणी र मन पनि पवित्र राख्नु पर्दछ; उसले पाँचै इन्द्रियहरूका ढोकाहरूलाई रक्षा गर्नु पर्दछ; कुनै क्षणिक आनन्दका निमित्त उसले आफ्नो मनमाथिको नियन्त्रण खुकुलो पार्नु हुन्न; उसले आफ्नो प्रशंसा गर्नु हुन्न न त अरुको निन्दा गर्नु हुन्छ; र ऊ अल्छी हुनु हुँदैन, न त उसले धेरै सुत्नु हुन्छ।

साँझ शान्तिपूर्वक बसेर केही ध्यान गर्ने समय ऊसित हुनु पर्दछ तथा सुत्न जानु भन्दा अघि केही हिड्नु पर्दछ। शान्त निद्राका निमित्त ऊ दुबै खुट्टा जोरेर दाहिनेतिर फर्केर सुत्नु पर्दछ र निदाउनुभन्दा अघि उसको अन्तिम विचार अर्को दिन बिहानै ऊ कति बजे उठ्न चाहने हो त्यसका सम्बन्धमा हुनुपर्दछ। बिहानी पख पनि उसले केही बेर शान्तिपूर्वक बसेर ध्यान गर्नु पर्दछ र त्यस पछि केही बेर हिड्नु पर्दछ।

दिन भरी उसले आफ्नो मन सदैव जागरूक राखी, शरीर र मनलाई नियन्त्रणमा राख्दै, लोभ, दोष, अज्ञान, निद्रावस्था, अमनोयोग, पश्चात्ताप, संशय र सम्पूर्ण सांसारिक तृष्णाहरू तर्फको प्रवृत्तिलाई प्रतिरोध गर्नु पर्दछ।

यसरी, एकाग्र चित्तले उसले उत्कृष्ट प्रज्ञा फिंजाउनु पर्दछ तथा पूर्ण ज्ञान प्राप्तिका निमित्त मात्र लक्ष्य राख्नु पर्दछ ।

४. यदि एक भिक्षु आफूलाई बिर्सेर, लोभ, दोष, क्रोध, ईर्ष्या, घमण्ड, आत्म–प्रसंशा अथवा कपट तर्फ खस्दछ भने, उसले एउटा मसिनो कपडाले मात्र बेरेको दुईधारे तीखो तलवार लिएर हिंडे सरह हो ।

कुनै पनि व्यक्तिले भिक्षुको चिथ्रो लगाएर एउटा हातमा भिक्षा पात्र लिंदैमा त्यो व्यक्ति एक गृहविहीन भिक्षु हुँदैन; उसले शास्त्रलाई वाक् चपलताका साथ उच्चारण गर्दछ भन्दैमा ऊ भिक्षु हुँदैन; उ त केवल एउटा परालको मानिस बाहेक बढी केही होइन ।

यदि उसको वाह्य रूप एक भिक्षुको भए पनि उसले सांसारिक तृष्णा हटाउन सक्दैन । ऊ एक भिक्षु हुन सक्दैन, ऊ भिक्षुको चीवर लगाएको एउटा शिशु भन्दा बढी केही हुन सक्दैन ।

ती व्यक्तिहरू जो मनलाई एकाग्र राखी नियन्त्रणमा राख्न सक्दछन्, जो प्रज्ञा धारण गर्दछन्, जसले सबै सांसारिक तृष्णाहरूको परित्याग गरी सकेका हुन्छन्, र जसको एक मात्र उद्देश्य ज्ञान प्राप्त गर्नु हो– तिनलाई मात्र सच्चा भिक्षु भन्न सकिन्छ ।

एक सच्चा भिक्षुले आफ्नो रक्तको अन्तिम थोपा समाप्त गर्नु परे पनि तथा आफ्नो हाड टुक्रा टुक्रा भएर चूर्णमा परिणत भएपनि, ऊ ज्ञानको आफ्नो लक्ष्यमा पुग्न कृतसंकल्प हुन्छ । त्यस्तो व्यक्ति, आफ्नो

शक्तिले भ्याए सम्म प्रयत्न गरेर, अन्ततोगत्वा लक्ष्य प्राप्त गर्दछ र यसको प्रमाण भिक्षुले गर्नु पर्ने धर्म कार्य गर्ने क्षमताद्वारा प्रस्तुत गर्दछ ।

५. कुनै पनि भिक्षुको जीवनको मुख्य उद्देश्य बुद्धको उपदेशको ज्योतिलाई फिंजाउँदै लग्नु हो । उसले सबै व्यक्तिमा धर्म प्रचार गर्नु पर्दछ; उसले निद्रामा भएका व्यक्तिहरूलाई बिउँझाउनु पर्दछ; उसले मिथ्या विचार सच्याउनु पर्दछ । उसले मानिसहरूलाई सम्यक् दृष्टि राख्न सहायता गर्नु पर्दछ; उसले उपदेशलाई व्यापकरूपले फिजाउन आफ्नो जीवन जोखिममा पर्न गए पनि, सबै तिर जानु नै पर्दछ ।

कुनै पनि भिक्षुको जीवनको मुख्य उद्देश्य सजिलो हुन्न, तसर्थ जसले यसको आकांक्षा गर्दछ उसले बुद्धको पोशाक लगाउनु पर्दछ, बुद्धको आसनमा बस्नु पर्दछ र बुद्धको कक्षमा प्रवेश गर्नु पर्दछ ।

बुद्धको पोशाक लगाउनु भनेको विनम्र भई सहनशीलताको अभ्यास गर्नु हो, बुद्धको आसनमा बस्नुको अर्थ सबै कुरालाई शून्यताको रूपमा देख्नु हो र आसक्ति रहित हुनु हो; बुद्धको कक्षमा प्रवेश गर्नु भनेको उनको सर्वव्यापी करुणाको सहभागी हुनु हो एवं सबैसित सहानुभूति राख्नु हो ।

६. जुन व्यक्तिहरू बुद्ध धर्मको उपदेश दिन चाहन्छन् उनीहरूले चार वस्तुहरूमाथि ध्यान राख्नु पर्दछ:— पहिलो, उनीहरूले आफ्नै व्यवहारका प्रति सजग रहनु पर्दछ; दोस्रो, उनीहरूले व्यक्तिहरूसित कुरा गर्दा एवं उपदेश दिंदा कस्ता शब्दहरूको प्रयोग गर्ने हो त्यस कुरामाथि ध्यान राख्नु पर्दछ; तेस्रो, उनीहरूले आफ्नो उपदेशको लक्ष्य र कस्तो उद्देश्य प्राप्त गर्न खोजेको हो त्यस विषयमा ध्यान राख्नु पर्दछ; र चौथो, उनीहरूलें महा-करुणाप्रति ध्यान राख्नु पर्दछ ।

धर्मको एक असल उपदेशक हुन, सबभन्दा पहिले, एक गृहविहीन भिक्षुले आफ्नो खुट्टा सहनशीलताको भूमिमा राम्रो गरी अडाउनु पर्दछ; ऊ विनम्र हुनु पर्दछ; ऊ झक्कड हुनुहुन्न अथवा प्रचारको तृष्णा राख्नु हुन्न; उसले निरन्तर वस्तुहरूको शून्यताको पक्षमाथि विचार गरी राख्नु पर्दछ; एवं उसलें कुनै वस्तुप्रति आसक्ति राख्नु हुन्न । यदि उसले यी कुराहरूमाथि विचार राख्यो भने, उसलें राम्रो आचरण राख्न सक्नेछ ।

दोस्रो, उसलें मानिसहरू एवं परिस्थितिहरूका समक्ष जांदा, सावधानी पूर्वक कार्य गर्नु पर्दछ । उसलें कुत्सित जीवन बिताई राखेका अथवा अधि-कारमा बसेका व्यक्तिहरू भन्दा टाढा बस्नु पर्दछ; उसले नारीहरू भन्दा टाढा रहनु पर्दछ । त्यस पछि उसलें बडो मैत्रीपूर्ण किसिमलें मानिसहरू भेट्नु पर्दछ; उसलें सदैव यो विचार गर्नु पर्दछ, वस्तुहरूको उदय हेतु र परिस्थितिहरूको संयोगलें हुन्छ, एवं त्यस विन्दुबाट हेर्दा उसले मानिस-हरूलाई दोष दिनु हुन्न अथवा तिनको निन्दा गर्नु हुन्न , अथवा उनीहरूको गल्तीका सम्बन्धमा बोल्नु हुन्न, अथवा उनीहरूलाई हेय दृष्टिलें हेर्नु हुन्न ।

तेस्रो, उसले बुद्धलाई आफ्नो आध्यात्मिक पिता मानेर, ज्ञान प्राप्तिको साधनामा लागेका अन्य गृहविहीनभिक्षलाई आफना उपदेशकहरू ठानेर आफ्नो

मनलाई शान्त राख्नु पर्दछ, एवं प्रत्येक व्यक्तिलाई ठूलो करुणाको दृष्टिले हेर्नु पर्दछ । अनि सबै मनुष्यहरूलाई उसले समान रूपले उपदेश दिनु पर्दछ ।

चौथो, जस्तो बुद्धले पनि गर्नु भयो, उसले आफ्नो करुणाको भवनालाई पूर्णरूपले प्रकट हुन दिनु पर्दछ । विशेष गरी, उसले आफ्नो करुणाको भावनालाई ती व्यक्तिहरूसम्म पुऱ्याउनु पर्दछ जसले ज्ञान प्राप्तिको विषयमा पर्याप्त कुरा थाहा पाएका छैनन् । उनीहरूले ज्ञान प्राप्त गर्न चाहन्छन् भनी उसले इच्छा गर्नु पर्दछ, र त्यस पछि उसले आफ्नो इच्छा पूरा गर्ने कार्यमा उनीहरूको चाख जगाउन निःस्वार्थ प्रयत्न गर्नु पर्दछ ।

२

उपासकहरू

१. जस्तो, अघिनै स्पष्ट गरिएको छ, बुद्धको शिष्य हुन कुनै पनि व्यक्तिले बुद्ध, धर्म र संघ, यी त्रिरत्नमा विश्वास राख्नै पर्दछ ।

उपासक हुन बुद्धमाथि अविचलित श्रद्धा हुनु पर्दछ, उनको उपदेश-माथि विश्वास गर्नै पर्दछ एवं शीलको अध्ययन गरी तिनलाई व्यवहारमा ल्याउनु पर्दछ, र संघको उपासना गर्नु पर्दछ ।

उपासकहरूले सदाचारका पांच शीलहरू पालन गर्नु पर्दछः— हत्या नगर्नु, चोरी नगर्नु, परस्त्री गमन नगर्नु, असत्य नबोल्नु अथवा छल नगर्नु र मादक पदार्थको सेवन नगर्नु ।

उपासकहरूले त्रिरत्नमा विश्वास गरेर आफैले मात्र शीलहरू राख्ने होइन, तर जहाँ सम्म उनीहरूले सक्दछन्, तिनको पालन अरुहरूबाट पनि गराउनु पर्दछ, विशेष गरी उनीहरूका सम्बन्धी एवं मित्रहरूलाई, उनीहरूमा बुद्ध, धर्म, तथा संघप्रति अविचलित विश्वास जगाउने प्रयत्न गर्नु पर्दछ, जसले गर्दा उनीहरू पनि बुद्धको करुणाको सहभागी हुन सकुन् ।

उपासकहरूले त्रिरत्नमा विश्वास गरेको कारण तथा उनीहरूले शीलहरू ग्रहण गरेको कुरा अन्ततोगत्वा आफूलाई ज्ञान प्राप्त गर्न सक्षम बनाउनु हो भन्ने कुरा सदैव स्मरण गर्नु पर्दछ र त्यसै कारणले उनीहरूले तृष्णाको संसारमा रहंदा रहंदै पनि यस्ता तृष्णासितको आसक्ति परित्याग गर्नु पर्दछ ।

उपासकहरूले यो कुरा सदैव ध्यानमा राख्नु पर्दछ, छिटो अथवा ढीलो उनीहरूले आफ्ना माता पिता तथा परिवारलाई त्याग्न बाध्य हुनु पर्दछ एवं जन्म र मरणको यस जीवनलाई छाड्नु पर्दछ; तसर्थ, उनीहरूले यस जन्मका वस्तुहरूसित आसक्त भएर बस्नु हुन्न, परन्तु आफ्नो मनलाई ज्ञान-को संसार तर्फ लगाई राख्नु पर्दछ ।

२. यदि उपासकहरू बुद्धका उपदेशप्रति निष्कपट एवं निश्चल विश्वास जाग्रत गराउन चाहन्छन् भनें,उनीहरूले आफ्नो मनमा शान्त र निश्चल आनन्दको अनुभव गर्नु पर्दछ, जसले उनका सम्पूर्ण परिधिलाई प्रकाशित गर्नेछ र पुनः उनीहरूप्रति प्रतिबिम्बित हुनेछ ।

विश्वासको यो मन पवित्र र विनीत हुन्छ, सदैव धीर तथा सहनशील हुन्छ, कहिल्यै पनि विवाद गर्दैन,कहिल्यै पनि अरुलाई दुःख पुऱ्याउन्न, तर सदैव आपनो मनमा बुद्ध, धर्म र संघको त्रिरत्नप्रति विचार गरी राख्दछ। यसरी उनीहरूको मनमा सुखको उदय स्वतः हुन्छ एवं ज्ञानको ज्योति सबै तिर पाइन्छ ।

किनभने श्रद्धाको माध्यमद्वारा तिनीहरू बुद्धको हृदयमा विश्राम गरी राखेका हुन्छन्, त्यसै कारणले, तिनीहरू स्वार्थी मन तथा तिनको सम्पत्तिको आसक्ति भन्दा टाढा राखिन्छन् र तसर्थ, तिनीहरूलाई आफ्नो दैनिक जीवनका सम्बन्धमा कुनै डर हुँदैन अथवा कसैले आलोचना गर्ला भन्ने कुराको पनि डर हुन्न ।

उनीहरूको भावी मृत्युका सम्बन्धमा उनीहरूलाई कुनै डर हुन्न, किन भने उनीहरूलाई बुद्ध भूमिमा जन्मने विश्वास हुन्छ । किनभने सत्य एवं उपदेशको पवित्रतामा तिनीहरूको विश्वास हुन्छ,तिनीहरूले आपनो विचार स्वतन्त्रतापूर्वक एवं निडर बनेर प्रकट गर्न सक्दछन् ।

किनभने तिनको मनमा सबै मानिसहरूकानिमित्त करुणा भरिएको हुन्छ, तिनीहरू उनीहरूमा कुनै अन्तर गर्दैनन्, बरू सबैप्रति समान व्यवहार गर्दछन्, र किन भने उनीहरूको मन रुचि र अरुचिभन्दा स्वतन्त्र हुन्छ, यो पवित्र र समदर्शी हुन्छ र उनीहरूका निमित्त कुनै पनि असल कार्य गर्न आनन्दित हुन्छ ।

तिनीहरू विपत्ति अथवा समृद्धिमा रहे पनि उनको विश्वासको वृद्धि गर्न यसले कुनै अन्तर पार्दैन । यदि उनीहरूले विनम्रताको उपासना गर्दछन् भने, यदि उनीहरूले बुद्धको उपदेशको सम्मान गर्दछन् भने, यदि तिनीहरू

आफ्नो वचन र कार्यमा एकनास छन् भने, यदि उनीहरू प्रज्ञाद्वारा निर्देशित हुन्छन् भने, यिद तिनको मन एक पर्वत जस्तै अचल छ भने, उनीहरूले ज्ञानको मार्गमा अविरल प्रगति गर्न सक्ने छन् ।

र यद्यपि तिनीहरू कठिन स्थिति तथा अपवित्र मन भएका मानिस-हरूका बीच बस्न वाध्य हुनु पर्ने भए तापनि,यदि तिनीहरूले बुद्धमा श्रद्धाको उपासना गरे भने, तिनीहरूले उनीहरूलाई असल कार्यप्रति निर्देशित गर्न सक्नेछन् ।

३. तसर्थ, प्रत्येक व्यक्तिले सवभन्दा पहिले बुद्धको उपदेश सुन्ने इच्छा राख्नु पर्दछ ।

यदि कसैले उसलाई ज्ञान प्राप्त गर्न अग्निको बाटो भई जान आवश्यक छ भनी भन्यो भने,उसले त्यस्तो अग्निको बाटो भई जान तत्पर रहनु पर्दछ ।

बुद्धको नाम सुन्न पाउँदा प्राप्त हुने सन्तुष्टिका निमित्त, आगोले भरि-एको संसारबाट हिड्नु समेत उचित ठान्नु पर्दछ ।

यदि कसैले बुद्धको उपदेश पालन गर्ने इच्छा राख्दछ भने ऊ अहंकारी तथा हठी हुनु हुन्न, तर उसमा सबैप्रति सदिच्छाको भावना हुनु पर्दछ, उसले सम्मान गरिने योग्यहरूको सम्मान गर्नु पर्दछ, उसले सेवा गरिने योग्यहरूको सेवा गर्नु पर्दछ तथा अन्य सबैप्रति समान रूपको दयाको व्यवहार गर्नु पर्दछ ।

यसरी,उपासकहरूले आफ्नो मनलाई सबभन्दा पहिले साधनामा ल्याउनु पर्दछ र अरुहरूको कार्यबाट विचलित हुनुहुन्न । यस प्रकार उनीहरू बुद्धको उपदेश प्राप्त गर्न सक्दछन् र यसलाई व्यवहारमा ल्याउन सक्दछन्, एवं यो कार्य गर्दा उनीहरू अरु मानिसहरूको ईर्ष्या गर्दैनन्, अरुहरूबाट प्रभावित हुँदैनन् र अन्य मार्गहरूमाथि विचार गर्दैनन् ।

जो बुद्धको उपदेशमाथि विश्वास राख्दैनन्, उनीहरू संकीर्ण दृष्टिकोण राख्दछन् र फलस्वरूप, विचलित मनस्थितिमा रहन्छन् । तर जो बुद्धको उपदेशमाथि विश्वास गर्दछन् उनीहरू यसमा भएको ठूलो प्रज्ञा र सबैलाई ठूलो करुणाले परिवेष्ठित गर्ने कुरामा विश्वास गर्दछन् एवं, यस विश्वास देखि उनीहरू स-साना कुराहरूबाट विचलित हुँदैनन् ।

४. जसले बुद्धको उपदेश सुनेर त्यसलाई ग्रहण गर्दछन्, उनीहरूलाई आफ्नो जीवन क्षणभंगुर छ तथा आफ्नो शरीर दुःखहरूको संग्रहमात्र हो एवं सम्पूर्ण पापको मुहान हो भन्ने कुरा थाहा छ, तसर्थ, उनीहरू यी कुराहरूप्रति आसक्त हुँदैनन् ।

यसका साथ साथै, उनीहरू आफ्नो शरीरको राम्रो हेर विचार गर्नु पर्ने कुराको बेवास्ता गर्दैनन्, तर यो कुरा उनीहरूले शरीरको भौतिक जीवनको आनन्द मनाउने इच्छाको कारणले गर्ने होइन, परन्तु शरीर, प्रज्ञा प्राप्त गर्न आवश्यक भएको एवं अरुका निमित्त धर्मको व्याख्या गर्ने उद्देश्यकानिमित्त आवश्यक हुन्छ भनेर हो ।

यदि उनीहरूले शरीरको राम्रो हेर विचार गरेनन् भने, उनीहरू धेरै कालसम्म बांचन सक्दैनन् । यदि उनीहरू धेरै दिनसम्म बांचेनन्

भने, उनीहरू स्वयंले उपदेशको अभ्यास गर्न सक्दैनन्, नत अरुलाई यसको व्याख्या नै गर्न सक्दछन् ।

यदि कुनै व्यक्तिले नदी तर्न इच्छा गऱ्यो भने ऊ आफ्नो तरणकाप्रति बडो सावाधान हुन्छ। यदि उसले लामो यात्रा गर्नु पऱ्योभने आफ्नो घोडाको बडो राम्रो हेर विचार गर्दछ । यसै गरी यदि कुनै व्यक्तिले ज्ञान प्राप्त गर्ने इच्छा गर्छ भने उसले आफ्नो शरीरको राम्रो हेर विचार गर्नु पर्दछ ।

जो बुद्धका शिष्य हुन्छन् उनीहरूले आफ्नो शरीरलाई जाडो र गर्मीबाट रक्षा गर्न तथा शरीरको लाज ढाक्न लुगा लगाउनै पर्दछ, तर उनीहरूले यस्तो लुगा सजावटकानिमित्त लगाउनु हुन्न ।

उनीहरूले आफ्नो शरीरको पोषणकानिमित्त उचित भोजन खानु पर्दछ जसले गर्दा उनीहरूले उपदेश सुनी त्यसलाई ग्रहण गरेर व्याख्या गर्न सकुन्, तर उनीहरूले केवल आनन्दकानिमित्त अन्न खानु हुन ।

उनीहरूले ज्ञानको त्यस्तो घरमा बस्नु पर्दछ जसलाई सांसारिक रागका चोरहरू एवं कुत्सित उपदेशका आंधीहरूबाट रक्षा गर्न सकियोस्, एवं उनीहरूले यस्तो घरलाई यसको वास्तिक उद्देश्यका निमित्त प्रयोग गर्नु पर्दछ एवं स्वार्थी अभ्यासको प्रदर्शन गर्न अथवा तिनलाई लुकाउन प्रयोग गर्नु हुन्न ।

यसरी कसैले पनि वस्तुहरूको कदर गर्नु पर्दछ र तिनको प्रयोग केवल ज्ञानप्राप्ति तथा उपदेशका सम्बन्धमामात्र गर्नु पर्दछ । उसले तिनीप्रति स्वार्थी कारणकानिमित्त आसक्त हुनुहुन्न तर तिनको प्रयोग अरुहरूकहां उपदेशको प्रचार गर्ने उपयोगी उद्देश्यका रूपमा गर्नु पर्दछ ।

तसर्थ, यदि ऊ आपनो परिवारसित बसी राखेको छ भने पनि, उसको मन सदैव उपदेश तर्फ स्थिर रहनु पर्दछ । उसले उनीहरूको हेर विचार बुद्धिमत्ता एवं सहानुभूतिपूर्ण मनले गर्नु पर्दछ,एवं उनीहरूको मनमा धेरै प्रक्रियाहरूद्वारा विश्वास जाग्रत गराउने प्रयत्न गर्नु पर्दछ ।

५. बुद्धको संघका उपासकहरूले यी पाठहरूको अध्ययन प्रत्येक दिन गर्नु पर्दछः–आफना बाबु आमाको सेवा कसरी गर्ने, पत्नी तथा छोरा छोरी सित कसरी बस्ने, आफूमाथि कसरी नियन्त्रण राख्ने एवं बुद्धलाई कसरी सेवा गर्ने ।

बाबु आमाको सबभन्दा राम्ररी सेवा गर्न उनीहरूले सबै जीवित प्राणीप्रति दयाको अभ्यास गर्ने कुरा सिक्नु पर्दछ। पत्नी तथा छोराछोरीका साथ सुखपूर्वकक जीवन बिताउन उनीहरूले लालसा एवं स्वार्थी आनन्दको विचारभन्दा टाढा बस्नु पर्दछ ।

पारिवारिक जीवनको संगीत सुन्दा उनीहरूले उपदेशको झन् मीठो संगीत बिर्सनुहुन्न,एवं घरको आश्रयमा बस्दा, उनीहरूले ध्यानको अभ्यासको अझै बढी सुरक्षित आश्रय प्रायः खोज्नु पर्दछ, जहाँ बुद्धिमान् पुरूषहरू सबै अपवित्रता एवं सबै विघ्नहरूबाट शरण प्राप्त गर्दछन् ।

जब उपासकहरू दान गरी राखेका हुन्छन्, उनीहरूले आफ्नो मनबाट सबै लोभहरू परित्याग गर्नु पर्दछ; जब उनीहरू भीडका बीच हुन्छन् उनीहरूको संगत बुद्धिमान् पुरूषहरूकासाथ हुनुपर्दछ; जब उनीहरूलाई दुर्भाग्य आई पुग्दछ उनीहरूले आपनो मन शान्त एवं सबै विघ्नहरूबाट स्वतन्त्र राख्नु पर्दछ ।

जब उनीहरु बुद्धकोशरणमा पर्दछन्, उनीहरूले उनको प्रज्ञा प्राप्त गर्ने प्रयत्न गर्नु पर्दछ ।

जब उनीहरू धर्मको शरण लिन्छन्, उनीहरूले यसको सत्य प्राप्त गर्ने प्रयत्न गर्नु पर्दछ, जुन कुरा प्रज्ञाको ठूलो महासागर सरह हो ।

जब उनीहरू संघको शरण लिन्छन्, उनीहरूले कुनै पनि स्वार्थले बाधा नपुऱ्याएको शान्तिपूर्ण संघको सहभागी हुने प्रयत्न गर्नु पर्दछ ।

जब उनीहरू लुगा लगाउँछन्, उनीहरूले उदारता एवं विनम्रताको पोशाक पनि लगाउन पर्ने कुरा विर्सनु हुन्न ।

जब उनीहरू कुनै बोझबाट आफूलाई मुक्त गर्न चाहन्छन्, उनीहरूले सबै लोभ, दोष र मूर्खतालाई आफ्नो मनबाट परित्याग गर्ने इच्छा राख्नु पर्दछ ।

जब उनीहरू कुनै उकालो बाटो कठिनाई पूर्वक चढी राखेका हुन्छन्, उनीहरूले यसलाई ज्ञानको मार्ग भनी विचार गर्नु पर्दछ, जसले उनीहरूलाई मोहको संसार भन्दा टाढा लगी दिन्छ । जब उनीहरू सजिलो बाटो हिंडी राखेका हुन्छन्, उनीहरूले यसको सजिलो स्थितिको लाभ बुद्धत्वप्रति बढी प्रगति गर्ने तर्फ उठाउनु पर्दछ ।

जब उनीहरू कुनै पुल देख्दछन्, उनीहरूले मानिसहरूलाई पारी तर्न सहायता दिन उपदेशको पुल बनाउने इच्छा राख्नु पर्दछ ।

जब उनीहरू कुनै दुःखी मानिस भेट्दछन्, उनीहरूले यो सदैव परिवर्तनशील संसारमा भएको कटुताप्रति शोक मान्नु पर्दछ ।

जब उनीहरू कुनै लोभी व्यक्ति देख्दछन्, उनीहरूले वर्तमान जीवनको मोहभन्दा स्वतन्त्र रहने एवं ज्ञानको वास्तविक विपुलताको सहभागी हुने ठूलो इच्छा राख्नु पर्दछ ।

जब उनीहरू स्वादिष्ट भोजन देख्दछन्, उनीहरूले त्यस बेला त्यसबाट बाँच्ने प्रयत्न गर्नु पर्दछ; जब उनीहरू अस्वादिष्ट भोजन देख्दछन्; उनीहरूले लोभ कहिल्यै पनि फर्केर न आओस् भनी इच्छा गर्नु पर्दछ ।

गरम यामको तीव्र गर्मीमा, उनीहरूले सांसारिक तृष्णाको गर्मीबाट आफूलाई टाढा राखेर ज्ञानको सरस शीतलता प्राप्त गर्ने इच्छा राख्नु पर्दछ । जाडो यामको असह्य सर्दीमा उनीहरूले बुद्धको महा-करुणाको न्यानो पना संझनु पर्दछ ।

जब उनीहरू धार्मिक ग्रन्थको पाठ गर्दछन्, उनीहरूले तिनलाई नबिर्सने दृढ निश्चय गर्नु पर्दछ, एवं प्राप्त गरेको उपदेशलाई व्यवहारमा परिणत गर्ने निर्णय गर्नु पर्दछ ।

जब उनीहरू बुद्धको बारेमा विचार गर्दछन्, उनीहरूले बुद्धको दृष्टि राख्ने गम्भीर इच्छा राख्नु पर्दछ ।

जब रात्रीमा उनीहरू सुत्दछन्, उनीहरूले आपनो शरीर, वचन र मनलाई पवित्र र स्फूर्तिप्रद होस् भन्ने इच्छा राख्नु पर्दछ; जब उनीहरू विहान उठ्छन्, उनीहरूको पहिलो कामना त्यस दिन उनीहरूको मन स्पष्ट

भएर सबै कुरा बुझ्न सकोस् भन्ने हुनु पर्दछ ।

६. बुद्धको उपदेश पालन गर्नेहरूले सबै कुराको स्वभाव "शून्य" मा आधारित छ भनी बुझ्ने हुँदा, उनीहरूले मानव जीवनमा प्रवेश गर्ने कुरालाई मामूली रूपमा लिंदैनन्, परन्तु उनीहरूले तिनलाई ती जस्तो रूपमा छन् त्यस्तै रूपमा स्वीकार गर्दछन् र तिनलाई ज्ञानका निमित्त उपयुक्त बनाउने प्रयत्न गर्दछन् ।

उनीहरूले यो संसार अर्थहीन छ र भ्रमले भरिएको छ एवं ज्ञानको संसार भने अर्थपूर्ण कुरा र शान्तिले भरिएको छ भनी विचार गर्नु हुन्न। वरु, उनीहरूले यस संसारका सबै विषयमा ज्ञान मार्गको स्वाद लिनु पर्दछ ।

यदि कसैले संसारलाई अज्ञानद्वारा धमिलो भएको अपवित्र आँखाले हेर्दछ भने उसले यसलाई दोषै दोषले भरिएको देख्नेछ, तर यदि उसले यसलाई स्पष्ट प्रज्ञाले हेर्दछ भने, उसले यसलाई ज्ञानको संसारका रूपमा नै देख्नेछ, जो वास्तवमा यो हो ।

वास्तवमा, संसार एउटा मात्र छ– दुइटा संसार भनेको छैन, एक अर्थहीन र दोस्रो अर्थपूर्ण भनिने, एक असल र अर्को कमसल भनिने । मानिसहरूले आफ्ना विभेद गर्ने मानसिक क्रियाद्वारा नै दुई संसार छन् भनी ठान्दछन् ।

यदि उनीहरूले यी विभेदहरूको परित्याग गर्न सके भने एवं आफ्नो मनलाई प्रज्ञाको ज्योतिद्वारा पवित्र राख्न सके भने, अनि उनीहरूले एक संसार मात्र देख्न सक्ने छन् जसमा प्रत्येक कुरा अर्थयुक्त हुनेछ ।

७. जो बुद्धमा विश्वास गर्दछन्, उनीहरू प्रत्येक वस्तुमा एकत्वको यसै सार्वभौमिक पवित्रता चाख्दछन्, र त्यस मनमा उनीहरू प्रत्येक व्यक्तिप्रति करुणाको अनुभूति गर्दछन् र प्रत्येक व्यक्तिको सेवा गर्ने विनम्र दृष्टिकोण राख्दछन् ।

तसर्थ, उनीहरूले आफ्नो मनलाई सबै प्रकारका घमण्डबाट मुक्त गरी, विनम्रता, शिष्टता र सेवाको उपासना गर्नु पर्दछ । उनीहरूको मन त्यो फलदायी पृथ्वी जस्तै हुनु पर्दछ, जसले विना कुनै भेदवभाको सबै कुराको पोषण गर्दछ, जसले विना कुनै गुनासो सेवा गर्दछ, धैर्यपूर्वक सहन्छ, जो सदैव उत्साही रहन्छ, जसले सबै निर्धन व्यक्तिहरूको सेवा गर्नमा एवं तिनीहरूको मनमा बुद्धको उपदेशको बीजारोपण गर्न, सर्वोच्च आनन्द प्राप्त गर्दछ ।

यसरी, जुन मनमा असहाय व्यक्तिहरूप्रति करुणा हुन्छ, त्यो मन सबै मनुष्यहरूकानिमित्त आमा सरह हुन्छ, सबै मनुष्यको सम्मान गर्दछ, सबै मनुष्यलाई आफ्नो व्यक्तिगत मित्र सरह हेर्दछ तथा उनीहरूलाई आफ्नो माता पिता सरह आदर गर्दछ ।

तसर्थ, यद्यपि बौद्ध उपासकहरूप्रति हजारौं व्यक्तिहरू कठोरभावना र द्वेष राख्न सक्दछन्, तापनि उनीहरूले कुनै हानि पुऱ्याउन सक्दैनन्, किन भने त्यस्तो हानि महासागरको पानीमा एक थोपा विष सरह हो ।

८. कुनै पनि उपासकले अनुचिन्तन र मनन तथा धन्यवाद अर्पण गर्ने अभ्यासद्वारा आफ्नो आनन्दको वृद्धि गर्न सक्ने छ । उसले आफ्नो

विश्वासलाई बुद्धको करुणा नै हो भनी अनुभव गर्ने छ, एवं बुद्धद्वारा नै उसलाई यो उपहार दिइएको हो भनी अनुभव गर्नेछ ।

सांसारिक रागको हीलोमा श्रद्धाको कुनै बीज हुँदैन, तर बुद्धको करुणाले गर्दा त्यहाँ पनि श्रद्धाको बीजारोपण गर्न सकिन्छ, र तिनले त्यस बेलासम्म मनलाई विशुद्ध पारी राख्दछ जबसम्म त्यसमा बुद्धमाथि विश्वास गर्ने श्रद्धा जागेर आउन्न ।

जस्तो माथि भनिएको छ, एरण्डको जंगलमा सुगंधित चन्दनको रुख उम्रदैन । त्यसरी नै, बुद्धप्रति श्रद्धाको बीज मोहको हृदयमा उम्रन सक्दैन ।

तर वास्तवमा, आनन्दको फूल त्यहाँ फक्रँदैछ, यसै गरी हामीले यो निस्कर्षमा पुग्नै पर्दछ– यद्यपि फक्रेको कोपिला मोहको हृदयमा हुन्छ, यसका जरा अन्यन्त्र हुन्छन्, अर्थात्, यसका जरा बुद्धको हृदयमा हुन्छन् ।

यदि उपासकमाथि आत्मा व्याप्त हुन्छ भने, ऊ शंकाशील, ईर्ष्यालु गर्हित र अनिष्टकर हुन जान्छ, किन भने उसको मन लोभ, दोष र मूर्खतापूर्ण मोहले क्लेशपूर्ण हुन्छ । तर यदि ऊ बुद्ध कहाँ फर्कन्छ भने, माथि भनिए जस्तै, उसले बुद्धको अरु बढी सेवा गर्न सक्ने छ । वास्तवमा, यसलाई अभिव्यक्त गर्न सकिन्न ।

द्वितीय अध्याय

सत्य जीवनको व्यावहारिक मार्ग दर्शन

१

पारिवारिक जीवन

१. दुर्भाग्यहरू पूर्वबाट आउँछन् अथवा पश्चिमबाट आउँछन् भन्ने कुरा विचार गर्नु भ्रम हो; यी त आफ्नै मनमा उत्पन्न हुन्छन्। तसर्थ, भित्री मनलाई अनियन्त्रित रहन दिएर बाहिरी संसारबाट आउने दुर्भाग्यहरूबाट मात्र रक्षा गर्न खोज्नु मूर्खता हो।

प्राचीन कालदेखि आएको एउटा चलन छ जसलाई साधारण व्यक्तिहरूले अझै पनि पालन गरी राखेका छन्। जब उनीहरू विहान उठ्दछन्, उनीहरू पहिले आफ्नो अनुहार धुन्छन् र मुख कुल्ला गर्दछन्, र त्यसपछि छ दिशा तर्फ फर्केर ढोग्दछन्–पूर्व पश्चिम, दक्षिण, उत्तर, माथि र तल फर्केर– यी दिशाहरू मध्ये कुनै पनि दिशा तर्फबाट उनीहरू कहाँ दुर्भाग्य नआओस् एवं उनीहरूको दिन शान्तिपूर्ण बित्न सकोस् भन्ने इच्छा गर्दछन्।

तर बुद्धको उपदेशमा यो भन्दा फरक छ। बुद्धको उपदेश अनुसार हामीले सत्यका छ दिशाहरू तर्फ सम्मान प्रकट गर्नु पर्दछ र अनि हामीले वुद्धिमत्तापूर्वक एवं सद्गुणपूर्वक व्यवहार गर्नु पर्दछ र यसरी हामीले सबै दुर्भाग्य निवारण गर्नु पर्दछ।

यी छ दिशाका सबै ढोकाहरूको रक्षा गर्न मानिसहरूले "चार कार्य"

हरूको क्लेश हटाउनु पर्दछ, "चार कुत्सित मनहरूको" नियन्त्रण गर्न पर्दछ, र ती "छ छिद्र" हरू थुन्न पर्दछ जसले सम्पत्तिको हानि गर्दछन् ।

"चार कार्यहरू" भनेका, हत्या गर्नु, चोरी गर्नु, परस्त्री गमन गर्नु र असत्य बोल्नु हुन् ।

"चार कुत्सित विचारहरू" भनेका लोभ, दोष, मूर्खता र त्रास हुन् ।

"छ छिद्रहरू" जसले सम्पत्तिको हानि गर्दछन् भनेको मद्य पदार्थको तृष्णा र मूर्खतापूर्ण व्यवहार गर्नु, राती अबेरसम्म विउँझनु एवं ठट्टा तर्फ मन लगाउनु, संगीतात्मक मनोरञ्जन तथा प्रदर्शनमा जानु, जुवा खेल्नु, दुष्टहरूको संगत गर्नु, र आफ्नो कर्तव्य पालन नगर्नु ।

यी चार क्लेशहरूको निवारण गरेर, मनका यी चार कुत्सित स्थितिहरूलाई परित्याग गरेर, यी हानि गर्ने छ छिद्रहरू टालेर, बुद्धका शिष्यहरूले सत्यका छ दिशाहरूको अभिवादन गर्दछन् ।

सत्यका यी छ दिशाहरू के हुन् त ? पुत्रले माता पितालाई पूर्व दिशा, शिष्यले गुरुलाई दक्षिण दिशा, पतिले पत्नीलाई पश्चिम दिशा, कुनै पुरुषले मित्रलाई उत्तर दिशा, मालिकले नोकरलाई अधो दिशा र श्रमरणहरूलाई उर्ध्व दिशा मान्नु पर्दछ ।

कुनै पनि पुत्रले आफ्ना पिता माताको सम्मान गर्नु पर्दछ एवं उनीहरूका निमित्त ती सबै कुरा गर्नु पर्दछ जो उसले उनीहरूप्रति गर्नु पर्दछ भनी अनुमान गरिन्छ । उसले उनीहरूको सेवा गर्नु पर्दछ, उनीहरूको काम सघा-उनु पर्दछ, पारिवारिक कुलको प्रतिष्ठा पालन गर्नु पर्दछ, परिवारको सम्पत्तिको सुरक्षा गर्नु पर्दछ, तथा उनीहरूको मृत्यु भएपछि उनीहरूको सम्झनामा श्राद्ध मनाउनु पर्दछ ।

पिता माताहरूले आफ्ना छोरा छोरीहरूकानिमित्त पांच कुराहरू गर्नु पर्दछः– कुनै पनि कुकार्यको परित्याग गर्नु, असल कार्यहरूको उदाहरण प्रस्तुत गर्नु, उनीहरूलाई शिक्षा दिनु, उनीहरूको विवाहको प्रबन्ध गर्नु, र उचित समयमा उनीहरुलाई सम्पत्ति माथिको उत्तराधिकार दिनु । यदि पिता माता तथा पुत्रले यी नियमहरू पालन गरे भने, परिवारले सदैव नै सुखपूर्वक जीवन बिताउने छ ।

कुनै पनि शिष्यले आफ्नो गुरु प्रवेष गर्दा सदैव उठ्नु पर्दछ र उनको सुविधा हेर्नु पर्दछ, उनका निर्देशनहरूलाई पालन गर्नु पर्दछ, उनलाई भेटी चढाउन बिर्सनु हुन्न, र उनको शिक्षा सम्मानपूर्वक सुन्नु र पर्दछ ।

त्यसका साथ साथै, गुरुले शिष्यका समक्ष सही कार्य गर्नु पर्दछ, र एक राम्रो उदाहरण उसका समक्ष प्रस्तुत गर्नु पर्दछ; आफुले सिकेको शिक्षा उसलाई सही रूपमा दिनु पर्दछ, र शिष्यलाई प्रतिष्ठित शिक्षाका निमित्त तैयार पार्नु पर्दछ; र उनले शिष्यलाई सबै संभव उपायहरूद्वारा दुष्कर्मबाट रक्षा गर्न बिर्सनु हुन्न । यदि एक शिक्षक र शिष्यले यी नियमहरू पालन गरे भने, उनीहरूको सम्बन्ध राम्ररी अघि बढ्ने छ ।

पतिले पत्नीप्रतिको व्यवहारमा सम्मान, शिष्टता र विश्वास राख्नु पर्दछ । उसले गृह कार्यको जिम्मा पत्नीलाई दिनु पर्दछ र साथै कहिले

काँही उसको आवश्यकताको पूर्ति गरी दिनु पर्दछ, जस्तो आवश्यक सहायक कुराहरू । यसका साथ साथै, पत्नीले पनि, गृह कार्य मेहनत साथ गर्नु पर्दछ, नोकर चाकरलाई बुद्धिमत्तापूर्वक प्रबन्ध गर्नु पर्दछ, र एउटा असल पत्नीले राख्नु पर्ने सरह आफ्नो सद्‌गुण कायम राख्नु पर्दछ । उसले आफ्नो पतिको आमदानी व्यर्थमा खर्च गर्नु हुन्न, र घरको व्यवस्था औचित्य तथा निष्ठापूर्वक गर्नु पर्दछ । यदि यी नियम पालन गरिए भने, गृहस्थी सुखद हुने छ र यसमा झगडा हुने छैन ।

मित्रताको नियमको अर्थ मित्रहरूका बीच पारस्परिक सहानुभूति हुनु हो, एउटालाई नपुगेको कुरा अर्कोले पुऱ्याई दिनु र अर्कोलाई हित गर्ने प्रयत्न गर्नु र सदैव मैत्रीपूर्ण तथा निष्कपट शब्दहरू प्रयोग गर्नु हो ।

कसैले पनि आफ्नो मित्रलाई कुमार्गमा जानुबाट बचाउनु पर्दछ, उसले उसको धन सम्पत्तिको रक्षा गर्नु पर्दछ, र उसको संकटको समयमा सहायता गर्नु पर्दछ । यदि उसको मित्रलाई कुनै दुर्भाग्य आई पऱ्यो भने उसले उसलाई सहायता दिनु पर्दछ र आवश्यक परे, उसको परिवारको पालन पोषण समेत गर्नु पर्दछ । यसरी, उनीहरूको मित्रताको संरक्षण हुन सक्दछ र उनीहरू परस्परमा बढी सुखी हुन सक्ने छन् ।

कुनै पनि मालिकले नोकरसितको व्यवहारमा पाँच कुराहरू ध्यानमा राख्नु पर्दछः— उसले नोकरको योग्यता अनुसारको काम उसलाई दिनु पर्दछ, उसलाई उचित पारिश्रमिक दिनु पर्दछ, ऊ बिरामी परेमा उसको हेर विचार गर्नु पर्दछ, आफ्ना राम्रा राम्रा कुरामा उसलाई सहभागी बनाउनु पर्दछ, तथा उसलाई आवश्यक आरामको समय दिनु पर्दछ ।

नोकरले पाँच कुराहरूको पालना गर्नु पर्दछः— उसले बिहान

मालिक उठ्नु भन्दा अघि उठ्नु पर्दछ तथा बेलुका मालिक सुत्न गए पछि सुत्न जानुपर्दछ, सदैव इमानदार हुनु पर्दछ, उसले आफ्नो काम परिश्रमपूर्वक राम्ररी गर्नु पर्दछ, एवं आफ्नो मालिकको नाउँमा दाग लाग्न दिनु हुन्न । यदि यी नियमहरूको पालन गरियो भने, शान्ति कायम हुन्छ तथा मालिक र नोकरका बीच कुनै विवाद हुँदैन ।

बुद्धका कुनै पनि शिष्यले बुद्धको उपदेश उसको परिवारले पालन गरेको छ भनी हेर्नु पर्दछ । उनीहरूले बुद्ध धर्मका आफ्ना उपदेशकप्रति सम्मान र विवेक देखाउनु पर्दछ, उनको शिक्षामा सामेल भइ त्यसको पालन गर्नु पर्दछ, र उनलाई सदैव केही दान दिनु पर्दछ ।

बुद्ध धर्मका उपदेशकले पनि उपदेशलाई राम्ररी बुझ्नु पर्दछ, अनुचित व्याख्या अस्वीकार गर्नु पर्दछ, उचित कुरामा जोड दिनु पर्दछ, तथा यसमा विश्वास गर्नेहरूलाई सरल मार्ग निर्देशित गर्नु पर्दछ । यदि कुनै परिवारले यो पथको अनुसरण गर्दछ भने, र सत्य उपदेशलाई केन्द्र मान्यो भने, त्यसको सुखद उन्नति हुनेछ ।

छ दिशा तर्फ अभिवादन गर्ने व्यक्तिले, बाहिरबाट आउने दुर्भाग्यबाट उम्कन यसो गरेको हो भन्ने होइन । त्यस व्यक्तिले यो गर्ने उद्देश्य आफ्नो मनबाट उत्पन्न हुने कुत्सित विचारप्रति सचेत हुनाका निमित्त हो ।

२. कुनै पनि व्यक्तिले आफ्ना परिचितहरूमध्ये कससित संगत गर्नु हुन्छ, कससित संगत गर्नु हुन्न भन्ने कुरा छुट्याउनु पर्दछ ।

जुन व्यक्तिहरूसित कुनै पनि मानिसले संगत गर्नु हुन्न ती हुन्–लोभी, चतुरका वा चालहरू, चाटुकारहरू र बेकम्मा व्यक्तिहरू ।

जुन व्यक्तिहरूसित संगत गर्नु हुन्छ, ती हुन्–सहायता दिनेहरू, जो सुख र दुःख दुबैमा सहभागी हुन इच्छुक हुन छन्, जो असल सल्लाह दिन्छन् र जो स्वभावले नै सहानुभूति राख्ने हुन्छन् ।

एक सांचो मित्र त्यो हो, जससित कुनै पनि व्यक्तिले भर पर्नहुने किसिमले संगत गर्न सकोस्,जसले सदैव सही मार्गली राख्दछ, आफ्नो मित्रको भलाइका निमित्त नथाहा दीकन चिन्ता गर्दछ, उसको दुर्भाग्यमा सान्त्वना दिन्छ, जब आवश्यक पर्दछ त्यस बेला उसलाई सहायताको हात बढाउँछ, उसका कुराहरू गोप्य राख्दछ र उसलाई सदैव असल सल्लाह दिन्छ ।

यस्तो मित्र पाउनु अत्यन्त कठिनु हुन्छ, तसर्थ, कसैले पनि यस्तो प्रकारको मित्र हुन अत्यन्त कठिन प्रयत्न गर्नु पर्दछ । सूर्यले फलदायी पृथ्वीलाई जसरी न्यानो प्रदान गर्दछन्, त्यसैगरी एक असल मित्र उसका असल कार्यहरूले गर्दा, समाजमा चम्कन्छ ।

३. यदि छोराले आफ्नो पितालाई दाहिने कांधमा र आमालाई देब्रे कांधमा एक शयवर्षको लामो अवधिसम्म बोकी रह्यो भने पनि, उसले पिता–माताबाट प्राप्त गरेको कृपालु दया तिर्न असंभव हुन्छ ।

र उसले आफ्नो पिता माताको शरीरलाई एक शय वर्षसम्म सुगन्धित लेपमा नुहाई राख्यो भने तापनि, एक आदर्श पुत्रका रूपमा सेवा गरी राख्यो

भने तापनि, उनीहरूका निमित्त एक सिंहासन प्राप्तगरेर ल्याई दियो भने तापनि, संसारका सम्पूर्ण विलास सामग्री उनीहरूलाई दियो भने तापनि उसले उनीहरूद्वारा उसप्रति लगाइएका कृतज्ञताका महान् ऋण पर्याप्त रूपले तिर्न सक्दैन ।

तर यदि उसले उनीहरूलाई बुद्धको मार्ग देखाउँछ भने तथा बुद्धको उपदेशको व्याख्या उनीहरुका लागि गर्छ भने, र उनीहरूलाई नराम्रो बाटो छोडेर राम्रो बाटोमा लाग्न मनाउँछ भने, र उनीहरूलाई सबै लोभ त्याग गरी दानको व्यवहारद्वारा आनन्द मनाउने मार्ग तर्फ लगाउँछ भने, त्यो कुरा उनीहरूलाई ऋण तिर्नु भन्दा पनि अधिक कार्य हुनेछ ।

बुद्धको आशिवार्द त्यस घरमा निवास गर्दछ जहाँ पिता माताको सम्मान गरिन्छ ।

४. परिवार भनेको त्यो स्थल हो जहाँ मनहरू परस्परमा सम्पर्कमा आउँछन् । यदि यी मनहरूले परस्परमा स्नेह गर्दछन् भने, घर फूलको बगैंचा जस्तै राम्रो हुन्छ । तर यदि यी मनहरूको परस्परमा बेमेल भयो भने, यो त्यस्तो आंधी जस्तो हुन्छ जसले बगैंचालाई ध्वस्त गरीदिन्छ ।

यदि कसैको परिवार भित्र बेमेल उत्पन्न हुन्छ भने, कसैले पनि अर्कोलाई दोष दिनु हुन्न, बरु आफनै मनलाई जांचनु पर्दछ र सही मार्गको अनुसरण गर्नु पर्दछ ।

५. कुनै समय गहिरो श्रद्धा राख्ने एक व्यक्ति थियो । ऊ सानै हुँदा उसको पिताको मृत्यु भयो; ऊ आफ्नी आमाकासाथ सुखपूर्वक रह्यो, र अनि आफ्नो विवाह गर्‍यो ।

पहिले त उनीहरू परस्परमा सुखपूर्वक बसे. तर, पछि केही सानो मनोमालिन्य भएर, बुहारी र सासू परस्परमा मन नपराउन थाले। यो मन नपराउने स्थिति दिन पर दिन बिग्रँदै गयो र यहाँसम्म भयो, आमा छोरा बुहारीलाई छाडेर एक्लै बस्न गइन्।

सासूले छाडेर गए पछि युवाजोडीले एक छोरा पाए। सासू कहाँ बुहारीले यसो भनी भनेर कसैले कुरा पुऱ्यायो : "मेरी सासूले मलाई जहिले पनि कचकच गर्दथिन् र जबसम्म उनी हामीसित बसिन् कुनै सुखद घटना घटेन; तर उनी जानासाथ यो सुखद घटना भयो।"

यस कुरौटे हल्लाले सासूलाई रिस उठायो र उनले आश्चर्य मान्दै भनिन्, "यदि उनीहरू छोराकी आमालाई घरबाट निकाली दिन्छन् र एक सुखद घटना घट्छ भने, त गजब हुन लागेछ। संसारबाट सत्य अवश्य पनि हरायो भन्नु पर्दछ।"

त्यस पछि आमाले कराएर भनिन्, "अब हामीले यस "सत्यको" अर्थी उठाउनु पर्दछ।" एक बहुलायी जस्तै भएर उनी चिहानमा सत्यको अन्तिम संस्कार गर्न गइन्।

एक देवताले यो घटना सुने पछि ती नारी समक्ष प्रकट भए र उनलाई संझाउने प्रयत्न गरे, तर उनको प्रयत्न व्यर्थ भयो।

अनि देवताले उनलाई भने, "त्यसो भए तिमीलाई सन्तुष्टि दिन मैले

बालक र उसको आमालाई जलाएर मारी दिनु पर्दछ । तर, त्यसले के तिमीलाई सन्तुष्टि हुन्छ ? ”

यो सुनेर, सासूले आफ्नो गल्ती अनुभव गरिन् र आफ्नो रोषका निमित्त क्षमा माग्दै, देवतासित बालक र उसकी आमाको रक्षा गर्न प्रार्थना गरिन् । यसका साथ साथै, बुहारी र छोराले पनि, बुढी नारीप्रति गरिएको अन्यायको अनुभव गरेर उनलाई खोज्न चिहान तर्फ गए । देवताले उनीहरूमा मेल गराई दिए र त्यसपछि उनीहरू एक सुखद परिवारका रूपमा रहन थाले ।

सत्यको कसैले परित्याग नगरुन्जेल सत्यको कहिल्यै पनि सधैंका निमित्त अन्त्य हुँदैन । सत्य प्रायशः लोप भएको जस्तो लाग्दछ तर वास्तवमा यो कहिल्यै पनि लोप हुँदैन । जब यो लोप हुन लागेको जस्तो देखिन्छ, त्यो त कुनै पनि व्यक्तिले आफ्नै मनको सत्य हराउन लागेको कारणले हो ।

असंगत मनहरूले प्रायशः विपत्ति ल्याउँछन् । एक सानो मनोमालिन्यले एक ठूलो दुर्भाग्य ल्याउन सक्दछ । यस कुराप्रति विशेष गरी परिवारमा सचेत रहनु पर्दछ ।

६. पारिवारिक जीवनमा, दैनिक खर्च कसरी चलाउने त्यो प्रश्नमाथि अत्यन्त विचार पुऱ्याउनु पर्दछ । परिवारको प्रत्येक सदस्यले परिश्रमी कमिला तथा व्यस्त माहुरी जस्तै कडा परिश्रम गर्नु पर्दछ । कसैले पनि अरुको परिश्रममा भर पर्नु हुन्न, न त उनीहरूबाट दानको आशा राख्नु हुन्छ ।

अर्को तर्फ, कसैले पनि आफूले कमाएको जति कुरा आफ्नै मात्र हो भन्ठान्नु हुन्न । सो मध्ये केही अरुलाई पनि बांड्नै पर्दछ, सो मध्ये केही

संकटका निमित्त बचाई राख्नु पर्दछ, सो मध्ये केही समुदाय तथा राष्ट्रको आवश्यकताका निमित्त छुट्याई राख्नु पर्दछ, र सो मध्ये केही धार्मिक उपदेशकहरूको आवश्यकताका निमित्त प्रदान गरिनु नै पर्दछ ।

कुनै कुरा पनि केवल "मेरो" हो भन्न सकिन्न भन्ने कुरा प्रत्येक व्यक्तिले बुझ्नु पर्दछ। जे कुरा पनि कुनै व्यक्तिलाई प्राप्त हुन्छ त्यो हेतुहरू एवं परिस्थितिहरूको एक समायोगद्वारा हुन्छ । उसले यसलाई अस्थायी रूपले मात्र राख्न सक्दछ, तसर्थ कसैले पनि यसको प्रयोग स्वार्थी रूपमा अथवा अयोग्य उद्देश्यका निमित्त गर्नु हुन्न।

७. राजा, उदेनकी रानी श्यामावतीले जब आनन्दलाई पांच शय चीवरहरू दिइन्, आनन्दले ठूलो सन्तुष्टिका साथ तिनलाई लिए ।

राजाले यो कुरा सुने पछि, आनन्दमाथि कपटताको शंका गरे, त्यसैले उनी आनन्दकहाँ गएर यी चीवरहरूको उनले के गर्ने भएका छन् भनी प्रश्न गरे ।

आनन्दले उत्तर दिए:– "हे राजा, मेरा धेरै भिक्षुहरूको चीवर चिथ्रो भएको छ, म यी चीवर भिक्षुहरूमा बांड्ने छु ।"

" पुराना चीवरहरू के गर्ने तपांईको विचार छ ? "
"हामी तिनको तन्ना बनाउने छौं । "
"तपाईले पुराना तन्ना के गर्नु हुन्छ ?"
"हामी तिनको तकियाको खोल बनाउने छौं ।"
"तपाई पुराना तकियाका खोल के गर्नु हुन्छ ?"

"हामी तिनको भइं छोप्ने बनाउने छौं ।"

"तपाईं पुराना छोप्ने के गर्नु हुन्छ ?"

"हामी तिनको खुट्टा पुछ्ने लुगा बनाउने छौं ।"

"तपाई खुट्टा पुछ्ने पुराना लुगा के गर्नु हुन्छ ?"

"तिनको भइं पुछ्ने बनाउने छौं ।"

"तपाई पुराना भइं पुछ्ने के गर्नु हुन्छ ?"

"महाराज, हामी तिनलाई टुक्रा टुक्रा पारी च्याती हीलोमा मिसाउने छौं र त्यो हीलो घरको भित्तामा लेप लगाउन काममा लगाउने छौं।

प्रत्येक वस्तु जो हामीलाई सुम्पिएको छ तिनको प्रयोग कुनै राम्रो कामका निमित्त बडो जतनका साथ गर्नु पर्दछ, किन भने ती "हाम्रा" होइनन्, केवल अस्थायी रूपमा हामीलाई सुम्पिएका मात्र हुन् ।

२

नारीहरूको जीवन

१. नारीहरू चार प्रकारका हुन्छन् । पहिला प्रकारका ती हुन् जो साना साना कारणमा पनि रिसाउँछन्, जो अस्थिर मनका हुन्छन्, जो लोभी एवं अरुको सुख देख्दा ईर्ष्या गर्ने हुन्छन्, र जसमा अरुको आवश्यकताप्रति कुनै सहानुभूति हुन्न ।

दोस्रो प्रकारका ती हुन् जो मामूली कुरामा पनि रिसाउँछन् जो अस्थिर र लोभी हुन्छन्, तर जो अरुको सुख देख्दा डाहा गर्दैनन् एवं अरुको आवश्यकता प्रति सहानुभूति राख्दछन् ।

तेस्रो प्रकारका ती हुन् जो अधिक उदार विचारका हुन्छन्, जो छिटो छिटो रिसाउँन्नन् र जसलाई लोभी मन कसरी नियन्त्रण गर्ने भन्ने कुरा

थाहा हुन्छ तर जो ईर्ष्याको भावना परित्याग गर्न सक्दैनन् ।

चौथो प्रकारका ती हुन् जो उदार विचारका हुन्छन्, जो लोभको भावनालाई नियन्त्रण गर्न सक्ने र शान्त मन राख्न सक्ने हुन्छन्, जो अरुको सुखप्रति ईर्ष्या गर्दैनन्, जो अरुको आवश्यकताप्रति साहनुभूति राख्दछन् ।

२. जब कुनै युवतिको विवाह हुन्छ उसले निम्नलिखित दृढ निश्चय गर्नु पर्दछ, "मैले आपनो पतिका माता पिताको सम्मान गर्नु पर्दछ । हामीसित जे जति छ त्यो उनीहरूले नै दिएको हो र उनीहरू हाम्रा बुद्धिमान् संरक्षकहरू हुन्, तसर्थ मैले उनीहरूको प्रशंसाका साथ सेवा गर्नु पर्दछ एवं मैले सकभर उनीहरूलाई सहयोग पुऱ्याउन तत्पर रहनु पर्दछ ।

"मेरा पतिका शिक्षकप्रति मैले सम्मान देखाउनु पर्दछ किन भने, उनले मेरा पतिलाई धार्मिक उपदेश दिएका हुन् र हामीहरू यी धार्मिक उपदेशहरूको निर्देशन विना मानव जीवन विताउन सक्दैनौं ।

"मैले आपनो मनको अनुशीलन गर्नु पर्दछ जसले गर्दा म आपना पतिलाई बुझ्न सक्नेछु र उनको काममा सहभागिनी हुन सक्ने छु । मैले यी विषय मेरा पतिका हुन्, मेरा होइनन् भन्ठानेर ती हितहरूप्रति कहिल्यै पनि निरपेक्ष हुनुहुन्न ।"

"मैले आफ्नो परिवारका प्रत्येक नोकर चाकरहरूको प्रकृति, क्षमता तथा अभिरुचि अध्ययन गर्नु पर्दछ र उनीहरूको हेर विचार दयालुताका साथ गर्नु पर्दछ । मैले आपनो पतिको आमदानीलाई व्यर्थमा कुनै स्वार्थी

काममा खर्च हुन नदी जगेर्ना गर्ने छु ।"

३. पति र पत्नीको सम्बन्ध उनीहरूको सुविधाका निमित्त मात्र बनाइएको होइन । कुनै पनि घरमा दुइ शरीरको सहयोग मात्र भन्दा यसको गहिरो महत्व छ । पति र पत्नीले आपनो घनिष्ट सम्बन्धको लाभ उठाइ पवित्र उपदेशप्रति उनीहरूको मनलाई लगाउने विषय परस्परमा सहयोग गर्नु पर्दछ ।

बूढा बूढीको एक जोडी, जसलाई "आदर्श जोडी" भनिन्थ्यो, एक पल्ट बुद्धकहाँ आई भने, "प्रभु, हामीले केटा केटी देखिनै परस्परमा परिचय भएकोहुँदा विवाह गऱ्यौं, हाम्रो सुखमा कहिल्यै पनि एउटा बादलसम्म देखा परेन । के हामी अर्को जन्ममा पनि विवाह गर्न सक्ने छौं, कृपया त्यो कुरा हामीलाई बताउनोस् ?"

बुद्धले उनीहरूलाई यस प्रकारको बुद्धिमत्तापूर्ण उत्तर दिनु भयो :- "यदि तिमीहरूदुवैको विश्वास ठीक समानछ भने, यदि तिमीहरू दुबैले समान उपदेश ठीक समान प्रकारले ग्रहण गरेकाछौ भने, यदि तिमीहरूले समान प्रकारले दान दिन्छौ भने, यदि तिमीहरूको प्रज्ञा समान छ भने, अर्को जन्ममा पनि तिमीहरूको मनसमान हुनेछ ।"

४. धनी व्यापारी अनाथपिण्डकको जेठो छोराको युवा पत्नी सुजाता अहंकारी थिइन्, अरुको सम्मान गर्दिन थिन्, तथा उनले आफ्नो पति एवं उनका पिता माताको आदेश सुन्दिन थिइन् र त्यसैले परिवारमा कलह उत्पन्न भएको थियो ।

एक दिन भगवान् बुद्ध अनाथपिण्डककहाँ आउनु भयो र त्यो अवस्था

देख्नु भयो । उहाँले युवा बुहारी सुजातालाई आफूनिर बोलाएर बडो दयालुताका साथ भन्नु भयो :

"सुजाता, पत्नीहरू सात किसिमका हुन्छन् । त्यस्ती पत्नी जो हत्यारा सरह हुन्छे । उसको मन अपवित्र हुन्छ, आफ्नो पतिको सम्मान गर्दिन र फलस्वरूप अरु मानिससित पल्कन्छे ।

"त्यस्ती पत्नी जो चोर सरह हुन्छे । उसले आफ्नो पतिको श्रमको कहिल्यै विचार गर्दिन र केवल आफ्नो विलासको इच्छा मात्र गरी राख्छे । उसले आफ्नो तृप्तिका निमित्त आफ्नो पतिको सम्पत्ति बर्वाद गर्दछे र, यसो गर्दा, उसको चोरी गर्दछे ।

"त्यस्ती पत्नी जो मालिकनी सरह हुन्छे । उसले आफ्नो पतिलाई गाली गर्छ, घर गृहस्थीको वास्ता गर्दिन, एवं सदैव उसलाई कडा काडा शब्दले झपार्दछे ।

"त्यस्ती पत्नी जो आमा सरह हुन्छे । उ आफ्नो पतिलाई बालकलाई हेर विचार गरे जस्तै गर्दछे, उ आफ्नो पतिलाई एउटा आमाले छोराको रक्षा गरे जस्तै गर्दछे, र उसको आम्दानीलाई राम्रो हेर विचार गर्दछे ।

"त्यस्ती पत्नी जो बहिनी सरह हुन्छे । ऊ आफ्नो पतिप्रति भक्त हुन्छे र उसको सेवा बहिनीले गरे सरह विनम्रता साथ आत्मसंयमका साथ गर्दछे ।

"त्यस्ती पत्नी जो मित्र सरह हुन्छे । उ आफ्नो पतिलाई त्यस्तै

प्रकारले प्रसन्न राख्ने प्रयत्न गर्दछे, जस्तो प्रकारले धेरै दिन पछि भर्खरै फर्केका एक मित्रलाई गरिन्छ । ऊ विनम्र हुन्छे, सही व्यवहार गर्छे र उसलाई ठूलो आदर गर्दछे ।

"अन्त्यमा त्यस्ती पत्नी जो नोकरनी जस्ती हुन्छे । उ आफ्नो पतिको सेवा राम्ररी एवं भक्तिपूर्वक गर्दछे । ऊ उसको आदर गर्दछे, उसको आज्ञा पालन गर्दछे, उसका आफ्ना कुनै इच्छा हुँदैनन्, कुनै द्वेष हुँदैन, कुनै रोष हुँदैन र उसलाई प्रसन्न राख्ने प्रयत्न गर्दछे ।"

भगवान् बुद्धले सोध्नु भयो, "सुजाता तिमी यी मध्ये कुन प्रकारकी पत्नी हौ, अथवा कुन प्रकारकी हुन चाहन्छचौ ? "

भगवान् बुद्धका यी शब्द सुनेर उनी आफ्नो विगत चालचलनप्रति लज्जित भइन् र उत्तर दिइन् उनी अन्तिम उदाहरणकी पत्नी, नोकरनी सरह हुन चाहन्छिन् । उनले आफ्नो व्यवहारमा परिवर्तन गरिन् तथा आफ्ना पतिकी सहायक भइन् एवं उनीहरूले साथ साथै ज्ञान प्राप्त गर्ने प्रयत्न गरे ।

५. आम्रपाली , वैशालीकी एक धनी तथा प्रसिद्ध गणिका थिइन् र आफूकहाँ कैयन् युवति एवं सुन्दरी वेश्याहरू राख्दथिन् । उनी भगवान् बुद्ध कहाँ गइन् र उहाँलाई केही उपदेश दिन अनुरोध गरिन् ।

भगवान् बुद्धले भन्नु भयो, "आम्रपाली, कुनै पनि नारीको मन सजिलै सित विचलित एवं पथभ्रष्ट हुन सक्वछ । उनी कुनै पुरुष भन्दा सजिलैसित

तृष्णाप्रति निहुरन्छन् एवं ईर्ष्याकाप्रति आफूलाई समर्पण गर्दछन्।

"तसर्थ, कुनै पनि नारीलाई आर्य मार्ग पालन गर्न बढी कठिन हुन्छ। यो कुरा कुनै युवति तथा सुन्दरी नारीका सम्बन्धमा विशेष रूपले सत्य हुन्छ। लिप्सा र प्रलोभनमाथि विजय प्राप्त गरेर तिमीले आर्य मार्ग तर्फ अग्रसर हुनु पर्दछ।

"आम्रपाली, यौवन र सौन्दर्य टिक्दैनन्, तिनको पछि पछि व्याधि, जरा र दुःख आउँछन् भन्ने कुरा तिमीले बुझ्नु पर्दछ। धन र प्रेमको तृष्णा नारी-लाई आकुल पार्ने प्रलोभन हुन्, तर, आम्रपाली, यी अनन्त सम्पत्ति होइनन्। ज्ञान मात्र त्यस्तो सम्पत्ति हो जसले आफ्नो मूल्य कायम राख्द-छ। शारीरिक शक्तिका पछि पछि रोग आउँछ, यौवनले जरालाई बाटो छाड्नै पर्दछ, जीवन मृत्युलाई बाटो छाड्दछ। कसैले आफूलाई माया गर्ने-लाई छाडेर आफूले घृणा गर्ने कहाँ बस्न जानु पर्न सक्ने छ; कसैले आफूले इच्छा गरेको कुरा धेरै कालसम्म नपाउन सक्दछ। यो जीवनको नियम हो।

"कसैले रक्षा गरेर स्थायी शान्ति प्रदान गर्ने एक मात्र कुरा ज्ञान हो। आम्रपाली, तिमीले तत्काले ज्ञान प्राप्त गर्ने प्रयत्न गर्नु पर्दछ।"

उनले भगवान् बुद्धले भनेका कुरा सुनिन्, उनको शिष्या भइन् र दानका रूपमा संघलाई आफ्नो सुन्दर बगैंचा चढाइन्।

६. ज्ञानको मार्गमा लिङ्गको कुनै भेदभाव हुँदैन। यदि कुनै नारीले ज्ञान प्राप्त गर्ने निश्चय गर्छिन् भने, उनी सत्य मार्गकी एक वीरांगना हुन

सक्दछिन् ।

अयोध्याका राजा प्रेसनजीतकी रानी मल्लिका यस्तै प्रकारकी वीरांगना थिइन् । भगवान् बुद्धको उपदेशमा उनलाई ठूलो श्रद्धा थियो र उहाँको सामुन्ने उनले यी निम्नलिखित दश संकल्प लिइन् :–

"हे भगवान्, मैले ज्ञान प्राप्त नगरुन्जेलसम्म पवित्र शीलहरू उल्लंघन गर्ने छैन; म भन्दा बढी उमेरकाहरू समक्ष म घमण्डी हुने छैन, म कसैसित रिसाउने छैन ।

"मैले अरुको ईर्ष्या गर्ने छैन अथवा उनीहरूको सम्पत्तिको डाहा गर्ने छैन ; मेरो मन अथवा सम्पत्तिप्रति म स्वार्थी हुनेछैन ; मैले प्राप्त गरेका वस्तुहरूबाट गरीबहरूलाई प्रसन्न पार्ने प्रयत्न गर्ने छु र मेरा निमित्त संग्रह गरेर राख्ने छैन ।

"मैले सबै व्यक्तिहरूलाई बडो शिष्टतापूर्वक स्वागत गर्ने छु, उनीहरूलाई आवश्यक कुरा दिने छु, र उनीहरूका साथ मृदु वचन बोल्नेछु , मेरो सुविधा होइन, उनीहरूको स्थितिमाथि विचार गर्नेछु; एवं विनाभेदभाव उनीहरूलाई लाभ पुऱ्याउने छु ।

"यदि मैले अरुहरूलाई एकान्तमा देखें भने, झ्यालखानामा देखें भने, अथवा रोग वा अन्य संकटमा परेको देखें भने, मैले उनीहरूलाई हेतुहरू तथा नियमहरूको व्याख्या गरेर एवं उनीहरूको दुःख हटाएर उनीहरूलाई खुशी पार्ने प्रयत्न गर्ने छु ।

"यदि मैले कसैलाई जीवित जनावर समात्न लागेको र उनीहरूप्रति

निर्दयी भएको अथवा यस्तो शील उल्लंघन गरेको देखें भने, मैले उनीहरूलाई दण्ड दिनु पर्ने भए दण्ड दिनेछु, अथवा उनीहरूलाई शिक्षा दिनु पर्ने भए शिक्षा दिने छु, र त्यस पछि मेरो क्षमताले भ्यःएसम्म उनीहरूले विगारेको कुरा र उनीहरूले गल्ती गरेको कुरा सपार्ने प्रयत्न गर्ने छु ।

"मैले सही उपदेश सुन्न बिर्सने छैन, किन भने जब कसैले सही उपदेशको वास्ता गर्दैन ऊ छिटै सर्वव्यापी सत्य भन्दा टाढा हुन पुग्छ र ज्ञानको किनारमा पुग्न असफल हुन्छ भन्ने कुरा मलाई थाहा छ ।"

त्यसपछि असहाय मानिसहरूको रक्षा गर्न उनले यी तीन इच्छाहरू व्यक्त गरिन् :–"पहिलो, म सबै व्यक्तिहरूलाई शान्तिपूर्ण राख्ने प्रयत्न गर्ने छु । यो इच्छा, मलाई विश्वास छ, मैले पुनर्जन्महरू पनि कहिल्यै प्राप्त गर्न सकें भने, यो सदाचारको जरो हुनेछ जो सद्उपदेशको प्रज्ञामा विकास हुनेछ ।

"दोस्रो, सद्उपदेशको प्रज्ञा मैले प्राप्त गरेपछि मैले अथक रूपले सबै मानिसहरूलाई उपदेश दिदैं जाने छु ।"

"तेस्रो, मलाई आफ्नो शरीर, जीवन र सम्पत्तिको वलिदान गर्नु परे तापनि मैले सद्उपदेशको रक्षा गर्ने छु ।

पारिवारिक जीवनको वास्तविक महत्व भनेको ज्ञानको मार्गमा प्रदान गर्ने पारस्परिक प्रोत्साहन तथा सहायताको अवसर हो । कुनै पनि साधारण नारी, यदि उनमा मल्लिकामा भएं जस्तै ज्ञान प्राप्त गर्ने मन छ भने, एवं यस्तै प्रकारको संकल्प र इच्छा गर्छिन् भने मल्लिका जस्तै बुद्धकी महा शिष्या हुन सक्छिन् ।

३

सेवामा

१. यस्ता सात उपदेशहरू छन् जरूको पालनाले कुनै पनि देशलाई समृद्धि तर्फ लग्दछः– पहिलो, राजनैतिक विषयहरूका सम्बन्धमा तथा राष्ट्रिय प्रतिरक्षाको प्रबन्ध गर्न मानिसहरू वहुधा भेला भई छलफल गर्नु पर्दछ ।

दोस्रो, सबै सामाजिक वर्गका मानिसहरूले एकतापूर्वक भेला भई आफ्नो राष्ट्रिय विशषयहरूको छलफल गर्नु पर्दछ ।

तेस्रो, मानिसहरूले पुरानो परंपराको आदर गर्नु पर्दछ तथा अकारण नै तिनको परिवर्तन गर्नु हुन्न, एवं उनीहरूले समारोहका नियमहरू पालन गर्नु पर्दछ तथा न्याय कायम राख्नु पर्दछ ।

चौथो, उनीहरूले लिङ्ग तथा ज्येष्ठताको अन्तरलाई मान्यता दिनु पर्दछ, तथा परिवार र समाजको पवित्रतालाई कायम राख्नु पर्दछ।

पाँचौं, उनीहरू पिता–माताप्रति योग्य पुत्र हुनु पर्दछ एवं आफ्ना शिक्षक तथा गुरुजनहरूप्रति निष्ठावान् हुनु पर्दछ ।

छैटौं, उनीहरूले पूर्वजहरूका संस्मरण स्थलहरूको सम्मान गर्नु पर्दछ एवं वार्षिक क्रिया–कर्म गर्नु पर्दछ ।

सातौं, उनीहरूले जन नैतिकताको आदर गर्नु पर्दछ, सदाचारी आचरणहरूको सम्मान गर्नु पर्दछ, सदाचारी उपदेशकहरूलाई सुन्नु पर्दछ एवं उनीहरूलाई भेटी चढाउनु पर्दछ ।

यदि कुनै पनि देशले यी उपदेशहरूको राम्ररी पालन गऱ्यो भने, त्यसले निश्चय नै उन्नति गर्ने छ र त्यसलाई अन्य सबै देशहरूले सम्मान गर्ने छन्।

२. कुनै समय एक राजा थिए जो आफ्नो राज्यमा सफलतापूर्वक शासन गर्ने भनी प्रख्यात थिए। उनको बुद्धिले गर्दा उनलाई राजा महान् ज्योतिपुंज भनिन्थ्यो। उनले आफ्नो शासनका सिद्धान्तहरूको व्याख्या यस प्रकार गरे:–

कुनै पनि शासकले आफ्नो देशमाथि शासन गर्ने सर्वोत्तम मार्ग सब भन्दा पहिले आफूमाथि शासन गर्नु हो। शासकले आफ्ना प्रजाहरूका समक्ष करुणा भरिएको मन लिएर आउनु पर्दछ, एवं उनीहरूको मनबाट अपवित्रता हटाउन उपदेश दिएर मार्ग निर्देशन गर्नु पर्दछ। सद्उपदेशबाट जुन आनन्द प्राप्त हुन्छ त्यो आनन्द संसारका भौतिक वस्तुहरूले प्रदान गरेको आनन्द भन्दा धेरै बढी हुन्छ। तसर्थ, उनले आफ्ना प्रजालाई सद्उपदेश दिएर उनको मन र शरीरलाई शान्त राख्न सक्दछन्।

जब निर्धन व्यक्तिहरू उनी कहाँ आउँछन् उनले आफ्नो भन्डार खोलेर उनीहरूले जे चाहन्छन् त्यो लग्न दिनु पर्दछ, अनि उनले यस अवसरको लाभ उठाई उनीहरूलाई सबै लोभ र पापबाट कसरी मुक्त हुने विषयमा शिक्षा दिन सक्दछन्।

प्रत्येक व्यक्तिको मनको स्थिति अनुसार वस्तुप्रतिको दृष्टिकोणमा व्यक्ति व्यक्तिमा अन्तर हुन्छ। कुनै नगरमा बस्ने केही व्यक्तिले त्यस नगरलाई परिष्कृत र सुन्दर ठान्दछन्, र अरुहरूले त्यसलाई फोहोर र जीर्ण ठान्दछन्।

यो सबै कुरा उनीहरूको मनस्थितिमा निर्भर गर्दछ ।

जसले सद्उपदेशको सम्मान गर्दछन् उनले साधारण वृक्ष र पत्थरमा पनि सुन्दर ज्योति र वैदूर्य मणिका रङ्गहरू देख्न सक्दछन्, तर लोभी मानिस-हरू भने, जसले आफ्नो मनलाई पर्याप्त नियन्त्रणमा राख्न सक्दैनन्, उनीहरू सुवर्ण महलको दीप्ति तर्फ समेत अन्धा हुन्छन् ।

राष्ट्रको दैनिक जीवनमा प्रत्येक कुरा त्यस्तै प्रकारको हुन्छ । सबै कुराको मुहान मन हो, तसर्थ शासकले सर्वप्रथम आफ्ना प्रजालाई उनीहरूको मनलाई साधनामा लगाउने गर्नु पर्दछ ।

३. बुद्धिमत्तापूर्ण प्रशासनको पहिलो सिद्धान्त राजा महान्–ज्योति पुंजको सिद्धान्त सरह हुनु पर्दछः प्रजालाई उनीहरूको मन साधनामा ल्याउने मार्ग निर्देशन गर्नु ।

मनको साधना गर्नु भनेको ज्ञान प्राप्त गर्न खोज्नु हो, र, तसर्थ, कुनै पनि बुद्धिमान् शासकले बुद्धको उपदेश तर्फ सर्वप्रथम आफ्नो ध्यान दिनु पर्दछ ।

यदि शासकको बुद्धमाथि विश्वास छ भने, उनको उपदेशप्रति अनुरक्ति छ भने, सद्गुणी तथा करुणामय मानिसहरूको प्रशंसा गर्दछ तथा श्रद्धाञ्जलि चढाउँछ भने, मित्र अथवा शत्रुप्रति कुनै कृपावाद देखाइने छैन, र उनको देश सदैव समृद्ध हुनेछ ।

यदि कुनै देश समृद्ध छ भने उसले अन्य कुनै देशमाथि आक्रमण गर्ने

आवश्यकता हुन्न एवं उसलाई कुनै आक्रामक अस्त्रको आवश्यकता हुन्न ।

जब मानिस प्रसन्न एवं सन्तुष्टः हुन्छन्, वर्गभेद लोप हुन्छ, असल कार्यहरू प्रोत्साहित गरिन्छन्, सद्गुण बढाइन्छन्, एवं मानिसहरू परस्परमा सम्मान गर्दछन् । अनि प्रत्येक व्यक्ति समृद्ध हुन्छ, हावा पानी र तापमान सामान्य हुन्छ; सूर्य चन्द्र र ताराहरू स्वाभाविक रूपले चम्कन्छन्; वर्षा र हावा नियमित रूपमा आउँछन्; तथा सबै प्राकृतिक संकटहरू बिलाएर जान्छन् ।

४. शासकको कर्तव्य आफ्ना प्रजाको रक्षा गर्नु हो । उनी आफ्ना प्रजाका निमित्त माता पिता हुन् एवं उनले आफ्ना ऐन नियमद्वारा उनीहरूको रक्षा गर्दछन् । बाबु आमाले आफ्ना छोरा छोरीको पालन-पोषण गरे जस्तै उनले आफ्ना प्रजाको पालन पोषण गर्नु पर्दछ, जस्तो कुनै बालकले रुनु भन्दा अघि नै उसको भिजेको लुगाका सट्टा सुकेका लुगा फेरि दिनु पर्छ । त्यसै गरि, शासकले प्रजाबाट आउन सक्ने उजूरलाई पर्खन भन्दा अघि नै उनीहरूको दुःख हटाई उनीहरूलाई सुख प्रदान गर्नु पर्दछ । वास्तवमा, जब-सम्म प्रजा शान्तिपूर्वक बस्न पाउन्नन्, तबसम्म उनको शासनलाई उत्कृष्ट भन्न सकिन्न । उनीहरू उनको देशका सम्पत्ति हुन् ।

तसर्थ, एक बुद्धिमान् शासकले आफ्ना प्रजालाई सदैव संझी राख्दछन् एवं एक क्षणका निमित्त पनि उनीहरूलाई बिर्सन्नन् । उनले उनको संकट-प्रति विचार गर्दछन् र उनीहरूको समृद्धिको योजना बनाउँछन् । बुद्धिमत्ता-पूर्वक शासन गर्न उनले प्रत्येक कुरामा सल्लाह लिनु पर्दछ— पानीका सम्बन्धमा, सुख्खाका सम्बन्धमा, आँधीका सम्बन्धमा र वर्षाका सम्बन्धमा; उनले अन्नका सम्बन्धमा थाहा पाउनु पर्दछ, राम्रो बालीको संभावनाका सम्बन्धमा, प्रजाको सुख र दुःखका सम्बन्धमा पनि थाहा पाउनु पर्दछ ।

मानिसहरूलाई सही रूपले पुरष्कृत गर्न, दण्ड दिन अथवा प्रशंसा गर्न, उनलाई कअसल मानिसहरूको अपराध एवं असल मानिसहरूको गुणका सम्बन्धमा व्यापक सूचना प्राप्त भई रहनु पर्दछ ।

कुनैपनि बुद्धिमान् शासकले प्रजालाई आवश्यकता परेको बेलामा दिनु पर्दछ, तथा उनीहरू समृद्ध भएको बेलामा उनीहरूसित लिनु पर्दछ । कर लिंदा उनले सही विवेक प्रयोग गर्नु पर्दछ र सकभर कम कर लगाउनु पर्दछ, जसले गर्दा प्रजा मिलानमा रहन सकुन् ।

एक बुद्धिमान् शासकले आपना प्रजाको सुरक्षा आफ्नो शक्ति र मर्यादाद्वारा गर्दछ । जसले आफ्ना प्रजाको यसरी शासन गर्दछ उसलाई मात्र राजाको संज्ञा दिन उचित हुन्छ ।

५. सत्यवादी राजा नै राजाहरूका राजा हुन्छन् । उनको पुर्खा अत्यन्त विशुद्ध र श्रेष्टतर हुन्छ । उनले संसारका चारै दिशामा शासन गर्ने मात्र होइन, उनी प्रजाका स्वामी तथा सबै सद्गुणी उपदेशका रक्षक पनि हुन्छन् ।

उनी जहाँ पनि जान्छन्, संघर्ष अन्त हुन्छ र विद्वेष हराएर जान्छ । उनले सत्यको शक्तिद्वारा न्यायको शासन गर्दछन्, एवं सबै पापहरूलाई पराजित गरेर सबै मनुष्यहरूलाई शान्ति प्रदान गर्दछन् ।

सत्यका राजाले कहिल्यै पनि हत्या गर्दैनन्, चोर्दैनन् तथा परस्त्री गमन गर्दैनन् । उनले कहिल्यै पनि ठग्दैनन् अथवा निन्दा गर्दैनन् अथवा असत्य बोल्दैनन् अथवा वृथालाप गर्दैनन् । उनको मन सबै लोभ, दोष र मूर्खता भन्दा स्वतन्त्र हुन्छ । उनले यी दशै दुष्टताहरूलाई हटाएर त्यसको सट्टा दश सद्गुण स्थापित गर्दछन् ।

उनको शासन सत्यमा आधारित भएको हुँदा उनी अजेय छन् । जहाँ पनि सत्य प्रकट हुन्छ, हिंसाको अन्त हुन्छ र विद्वेष बिलाएर जान्छ । उनका प्रजाहरूका बीच झै झगडा हुन्न, तसर्थ उनीहरू शान्ति तथा सुरक्षामा बस्दछन्; उनको उपस्थिति मात्रले उनीहरूमा शान्ति र सुख ल्याउँछ । त्यसैले उनलाई सत्यका राजा भनिन्छ ।

सत्यका राजा, राजाहरूका पनि राजा भएको हुनाले अन्य सबै शासकहरूले उनको उत्कृष्ट नामको प्रशंसा गर्दछन् र आफ्नो राज्यमा पनि उनकै उदाहरण अनुरूप शासन गर्दछन् ।

यसरि सत्यका राजा अरू सबै राजा भन्दा माथि हुन्छन्, एवं उनको सदाचारी मार्गको छायामा उनीहरूले आफ्ना प्रजाहरूलाई सुरक्षा प्रदान गर्दछन् र धर्मद्वारा आफ्नो कर्तव्य पूरा गर्दछन् ।

६. कुनै पनि बुद्धिमान् शासकले आफ्नो निर्णयमा करुणाको जलफ चढाएका हुन्छन् । उनले प्रत्येक विषयलाई स्पष्टबुद्धि प्रयोग गरेर विचार गर्ने प्रयत्न गर्दछन् र अनि आफ्नो निर्णय पाँच सिद्धान्तहरूको आधारमा गर्दछन् ।

यी पाँच सिद्धान्तहरू हुन्: पहिलो, उनले प्रस्तुत तथ्यको सत्यताको जाँच गर्नु पर्दछ ।

दोस्रो, यो कुरा उनको अधिकारक्षेत्रभित्र पर्दछ अथवा पर्दैन त्यसको निरूपण गर्नु पर्दछ । यदि उनले पूर्ण अधिकारकासाथ निर्णय दिन्छन् भने, त्यो निर्णय प्रभावकारी हुन्छ, तर यदि उनले अधिकारविना त्यसो गर्दछन् भने, त्यसले केवल जटिलता उत्पन्न गर्दछ; उनले सही परिस्थिति नभएसम्म पर्खनु पर्दछ ।

तेस्रो, उनले विवेकपूर्ण निर्णय दिनु पर्दछ, अर्थात्, उनी प्रतिवादीको मन भित्र पस्नु पर्दछ । यदि भएको कार्य अपराधपूर्ण अभिप्रायले नगरिएको भनी उनले थाहा पाए भने उनले सो व्यक्तिलाई मुक्त गरिदिनु पर्दछ ।

चौथो, उनले आपनो निर्णय कठोरताका साथ होइन दयालुताकासाथ सुनाउनु पर्दछ; अर्थात्, उनले उचित दण्ड दिनु पर्दछ तर त्यस भन्दा बढी गर्नु हुन्न । एक असल शासकले अपराधीलाई दयालुतापूर्वक शिक्षा दिने छन् र उसलाई आफ्ना त्रुटिहरूमाथि विचार गर्ने मौका दिने छन् ।

पाँचौं, उनले रोषमा आएर होइन, बरु सहानुभूतिपूर्वक निर्णय दिनु पर्दछ, अर्थात्, उनले अपराधीका विरुद्ध होइन, अपराधका विरुद्ध दण्ड दिनु पर्दछ । उनले उनको निर्णयलाई सहानुभूतिको जगमा उभ्याउनु पर्दछ, र उनले यो अवसरको प्रयोग अपराधीलाई उसको गल्ती बुझ्न लगाउने प्रयत्न गर्नु पर्दछ ।

७. यदि राज्यको कुनै महत्वपूर्ण मन्त्रीले आफ्नो कर्तव्यप्रति ध्यान दिंदैन भने, आफ्नै लाभका निमित्त काम गर्दछ अथवा घूस खान्छ भने, त्यसले जन–नैतिकताको छिटो पतन ल्याउने छ। मानिसहरूले परस्परमा ठग्ने छन्, बलियो मानिसले निर्धो मानिसमाथि आक्रमण गर्नेछ, एक कुलीनले साधारण व्यक्तिसित दुर्व्यवहार गर्नेछ अथवा एक धनीले निर्धन व्यक्तिबाट लाभ उठाउने छ, र कसै प्रतिपनि न्याय हुने छैन, उत्पात प्रचुर हुनेछ तथा विपद् बढ्दै जानेछ ।

यस्तो परिस्थितिमा राजभक्त मन्त्रीहरू जनसेवाबाट अवकाश लिंदै जानेछन्, बुद्धिमान् व्यक्तिहरू जटिलताको त्रासले चुप लागेर बस्नेछन् र

चापलूसीगर्नेहरू मात्र सरकारी पदमा बस्नेछन् र उनीहरूले आफ्नो राजनैतिक शक्ति आफूलाई बढी धनी बनाउन प्रयोग गर्नेछन् तथा यसो गर्दा जनताको दुःखप्रति कुनै विचार गर्ने छैनन् ।

यस्तो परिस्थितिमा सरकारी शक्ति निष्क्रिय हुन्छ एवं यसको असल नीति भग्नावशेषमा परिणत हुन्छ ।

यस्ता अन्यायी अधिकारीहरू जनताको सुखका चोर हुन्, र वास्तवमा चोरभन्दा पनि खराब हुन्, कारण उनीहरूले शासक र जनता दुबैलाई धोका दिन्छन् एवं राष्ट्रको संकटका उनीहरू कारण हुन्छन् । राजाले यस्ता मन्त्रीहरूलाई निर्मूल गरेर उनीहरूलाई दण्ड दिनु पर्दछ ।

तर यस्तो देशमा पनि जहाँ एक असल राजा र विवेकपूर्ण न्यायद्वारा शासन हुन्छ, त्यहाँ अन्य प्रकारका अराजभक्तिहरू हुन सक्दछन् । यस्ता छोराहरू हुन सक्दछन् जो आफ्नी पत्नी र छोरा छोरीको मायामा भुलेर आफ्ना पिता–माताको अनुकम्पा बिर्सन्छन्, जसले उनीहरूलाई धेरै वर्षसम्म पालन पोषण र हेरविचार गरेका थिए। उनीहरूले आफ्ना पिता माताको वास्ता गर्दैनन्, उनीहरूको सम्पत्ति लुट्दछन् एवं उनीहरूको उपदेशको वास्ता गर्दैनन् । यस्ता छोराहरूलाई अत्यन्त दुष्ट व्यक्तिहरूम गन्नु पर्दछ ।

तर किन ? किनभने उनीहरू पिता माताप्रति पुत्रवत् हुन्नन्, जसबाट उनीहरूले पाएको दीर्घ स्नेह महान् रहेको हुन्छ र जसलाई, छोराहरूले उनीहरूलाई जीवन पर्यन्त सम्मान गरेर दयालुतापूर्वक व्यवहार गरे भने

पनि तिर्न सक्दैनन् । जो आफ्ना शासकहरूप्रति अभक्त छन् एवं पिता–माता प्रति पुत्रवत् छैनन्, उनीहरूलाई निकृष्ट अपराधी सरह दण्ड दिनु पर्दछ ।

यसका अतिरिक्त, जुन देशमा असल शासक तथा विवेकपूर्ण न्यायद्वारा शासन हुन्छ, त्यहाँ एक अन्य प्रकारको अराजभक्ति पनि पाइन्छ । त्यहाँ यस्ता मानिसहरू पनि हुन्छन् जसले बुद्ध, धर्म र संघको त्रिरत्नलाई पूर्णरूपले बिर्सन्छन् । यस्ता व्यक्तिहरूले आफ्नो देशका पुण्य स्थल विनष्ट गर्दछन्, पवित्र ग्रन्थहरू जलाई दिन्छन्, सद्गुणका उपदेशकहरूलाई आफ्ना सेवक बनाउँछन् र यसरी बुद्धका पवित्र उपदेशलाई उल्लंघन गर्दछन् । यिनीहरू पनि निकृष्ट अपराधी हुन् ।

तर किन ? किन भने तिनीहरूले आफ्नो राष्ट्रको त्यस आध्यात्मिक विश्वासलाई विनष्ट गर्दछन्, जो यसको सद्गुणको जग तथा मुहान हुन्छ । यस्ता व्यक्तिहरूले अरुको श्रद्धा जलाएर, आफ्नै चिहानको जग खन्दै हुन्छन् ।

यी अराजभक्तिहरूको तुलनामा अन्य पापहरूलाई हलुका भन्ठाने हुन्छ । त्यस्ता अराजभक्त अपराधीहरूलाई अत्यन्त कठोर दण्ड दिइनु पर्दछ ।

८. सही उपदेशका अनुसार शासन गरी रहेको एक असल राजाका विरुद्ध षड्यन्त्र हुन सक्दछ, अथवा शायद विदेशी शत्रुहरूले त्यस देशमा आक्रमण गरुन् । यस्तो परिस्थितिमा राजाले तीन निर्णहरु लिनु पर्दछ ।

उनले निर्णय गर्नु पर्दछः "पहिलो, यी षड्यन्त्रकारीहरू अथवा विदेशी शत्रुहरूले हाम्रो देशको व्यवस्था र कल्याणलाई डर त्रास देखाइ राखेका

छन्, मैले आफ्ना जनताको रक्षा सेनाको प्रयोगद्वारा समेत गर्नै पर्दछ ।

"दोस्रो, मैले अस्त्रहरूको उपाय प्रयोग नगरी उनीहरूलाई पराजित गर्ने कुनै उपायको प्रयत्न गर्ने छु ।

"तेस्रो, म, संभव भए उनीहरूको हत्या नगरी, उनीहरूलाई जीवित पक्रने प्रयत्न गर्नेछु र उनीहरूलाई निशस्त्र गर्नेछु ।"

यी तीन निर्णयहरूलाई ग्रहण गरेपछि आवश्यक फौजी चौकीहरू तैनात गरेर एव आवश्यक आदेशहरूका उपरान्त, राजा अत्यन्त बुद्धिमत्ता पूर्वक अघि बढ्ने छन् ।

यसरी अघि बढेर, देश र त्यसको सेना राजाको बुद्धि र मर्यादाद्वारा प्रोत्साहित हुनेछन् एवं उनको दृढता तथा अनुकम्पा दुबैको सम्मान गर्ने छन् । जब सिपाहीहरूलाई आह्वान गर्ने आवश्यकता हुन्छ, उनीहरूले युद्ध तथा त्यसको प्रकृति पूर्णरूपले बुझ्नेछन् । अनि उनीहरूले युद्ध क्षेत्रमा पराक्रम तथा भक्तिपूर्वक एवं राजाको बुद्धि र अनुकंपाको सम्मान गर्दै जानेछन् । यस्तो युद्धले विजय ल्याउने मात्र होइन यसले देशमा सद्गुण पनि थप्ने छ ।

तृतीय अध्याय

बुद्ध भूमिको निर्माण

१

संघमा एक चित्तता

१. हामीले त्यस्तो मरुभूमिपूर्ण देशको कल्पना गरौं जो पूर्ण अन्धकारमा छ र जसका धेरै जीवित प्राणीहरू अन्धा सरह झुम्मिएर बसेका छन् ।

स्वभावतः उनीहरू रात्रीमा यता उती दगुर्दा परस्परमा नचिनेर तर्सने छन्, त्यहाँ बहुधा छटपट र न्यात्रोपन हुनेछ । यो वास्तवमा बडो दयनीय दृश्य हो ।

अनि हामी कल्पना गरौं त्यहाँ अकस्मात् एक श्रेष्ठ व्यक्ति एउटा प्रकाश ज्योति लिएर प्रकट हुन्छ र चारै तिरका सबै कुरा उज्वल र स्पष्ट देखिन्छ ।

अन्धकारपूर्ण नियात्रोमा भएका जीवित प्राणीहरू अकस्मात् आफूलाई अत्यन्त होलो भएको पाउँछन् र चारैतिर हेर्दा परस्परमा चिन्दछन् तथा उनीहरूको संगतका सुखी सहभागी हुन्छन् ।

"मरुभूमि देश" भनेको अज्ञानको अन्धकारमा रहने मानव जीवनको संसार हो । जसको मनमा प्रज्ञाको ज्योति छैन उनीहरू एकलास र त्रासमा

भौंतारिन्छन् । उनीहरू एक्लै जन्मछन् र एक्लै मर्दछन्; उनीहरू आफ्ना साथीहरूसित शान्तिपूर्ण मेलमिलापमा बस्ने कुरा जान्दैछन्, र उनीहरू स्वभावतः उद्विग्न र त्रसित रहन्छन् ।

"प्रकाश ज्योति लिएको एक श्रेष्ठ व्यक्ति" भनेको मानव स्वरूप धारण गरेका बुद्ध हुन्, एवं उनको प्र ज्ञा तथा करुणाद्वारा उनले संसारलाई प्रदीप्त गर्दछन् ।

यस ज्योतिद्वारा मानिसहरूले आफू तथा अरुहरूलाई चिन्दछन् एवं मानवसंघ तथा मेलमिलापपूर्ण सम्बन्ध स्थापित गर्न प्रसन्न हुन्छन् ।

एउटा समुदायमा हजारौं व्यक्तिहरू बस्न सक्दछन्, तर त्यसमा त्यस बेलासम्म वास्तविक मेलमिलाप हुन सक्दैन जब सम्म उनीहरू परस्परमा मिल्दैनन् तथा परस्परमा सहानुभूति राख्दैनन् ।

एउटा साँचो समुदायसित त्यस्तो विश्वास र प्रज्ञा रहन्छ जसले यसलाई प्रदीप्त गर्दछ । यो त्यो स्थल हो जहाँ मानिसहरूले परस्परमा चिन्दछन् एवं विश्वास गर्दछन् र जहाँ सामाजिक मेलमिलाप हुन्छ ।

वास्तवमा, एक साँचो समुदाय अथवा संगठनको जीवन र वास्तविक अर्थ जीवनको मेलमिलाप नै हो ।

२. संगठनहरू तीन प्रकारका हुन्छन् । पहिला ती हुन् जसको गठन शक्ति, सम्पत्ति र ठूला नेताहरूको अधिकारको आधारमा गरिन्छ ।

दोस्रो ती हुन् जसको गठन सदस्यहरूको सुविधा अनुसार हुन्छ, एवं यिनको स्थिति त्यस बेलासम्म कायम रहन्छ जबसम्म सदस्यहरूकोलागि सुविधाको सन्तुष्टि भइ राख्ने छ एवं उनीहरूले परस्परमा झगडा गर्ने छैनन् ।

तेस्रा ती हुन् जसको गठन सद्–उपदेशलाई यसको केन्द्र मानेर एवं मेलमिलापलाई यसको जीवन मानेर गरिन्छ।

वास्तवमा, यी मध्ये तेस्रो अथवा अन्तिम मात्र साँचो संगठन हुन्छ, कारण यसमा मात्र सदस्यहरू एकै भावनाकासाथ रहन्छन् र जसबाट भावनाको एकता तथा विभिन्न प्रकारका सद्‌गुणको उत्पत्ति हुन्छ । यस्तो संगठनमा, मेलमिलाप, सन्तुष्टि र सुख व्याप्त हुन्छ ।

ज्ञान भनेको त्यो वर्षा सरह हो जो पर्वतमाथि पर्दछ, जो नालाहरू बाट खोलामा परिणत हुन्छ र त्यसपछि नदीमा परिणत भई समुद्रमा मिसिन्छ ।

पवित्र उपदेशको वर्षा पनि सबै व्यक्तिहरूमाथि समान रूपले पर्दछ र यसले तिनको अवस्था अथवा परिस्थितिको कारणले कुनै अन्तर गर्दैन । जसले यसलाई स्वीकार गर्दछन् उनीहरू साना समूहहरूमा भेला हुन्छन्, त्यसपछि संगठनमा, त्यसपछि समुदायमा र अन्तमा उनीहरूले आफूलाई ज्ञानको महासागरमा पाउँछन् ।

यस्ता मानिसहरूका मन दूध र पानी जस्तै मिसिन्छन् र अन्तमा मेल-मिलापपूर्ण संघमा संगठित हुन्छन् ।

यसरी, जस्तो माथि भनिएको छ, कुनै पनि उत्कृष्ट संघको मौलिक आवश्यकता सत्य उपदेश हो, जो त्यो ज्योति हो जसले मानिसहरूलाई परस्परमा चिन्न समायोग स्थापित गर्न तथा आपनो विचारका खस्रो ठाउँहरूलाई सरल पार्न सक्षम तुल्याउँछ ।

यसरी, बुद्धको उत्कृष्ट उपदेशमा गठित संगठनलाई संघ भन्न सकिन्छ ।

उनीहरूले यी उपदेशहरूको पालन गर्नु पर्दछ तथा आफ्नो मनको साधना यसै अनुसार गर्नु पर्दछ । यसरी, बुद्धको संघले सैद्धान्तिक रूपमा सबैलाई समावेश गर्ने छ, तर वास्तवमा, समान धार्मिक विश्वास भएका मात्र यसका सदस्य हुन् ।

३. बुद्धको संघमा दुई वर्गका सदस्यहरू हुन्छन्:- उपासकहरूलाई उपदेश दिनेहरू र उपदेशकहरूलाई आवश्यक भोजन र वस्त्र प्रदान गरेर उनीहरूको संभरण गरी राख्नेहरू । यी दुई प्रकारकाले संयुक्तरूपले उपदेश फिंजाउने छन् र चिरस्थायी बनाउने छन् ।

त्यसपछि, संघलाई सम्पूर्ण गर्न, यसका सदस्यहरूका बीच परिपूर्ण मेल मिलाप हुनु पर्दछ । उपदेशकहरूले सदस्यहरूलाई शिक्षा दिन्छन् र सदस्यहरूले उपदेशकहरूको सम्मान गर्दछन्, जसले गर्दा उनीहरूका बीच परस्परमा मेलमिलाप हुन्छ ।

बुद्ध संघका सदस्यहरूले संघका सदस्यकारूपमा एक साथै बस्दा प्रसन्न रहने र एकै भावनाको हुने प्रयत्न गर्ने कारणले परस्परमा स्नेहपूर्ण सहानुभूति राख्नु पर्दछ ।

४. संघलाई मेलमिलापको पथमा अग्रसर गराउने छ कुराहरू हुन्छन् । तिनीहरू हुन्ः पहिलो, वचनको निष्कपटता, दोस्रो, कार्यको निष्कपटता एवं दयालुता, तेस्रो, भावनामा निष्कपटता र सहानुभूति, चौथो, साझा सम्पत्तिको सबैले समान उपभोग गर्न पाउने, पांचौं, समान पवित्र शीलहरूको पालन गर्नु र छैठौं, सबैको सम्यक् दृष्टि हुनु ।

यी कुराहरू मध्ये छैठौं, अर्थात् "सबैको सम्यक् दृष्टि हुनु" बीज हो, र अन्य पांच कुरा यसका बर्कोका रूपमा मात्र हुन् ।

यदि संघ सफल हुने हो भने सात सात नियमका दुई समूहरू पालन गरिनु पर्दछ । पहिलो समूह हो,

(१) उनीहरू उपदेश सुन्न र तिनमाथि छलफल गर्न वहुधा भेला हुनु पर्छ ।

(२) उनीहरू स्वतन्त्रतापूर्वक मिसिनु पर्दछ र परस्परमा सम्मान गर्नु पर्दछ ।

(३) सबैले उपदेशको श्रद्धा गर्नु पर्दछ र नियमहरूको आदर गर्नु पर्दछ र तिनलाई उल्लंघन गर्नु हुन्न ।

(४) प्रौढ र युवा सदस्यहरूले परस्परमा शिष्टतापूर्ण व्यवहार गर्नु पर्दछ ।

(५) उनीहरूको भावना निष्कपट तथा श्रद्धापूर्ण हुनु पर्दछ ।

(६) उनीहरूले एक शान्त स्थलमा आफ्नो मनलाई पवित्र पार्नु पर्दछ तर त्यो स्थल आफूले ग्रहण गर्नुभन्दा अघि त्यसलाई अरुलाई प्रदान गर्नु पर्दछ ।

(७) उनीहरूले सबै मनुष्यहरूलाई प्रेम गर्नु पर्दछ, अतिथिहरूलाई मित्रतापूर्ण व्यवहार गर्नु पर्दछ, एवं विरामीहरूलाई दयालुतापूर्वक सात्वना दिनु पर्दछ । कुनैपनि संघ,जसले यी नियमहरू पालन गर्दछ त्यसको कहिल्यै पनि ह्रास हुँदैन ।

दोस्रो, समूहको नियममा प्रत्येक व्यक्तिले:– (१) विशुद्ध भावना राख्नु पर्दछ र धेरै कुरा माग्नु हुँदैन (२) सच्चरित्रता कायम राख्नु पर्दछ र सबै लोभ परित्याग गर्नु पर्दछ । (३) धैर्य राख्नु पर्दछ र वादविवाद गर्नु हुन्न । (४) चुपचाप बस्नु पर्दछ र वृथालाप गर्नु हुन्न । (५) नियम पालन गर्नु पर्दछ र अहंकारी हुनु हुन्न । (६) मन एकनास राख्नु पर्दछ र विभिन्न उपदेशहरू पालन गर्नु हुन्न । (७) दैनिक जीवनमा मितव्ययी र अल्पव्ययी हुनु पर्दछ ।

यदि यसका सदस्यहरूले यी नियमहरू पालन गरे भने, संघ स्थायी-हुनेछ र कहिल्यै ह्रास हुने छैन ।

५. जस्तो माथि भनिएको छ, कुनै पनि संघमा यसको मूल रूप मै मेल मिलाप कायम राखिनु पर्दछ; तसर्थ, मेल मिलाप नभएकोलाई संघ भन्न सकिन्न। प्रत्येक सदस्यले कलहको कारण आफू हुने होइन भन्ने कुरा तर्फ

सचेत रहनु पर्दछ । यदि कलह उत्पन्न हुन्छ भने, त्यसलाई सकभर छिटो हटाउनु पर्दछ, कारण, कलहले कुनै पनि संगठनलाई विनाश गर्दछ ।

रक्तको दागलाई अरु बढी रक्तले मेट्न सकिन्न; क्रोधलाई बढी क्रोधले हटाउन सकिंदैन; क्रोधलाई बिर्स्यो भने मात्र त्यसलाई हटाउन सकिन्छ ।

६. कुनै समय दिघीति नाम गरेका एक राजा थिए, जसको देशमाथि छिमेकका युद्धप्रिय ब्रह्मदत्त नाम गरेका राजाले विजय गरेका थिए। राजा दिघीति केही समयका निमित्त आफ्नी पत्नी र छोरालाई लिएर गुप्तवास बसे, तर उनीहरू पक्राउ परे र सौभाग्यवश, उनका राजकुमार छोरा भने उम्कन सफल भए ।

राजकुमारले आफ्नो पितालाई बचाउने उपाय खोजे, तर सब व्यर्थ भयो । उनका पितालाई प्राणदण्ड दिइने दिन, राजकुमार भेष बदलेर प्राणदण्ड स्थलमा पुगे जहाँ उनले आफ्ना अभागी पिताको मृत्युलाई दुःख-पूर्ण रूपले हेर्नु बाहेक अरु केही गर्न सकेनन् ।

पिताले भीडमा आफ्नो छोरालाई देखेर, आफैंसित कुरा गरे जस्तै गरी सुस्त सुस्त बोल्दै भने, "धेरै कालसम्म खोजी नगर्नु; हतपतमा कार्य नगर्नु; क्रोध बिर्सेर मात्र शान्त गर्न सकिन्छ ।"

त्यस पछि, राजकुमारले धेरै दिनसम्म प्रतिशोध लिने उपायहरू खोजी राखे । अन्तमा उनी ब्रह्मदत्तको दर्बारमा एक परिचारकका रूपमा भर्ना

भएर राजाको निगाह प्राप्त गर्न समर्थ भए ।

एकदिन जब राजा शिकार खेल्न गएका थिए, राजकुमारले प्रतिशोधको मौका खोजे । राजकुमारले कुनै उपायले राजालाई एकलासको ठाउँमा लग्न सक्षम भए र ज्यादै थाकेकाले, राजा राजकुमारको काखमा सिरान राखेर निदाए, उनी राजकुमारमाथि पूर्ण रुपले विश्वास गर्ने भई सकेका थिए ।

राजकुमारले आफ्नो छुरा झिके एवं राजाको घांटीमाथि राखे तर त्यस पछि उनी अनकनाए । उनको पिताले प्राण दण्ड पाउने क्षणमा बोलेको बोली उनलाई सम्झनाभएर आयो र यद्यपि उनले फेरी प्रयत्न गरे तर उनले राजालाई मार्न सकेनन् । अकस्मात् राजा बिउँझे र उनले राजकुमारलाई भने, मैले एक नराम्रो सपना देखें जसमा राजा दिर्घीतिका छोराले मलाई मार्ने प्रयत्न गरी राखेका थिए ।

राजकुमारले हातमा छुरा चमकाउँदै हत्तपत्त राजालाई समाते र आफूलाई राजा दिर्घीतिका छोराका रूपमा प्रकट गर्दै भने, उनको पिताको प्रतिशोध लिने समय आई पुगेको छ । तर, उनले यसो गर्न सकेनन्, र अकस्मात् उनले आफ्नो छुरा फाले, एवं राजाका समक्ष घुंडा टेके ।

जब राजाले राजकुमारको कथा र उनका पिताका अन्तिम शद्बहरू सुने, उनी ज्यादै प्रभावित भए र उनले राजकुमारसित क्षमा मागे । त्यसपछि उनले पुरानो राज्य राजकुमारलाई फर्काई दिए र उनीहरूको दुई देश धेरै कालसम्म मित्रका रूपमा रहे।

राजा दिघीतिको मर्ने वेलाका शब्दहरूः "धेरै कालसम्म खोजी नगर" भनेको क्रोध धेरै कालसम्म राख्नु हुंदैन, र "हतपतमा काम नगर" भनेको मित्रता हतपतमा तोड्नु हुँदैन ।

क्रोधको सन्तुष्टि क्रोधद्वारा हुन सक्दैन; यसलाई बिर्सेर मात्र यो हटाउन सकिन्छ ।

संघको समूह उपदेशको सामञ्जस्यमा आधारित हुने हुँदा, प्रत्येक सदस्यले यस कथाको भावनाको गुण ग्रहण गर्नु पर्दछ ।

संघका सदस्यहरूले मात्र होइन सर्वसाधारण व्यक्तिहरूले पनि यसको भावनाको गुण ग्रहण गरी यसलाई आफ्नो दैनिक जीवनमा पालन गर्नु पर्दछ ।

२

बुद्ध भूमि

१. जस्तो व्याख्या गरिएको छ, यदि संघले बुद्धको उपदेश फिंजाउने र मेलमिलापकासाथ बस्ने आपनो कर्तव्य बिर्संदैन भने, यो नित्य ठूलो हुँदै जाने छ र यसको उपदेश विस्तृत रूपले फैलिंदै जाने छ ।

यसको अर्थ हुन्छ, दिन परदिन बढी भन्दा बढी मानिसहरूले ज्ञान प्राप्त गर्न प्रयत्न गर्ने छन्, र यसको अर्थ यो पनि हुन्छ–अज्ञान र मोहका राक्ष-सहरूद्वारा नेतृत्व गरिएका लोभ, दोष र मूर्खताका दुष्ट फौजहरू पछि

हट्ने छन्, प्रज्ञाज्योति, विश्वास र आनन्दले प्रभुत्व स्थापित गर्नेछ ।

राक्षसको राज्य लोभ, अंधकार, संघर्ष, द्वन्द्व, तरवारहरू र रक्तपातले भरिएको हुन्छ एवं ईर्ष्या, दुराग्रह, घृणा, ठगी, चापलूसी, स्तुतिवाद, गोप्यता र दुरूपयोगले भरिएको हुन्छ ।

अब कल्पना गरौं प्रज्ञाको ज्योति त्यस राज्यमाथि चंकन्छ, एवं करुणाको वर्षा त्यस माथि वर्सन्छ, र श्रद्धाले जरो गाड्न थाल्दछ; र आनन्दका फूलहरूले आफ्नो सुगन्ध छर्न थाल्दछन् । अनि राक्षसको राज्य बुद्धको पवित्र भूमिमा परिणत हुनेछ ।

र जसरी मन्द हावा र हाँगामा फुलेका केही फूल वसन्तको आगमन वताउँछन्, त्यसैगरी जब कुनै मानिसले ज्ञान प्राप्त गर्दछ, घाँस, रूखहरू, पर्वतहरू, नदीहरू र अन्य सबै वस्तुहरूमा नया जीवन स्पन्दित हुन थाल्दछ ।

यदि कुनै मानिसको मन पवित्र हुन्छ भने, उसको चारै तिरको वातावरण पनि पवित्र हुन्छ ।

२, जुन भूमिमा सद्उपदेश व्याप्त हुन्छ; त्यसका प्रत्येक निवासीको मन पवित्र एवं शान्त हुन्छ । वास्तवमा, बुद्धको करुणाले अथक रूपमा सबैलाई लाभ पुऱ्याउँछ, र उनको उज्वल भावनाले उनीहरूको मनमा भएका सबै अपवित्रताहरूलाई पन्छाउँछ ।

एक पवित्र मन छिटै एक गंभीर मनमा परिणात हुन्छ, त्यस्तो मन जो आर्यमार्ग अनुरूप हुन्छ, त्यस्तो मन जो दान दिन मन पराउँछ, त्यस्तो

मन जसले शील पालन गर्दछ, एक सहिष्णु मन, एक उत्साही मन, एक शान्त मन, एक बुद्धिसम्पन्न मन, एक करुणापूर्ण मन, एक त्यस्तो मन जसले धेरै कुशल साधनहरूद्वारा मानिसहरूलाई ज्ञानको मार्ग देखाउँछ । यसरी बुद्ध भूमिको निर्माण हुनेछ ।

पत्नी र छोरा छोरीहरू भएको घर त्यस्तो घरमा परिणत हुन्छ जहाँ बुद्ध उपस्थित हुन्छन्; सामाजिक भेदभाव भएर दुःख पाएको देश, समान भावना भएको संघमा परिणत हुन्छ ।

रक्त-रंजीत स्वर्ण महल बुद्धको स्थल हुन सक्दैन । एउटा कुनै सानो छाप्रो जसको छानाका पालहरूबाट चन्द्र-रश्मि छिर्दछ त्यो पनि बुद्धको निवास हुन सक्दछ, यदि गृहस्वामीको मन पवित्र छ भने ।

जब बुद्धभूमि कुनै एक व्यक्तिको पवित्र मनको जगमा बनेको हुन्छ, त्यस एक्लो पवित्र मनले समान मन भएकाहरूलाई संघको भ्रातृत्वमा ल्याउँछ । बुद्धमाथिको विश्वास व्यक्तिबाट परिवारमा फैलिन्छ, परिवारबाट गाउँमा, गाउँबाट नगरहरू, शहरहरू, देशहरू र अन्तमा संपूर्ण संसारमा फैलिन्छ ।

वास्तवमा बुद्ध धर्मको विस्तारकानिमित्त देखाइने निष्कपटता र विश्वासमा नै बुद्धभूमिको निर्माण हुन्छ ।

३. निश्चय नै संसारलाई एक दृष्टिबाट हेरियो भने, लोभ, अन्याय र रक्तपातले भरिएको यो संसार पिशाचको संसार जस्तो देखिन्छ; तर जब मानिसहरूले बुद्धको ज्ञानमा विश्वास गर्न थाल्दछन्, रक्त दूधमा परिणत हुन्छ, लोभ करुणामा र अनि, पिशाचको देश बुद्धको पवित्र भूमिमा परिणत हुन्छ ।

एउटा डाडूले उघाएर कुनै समुद्रलाई रित्याउन खोज्नु असंभव कार्य हो, तर यो गर्ने दृढ निश्चय हुनु, र यो गर्दा कैयन् कैयन् जीवन लाग्न गए पनि, र यो यस्तो मन हो जसद्वारा कसैले पनि बुद्धको ज्ञान प्राप्त गर्दछ ।

बुद्ध अर्को किनारमा पर्खी राखेका छन् , जो उनको ज्ञानको संसार हो, जहाँ कुनै लोभ छैन, कुनै द्वेष छैन, कुनै अज्ञान छैन, कुनै दुःख छैन, कुनै वेदना छैन, तर जहाँ केवल ज्ञानको ज्योति र करुणाको वर्षा छ ।

यो शान्तिको भूमि हो, र दुःख पाइ राखेका एवं दुःख तथा वेदनामा भएकाहरूका निमित्त एक शरण स्थल हो; र जो धर्म विस्तार र उपदेश प्रचारमा केही क्षण थकाई मार्न चाहन्छन्, उनीहरूकानिमित्त एक विश्राम स्थल हो ।

यस पवित्र भूमिमा असीमित ज्योति र अनन्त जीवन छ । जो यो स्वर्ग पुग्दछन् उनीहरू कहिल्यै पनि मोहको संसारमा फर्कदैनन् ।

वास्तवमा, यो पवित्र भूमि, जहाँ फूलहरूले वायुलाई प्रज्ञाव्दारा सुगन्धित

गर्दछन् र पक्षीहरू धर्मको गीत गाउँछन् यो नै सम्पूर्ण मावनव समाजको अन्तिम गन्तव्य स्थल हो ।

४. यद्यपि यो पवित्र भूमि विश्राम स्थल हो, यो आलस्यको स्थल होइन । सुगन्धित फूलहरूको यसका ओछ्यानहरू आलस्यपूर्ण आरामका निमित्त होइनन्, तर नयां स्फूर्ति प्राप्त गर्ने र विश्राम गर्ने स्थल हुन्, जहाँ कसैले पनि बुद्धको ज्ञान प्रसार गरी राख्ने उद्देश्यका निमित्त, तेज र उत्साह पुनः प्राप्त गर्दछ ।

बुद्धधर्म प्रसार कार्य अनन्त छ । जबसम्म मानिसहरू रहनेछन् र प्राणीहरू बाँच्नेछन्, जबसम्म स्वार्थी र अपवित्र मनहरूले आफना संसार र परिस्थिति निर्माण गर्दै रहने छन्, उनको धर्म प्रसार कार्य कहिल्यै समाप्त हुने छैन ।

बुद्धका बालकहरू, जो अमिताभको महाशक्तिको माध्यमद्वारा पवित्र भूमिमा पुगी सकेका छन्, उनीहरू जुन भूमिबाट आएका हुन् र जुन भूमिसित उनीहरूको अझै सम्बन्ध छ त्यहाँ फर्कन उत्साहित हुन सक्दछन् । त्यहाँ उनीहरूले बुद्धधर्म प्रसार कार्यमा भाग लिन सक्दछन् ।

जसरी एक मइन बत्तीको ज्योतिले अर्को र त्यसपिछि अर्को मइन बत्तीलाई निरन्तर ज्योति दी राख्न सक्दछ, त्यसरी नै बुद्धको करुणा पनि एउटा मनबाट अर्को मनमा निरन्तर सरी रहन्छ ।

बुद्धका बालकहरूले, उनको करुणाको भावना बुझेर, उनको ज्ञान र शोधनको प्रयत्न अपनाउछन्, र यसलाई एक पुस्ताबाट अर्को पुस्तालाई

हस्तान्तरित गरेर बुद्ध भूमिलाई अनन्त कालसम्म र सदैव कीर्तिमान बनाउँछन् ।

३

जसले बुद्धको भूमिमा कीर्ति प्राप्त गरेका छन्।

१. राजा उदेनकी रानी श्यामावती, बुद्धकी अत्यन्त भक्त थिइन् ।

उनी दरबारको अन्तःपुरमा बस्दथिन् र बाहिर जान्न थिन्, तर उनकी एक कूंजी परिचारिका जसको स्मरण शक्ति अत्यन्त तीव्र थियो, उनी बाहिर गएर बुद्धको उपदेश सुन्ने गर्दथिन् ।

त्यताबाट फर्केपछि परिचारिकाले भगवान् बुद्धका उपदेशहरू रानीलाई दोहऱ्याएर सुनाउँथिन्, र यसरी रानीले आफ्नो प्रज्ञा र विश्वास वृद्धि गर्दै गइन् ।

राजाकी दोस्री रानी पहिली रानीको ईर्ष्या गर्दथिन् र उनलाई मार्ने प्रयत्न गरिन् । उनले राजाकहाँ उनको बदख्वाई गरी राखिन् र अन्तमा उनले उनलाई विश्वास गरेर आफ्नी पहिली रानी श्यामावतीलाई मार्ने प्रयत्न गरे ।

रानी श्यामावती राजाका समक्ष यति शान्त रूपमा उभिइन्, उनलाई उनको हत्या गर्न आँट आएन । आफू माथि पुनः नियन्त्रण गरेर उनले उनलाई अविश्वास गरेकोमा क्षमा याचना गरे।

दोस्रो रानीको मनमा ईर्ष्या बढेर आयो र राजा दरबार बाहिर गएको

अवसरमा उनले दुष्ट व्यक्तिहरूलाई अन्तःपुर जलाउन पठाइन् । श्यामावती शान्त रहिन्, आकुल भएका परिचारिकाहरूलाई संझाउँदै उनीहरूमा उत्साह भरिन्, र त्यसपछि, निर्धक्क भई, भगवान् बुद्धको शिक्षा अनुकूल शान्तिपूर्वक प्राण त्याग गरिन् । खजुत्तरा पनि उनीसितै आगोमा डढेर मारिन् ।

बुद्धका कैयन् शिष्याहरूमध्ये यी दुइ अत्यन्त सम्मानित गरिन्छन्: रानी श्यामावती, करुणामयी रूपमा र उनकी का परिचारिका खुजुत्तरा बुद्धिमतीका रूपमा ।

२. शाक्यवंशी एवं बुद्धका काकाकाछोरा राजकुमार महानामलाई बुद्धको उपदेशमा ठूलो विश्वास थियो तथा उनका एक अत्यन्त भक्त अनुयायी थिए ।

त्यसै ताक कोशलको एक चपरचण्डे राजा विरुदकले शाक्य वंशमाथि विजय प्राप्त गरे । राजकुमार महानाम राजा कहाँ गए र आफ्ना मानिसहरूको प्राण रक्षाको माग गरे, तर राजाले उनको कुरा सुनेनन् । त्यसपछि उनले प्रस्ताव गरे—नजिकैको तलाऊमा उनी पानी भित्र डुबी राखुन्जेल सम्मको समय भित्र जति कैदीहरू उम्कन सक्नेछन् त्यतिलाई राजाले मुक्त गरीदिउन् ।

उनी पानी भित्र रहन सक्ने अवधि धेरै सानो हुनेछ भनी राजाले यस कुरामा आफ्नो स्वीकृति दिए ।

महानाम जसै पानी भित्र डुबे किल्लाको फाटक खोलियो र मानिसहरू आफ्नो सुरक्षाका निमित्त दगुरेर गए। तर महानाम पानी बाहिर आएनन्, उनले आफ्ना मानिसहरूको निमित्त, पानी भित्र रहेको नरकटको जरामा आफ्नो कपाल बाँधेर, आफ्नो जीवन वलिदान गरे।

३. उत्पलवर्ण एक प्रसिद्ध परिव्राजिका थिइन् जसको प्रज्ञाको तुलना, बुद्धका एक महान् शिष्य, मौद्‌गल्यायनको प्रज्ञासित गरिन्थ्यो। उनी वास्तवमा सबै परिव्राजिकाकी परिव्राजिका थिइन् जो सदैव उनीहरूको नेता थिइन् र उनीहरूलाई उपदेश दिंदा कहिल्यै पनि थाक्दिन थिइन्।

देवदत्त एक दुष्ट र निर्दयी व्यक्ति थियो जसले राजा अजातशत्रुको मनमा विष भरी दिएर उनलाई बुद्धको उपदेशका विरुद्ध जान मनायो। तर पछि राजा अजातशत्रुले पश्चात्ताप गरे, उनले देवदत्तसितको आंफ्नो मित्रता तोड़े, र बुद्धको एक विनीत शिष्य भए।

एकपल्ट देवदत्तले राजालाई भेट्ने प्रयत्न गर्दा उनलाई किल्लाको ढोका बाहिर धकेलियो, र त्यसै बखत उनले उत्पलवर्णलाई बाहिर आई राखेकी देखे।उनलाई देख्नासाथ देवदत्त ज्यादै रिसाए र उनले उत्पल-वर्णलाई हिर्काएर बेसरी घाइते पारी दिए।

उनी आफ्नो विहार फर्कदा उनलाई ज्यादै वेदना भइ राखेको थियो र जब अन्य परिव्राजिकाहरूले उनलाई सान्त्वनादिने प्रयत्न गर्दै थिए, उनले उनीहरूलाई भनिन् "बहिनीहरू, मानव जीवनमा के के आई पर्छ थाहा हुँदैन, प्रत्येक कुरा क्षण भंगुर र अनात्म हो। केवल ज्ञानको संसारमात्र

निश्चल र शान्त हुन्छ । तिमीहरूले आफ्नो साधना कायम राख्नु पर्दछ ।" त्यसपछि उनको मृत्यु शान्ति पूर्वक भयो ।

४. अंगुलीमाल, जो कुनै समय एक भीषण डाँकू थिए र जसले धेरै व्यक्तिहरूको हत्या गरेका थिए, उनलाई भगवान् बुद्धले बचाउनु भयो र उनी संघमा प्रवेश गरे ।

एक दिन उनी एक गाउँमा भिक्षा मागी राखेका थिए तर आफ्नो विगत कुकर्महरूले गर्दा उनले धेरै कठिनाई र दुःख सहनु पर्‍यो ।

गाउँलेहरू उनीमाथि जाइ लागे र उनलाई बेसरी पोटे, तर उनको शरीरबाट रगत बगी राख्दै उनी भगवान् बुद्धकहाँ फर्केर उनको पाउमा परेर उनलाई यस अवसरका निमित्त धन्यवाद दिए जसमा उनले आफ्ना विगत निर्दयी कर्महरूको फल भोग्नु पर्‍यो ।

उनले भने, भगवन् मेरो, प्रारम्भको नाम "अहिंसक" थियो, तर मेरो अज्ञानको कारणले गर्दा, मैले धेरै वहुमूल्य ज्यान लिएँ, र प्रत्येकबाट मैले एउटा एउटा औंलो काटेर लिएँ, औंलाहरूको संग्रह गरेको कारणले गर्दा नै मलाई अंगुलीमाल भन्न थालियो ।

"त्यस पछि तपाईंको करुणाको माध्यमद्वारा मैले प्रज्ञा सिकें र बुद्ध, धर्म र संघ यी त्रिरत्नको उपासक भएँ । जब कुनै मानिसले घोडा अथवा गाई हाँक्दछ उसले चाबुक अथवा डोरी लिनु पर्दछ, तर भगवन्, तपाईंले चाबुक, डोरी अथवा अंकुश केहीको प्रयोग नगरी, मेरो मनलाई पवित्र पारी दिनु भयो ।

"भगवन्, मैले आज त्यही सहनु पऱ्यो जो मलाई सहनु नै पर्ने थियो। म बाँच्न चाहन्न, म मर्न चाहन्न। म केवल आफ्नो समयलाई पर्खी राखेको छु।

५. भिक्षु सारिपुत्रका साथ, मौद्गल्यायन भगवान् बुद्धका दुई सबै भन्दा महान् शिष्यमध्ये थिए। जब अन्य धर्महरूका उपदेशकहरूले बुद्धको उपदेशको पवित्र जल मानिसहरूमा फैलिएको र उनीहरूले बडो उत्सुकतापूर्वक यसको पान गरी राखेका देखे, उनीहरूमा ईर्ष्या भरिएर आयो र उनीहरूले भगवान् बुद्धको उपदेशमा विभिन्न वाधाहरू प्रस्तुत गर्ने प्रयत्न गरे।

तर उनको उपदेश फैलिनबाट यी बाधाहरूमध्ये कुनैले पनि रोक्न सकेन। अन्य धर्मका उपासकहरूले मौद्गल्यायनलाई मार्ने प्रयत्न गरे।

दुई पल्टको यस्तो प्रयत्नबाट उनी बाँचे तर तेस्रो पल्ट उनलाई धेरै विधर्मीहरूले घेरे र उनीहरूको मुड्कीको मारबाट उनी बाँच्न सकेनन्

ज्ञानले उनलाई संबर्धन गरी राखेको हुँदा, उनले उनीहरूको मुड्की बडो शान्तिपूर्वक ग्रहण गरे,र यद्यपि उनको मासु छियाछिया भएको थियो र उनको हाड किचिएको थियो तर उनको शान्तिपूर्ण मृत्यु भयो।

"भगवान् बुद्धका उपदेश"
सम्बन्धी मूल उल्लेखहरू

"भगवान् बुद्धका उपदेश" सम्बन्धी मूल उल्लेखहरू

संक्षेपहरू:–

दी नि – दीघ निकाय
म नि – मज्झिम निकाय
सं नि – संयुत्त निकाय
अं नि – अंगुत्तर निकाय

बुद्ध

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
अध्याय १			
१	२	१	विभिन्न सूत्रहरू
	५	१	अं नि ३–३८, सुखुमाल–सुत्त
	५	१०	म नि ३–२६, अरियपरियेसन– सुत्त
	६	१	विभिन्न सुत्तहरू
	७	१	म नि ९–८५, बोधिराजकुमार–सुत्त
	७	४	विभिन्न सुत्तहरू
	७	११	सुत्त–निपात ३–२, पधान– सुत्त
	७	१६	विभिन्न सुत्तहरू
	८	९	विनय, महावग्ग१
	९	९	दी नि १६, महापरिनिब्बान–सुत्त
२			दी नि १६, महापरिनिब्बान–सुत्त
	११	१२	परिनिब्बान–सुत्त
	१३	८	परिनिब्बान–सुत्त
	१३	१५	दी नि १६, महापरिनिब्बान–सुत्त
अध्याय २			
१	१५	१	अमितायुर्ध्यान र विमलकीर्ति–निर्देश सूत्र

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
	१५	५	सूरंगम–सूत्र
	१५	९	विमलकीर्ति–निर्देश र महापरिनिर्वाण सूत्र
	१६	५	सद्धर्मपुण्डरीक–सूत्र १६
	१७	१	महायान–जातक–चित्तभूमि–परीक्षा–सूत्र
	१७	६	महापरिनिर्वाण–सूत्र
२	१९	१	सद्धर्मपुण्डरीक–सूत्र ३
	२०	१	सद्धर्मपुण्डरीक–सूत्र ४
	२१	१४	सद्धर्मपुण्डरीक–सूत्र ५
३	२२		सद्धर्मपुण्डरीक–सूत्र १६

अध्याय ३

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
१	२५	१	अवतंसक–सूत्र ३
	२६	४	महापरिनिर्वाण–सूत्र
	२६	९	अवतंसक–सूत्र
	२६	१६	सुवर्णप्रभासोत्तमराज—सूत्र ३
२	२९		अवतंसक–सूत्र
	२९	१२	अवतंसक–सूत्र ३४, गण्डव्यूह
	२९	१५	संक्षिप्त सुखावतीव्यूह–सूत्र
	२९	१९	अवतंसक–सूत्र
	३०	५	सं नि ३५–५
	३०	८	महापरिनिर्वाण–सूत्र

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
३	३२	८	म नि ८–७७, महासकुलुदायी–सूत्र
	३३	४	महापरिनिर्वाण–सूत्र
	३३	१६	लंकावतार–सूत्र
	३४	३	अवतंसक–सूत्र ३२
	३४	१५	सद्धर्मपुण्डरीक–सूत्र २५
	३५	१	महपरिनिर्वाण–सूत्र
	३५	१३	सद्धर्मपुण्डरीक–सूत्र २
	३५	१८	सद्धर्मपुण्डरीक–सूत्र २

धर्म

अध्याय १

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
१	३८	१	विनय, महावग्ग १–६ र सं नि ५६–११–१२ धम्मचक्र-प्रवर्तन–सुत्त
	३९	१५	इतिवुत्तक १०३
	४०	४	म नि २, सब्बासव–सुत्त
	४०	१०	बयालीस खण्डको सूत्र १८
	४१	२	श्रीमालादेवीसिंहनाद–सूत्र
३	४२	१९	अवतंसक–सूत्र २२, दसभूमिका

अध्याय २

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
१	४६	१	म नि ४–३५, चूलसच्चक–सुत्त
	४८	१०	अं नि ५–४९, राज–मुण्ड–सुत्त
	४८	१६	अं नि ४–१८५, समण–सुत्त
	४९	४	अं नि ३–१३४, उप्पाद–सुत्त

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
२	४९	९	लंकावतार–सूत्र
	४९	१२	अवतंसक–सूत्र २
	५०	१	अवतंसक–सूत्र १६
	५०	१०	अवतंसक–सूत्र २२, दसभूमिक
	५१	१	लंकावतार–सूत्र
	५१	६	अं नि ४–१८६, उम्मग्ग–सुत्त
	५१	९	धम्मपद १,२,१७,१८
	५२	१	सं नि २–१–६ कामद–सुत्त
३	५२	११	अवतंसक–सूत्र १६
	५२	१६	लंकावतार–सूत्र
	५३	११	म नि ३–२२ अलगद्दूपम–सुत्त
	५४	९	लंकावतार–सूत्र
	५४	१३	लंकावतार–सूत्र
४	५७	७	विनय, महावग्ग १–६
	५८	१	लंकावतार–सूत्र
	५८	६	सं नि ३५–२००, दारुखण्ड–सुत्त
	५८	१६	लंकावतार–सुत्त र अन्य
	५९	७	म नि २–१८, मधुपिंडिक–सुत्त
	५९	१८	लंकावतार–सूत्र
	६०	१२	लंकावतार–सूत्र
	६१	११	विमलकीर्ति–निर्देश–सूत्र
	६३	१२	अवतंसक–सूत्र ३४, गण्डव्यूह
	६३	२०	लंकावतार सूत्र र अन्य

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
अध्याय ३			
१	६५	१	विनय, महावग्ग १–५
	६५	१३	विनय, चूलवग्ग ५–२१ सूरंगम–सूत्र
	६६	५	सूरंगम–सूत्र
२	७१	८	सूरंगम–सूत्र
	७३	४	महापरिनिर्वाण–सूत्र
	७३	१०	सद्धर्मपुण्डरीक–सूत्र ७ र सूरंगम–सूत्र
	७४	४	अवतंसक–सूत्र ३२
	७४	८	महापरिनिर्वाण–सूत्र
	७४	१२	ब्रह्मजाल –सूत्र
	७५	१	महपरिनिर्वाण–सूत्र
३	७५	१७	महापरिनिर्वाण–सूत्र
अध्याय ४			
१	८१	१	श्री मालादेवीसिंहनाद–सूत्र
	८२	६	अं नि २–११
	८२	१३	इतिवुत्तक ६३
	८२	१६	विनय, महावग्ग
	८३	६	अं नि ३–६८, अञ्ञातित्थिक–सुत्त
	८३	२२	अं नि ३–३४, आलवक–सुत्त
	८४	११	वैपूल्य–सूत्र
	८४	१६	विनय, महावग्ग १–६, धम्मचक्र प्रवर्तन सुत्त
	८५	३	म नि २–१४, चुलदुक्खक्खन्ध–सुत्त
	८५	८	महापरिनिर्वाण–सूत्र
	८६	१७	इतिवुत्तक २४
	८८	१३	म नि ६–५१, कण्डरक–सुत्तन्त

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
२	८९	८	अं नि ३–१३०
	८९	१६	अं नि ३–११३
	९०	७	इतिवुत्तक १००
	९०	१८	संयुक्तरत्नपिटक–सूत्र
	९१	१४	महापरिनिर्वाण–सूत्र
	९३	१	अं नि ३–६२
	९३	१४	अं नि ३–३५, देवदूत–सुत्त
३	९४	१७	थेरिगाथा अट्ठकथा
	९५	१६	सुखावतीव्यूह–सूत्र खण्ड २
अध्याय ५			
१	१०२	१	सुखावतीव्यूह–सूत्र खण्ड १
	१०५	१४	सुखावतीव्यूह–सूत्र खण्ड २
	१०७	५	अमितायुर्ध्यान–सूत्र
२	११०	१६	संक्षिप्त सुखावतीव्यूह–सूत्र

साधनाको मार्ग

अध्याय १			
१	११५	१	म नि २, सब्बासव–सुत्त
	११७	१	म नि ३–२६ अरियपरियेसन–सुत्त
	११७	१३	स नि ३५–२०६, चपान–सुत्त
	११८	१०	बयालीस खण्डको सूत्र ४१–२
	१२०	१७	म नि २–१९ द्वेधावितक्क–सुत्त
	१२१	१३	धम्मपद अट्ठकथा
२	१२२	१०	अ नि ३–११७
	१२३	१	म नि ३–२१, ककचूपम–सुत्त
	१२६	१	म नि ३–२३, वम्मीक–सुत्त

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
	१२७	१५	जातक ४–४९७, मातङ्ग– जातक
	१३१	४	बयालीस खण्डको सूत्र ९
	१३१	१२	बयालीस खण्डको सूत्र ११
	१३२	५	बयालीस खण्डको सूत्र १३
	१३३	३	अं नि २–४, समचित्त–सुत्त
३	१३३	२०	संयुक्तरत्नपिटक–सूत्र
	१३४	१६	महापरिनिर्वाण–सूत्र

अध्याय २

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
१	१४८	१	म नि ७–६३, चूलमालुङ्क्य–सुत्तन्त
	१५०	१०	म नि ३–२६, महासारोपम–सुत्त
	१५२	१	महामाया–सूत्र
	१५२	११	थेरगाथा अट्ठकथा
	१५४	७	म नि ३–२८, महाहत्थी–पदोपम–सुत्त
	१५४	२२	महापरिनिर्वाण–सूत्र
	१५५	११	अवदानशतक–सूत्र
	१५६	१५	महापरिनिर्वाण–सूत्र
	१५८	१२	पंचविंशती साहस्त्रिकाप्रज्ञापार–मिता–सूत्र
	१५९	१७	अवतंसक–सूत्र ३४, गण्डव्यूह

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
२	१६१	११	अं नि ३–८८
	१६२	९	अं नि ३–८१
	१६२	१५	अं नि ३–८२
	१६३	९	परिनिब्बान–सुत्त खण्ड २
	१६४	१२	म नि १४–१४१, सच्चविभंग–सुत्त
	१६५	१४	परिनिब्बान–सुत्त खण्ड २
	१६६	११	अं नि ५–१६, बल–सुत्त
	१६६	१५	अवतंसक–सूत्र ६
	१६७	१२	महापरिनिर्वाण–सूत्र
	१६८	८	सुवर्ण प्रभास–सूत्र २६
	१६८	१६	महापरिनिर्वाण–सूत्र
	१६९	१६	थेरगाथा अट्ठकथा
	१७०	१२	जातक ५५, पंचावुध–जातक
	१७१	१६	इतिवुत्तक ३९ र ४०
	१७२	५	महापरिनिर्वाण–सूत्र
	१७२	८	महापरिनिर्वाण–सूत्र
	१७२	१०	अं नि ५–१२
	१७२	१६	परिनिब्बान–सूत्र
	१७३	१	सूरंगम–सूत्र
३	१७४	५	सं नि ५५–२१ र २२, महानाम सुत्त
	१७५	१	अं नि ५–३२, चुण्डी–सुत्त
	१७५	७	विमलकीर्ति–निर्देश–सूत्र
	१७५	१७	सूरंगस–सूत्र
	१७६	४	सुखावतीब्यूह–सूत्र खण्ड २
	१७६	१२	सं नि १–४–६
	१७६	१५	अवतंसक–सूत्र ३३

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
	१७७	१३	अवतंसक–सूत्र २४
	१७८	४	सुवर्णप्रभास–सूत्र ४
	१७८	१३	अमितायुर्ध्यान–सूत्र
	१७८	१६	सुखावतीव्यूह–सूत्र
	१७८	१	महापरिनिर्वाण–सूत्र
	१७९	१६	म नि २–१६, चेतोखिल–सुत्त
	१८०	१४	सुखावतीव्यूह–सूत्र खण्ड २
४	१८१	९	धम्मपद
	१८९	८	सं नि १–४–६
	१९०	१	अं नि
	१९०	५	महापरिनिर्वाण–सूत्र

संघ

अध्याय १

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
१	१९२	१	इतिवुत्तक १०० र म नि १–३, धम्म-दायाद–सुत्त
	१९२	७	इतिवुत्तक ९२
	१९३	१	विनय, महावग्ग १–३०
	१९३	१८	म नि ४–३९, महा–अस्सपुर–सुत्त
	१९५	३	म नि ४–४०, चूल–अस्सपुर–सुत्त
	१९६	३	सद्धर्मपुण्डरीक–सूत्र १९
	१९६	९	सद्धर्मपुण्डरीक सूत्र–१९
	१९७	१	सद्धर्मपुण्डरीक सूत्र–१४
२	१९८	११	सं नि ५५–३७, महानाम–सुत्त
	१९९	१	अं नि ३–७५
	१९९	६	स नि ५५–३७, महानाम–सुत्त
	१९९	११	सं नि ५५–५४ गिलायन –सुत्त

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखरू
	१९९	१६	अवतंसक–सूत्र २२
	२०१	८	महापरिनिर्वाण–सूत्र
	२०४	५	अवतंसक–सूत्र ७
	२०७	२	महामाया–सूत्र
	२०८	२	अवतंसक–सूत्र २१
	२०८	१९	महापरिनिर्वाण–सूत्र
अध्याय २			
१	२१०	१	दी नि ३१, सिंगालोवाद–सुत्त
	२१५	१५	अं नि २–४, समचित्त–सुत्त
	२१६	१२	अं नि ३–३१
	२१६	१९	जातक ४१७, कच्चानी–जातक
	२१८	१६	दी नि ३१, सिंगालोवाद–सुत्त
	२१९	४	धम्मपद अट्ठकथा १
२	२२०	१४	अं नि ४–१९७
	२२१	५	अं नि ५–३३३ उग्गह–सुत्त
	२२२	२	(बर्मेली टीकाहरू)
	२२२	१७	अं नि ७–५९, सुजाता–सुत्त
	२२४	१५	दी नि, महापरिनिब्बान–सुत्त
	२२५	१८	श्रीमालादेवी सिंहनाद–सूत्र
३	२२८	४	दी नि १६, महापरिनिब्बान–सुत्त
	२२९	४	अवतंसक–सूत्र ३४, गण्डव्यूह
	२३०	९	सुवर्णप्रभास–सूत्र १२
	२३१	८	बोधिसत्व–गोचरोपाय–विषय–विकुर्वण–निर्देश–सूत्र

खण्ड	पृष्ठ	पंक्ति	मूल उल्लेखहरू
अध्याय ३			
१	२३८	१	महापरिनिर्वाण–सूत्र
	२३९	१७	अं नि ३–११८, सोचेय्यन–सुत्त
	२४१	१०	सं नि
	२४२	४	विनय, महावग्ग १०–१ र २
	२४२	११	दी नि १६, महापरिनिब्बान–सुत्त
	२४३	१९	विनय, महावग्ग १०–१ र २
२	२४६	१३	सं नि
	२४७	९	चूइन–क्यो सूत्र
	२४७	१५	विमलकीर्ति–निर्देश–सूत्र
	२४९	१	महापरिनिर्वाण–सूत्र
	२४९	१६	संक्षिप्त सुखावतीव्यूह–सूत्र
	२५०	३	सुखावतीव्यूह–सूत्र
	२५०	१६	विमलकीर्ति–निर्देश–सूत्र
३	२५१	५	धम्मपद अट्ठकथा १
	२५१	१५	अं नि ३४–२
	२५२	९	धम्पमद अट्ठकथा १
	२५३	५	अं नि ५–१
	२५३	९	सर्वास्तिवाद–संघभेदक–वस्तु १०
	२५४	३	म नि ९–८६, अंगुलिमाल–सुत्त
	२५५	३	अं नि २६

परिशिष्ट

बुद्ध धर्मको संक्षिप्त इतिहास

१. भारत

मानव समुदायको आध्यात्मिक इतिहासमा युग प्रवर्तक घटनाहरू मध्ये एक ठूलो घटना त्यसबेला घटचो जब "एशियाका आलोक" ले भारतको मध्य भागमा आफ्नो दीप्ति प्रस्थापित गरे, अथवा, अर्को शद्बमा जब महाप्रज्ञा तथा करुणाको मूल त्यहाँ फुटेर निस्क्यो, जसले कालान्तरमा, शताद्बीहरू पर्यन्त, वर्तमान कालसम्म, मानव मनलाई समृद्ध पार्दै आएको छ ।

गौतम बुद्ध, जसलाई पछिका बुद्ध मार्गीहरूले शाक्यमुनि, अथवा "शाक्यवंशका मुनि" भन्ने संज्ञा दिए, उनले आफ्नो गृहपरित्याग गरे, र एक भिक्षु भई दक्षिणमा मगधतिर बाटो लागे । ईसापूर्व पांचौं शताद्बीको मध्यतिर उनले एक बोधिवृक्ष मुनी अन्तमा ज्ञान प्राप्त गरे भन्ने विश्वास गरिन्छ । उनले पैंतालीस वर्षको लामो अवधिसम्म अथक परिश्रम गरे एवं आफ्नो महापरिनिर्वाण प्राप्त नहुन्जेल सम्म, प्रज्ञा र करुणाको उपदेश दिइनै राखे । फलस्वरूप भव्य बौद्ध मन्दिरहरू, मध्य भारतका विभिन्न राज्य तथा जातिहरूमा सतत रूपले स्थापित हुँदै गए ।

मौर्य साम्राज्यका तेस्रा शासक सम्राट् अशोकको समयमा (२६८ २३२ ई. पू.) गौतम बुद्धको उपदेश सम्पूर्ण भारतमा फैलियो र देशको सीमा बाहिर पनि यसले प्रचारको अवसर प्राप्त गऱ्यो ।

भारतमा सर्वप्रथम एकीकृत राज्य मौर्यहरू कै थियो । यस साम्राज्यका प्रथम शासक चन्द्रगुप्त (शासन काल– लगभग, ३१६–२९३ ई. पू.) को काल मै,विस्तृत प्रदेशमाथि यसको आधिपत्य स्थापित भइसकेको थियो, उत्तरमा हिमालय पर्वतसम्म, पूर्वमा बंगालको खाडीसम्म, पश्चिममा हिन्दूकुश पर्वतसम्म र दक्षिणमा विन्ध्यापर्वतसम्म यो विस्तृत थियो । राजा अशोकले आफ्नो यस राज्यको विस्तार, कलिङ्ग र अन्य इलाकाहरूमाथि विजय प्राप्त गरी दक्कन पठार सम्म गरे ।

राजाको स्वभाव ज्यादै उग्र थियो भनिन्छ र उनको प्रजाले उनलाई चण्डाशोक (क्रोधी अशोक) भन्दथे, तर कलिङ्ग युद्धले उत्पन्न दारुण परिणाम देख्दा उनको स्वभावमा पूर्णपरिवर्तन देखापर्न थाल्यो र उनी प्रज्ञा तथा करुणाको उपदेशका सच्चा भक्त भए। त्यसपछि उनले, बुद्धमाथि विश्वास राख्ने व्यक्तिका अनुकूल कैयन् कार्यहरू गरे, जस मध्ये तल उल्लेख गरिएका दुई कार्यहरू व्याख्या योग्य छन्।

पहिलो हो "प्रस्तरमा कुँदिएका अशोकका राजाज्ञा" अथवा प्रस्तर स्तंभमा अथवा टल्काइएका भीर भित्ताहरूमा कुँदिएका बौद्ध उपदेशमा आधारित प्रशासकीय धारणाहरू, जो उनले धेरै ठाउँहरूमा राखे र यसरी बुद्ध धर्मको प्रचार गरे। दोस्रो उनले आफ्नो राज्यभन्दा सबै दिशाका देशहरूमा प्रज्ञा र करुणाको उपदेश पुऱ्याउन नियोगहरू पठाए। विशेष गरी अपूर्व कुरा, सीरिया, मिश्र, किरीन, मेसेडोनिया र इपेइरोस जस्ता ठाउँहरूमा नियोग पठाई पश्चिमी देशहरूमा टाढा टाढासम्म बुद्ध धर्म प्रचार गर्नु थियो। यसकासाथै,ताम्रपर्णी अथवा श्रीलंका पठाइएका दूत महेन्द्र (पालीमा महिन्द) "सुन्दर लंकाद्वीप (पालीमा लंकादीप) मा सुन्दर उपदेश स्थापित गर्न" सफल भए, र यसरी दक्षिणतर्फ बुद्धको उपदेशको प्रचारमा प्रारम्भिक विन्दुको स्थापना गरे।

२. महायान बुद्ध धर्मको अभ्युदय

"बुद्ध धर्मको पूर्वतर्फको गति" का सम्बन्धमा परावर्ती बौद्धहरूले चर्चा गरेका छन्। तर, ईसापूर्व कालका शताद्वीहरूमा बुद्ध धर्मको 'मुख' स्पष्ट रूपले पश्चिमतर्फ फर्केको थियो। ईसा युगको केही अघि अथवा केही पछि बुद्ध धर्मको यो 'मुख' पूर्वतर्फ फर्कन थाल्यो। तर, यस कुराको उल्लेख गर्नु भन्दा अघि हामीले बुद्ध धर्ममा प्रकट भएका महत्वपूर्ण परिवर्तन हरूको चर्चा गर्नु पर्दछ। यो परिवर्तन त्यो 'नयां धारा" का अतिरिक्त केही होइन जसलाई महायान बुद्ध धर्म भनिन्छ, त्यसले बलियो जरा गाड्दै

थियो एवं तत्कालीन उपदेशमा एक विशिष्ट तत्वका रूपमा प्रकटभइ रहेको थियो ।

कहिले, कसरी र कसद्वारा यो "नया धाराको" सूत्रपात भएको हो ? अझैसम्म कसैले पनि यसको उत्तर निश्चयपूर्वक दिन सकेको छैन । यस सम्बन्धमा, हामीले यी अभिप्राय मात्र प्रकट गर्न सक्दछौं, पहिलो, तत्कालीन धर्माचार्यहरूमध्ये प्रगतिशील तत्वका रूपमा गनिएको महासांघिका विचार धाराको तथाकथित विचार–अन्वयद्वारा यस प्रवृत्तिको प्रादुर्भाव गरिएको हुनु पर्दछ, दोस्रो, ईसा युग प्रारम्भ हुनुभन्दा एक दुई शताद्बी अघि देखि प्रारम्भ भएको एक शताद्बी भित्रमा महायान शास्त्रका महत्वपूर्ण तत्वहरूको उत्पत्ति भइ सकेको थियो र जब महायान शास्त्रले पुष्टि गरेको नागार्जुनको ओजस्वी विचार विकसित भयो, महायानले धर्मको इतिहासको मञ्चमा सुस्पष्ट रूपमा अग्रिम पंक्तिमा आफूलाई उपस्थित गऱ्यो ।

बुद्ध धर्मको लामो इतिहासमा महायानले धेरै ठूलो भूमिका खेलेको छ । जहाँसम्म चीन र जापानको सम्बन्ध छ, यी देशहरूको सम्पूर्ण जसो इतिहासमा बुद्ध धर्मको विकास महायान उपदेशको प्रभावमा भयो । यो कुरा अनौंठो देखिन्न किनभने मानवसमुदायको मोक्षकानिमित्त नयाँ आदर्शहरूको निर्धारण गरी सकिएको थियो; यस आदर्शको अभ्यासका निमित्त बोधिसत्वका रूपमा जीवित सन्तहरूको कल्पना गरिएको थियो; यसका अतिरिक्त यी कुराहरूको पुष्टिका निमित्त, महायान विचारकहरूले आध्यात्मिक अथवा मनोवैज्ञानिक क्षेत्रमा प्रस्तुत गरेका बौद्धिक परिणामहरू वास्तवमा ओजस्वी थिए । यस प्रकार यद्यपि यो एकापट्टी गौतम बुद्धको उपदेशसित जोडिएको थियो, तर साथै यसमा प्रज्ञा र करुणाका धेरै नया विधिहरू थपिए । यी नयां संकलनहरूका साथ, बुद्ध-धर्म, उत्साह र तेजले भरिएर आयो, र एक महानदीको उर्लंदो प्रवाह जस्तै गरी पूर्वका देशहरूलाई समृद्ध पाऱ्यो ।

३. मध्य एशिया

मध्य एशियाका देशहरूबाट नै चीनले सर्वप्रथम बुद्ध धर्मको शिक्षा लियो । तसर्थ, भारतबाट चीनमा उपदेशको विस्तारको कुरा गर्दा, रेशम-मार्गको चर्चा गर्नु आवश्यक छ । यस मार्गले मध्य एशियाका असीमित प्रदेशहरू भई, पश्चिम र पूर्वलाई जोड्दथ्यो, एवं हान वंशका राजा ऊ (शासन काल १४०–८७ ई. पू.) को युगमा यो व्यापार मार्ग खोलिएको थियो । त्यस कालमा हान राज्य निकै पश्चिमसम्म फैलिएको थियो, एवं सिकन्दर महान्ले अघि प्रेरित गरेको वाणिज्यसम्बन्धी भावना, छिमेकका राज्यहरू जस्तो फरगना, सग्दियाना, तुखारा र पार्थियासम्म पनि अझै सबल रूपमा सक्रिय थियो । यी मुलुकहरू भएर जाने यस प्राचीन मार्गमा रेशमले अत्यन्त महत्वपूर्ण भूमिका खेलेको थियो र यसैले यसको नाम रेशम-मार्ग रह्यो । ईसा युगको प्रारम्भको केही ठीक अघि अथवा पछि,भारत र चीनले यसै ब्यापार मार्गद्वारा आफ्ना प्राथमिक साँस्कृतिक सम्पर्कहरू प्रारम्भ गरे । यसै कारणले, यस मार्गलाई बुद्ध–धर्मको मार्ग समेत भने हुन्छ ।

४. चीन

चिनियाहरूले बुद्ध–धर्मशास्त्र एवं तिनको अनुवाद ग्रहण गरेपछि चीनमा बुद्ध धर्मको इतिहासको प्रारम्भ हुन्छ । प्राचीन कालको सबभन्दा पुरानो कृति "शु–शि–एर–चाङ्ग–चिङ्ग" (बुद्ध वचनका बयालीस खण्डमा भएका सूत्र) भनिन्छ, जुन अनुवाद काश्यपमातङ्ग र अरुहरूले अपरपूर्वी हानका राजा मिङ्गको यिङ्ग–पिङ्ग युग (५८–७६ ई) मा गरिएको थियो, तर आधुनिक कालमा यस कुरालाई शंकास्पद दन्त्य कथाका रूपमा लिइन्छ । प्रामाणिक विचारधाराले हाल यसको प्रतिष्ठा आनशि–काओलाई दिन्छ, जो १४८–१७१ ई. सम्म, लो याङ्गमा अनुवादमा कार्यरत थिए । यस कालदेखि उत्तरी शुंग वंश(९६०–११२६ई.) सम्म अनुवादको कार्य लगभग एक हजार वर्षसम्म चली रह्यो ।

प्रारम्भिक वर्षहरूमा, जस जसले धार्मिक ग्रन्थहरूको परिचय गराउनमा एवं तिनको अनुवाद गर्नमा आधारभूत भूमिका खेले, तिनीहरू मुख्यतः मध्य एशियाका देशहरूबाट आएका धर्माचार्यहरू थिए । उदाहरणार्थ, माथि उल्लेख गरिएका अन– शि– काओ पार्थियाबाट आएका थिए, काङ्ग–सेङ्ग–काई तेस्रो शताब्दीतिर लो–याङ्गमा आए र उनले सुखावतीव्यूह (असीमित जीवनको पुस्तक) अनुवाद गरे–उनी समरकन्द क्षेत्रबाट आएका थिए । यसका अतिरिक्त, चु–फा–हु अथवा धर्मरक्ष जसलाई "सद्धर्मपुण्डरीक" को अनुवादकका रूपमा मानिन्छ, उनी तुखाराबाट आएका थिए, उनी लो याङ अथवा चाङ्ग–आनमा तेस्रो शताब्दीको अन्तिम कालदेखि चौथो शताब्दीको प्रारम्भिक कालसम्म बसे । जब कुचाबाट पांचौ शताब्दीको प्रारम्भिक कालमा, कुमारजीव आए, चीनमा अनुवाद कार्य पराकाष्ठामा पुग्यो ।

त्यसै कालतिर धर्माचार्यहरूको क्रिया–कलाप बढ्न थाल्यो र उनीहरूले बौद्ध उपदेश अन्वेषण गर्न तथा संस्कृतको अध्ययन गर्न चीनबाट भारत कोयात्रा गरे ।यी धर्माचार्यहरूमध्ये अग्रणी फा हियान(३३९-४२०? ई.) थिए । उनले भारतकानिमित्त सन् ३९९मा लो याङ्ग छाडे र प्रन्ध्र वर्ष पछि घर फर्के । भारतको भ्रमण गर्ने धर्माचार्यहरू मध्ये सबभन्दा विशिष्ट हुएन–शाङ्ग (६००–६६४ ई.) थिए, जसले सन् ६२७ मा भारतका निमित्त प्रस्थान गरे एवं सन् ६४५ मा. उन्नाइस वर्षको लामो अवधिपछि, स्वदेश फर्के । यी बाहेक ई–चिङ्गले (६३५–७१३ ई) (यिनको नामसित ई–चिङ्ग पुस्तकको नामको भ्रममा पर्नु हुन्न) सन् ६७१ मा समुद्रको मार्ग गरी भारततर्फ प्रस्थान गरे एवं पच्चीस वर्षपछि सोही मार्गद्वारा स्वदेश फर्के।

यी धर्माचार्यहरूले संस्कृतको अध्ययन गर्न आफैं भारतको यात्रा गरे, एवं आफूले छानेका धर्म ग्रन्थहरू स्वदेश लिएर आए, तथा धर्म ग्रन्थको अनुवादमा प्रमुख भूमिका खेले । विशेष गरी हुएन–शाङ्गले देखाएको भाषा सम्बन्धी क्षमता सर्वश्रेष्ठ थियो, तथा उनको उत्साहपूर्ण कार्यले गर्दा चीनमा धर्मग्रन्थको अनुवाद अझै पराकाष्ठामा पुग्यो । यसभन्दा अघि कुमारजीवद्वारा प्रतिनिधित्व गरिएका कृतिहरूलाई "पुराना अनुवाद" भनिन्छ एवं हुएन–शाङ्ग तथा ती पछि आएका अनुवादकहरूको कृतिहरूलाई "नयां अनुवाद"भनी परावर्ती बौद्ध विद्वान्हरूले संज्ञा दिएका छन् ।

बौद्ध धर्म ग्रन्थका यी वृहत पुस्तकहरूमा आधारित भएर, जसलाई उनीहरूले संस्कृतबाट अनुवाद गरेका थिए, यी विद्वान् व्यक्तिहरूका विचार प्रवृत्ति एवं क्रियाकलापहरू क्रमशः तर सबल रूपले चीनवादी भयो । जातिगत प्रकृति, आवश्यकता तथा विश्वासहरू स्पष्टरूपले देखा पर्न थाले । यस प्रवृत्तिको प्रकटीकरणका रूपमा, प्रारम्भिक कालमा धर्माचार्य हरूले आफ्नो विचारधारालाई आध्यात्मिक रूपले प्रज्ञा तथा सूत्रहरूमा चर्चा गरिएका "शून्यता" तर्फ विशेषरूपले लगेकोबाट देखिन थाल्यो । त्यसपछि, उनीहरूले तथाकथित "हीनयान" लाई परित्याग गरी, आफ्नो मनलाई एकाग्ररूपले महायानतर्फ लगाए । यसका अतिरिक्त, यो प्रवृत्ति तेन्दाई संम्प्रदायमा क्रमशः स्पष्ट भएर आयो, एवं जब जेन संप्रदाय प्रकट भयो, यसलाई चुलीमा पुगेको भनी भन्न सकिन्छ ।

छैठौं शताब्दीको उत्तरार्धमा मात्र तेन्दाई संम्प्रदायले चीनमा पूर्णता प्राप्त गऱ्यो, जसलाई यस सम्प्रदायका तेस्रा धर्मगुरु तेन्दाई दाईशी, ची-यी (५३८-५९७ई) ले परिपूर्णतामा पुऱ्याए । उनी बौद्ध विचारधाराका सर्वविशिष्ठ व्यक्ति मध्ये एक थिए, एवं बुद्धका उपदेशको पांचकाल तथा आठ सिद्धान्तको टीकापूर्ण वर्गीकरण यिनै सन्तद्वारा तयार गरिएको थियो, जसले धेरै कालसम्म चीन तथा जापानको बुद्धधर्ममाथि व्यापक प्रभाव राखेका थिए ।

विवेचनाबाट थाहा हुन्छ, चीनमा विभिन्न सूत्रहरू उनीहरूको उत्पत्तिको क्रममा ल्याइएका होइनन्, र जसै जसै ती ती ल्याईंदै गए त्यसैत्यसै तिनको अनुवाद हुँदै गयो । यी सूत्रहरूको संख्या धेरै भएकोहुँदा, तिनको उत्पत्ति कसरी बुझ्ने र मूल्यांकन कसरी गर्ने त्यो नै समस्या भयो । बुद्धधर्म सम्पूर्णरूपमा विवेचना गर्न आवश्यक थियो र यसका सम्बन्धमा आफ्नो आफ्नो ग्रहण क्षमताअनुसार कुनै व्यक्तिले कस्तो आधार लिएको थियो भन्ने देखाउनु पनि आवश्यक थियो । जहाँसम्म सूत्रहरूको मूल्यांकनको प्रश्न छ, सर्वप्रथम, चिनिया विचारधाराको प्रवृत्ति प्रांगणमा आउँछ । तर सर्वोपरि रूपमा, ची-यीको विचारधारा अत्यन्त यथापद्धति थियो एवं तसर्थ परमहृदयग्राही थियो । तर, वर्तमान कालको बौद्ध अनुसन्धानकृतिहरू देखापरेपछि त्यसको उत्कृष्ट प्रभावको पनि अन्त हुनु पर्ने भयो ।

चीनमा बुद्ध धर्मको इतिहासमा, "सबभन्दा पछि आउने" जेन सम्प्रदाय थियो । यसका संस्थापक बोधी धर्म (५२७ ई.) नाम गरेका कुनै विदेशी मुलुकका श्रवण थिए, तर उनले रोपेको बीज, अतिशोभनीय फूलका रूपमा, हुई–नेङ्ग (६३८–७१३ ई.) का समयमा मात्र पुष्पित भयो, जो यस धाराका छैठौं धर्मगुरु थिए । तर आठौं शताब्दी उप्रान्त चीनको यस सम्प्रदायले एक पछि अर्को कैयन् प्रतिभायुक्त धर्माचार्यहरूलाई विदेश पठायो, जसले गर्दा कैयन् शताब्दीसम्म जेनले समृद्धि प्राप्त गरी रह्यो ।

चिनिया जनताको प्रकृतिमा गहिरो जरो गाडेको बुद्धधर्मको नयाँ चिन्तनमार्ग त्यहाँ स्पष्टरूपले देखा पर्दछ । तर चिनिया चिन्तन प्रक्रियाद्वारा प्रभावित बुद्धधर्म बाहेक यो अरु केही थिएन । तैपनि, गौतम बुद्धको उपदेशको प्रवाहमा यो नवीन धारा थपिए पछि, यसले अझै ठूलो नदीको रूप लिन सक्यो र पूर्वका देशहरूलाई समृद्धशाली पार्न सक्यो ।

५. जापान

जापानमा बुद्धधर्मको इतिहासको प्रारम्भ छैठौं शताब्दीमा भयो। ५३८ ई. मा पोची (अथवा कुदारा, कोरिया) का राजाले सम्राट् किनमेयीको राजकीय दर्बारमा चढाउन एक बुद्धमूर्ति तथा सूत्रहरू लेखिएको एक पट्ट दिएर आफ्नो दूत पठाए पछि, यस देशमा बुद्धधर्म परिचयको प्रारम्भ भयो। यस धर्मको इतिहास तसर्थ हाल १४०० वर्ष पुरानो भइ सकेको छ ।

यो लामो इतिहासमा, हामीले हाम्रो बुद्धधर्मलाई तीन कालसित सम्बन्धितरूपमा विचारगर्न सक्दछौं । यी मध्ये पहिलो काल हामीले सातौं र आठौं शताब्दीको बुद्धधर्ममा केन्द्रित गर्न सक्दछौं । यसलाई भौतिक रूपमा देखाउन हामीले होरयुजी मन्दिर(६०७ई.) र तोदाइजी मन्दिर(५७२ई.) को उल्लेख गर्न सक्दछौं, जो यसै कालमा बनेका थिए । यसकालतिर फर्केर दृष्टिदिंदा सम्पूर्ण एशियामा त्यसबेला संस्कृतिको बाढी अपूर्व ठूलो रूपमा उर्लियो भन्ने तथ्यको उपेक्षा गर्न सकिन्न । यस कालमा जब पश्चिमी सभ्यता गहिरो अन्धकारमा बन्द थियो, पूर्वको भने आश्चर्यजनक सक्रियता

एवं प्रोज्वल गतिले विकसित हुँदै थियो। चीनमा, मध्य एशियामा, भारतमा र दक्षिण–सागरका देशहरूमा , बौद्धिक, धार्मिक तथा कला क्षेत्रका क्रिया-कलाप सबलरूपले अघि बढी राखेका थिए। यी आन्दोलनहरूका संगसंगै मिलेर, बुद्धधर्मले पूर्वी संसारलाई आफ्नो मानवतावादी प्रवाहले पखाल्दै थियो। जापानी संस्कृतिको नयाँ गतिशीलता, जो उज्वल होर्युजी तथा शोभायमान तोदाइजीको निर्माणमा देखा परी राखेको थियो र ती घटना-हरूकासाथ साथै आएकामनोहर धार्मिक तथा कलात्मक क्रियाकलापहरूमा पनि देखिएको थियो, सो गतिशीलताबाट सम्पूर्ण विस्तीर्ण क्षेत्रहरूलाई व्याप्त गरी राखेको सांस्कृतिक बाढीले सो प्रदेशको चरम पूर्वी छेऊलाई अनुप्राणित गराएको हो भन्ने मानिएको छ।

यस देशका निवासीहरू, जो धेरैकालसम्म असभ्य अवस्थामा रहेका थिए, एक महती संस्कृतिको प्रवाहमा स्नान गर्न थाले एवं सभ्यताको फूल यहाँ अकस्मात् जस्तै गरी पुष्पित भयो। ती शताब्दीहरूमाभाग्यले एक प्रकारले जापानको साथ दियो। यस संस्कृतिको उदयमा उत्तरदायी प्रमुख अग्रणी बुद्धधर्मबाहेक अरु थिएन। तसर्थ, तत्कालीन बौद्ध मन्दिरहरू उज्वल संस्कृतिका केन्द्र हुनपुगे, तथा धर्माचार्यहरू नयां शिक्षाका नेताहरू हुन पुगे। धर्ममात्रै नभई एक विस्तृत र महती संस्कृतिको विकास भयो। त्यस शताब्दीमा बाहिरबाट ल्याइएको बुद्धधर्मको वास्तविक स्थिति त्यस्तो प्रकार थियो।

नवौं शताब्दीमा दुई महान् धर्माचार्यहरू, साइचो (देंजो दाइशी, ७६७–८२२) र कुकाई (कोबो दाइशी, ७७४–८३५)त्यस बेलाको रंग-मञ्चमा प्रकट भए, एवं दुइ बौद्धसम्प्रदायको स्थापना गरे, जसलाई संयुक्त रूपले हेयियान–बुद्ध धर्म भनिन्छ। यही नै जापानी बुद्धधर्मको स्थापना थियो। उनीहरूले बुद्धधर्मलाई त्यसको मौलिक रूप र अभ्यासमा ग्रहण गरे तथा हिएयी पर्वत एवं कोया पर्वतमा क्रमशः केन्द्रीय मठहरूको स्थापना गरे। तिनको स्थापनाको तीन सय वर्षमा, कामाकुरा युगको सूत्रपात नहुन्जेलसम्म तेन्दायी र शिनगोन, यी दुइ गुह्य सम्प्रदायहरूले, मुख्यतः कुलीन तन्त्र तथा सम्राट्को दर्बारमा समृद्धि प्राप्त गरे।

दोस्रो काल बा्हौं तथा ते्हौं शताब्दीको बुद्धधर्ममा स्थापित गर्न सकिन्छ । त्यस कालमा होनेन (११३३–१२१२ई.) शिनरान (११७३–१२६२ ई.), दोगेंन (१२००–१२५३), निचिरेन (१२२२–१२८२ ई.) आदि जस्ता महान् धर्माचार्यहरू प्रकट भए । आज पनि, जब हामीले हाम्रो देशको बुद्धधर्मको चर्चा गर्दछौं, हामीले यी महान् धर्माचार्यहरूको चर्चा नगरी रहन सक्दैनौं । किन त ती शताब्दीहरूमा मात्र यस्ता महान् धर्माचार्यहरूको उदय भयो? किन भने त्यस समयका यी महापुरुषहरूका समक्ष एउटै समान समस्या प्रस्तुत थियो । त्यसो भए त्यो समान समस्या के थियो त ? शायद यो तथ्य बुद्ध धर्म ग्रहण गरिनु, तर जापानी ढंगले, भन्ने थियो ।

यसबाट एउटा प्रश्नको उत्पत्ति हुन सक्दछ, "किन ? के बुद्ध धर्म यस देशमा त्यस कालभन्दा धेरै अघि प्रतिष्ठापित भइ सकेको होइन ?" ऐतिहासिक रूपमा यो सत्य हो । तर यस देशका निवासीहरूलाई आयात गरिएको धर्म राम्ररी ग्रहण गर्न, नयाँ रूपदिन र पूर्ण रूपले आफ्नो बनाउन, कैयन् सय वर्ष लाग्ने कुरा पनि सांचो हो । सारांशमा, यस देशमा बुद्ध धर्म ग्रहण गर्ने कार्य सातौं र आठौं शताब्दीमा प्रारम्भ भयो, र यी प्रयत्नहरूको फलस्वरूप बा्हौं र ते्हौं शताब्दीमा यी बौद्ध धर्माचार्यहरूको माध्यमबाट यो पुष्पित भयो ।

यसपछि ती प्रसिद्ध धर्माचार्यहरूले बनाएको जगमा आधारित, जापानमा बुद्धधर्मले, आजसम्म पनि आफ्नो प्रतिष्ठा कायम राखेको छ । ती विशिष्ट धर्माचार्यहरूको उदयपछि, ती शताब्दीहरूको प्रोज्वलता जापानी बुद्ध धर्मको इतिहासमा अरु देखा परेन । तैपनि, वर्तमान लेखकको विचारमा हाम्रो ध्यान आकर्षित गर्ने अर्को कुरा वर्तमान कालमा मौलिक बुद्ध धर्ममाथि गरिएको अन्वेषणको फललाई मान्नु पर्दछ ।

पहिलो पल्ट ग्रहण गरिए देखि, जापानमा बुद्ध धर्म, यसको वस्तुतः सम्पूर्ण रूप, महायान बुद्ध धर्म थियो, जो चिनिया बुद्ध धर्मको प्रभावमा थियो । विशेषतः बा्हौं र ते्हौं शताब्दीका महान् उपदेशकहरूको उदय भए

पछि,महायान उपदेश नै सम्प्रदायहरूका संस्थापकहरूका निमित्त मुख्य प्रवाह भए, र यो दृष्टिकोण आजसम्म पनि कायमै छ। जापानमा बुद्ध धर्मको इतिहासको जहाँसम्म सम्बन्ध छ, मौलिक बुद्ध धर्मको अध्ययनको प्रारम्भ मेजी युगको लगभग मध्यपछि भयो। संप्रदायहरूका संस्थापक अतिरिक्त बुद्ध धर्मका संस्थापक पनि छन् भन्ने तथ्यलाई स्मरण गराउन गौतम बुद्धका मूर्तिहरू ती व्यक्तिहरूका समक्ष स्पष्टरूपले पुनः प्रकट भए जसले ती तथ्य बिर्सेका थिए, एवं ती व्यक्तिहरू जसले महायान उपदेशका अतिरिक्त केही सुन्दैन थिए उनीहरूलाई बुद्ध धर्मको पद्धतिबद्ध पक्ष पनि छ भनी स्पष्ट गराइयो। यी नया दृष्टि अझै भाष्यकारहरूको अध्ययनमा सीमित रहेको हुँदा यिनले अहिले पनि धार्मिक उत्साह जाग्रत गर्न सबल भइसकेका छैनन्। तर यस देशका निवासीहरूमा बुद्ध धर्म सम्बन्धी ज्ञानले एक नया मोड लीराखेको कुरा झल्कन्छ। यस दृष्टिलाई यस लेखका लेखकले माथि उल्लेख गरिएका तीन कालहरूमध्ये तेस्रो अथवा अन्तिम काल भनी प्रकाश पार्न चाहने छ।

बुद्धका उपदेशको प्रसारण

बुद्ध धर्म त्यो धर्म हो जसको आधार शाक्यमुनिले आफ्नो जीवनको पैंतालीस वर्षसम्म दिएको उपदेशमा निर्मित भएको छ । आफ्नो उपदेशमा उनले प्रयोग गरेका वचनहरू, तसर्थ,यस धर्ममा सम्पूर्ण आधिकारिकता राख्दछन्, यद्यपि यसमा चौरासी हजार धर्मद्वारहरू र धेरै संप्रदायहरूछन्, तापनि शाक्यमुनिको धर्मशास्त्रसित यिनीहरूको सम्बन्ध नभएको कुनै पनि छैन । जुन पुस्तकालयहरूमा बुद्धका उपदेशहरू संकलन गरिएका छन्, तिनको नाउँ "इस्साइक्यो" अथवा "दाइजोक्यो"ले प्रसिद्ध छ, अर्थात्, जो पवित्र धर्म ग्रन्थको सम्पूर्ण संग्रह हो ।

शाक्यमुनिले बडो दृढताकासाथ मानिसहरूका बीच समानताको समर्थन गर्नु भयो एवं आपनो उपदेश प्रत्येकले र सबैले सम्पूर्ण रूपले बुझ्न सकुन् भनी दैनिक प्रयोगमा आउने र स्पष्ट र साधारण भाषामा उपदेश दिनु भयो । असंख्य मानिसहरूको लाभका निमित्त उहाँले आफ्नो अस्सी वर्षको आयुको अन्तिम घडीसम्म आपनो उपदेश दी राख्नु भयो, यस लामो अवधिमा उहाँले एक दिन पनि विश्राम लिनु भएन ।

शाक्यमुनिको महापरिनिर्वाणपछि, उहाँका शिष्यहरूले आफूले सुने अनुसार सुवार्ताको उपदेश दिने गरे । तर उपदेशको प्रसारण हुँदा र दोह-याई दोहोऱ्याई सुनाउँदा, शिष्यहरूले आफूले सुनेको र बुझेको कुरामा नजानी कतै भूल गरेर उपदेशमा केही अन्तर आएको हुन सक्दछ । तैपनि, शाक्यमुनिको वचनको प्रसारण सदैव यथार्थ र शुद्ध रूपमा गरिनु पर्दछ, एवं विना कुनै विभेदको यो उपदेश सुन्न पाउने अवसर सबैलाई प्रदान गरिनु पर्दछ । तसर्थ, वचन र उपदेश उनीहरूले जसरी सुनेका थिए भनी भन्ठानेका थिए, त्यस अनुसार परस्परमा उच्चारण गरी तिनलाई एकीकरण एवं संग्रह गर्न कैयन् वरिष्ठ धर्माचार्यहरू भेला भए, एवं यस कार्यमा उनीहरूले आफ्नो छलफलमा कैयन् महिना व्यतीत गरे । यसरी निस्केको कृतिलाई " केच्युज्यु" अथवा पद्धतिबद्ध गरिएको भनिन्छ । उनीहरूले महान् उपदेशकका वचनहरूलाई, कति निष्ठापूर्वक एवं विचारपूर्वक प्रसारण गरे भन्ने कुरा स्पष्ट हुन्छ ।

यसरी एकीकरण गरिएको उपदेशलाई लिपिबद्ध गरियो । यसरी लिपिबद्ध गरिएको उपदेशमा, परावर्ती धर्माचार्यहरूले टीका र व्याख्याहरू

थपे, सजलाई "रोन" अथवा टीका भन्ने संज्ञा दिइयो। बुद्धका उपदेशहरू, परावर्ती कालमा यसरी थपिएका टीकाहरू र बुद्ध शीलहरूलाई "सांजोक्यो" अथवा संस्कृतमा तृपिटक भन्न थालियो ।

"सांजोक्यो" अथवा तृपिटकमा "कियोजो" "रिच्युजो" र "रोनजो" सम्मिलित छ, "जो" शब्दको अर्थ हुन्छ पात्र । अर्को शब्दमा, "कियो"ले बुद्ध धर्म शास्त्र उल्लेख गर्दछ, "रिच्यु" ले संघको नियमलाई र "रोन"ले विशिष्ट धर्माचार्यहरूले लेखेका टीकाहरूलाई बुझाउँछ ।

परम्परा अनुसार चीनमा बुद्ध धर्मको पहिलो प्रचार सन् ६७ मा भएको थियो, जुन बेला अपर पूर्वी हान वंश (२५–२२० ई.) का राजा मिङ्गले राज्य गर्दै थिए । तर, वास्तवमा यसको चौरासी वर्षपछिमात्र बुद्ध धर्म शास्त्र चीनमा ल्याएर अनुवाद गरियो (१५१ ई. मा), यो कार्य अपर पूर्वी हान वंशमका राजा हुआनद्वारा भयो । त्यस पछिको १७०० वर्षसम्म, धर्मशास्त्रलाई चिनिया भाषामा अनुवाद गर्ने प्रयत्नहरू कायमै रहे । यसरी अनुवाद गरिएका पुस्तकहरूको संख्या ५,५८६ भागमा१,४४०धर्म ग्रन्थमा हुन पुगे । यी अनुवाद गरिएका धर्मशास्त्रहरूको संरक्षणका प्रयत्नहरू वेइ वंशको पालादेखि नै प्रारम्भ भए, तर उत्तरी सुङ्ग वंशको पालातिर मात्र यिनको छपाई कार्य प्रारम्भ भयो । तापनि, यसै समयतिर, चीनका विशिष्ट धर्माचार्यहरूका कृतिहरू बुद्ध धर्म शास्त्रमा थपिन थाले अनि ती पुस्तकहरूलाई तृपिटक भन्ने संज्ञा दिनु त्यस पछि उचित भएन । जब सुएइ युगको प्रारम्भ भयो, सबै पवित्र रचनाहरूको सम्पूर्ण संग्रहलाई "इस्साइक्यो" नाम दिइयो, एवं ताङ्ग युगमा तिनलाई "दाइजोक्यो" भन्ने नयाँ नाम दिइयो, अर्थात् सम्पूर्ण बुद्ध धर्मशास्त्र, नियम र ग्रन्थहरूलाई यो संज्ञा दिइयो ।

तिब्बतमा बुद्ध धर्मको प्रवेश सातौं शताद्वीतिर भयो, एवं लगभग १५० वर्षसम्म अर्थात् नवौंदेखि एघाह्रौं शताद्वीभित्र, बुद्ध धर्मशास्त्रको अनुवादको प्रयत्न गरियो र त्यसै अवधिभित्र तिनको वस्तुतः सम्पूर्ण अनुवाद संपन्न भयो ।

धर्मशास्त्रको अनुवाद, कोरिया, जापान, श्रीलंका, कंबोडिया, टर्कीको भाषाका साथै सम्पूर्ण पूर्वी भाषाहरूमा मात्र भएको होइन, परन्तु ल्याटिन, फ्रेंच, अंग्रेजी, जर्मन, इटालियन भाषाहरूमा पनि यिनको अनुवाद भएको तथ्यको आधारमा बुद्धका उपदेशको आशिर्वाद संसारको कुना कुनामा हाल फिंजिएको छ भन्ने कुरा निःशंकरूपले भन्न सकिन्छ ।

तर, पुर्नविचार गर्दा, एवं अनुवादको स्तरको दृष्टिकोणबाट पुनरावलोकन गर्दा, तथा दुइ हजार वर्ष भन्दा बढी यो धर्मको विकास र आपरिवृत्तिलाई हेर्दा तथा दश हजार वा सो भन्दा बढी अनुवाद लेखिएको हेर्दा, शाक्यमुनिका वचनको सही अर्थ बुझ्न अझै गहारो देखिन्छ, "दाइजोक्यो" को सहायताले पनि यो संभव देखिन्न । तसर्थ, "दाइजोक्यो" बाट ती सारभूत अभिप्रायहरू छुट्याउनु र तिनलाई धर्ममा आफ्नो आस्था बनाउने आधार बनाउनु अपरिहार्य छ ।

बुद्ध धर्मका सर्वोपरि प्रमाण शाक्यमुनिका वचन हुन् । तसर्थ, बुद्ध धर्मको उपदेश त्यो उपदेश हुनु पर्दछ जो हाम्रो दैनिक जीवनको वास्तविकतासित घनिष्ट रूपले संलग्न र दृढबद्ध छ ; अन्यथा, यसले मानव हृदयलाई उसको भित्री तहदेखि उपदेशमा विश्वासप्रति प्रेरणा दिन समर्थ हुन सक्ने छैन । यस अर्थमा, हामीले यस उपदेशलाई आफ्नै बनाउन, यो स्पष्ट सरल हुनु, यसको गुणमा निष्पक्ष हुनु सम्पूर्णताको प्रतिनिधित्व गर्न पर्याप्त हुनुका साथै दैनिक जीवनमा प्रयोग गरिने शब्द अनुकूल हुन यो वाञ्छनीय छ ।

यस पुस्तकको प्रादुर्भाव उपरोक्त विवेचना अनुसार भएको छ र यसले दुइहजार तथा कैयन् सय वर्षको "दाइजोक्यो" को इतिहासको प्रवाहलाई क्रमागत गरेको छ । निश्चय नै, यस प्रकाशनलाई यसमा भएका कुरामा परिपूर्ण भन्न सकिन्न । बुद्धका वचन, अर्थमा अतीव गम्भीर छन्, र उनका सद्‌गुण अत्यन्त असीमित भएका हुँदा साधारण व्यक्तिले सजिलोसित तिनको गुण ग्रहण गर्न सक्दैन ।

तसर्थ, यो हार्दिक इच्छा गरिन्छ, यस पुस्तकलाई कामना गरिएका आगामी संशोधित संस्करणहरूमा, अरु परिष्कृत गरी, अरु बढी सत्ययुक्त र वहुमूल्य पारिने छ ।

श्री तोर्शासुके शिमिजूले पनि यसको संशोधनमा काम गर्नु भयो । यसरी "भगवान् बुद्धका उपदेश" को एक अंग्रेजी–जापानी संस्करण नयाँ शैलीमा प्रकाशित भयो ।

सन् १९७२ मा, प्राध्यापकहरू शूयू काना ओका, जेन्नो इशिगामी; शोयू हानायामा; क्कानसेई तामुरा; र ताकेमी ताकासेले यसमा भएका अशुद्धिहरू शुद्ध पार्नु भयो तथा ग्रन्थलाई संशोधन गरी पुनः संकलन गर्नु भयो ।

सन् १९७४ मा, पुनः ग्रन्थको अंग्रेजी पाठान्तरमा भएका असंगत र अशुद्ध अभिव्यक्तिहरूलाई शुद्ध पार्न, श्री आर. के. स्टाइनरको निर्देशनमा, प्राध्यापकहरू शोजुन बान्दो, कोदो मात्सुनामी, शिन्को सायेकी, ह्कान्सेयी तामुरा, दोयू तोकुनागा, र शोयू हानायामा (प्रधान संपादक)ले ग्रन्थको संशोधन गर्नु भयो । सन् १९७८ मा, श्री शिनरोकू ईनोउएन्दारा प्रस्तुत विषयवस्तु सम्बन्धी सुझावमा, उपरोक्त संपादकमण्डलका साथै प्राध्यापकहरू शिगेओ कामादा र यासुआकी नाराको बैठकले ग्रन्थको संशोधन ग-यो । यसरी "भगवान् बुद्धका उपदेश" को अंग्रेजी–जापानी संस्करण, उहाँहरूको कार्यको फलस्वरूप, वर्तमान शैलीमा प्रकाशित भयो ।

अप्रैल १९७९

"भगवान् बुद्धको उपदेशको" इतिहास

प्रस्तुत बौद्धग्रन्थ, भिक्षु मुम्रान किजुले प्रतिनिधित्व गर्नु भएको "बौद्ध ग्रन्थको नया अनुवाद" प्रचार गर्ने संगठनद्वारा जुलाई १९२५ मा प्रकाशित "बौद्ध ग्रन्थको नयां अनुवाद" को मूल जापानी संस्करणलाई संशोधन तथा संकलन गरी तयार परिएको थियो। यो पहिलो जापानी संस्करण डा. शूगाकु यामाबे र डा. चिजेन आकानुमाले धेरै जापानी बौद्ध विद्वान्हरूको सहयोगली संकलन गर्नु भएको थियो, र यसको प्रकाशनमा झण्डै पांच वर्ष लाग्यो

शोवा युगमा (१९२६–) "बौद्ध ग्रन्थको लोकप्रिय संस्करण" जापानी भाषामा उपरोक्त संगठनद्वारा प्रकाशित गरिएको थियो र यसको जापान भरी व्यापक प्रचार भयो ।

सन् १९३४ को जुलाईमा, जब जापानमा प्रशान्त क्षेत्रका बौद्ध युवकहरूको सम्मेलन भयो, त्यस बेला अखिल जापान युवा बौद्ध संघले श्री डी. गोडार्डको सहयोग लिएर उपर्युक्त "बौद्ध ग्रन्थको लोकप्रिय संस्करण" को अंग्रेजी अनुबाद "भगवानन् बुद्धका उपदेश" आफ्ना कृतिहरूमध्ये एक कृतिका रूपमा प्रकाशित गऱ्यो। सन्१९६२ मा, अमेरिकामा बुद्धधर्म प्रचारको सत्तरिऔं वार्षिकोतसवको संझनामा, मित्सुतोयो कम्पनीका अध्यक्ष श्री येहान नुमाताले, "भगवान् बुद्धका उपदेश" को अर्को अंग्रेजी संस्करण प्रकाशित गर्नु भयो ।

सन् १९६५ मा, जब श्री नुमाताले टोकियोमा बुद्ध धर्म प्रबर्धन प्रतिष्ठापनको संस्थापन गर्नु भयो, यो अंग्रेजी ग्रन्थको संसार भरी प्रचार कार्यलाई प्रतिष्ठापनको एक क्रिया कलापका रूपमा नियोजित गरियो ।

यस योजनाको लक्ष्य प्राप्त गर्न, "भगवान् बुद्धका उपदेश"को संशोधन तथा संकलन गर्न, सन् १९६६ मा एक समिति संगठित गरियो । यस समिति-का सदस्यहरूमा प्राध्यापकहरू काजुयोशी किनो; शूयू कानाओका; जेन्नो इशिगामी; शिनको सायेकी; कोदो मात्सुनामी; शोजुन बान्दो; र ताकेमी ताकासे रहनु भयो । प्राध्यापक फूमियो मासुतानी, श्री एन. ए. वाडेल र

भगवान् बुद्धका उपदेशको अनुक्रमणिका

मानव जीवन	पृष्ठ	पंक्ति
जीवनको अर्थ....	५	१३
यस संसारको वास्तविक स्थिति...	९६	२०
जीवनको आदर्श मार्ग...	२४७	१९
जीवन सम्बन्धी अनुचित दृष्टिकोण...	४४	१८
जीवनको सही धारणा...	४१	८
दुराग्रहपूर्ण जीवन...	५७	७
मोहमा परेकाहरूको सम्बन्धमा (उपाख्यान)...	१२६	१
मनुष्यको जीवन (उपाख्यान)...	९०	१८
यदि कसैले दुर्वासना एवं रागको जीवन व्यतीत गर्छ भने (उपाख्यान)...	९०	७
बृद्ध, रुग्ण र मृतकले के शिक्षा दिन्छन् (कथा)...	९३	१४
मृत्यु अनिवार्य हो (कथा)-	९४	१७
ती पांच कुराहरू जसको प्राप्ति- यस संसारमा कसैले गर्न सक्दैन...	४८	८
यस संसारका चार सत्य...	४८	१६
मोह र ज्ञान दुबैको उत्पत्ति- मनबाट हुन्छ	४९	९
बीस कुराहरू जो बहुमूल्य हुन्छन् तर- साधारण व्यक्तिले उपलब्ध गर्न कठिन छन्..	१३२	५

श्रद्धा

श्रद्धा अग्नि हो..	१७६	१६
श्रद्धाका तीन महत्वपूर्ण पक्ष हुन्छन्...	१७८	४
श्रद्धा भनेको एक प्रकटीकरण हो...	१७९	१
श्रद्धा स्वच्छ मनमा प्रकट हुन्छ...	१७९	१५
सत्य प्राप्त गर्नु भनेको अन्धाहरूले-		

	पृष्ठ	पंक्ति
स्पर्शद्वारा हात्तीको वर्णन गर्नु जस्तो हो (उपाख्यान)...	७५	१
बुद्ध धर्मको सत्य उपदेशले बुद्ध–प्रकृति– कहाँ रहन्छ भनी बुझाउँछ (उपाख्यान)...	७७	१६
बुद्ध प्रकृति रागमा लुकेको हुन्छ (उपाख्यान)...	७३	१०
संशयले श्रद्धा कम गर्छ	१७९	१७
बुद्ध सम्पूर्ण संसारका पिता हुन् तथा मनुष्यहरू उनका सन्तान हुन्...	३५	१८
बुद्धको प्रज्ञा एक महासागर जस्तै विस्तृत एवं गहिरो छ...	३४	७
बुद्धको भावना महा- करुणाले पूर्ण छ...	१५	५
बुद्धको करुणा चिरस्थायी छ...	१६	५
बुद्धको कुनै भौतिक शरीर हुन्न..	१३	१५
बुद्धले जीवनपर्यन्त उपदेश दिनु भयो...	२३	१६
बुद्धले जीवन र मृत्युको कल्पनाको प्रयोग मनुष्यहरूलाई प्रेरित गर्न गर्नु भयो...	२३	१६
बुद्धले उपाख्यानहरूको प्रयोग गरी मनुष्यलाई उनीहरूको दुःखबाट बचाउनु भयो...	१९	६
" " "	२०	१
ज्ञानको संसार...	२४९	९
बुद्ध, धर्म र संघको उपासक हुनु...	१७५	७
शील पालन गर्ने मनको एकाग्रताको अभ्यास गर्ने एवं बुद्धिमत्तापूर्वक कार्य गर्ने पद्धति सिक्ने...	१६१	११
आर्य अष्टांगिक मार्ग...	१६४	१६
ज्ञानको अर्को किनारमा पुग्ने ६ मार्गहरू...	१६६	१५
चार सही प्रक्रियाहरू...	१६६	६

	पृष्ठ	पंक्ति
चार विचारणीय कुराहरू..	१६५	१४
ज्ञान प्राप्तिकानिमित्त शक्तिका पांच क्षमताहरू...	१६६	११
मनका चार असीमित स्थितिहरू...	१६८	१६
जसलें चार आर्य सत्य बुझ्दछन्...	३९	१५
मनुष्यको मृत्यु र जीवनको अनित्यता...	१२	२१
जसलें अमिताभ बुद्धको नाम स्मरण गर्छन् उनीहरूको जन्म उनको पवित्र भूमिमा हुन्छ...	११३	१
आफूलाई एक ज्योति बनाऊ आफूमाथि भर पर...	१०	१५

मानसिक अभ्यास

आफना निमित्त सबभन्दा महत्वपूर्ण कुरा के हो भनी प्रत्येकले विवेचना गर्नु पर्छ (दृष्टान्त)...	१४८	९
आफ्नो पहिलो पाइलो ध्यानपूर्वक चाल्नु पर्छ...	१३२	१
आफूलें खोज्न चाहेको कुरा बिर्सनुहुन्न (दृष्टान्त) ...	१५०	१०
कुनै कुरामा सफलता पाउन धेरै- कठिनाईहरू सहनु पर्छ (कथा)...	१५६	१४
पुनः पुनः असफलहुँदा पनि धैर्य धारण गर्नु पर्छ (कथा)...	१७०	१०
असंतोषपूर्ण स्थितिमा पनि आफ्नो मनलाई विचलित हुन दिनु हुन्न (कथा)...	१२३	१६
जसलें आर्यमार्ग बुझ्छन् र अनुसरण गर्छन् उनलें ज्योति लिएर अन्धकारमा जानु सरह हो...	४०	१०
जहाँ गए पनि मानिसलें मानव जीवन सम्बन्धी उपदेश पाउन सक्नेछ (कथा)...	१६०	३

	पृष्ठ	पंक्ति
मानिसको स्वभाव आफ्नो मनको निर्देशन पछि पछि लाग्ने हुन्छ...	१२०	१७
उपदेशको मर्म भनेको आफ्नो मन नियन्त्रण गर्नु हो...	११	१६
प्रथमतः आफ्नो मनको नियन्त्रण गर...	२१०	१
यदि तिमीले आफ्नो मन नियन्त्रण गर्‍यौं भने...	१२१	१
मनका विभिन्न स्थितिहरू (उपाख्यान)...	११७	१३
मन आत्मा होइन...	४६	१०
मनलाई तिमीमाथि आधिपत्य स्थापित गर्न नदेऊ...	१०	१४
आफ्नो मनमाथि विजय पाऊ...	१५२	११
आफ्नो मनको स्वामी होऊ...	११	२२
सबै दुष्कर्महरू शरीर, वचन र मनबाट आउँछन्..	८७	३
मन र शब्दहरूको सम्बन्ध...	१२४	७
यो शरीर सापट लिएको वस्तु बाहेक केही होइन (कथा)...	१४२	६
शरीर सबै अपवित्रताहरूले भरिएको छ...	१२९	१९
कुनै वस्तुको तृष्णा नगर...	११	१
शरीर, वचन र मनलाई शुद्ध राख...	१२२	१०
निष्पक्ष बस र कठिन प्रयत्न गर (कथा)..	१६९	२१

मानव दुःख

मानव दुःख मनको आशक्तिबाट उत्पन्न हुन्छ...	४२	१७
दुःखको निवारण कसरी गर्ने...	१३	८
ज्ञानका ढोका मोह र अज्ञान हुन्ः...	५९	१४
दुःखबाट मोक्ष कसरी पाउने...	११५	१७

	पृष्ठ	पंक्ति
जब रागको तप्त अग्नि निभ्दछ, तब आल्हादक ज्ञान प्राप्त हुन सक्छ...	१४०	१७
दुर्वासना नै मोहको मुहान हो...	८५	१७
दुर्वासनालाई फूलभित्र लुकेको विषालु सर्प सरह सम्झनु पर्छ...	८५	१९
जली रहेको घरकाप्रति आसक्ति नराख (उपाख्यान)...	१९	१४
राग नै दुष्कर्महरूको मुहान हो...	११७	६
यो संसार जली रहेको आगोमा छ...	८२	१९
यदि मानिसहरू यश र प्रतिष्ठाका पछि पछि लाग्छन् भने, यो स्वयंलाई जलाउनु हो...	११८	१०
यदि मनुष्य सम्पत्ति र दुर्वासनाका पछि पछि लाग्छभने, उसले आफूलाई विनष्ट गर्दछ...	११८	१६
बुद्धिमान् मनुष्य र मूर्ख मनुष्यको मौलिक प्रकृतिमा अन्तर हुन्छ..	१३३	३
मूर्ख मनुष्यहरू आफ्ना गल्तीहरू थाहा पाउन्नन् (उपाख्यान)...	१४०	१
मूर्ख मनुष्यहरू फललाई हेरेर अरुको सौभाग्यको इर्ष्या गर्छन् (उपाख्यान)...	१४०	५
ती मार्ग जसमा मूर्ख मनुष्य लाग्न सक्छन् (उपाख्यान)...	१४६	१

दैनिक जीवन

दान देऊ र तिनलाई बिर्स...	१६७	१७
सम्पत्ति प्राप्त गर्ने मार्ग (कथा)...	१४४	१५
सुख कसरी प्राप्त हुन्छ...	१३१	१९
प्राप्त गरेको अनुग्रह कहिल्यै पनि नबिर्स (कथा)...	१३८	१

	पृष्ठ	पंक्ति
विभिन्नता मनुष्य स्वभाव हो ...	८९	८
जसले प्रतिशोधको इच्छाप्रति आफूलाई समर्पण गर्दछ त्यसलाई दुर्भाग्यले सदैव दुःख दिन्छ...	१३१	४
क्रोधको भावना कसरी दबाउने (कथा)...	२४४	५
अरुको आलोचनाबाट विचलित नहोऊ (कथा)...	१३१	१३
तिमी वस्त्र, अन्न र आश्रयका निमित्त बांचेका होइनौं...	२०३	१०
अन्न र वस्त्र सुख अथवा आनन्दका निमित्त होइनन्...	११६	१
खाना खान लाग्दा तिमीले के सोच्नु पर्छ...	२०६	६
लुगा लगाउन लाग्दा तिमीले के सोच्नु पर्छ...	२०५	७
जाडो अथवा गर्मीहुँदा के सोच्नु पर्छ...	२०६	१८
तिम्रो दैनिक जीवनमा के सोच्नु पर्छ...	२०६	९

सरकार

देशलाई समृद्धिमा लग्ने मार्ग...	२२८	१
शासकको मार्ग...	२३१	१६
शासकले पहिले आफूमाथि शासन गर्नु पर्छ...	२२९	७
प्रशासनको आदर्श मानिसको मनलाई तालीम दिनु हो...	२३०	९
मंन्त्री र कर्मचारीहरूले कस्तो व्यवहार गर्नु पर्छ...	२३४	१३
न्यायाधीशहरूले अपराधीहरूसित कस्तो व्यवहार गर्नु पर्छ...	२३३	१२

	पृष्ठ	पंक्ति
कुनै राष्ट्रका मानिसमाथि उपदेशको प्रभाव...	२३०	२
सामाजिक संघर्षको सामना कसरी गर्ने ...	२३६	१६

अर्थशास्त्र

वस्तुहरूको उचित प्रयोग हुनु पर्छ (कथा)...	२१९	९
कुनै सम्पत्ति सदैव आफ्नो हुँदैन...	२१८	२२
कसैले पनि आफ्ना निम्ति मात्र वस्तुहरूको संग्रह गर्नु हुन्न...	२२६	८
सम्पत्ति कसरी प्राप्त गर्ने: (कथा)...	१४४	१५

पारिवारिक जीवन

परिवार त्यो स्थान हो जहाँ त्यसका सदस्यहरूको मन परस्परमा सम्पर्कमा आउँछ...	२१६	१२
ती कुराहरू जसले परिवारलाई हानि पुर्‍याउँछन्...	२११	६
आफ्ना माता पिताकाप्रति भएको विपुल ऋण तिर्ने मार्ग...	२१६	५
माता पिताकाप्रति छोराको उचित कर्तव्य...	२१२	१
पति र पत्नीका बीच उचित मार्ग...	२१२	२२
पति र पत्नीले एकै धर्म पालन गर्नु पर्दछ (कथा)...	२२२	७

नारीको जीवन

चार प्रकारका नारी...	२२०	२३
विभिन्न प्रकारका पत्नीहरू (कथा)...	२२३	३
युवा पत्नीहरूका निमित्त उपदेश (कथा)...	२२२	१७
विवाह हुने नारीहरूको हितका निमित्त...	२२१	५
युवती एवं सुन्दर नारीहरूको हितका निमित्त...	२२५	२

	पृष्ठ	पंक्ति
नारीकाप्रति पुरुषको कस्तो व्यवहार हुनु पर्छ...	२२९	८
पति र पत्नीका निमित्त मार्ग...	२२२	२
आदर्श नारीका संकल्प र इच्छाहरू...	२२६	५
दुराचारी पत्नी कस्ती हुन्छे ?...	२२३	६

भिक्षुहरूका निमित्त मार्ग

कुनै व्यक्ति पनि भिक्षुको चीवर लगाएर एवं सूत्रहरू पढेर मात्र भिक्षु हुन्न...	१९५	६
मन्दिर तथा त्यसको सम्पत्तिमाथि भिक्षुहरूको उत्तराधिकार हुन्न...	१९२	१
ईर्ष्यालु पुरुषहरू वास्तविक भिक्षु हुन सक्दैनन्...	१९२	७
भिक्षुले पालन गर्नु पर्ने वास्तविक जीवन...	१९४	५

संघको जीवन

संघको जीवनको अर्थ...	२३९	१२
यस संसारमा संघहरूको वास्तविक स्थिति...	९६	२०
तीन प्रकारका संगठनहरू...	२३९	१७
एक वास्तविक संघको जीवन...	२४०	७
अन्धकारलाई प्रकाशित गर्ने महा–ज्योति...	२३८	७
मानव सम्बन्धमा स्नेहभाव...	२४०	१९
सामाजिक संगठनलाई स्नेहभाव तर्फ निर्देशित गर्न सकिने कुराहरू...	२४२	४
संघको आदर्श....	२४१	५
बौद्ध उपासकहरूका सामाजिक आदर्श...	२४९	१
संघको नियम खलबल्याउनेहरू विनष्ट हुने छन् (उपाख्यान)...	१३९	१३

	पृष्ठ	पंक्ति
जो ईर्ष्यालु छन् एवं अरुसित झगडा गर्छन् उनीहरू विनष्ट हुनेछन् (उपाख्यान)...	१३९	३
वृद्धहरूको सम्मान गर (कथा)...	१३३	१
विद्यार्थीलें शिक्षकहरूकाप्रति कस्तो व्यवहार गर्नु पर्छ र शिक्षकहरूले विद्यार्थीकाप्रति......	२१२	१३
मित्रताका नियमहरू...	२१३	८
असल मित्र कसरी छान्ने...	२१४	१८
मालिक र नोकरले परस्परमा कस्तो व्यवहार गर्ने...	२१३	१७
अपराधीहरूप्रतिको दृष्टिकोण...	२२६	१६
धर्मको उपदेश दिन खोज्नेहरूले ध्यानमा राख्नु पर्ने कुराहरू...	१९७	१

संस्कृत शब्द संग्रह
(वर्णक्रमानुसार)

अनात्म:

यो बुद्ध धर्मका अत्यन्त मौलिक धाराहरूमध्ये एक हो । यस संसारमा सबै अस्तित्व र गोचर वस्तुको, अन्ततः कुनै तात्विक वास्तविकता हुँदैन । जसले सबै अस्तित्वको अनित्यताको समर्थन गर्दछ, त्यसले यस्तो अनित्य अस्तित्वमा कुनै स्थायी तत्व हुन सक्दैन भनी भन्नु बुद्ध धर्मका निमित्त अत्यन्त स्वाभाविक कुरा हो । अनात्मलाई नैरात्म्य भनेर पनि अनुवाद गर्न सकिन्छ ।

अनित्य:

बुद्ध धर्ममा यो अर्को मौलिक धारा हो । यस संसारमा सबै अस्तित्व र गोचर वस्तुको निरन्तर परिवर्तन भइरहन्छ र एक क्षणका निमित्त पनि ती एकै रूपमा रहन्नन् । प्रत्येक वस्तुको भविष्यमा कुनै दिन मृत्यु अथवा अन्त हुनै पर्दछ, र यो संभावना नै दुःखको मूल कारण हो । तापनि, यस धारणाको व्याख्या, निराशावादी अथवा अभाववादी दृष्टिकोणले मात्र हेरिनु हुन्न, कारण अभ्युदय र पुनरुत्पादन दुबै यसै निरन्तर परिवर्तनका प्रकटीकरण हुन् ।

कर्म

यद्यपि यस शब्दको मूल अर्थ केवल "कर्म" थियो, तर हेतु–प्रत्ययको सिद्धान्तको सम्बन्धमा, विगत जन्ममा गरिएको कर्मको फलस्वरूप एक प्रकारको शक्य शक्तिका रूपमा गनिन थाल्यो । अर्थात् ,हाम्रो प्रत्येक कार्यको प्रतिफल असल अथवा कमसल, दुःख अथवा सुख हुन्छ, जो कर्म-अनुरूप हुन्छ र हाम्रो भविष्यमाथि प्रभाव पार्ने यसको शक्ति हुन्छ, र यसैलाई कसैको कर्म भनिन्छ । यदि असल कर्म बारंबार गरियो भने, असल कुराको संग्रह हुन्छ, र यसको शक्य शक्तिले भविष्यमा कल्याणकारक रूपमा प्रभाव पार्दछ । यस धारणामा, कर्म तीन प्रकारका हुन्छन् : कायिक वाचिक र मानसिक ।

त्रिपिटक

यसले बुद्ध धर्मका तीन भागहरू बुझाउँछ । यसमा सूत्रहरू हुन्छन् जो बुद्धका उपदेश हुन् र विनयहरू हुन्छन् जसमा उनका शीलहरूछन् र अभिधर्म, हुन्छ जसमा बौद्ध सिद्धान्त तथा शीलहरूमाथि विभिन्न टीका तथा लेख छन्, । पछि आएर, चिनियाँ तथा जापानी महान् धर्माचार्यहरूको लेखाईहरू पनि बौद्ध धर्म ग्रन्थहरूको सूचिमा सम्मिलित गरियो ।
(हेर्नोस्– धर्म)

थेरवाद

बुद्ध धर्मको दक्षिणी परंपरा साधारणतः यही नामले उल्लेख गरिन्छ । "थेरा" को अर्थ हुन्छ पारंगत भएका । यो विचारधारा, जसमा ऐतिहासिक रूप लें रूढीवादी जेष्ठ भिक्षुहरूको एक समूह थियो जो शीलहरूको कडा रूप लें पालनका समर्थक थिए एवं जो वस्तुतः बढी स्वतन्त्र प्रगतिशील भिक्षुहरूको अर्को समूहका विपरीत थिए । (जसको विश्वास पछि आएर महायान अर्थात् उत्तरी परंपरामा विकसित भयो) । बौद्ध परिपाटीमा यस प्रकारको विरोधी धारणाहरूको विकास प्रारंभिक कालमा, अथवा भगवान् बुद्धको महापरिनिर्वाणको केही शताब्दी पछि नै भइ सकेको थियो, जब एक प्रगतिशील भिक्षु, महादेवले बुद्धका शीलहरूलाई पांच वर्गीकरण अन्तर्गत स्वतन्त्र व्याख्या हुनु पर्छ भन्ने कुरामाथि जोड दिए । यसले थेरवाद र महासांघिकामा विभक्त हुने कार्य जगायो र जो परावर्ती महायानको मूल स्रोत थियो ।

धर्मः

यो उपदेश सम्यक् संबुद्धलें दिएको हो । उपदेशमा तीन प्रकारका शास्त्र छन् : सूत्रहरूः– (बुद्ध स्वयंबाट दिइएका उपदेश), विनयहरू (बुद्धले व्यवस्था गरेको शील), र अभिधर्महरू (सूत्र एवं विनयमाथि परावर्ती विद्वान्हरूबाट भएका टीका र छलफल) । यी तीनैलाई त्रिपिटक भनिन्छ । धर्म, बुद्धधर्मको त्रि-रत्न मध्ये एक हो ।

निर्वाण

शाब्दिक रूपमा, यसको अर्थ "तृष्णा क्षय" हुन्छ । यो त्यो स्थिति हो जहाँ प्रज्ञामा आधारित केही अभ्यास र समाधिको माध्यमद्वारा सम्पूर्ण मानव क्लेश र रागको समाप्ति हुन्छ । जसले यो स्थिति प्राप्त गरेको हुन्छ, उनलाई बुद्ध भनिन्छ । सिद्धार्थ गौतमले यो स्थिति प्राप्त गरी ३५ वर्षको उमेरमा बुद्ध भए । तापनि, अब यो विश्वास गरिन्छ, उनले निर्वाण-को स्थिति आफ्नो मृत्यु पश्चात् प्राप्त गरे, कारण, भौतिक शरीर रहुन्जेल मानव क्लेशका केही अंश बाँची नै रहन्छन् ।

पारमिता

"अर्को किनारमा पुग्नु" को अर्थ, विभिन्न बौद्ध शीलहरूको अभ्यास-द्वारा बुद्ध भूमिमा पुग्नु हो । साधारणतया, निम्नलिखित छ व्यावहारिक शीलले कसैलाई पनि जन्म र मृत्युको यो संसार नाघी ज्ञानको संसारमा पुग्न सक्षम गर्ने रूपमा मानिन्छ : ती हुन् : दान, शील, क्षान्ति, वीर्य, समाधि र प्रज्ञा । वसन्त र हेमन्तमा मनाइने परंपरागत जापानी हिगान सप्ताह-हरू यही बौद्ध धारणाबाट उत्पन्न भएका हुन् ।

पालि

यो भाषा थेरवाद धर्ममा प्रयोग गरिन्छ । प्राचीन बौद्ध शास्त्र यसै भाषामा लेखिएको थियो भन्ने विश्वास गरिन्छ । यो संस्कृतको एक उप-भाषा प्राकृतको प्रकार हो, पालि र संस्कृतमा कुनै ठूलो अन्तर छैन; संस्कृतमा धर्म पालिमा धम्म हुन्छ; संस्कृतमा निर्वाण पालिमा निब्बान हुन्छ । (हेर्नोस्– संस्कृत)

प्रज्ञा

छ पारमिताहरूमध्ये एक। यो त्यो मानसिक कार्य हो जसले जीवनलाई विना भ्रमको निरूपण गर्न कसैलाई पनि सक्षम तुल्याउँछ। जसले यसलाई पूर्णतासाथ प्राप्त गरेको हुन्छ उसलाई बुद्ध भनिन्छ। तसर्थ, साधारण मानव बुद्धिको तुलनामा अत्यन्त परिष्कृत एवं ज्ञानोद्दीपक कुरा, प्रज्ञा हो।

बुद्ध:

प्रारम्भमा, सिद्धार्थ गौतम (शाक्यमुनि) लाई यो नाम दिइयो, कारण उहाँले नै ३५ वर्षको उमेरमा, लगभग २५०० वर्षपूर्व, भारतमा ज्ञान प्राप्त गर्नु भएको थियो। आफ-आफ्नो विचारधारा अथवा प्रवाह जे सुकै भएतापनि, सबै बुद्धमार्गीहरूको अन्तिम लक्ष्य, बुद्ध हुनु हो। तर यस स्थितिमा कसरी पुग्ने हो त्यसको उपायका सम्बन्धमा मत विभिन्नता भएको हुँदा, बुद्धधर्म विभिन्न विचारधारा एवं सम्प्रदायमा विभक्त भयो। महायान बुद्ध धर्ममा, ऐतिहासिक शाक्यमुनि बुद्धका अतिरिक्त, कैयन् बुद्धहरू जस्तो, अमिताभ (अमीदा), महावैरोचन (दाइनीची), भैसज्यगुरु (याकुशी) आदिलाई साधारणतया बौद्ध उपदेशको प्रतीकका रूपमा स्वीकार गरिन्छ। जापानमा बुद्धधर्मको सुखावती सम्बन्धी धारणाबाट प्रभावित भएर (पवित्र भूमिमा पुनर्जन्म भएपछि कोही पनि व्यक्ति बुद्ध हुन्छ), जस जसको मृत्यु भइ सकेको हुन्छ उनीहरूलाई साधारणतया "बुद्ध" अथवा जापानीमा होतोके भनिन्छ।

बोधिसत्व:

प्रारम्भमा यो शब्द सिद्धार्थ गौतमले ज्ञान प्राप्त गर्नु भन्दा अघि उहाँका सम्बन्धमा प्रयोग गरिन्थ्यो। महायान बुद्ध धर्मको अभ्युदय पछि, बुद्धत्वका निमित्त प्रयत्न गरी रहेका सबैका निमित्त यो नाम दिइयो। अन्तमा, ती पनि जो आफूले बुद्धत्वको लक्ष्य प्राप्त गर्ने प्रयत्न गर्दा गर्दै आफ्नो महा-करुणाको माध्यमद्वारा अरुहरूलाई बुद्धत्वको मार्गतर्फ

लग्ने प्रयत्न गर्दै थिए, तिनलाई पनि बोधिसत्त्वको साक्षात् प्रतीकात्मक रूप ठानियो; अवलोकितेश्वर (कान्नोन), क्षितिगर्भ (जीजो), मंजुश्री (मोनजू), प्रसिद्धमध्ये केही यिनीहरू हुन् ।

महायान

बौद्ध इतिहासको क्रममा, महायान र थेरवाद (अथवा हीनयान) यी दुई प्रमुख विचारधाराहरू उत्पन्न भए । महायान प्रकारको बुद्धधर्म, तिब्बत, चीन, कोरिया, जापान आदिमा फैलियो, जबकि थेरवाद, बर्मा, श्रीलंका, थाइल्याण्ड, आदिमा फैलियो । यस शब्दको अर्थ "ठूलो यान" हुन्छ, जसले जन्म र मृत्युको यस–संसारमा दुःख पाई राखेका सबैलाई स्वीकार गर्न सक्दछ र कुनै भेदभाव नराखी, तिनीहरू सबैलाई ज्ञानको स्थितिमा निर्देशित गर्दछ ।

शून्यताः

यस धारणा अनुसार कुनै पनि कुराको न त तत्व हुन्छ न स्थायित्व, एवं बुद्ध धर्मको यो मौलिक धाराहरूमध्ये एक हो । सबै कुरा हेतु-प्रत्यय माथि निर्भर हुने हुँदा, कुनै स्थायी आत्मा अथवा तत्व हुन सक्दैन । तर, कसैले पनि, प्रत्येक वस्तुको तत्व हुन्छ अथवा हुँदैन भन्ने कुरासित टाँसिएर बस्नु हुन्न । मानव अथवा अमानव, प्रत्येक जीव, सापेक्ष स्थितिमा रहन्छ । तसर्थ, कुनै चिन्तन, धारणा अथवा विचार धारालाई मात्र अनित्य हो भन्ने ठान्नु अज्ञान हो । महायान धर्मका प्रज्ञा शास्त्रहरूको मौलिक अन्तः प्रवाह यही हो ।

संस्कृत

प्राचीन भारतको शास्त्रीय साहित्यिक भाषा; भारतीय– युरोपीय भाषा परिवारमध्ये एक । यो वैदिक एवं शास्त्रीय संस्कृतमा विभाजित छ । महायान परंपराका शास्त्र यस भाषामा लेखिएका थिए, जुन शैलीलाई बौद्ध मिश्रित संस्कृत भनिन्छ ।

संघ

यसमा भिक्षु, भिक्षुणी, उपासक एवं उपासिकाहरू हुन्छन् । प्रारंभिक कालमा यसमा भिक्षु र भिक्षुणी हुन्थे । पछि, जब महायान धर्मको उदय भयो, उपासक अथवा भिक्षु जसले पनि बोधिसत्त्व प्राप्त गर्ने लक्ष्य राखे, उनीहरू संघमा सामेल भए । बुद्ध धर्मको त्रिरत्नमध्ये यो एक हो ।

संसार:

नर्क, भोका प्रेत, पशु, असुर, मनुष्य र स्वर्ग यी छ मायिक क्षेत्रमा भूतदेखि वर्तमान र भविष्यमा हुने जन्म र मृत्युको निरन्तर आवृत्ति। ज्ञान प्राप्त नहुञ्जेलसम्म, कोही पनि यस पुनर्जन्म चक्रबाट मुक्त हुन सक्दैन । जो यसबाट मुक्त हुन्छन् उनलाई बुद्ध भन्न सकिन्छ ।

सूत्र

भगवान् बुद्धका उपदेशहरूको लेख हो । यस शब्दको मौलिक अर्थ "धागो" हुन्छ, जसले धर्म अथवा विज्ञानका विस्तृत अध्ययनलाई एक सूत्रमा बाँधेको अर्थ प्रकट गर्दछ । त्रिपिटक मध्ये यो एक हो ।

धम्मपद

विजयले वैरभाव उत्पन्न गराउंछ, पराजीत व्यक्ति दुःखमा रहन्छ। शान्त व्यक्ति, जय र पराजय परित्याग गरेर, सुखपूर्वक रहन्छ। (धम्मपद २०१)

भोक सबभन्दा ठूलो रोग हो, शरीर परम दुःख हो, यो वास्तविकता थाहा पाएर बुद्धिमान् पुरुष परम सुख प्राप्त गर्दछन्। (धम्मपद २०३)

शरद ऋतुको कमललाई जस्तै आफ्नो तृष्णालाई उखेल। परम सुखको उपदेश भगवान् बुद्धले दिनु भएको छ, शान्तिको यही मार्गको आश्रय लेऊ। (धम्मपद २८५)

मनुष्य रूपमा जन्मनु दुर्लभ कुरा हो, यस पार्थिव शरीरमा बांचनु दुर्लभ कुरा हो, धर्म श्रवण गर्नु दुर्लभ कुरा हो तथा बुद्धको दर्शन पाउनु दुर्लभ कुरा हो। (धम्मपद १८२)

उत्तम पुरुष पाउनु दुर्लभ कुरा हो। उनको जन्म सबै ठाउँमा हुन्न। जहाँ यस्तो धीर व्यक्तिको जन्म हुन्छ त्यो कुल सुखमा रहन्छ। (धम्मपद १९३)

बुद्धको जन्म हुनु सुखको कुरा हो, सद्धर्मको उपदेश सुखको कुरा हो, संघको एकता सुखका कुरा हो, संघबद्धहरूको प्रयत्न सुखको कुरा हो। (धम्मपद १९४)

"भिक्षुहरू, यस संसरमा एक व्यक्तिको जन्म धेरैको हितका निमित्त हुन्छ, धेरैको सुखका निमित्त हुन्छ, जसको जन्म, संसारलाई करुणा प्रदान गर्न, जो देव तथा मनुष्यको अर्थ, हित र सुखका निमित्त जन्मन्छ। त्यो व्यक्ति को हो ? ती व्यक्ति तथागत, अर्हत, सम्यक् सम्बुद्ध हुन् । भिक्षुहरू, उनै ती व्यक्ति हुन् ।

"भिक्षुहरू, एक व्यक्तिको संसारमा प्रादुर्भाव दुर्लभ हुन्छ । कुन एक व्यक्ति ? ती तथागत, अर्हत, सम्यक् सम्बुद्ध हुन्। उनै ती व्यक्ति हुन् ।

"भिक्षुहरू, यस संसारमा असाधारण व्यक्ति पाउनु दुर्लभ हुन्छ । कुन व्यक्ति ? ती तथागत, अर्हत, सम्यक् सम्बुद्ध हुन् । उनै तो व्यक्ति हुन् ।

"भिक्षुहरू, एक व्यक्तिको मृत्युले सबै दुःखित हुनु पर्दछ । ऊ कुन व्यक्ति हुन् ? ती तथागत, अर्हत र सम्यक् सम्बुध्द हुन् । ती उनै व्यक्ति हुन् ।

"भिक्षुहरू, यस संसारमा जन्मने एक ब्यक्ति अतुलनीय र अद्वितीय हुन्छन् । ती को व्यक्ति हुन् ? तथागत, अर्हंत, ती सम्यक् सम्बुद्ध हु न् । उनै ती एक व्यक्ति हुन् ।"

"भिक्षुहरू, एक व्यक्ति प्रकट भएर ओजस्वी आँखा, ओजस्वी आलोक र दीप्ति प्रकट हुन्छ। कुन व्यक्तिको ? ती तथागत, अर्हत, सम्यक् सम्बुद्ध हून्। उनै ती एक ब्यक्ति हुन् । (अंगुत्तर निकाय-१-१३३)

बुद्धधर्म प्रबर्धन प्रतिष्ठान
"भगवान् बुद्धका उपदेश" को वितरण

बुद्धधर्म प्रबर्धन प्रतिष्ठापनको चर्चा गर्दा एक व्यापारीको चर्चा गर्नु आवश्यक छ, र यो भद्रपुरुष हुन् मितुतोयो यान्त्रिक उत्पादन कम्पनीका संस्थापक, श्री येहान नुमाता।

उनले चालीस वर्षभन्दा अधि सूक्ष्म मापक यन्त्र उत्पादन गर्ने एक कम्पनी स्थापित गरे। कुनै पनि उद्योगको सफलता स्वर्ग, पृथ्वी र मनुष्यका बीच समन्वयात्मक सहयोगमा भर पर्दछ एवं यसको उपलब्धि प्रज्ञा, करुणा र साहसका बीच राम्रो संतुलन भएको समन्वयद्वारा मात्र प्राप्त हुन सक्दछ भन्ने उनको दृढ विश्वास छ। यसै विश्वास अन्तर्गत उनले, नाप-यन्त्रहरूको निर्माणमा आवश्यक प्राविधिक सुधार एवं मानव मनको विकासका निमित्त गर्न सक्ने सबै कार्यहरू गर्दै छन्।

उनको विश्वास अनुसार मानव मनको पूर्णता भएपछि मात्र विश्व-शान्ति प्राप्त गर्न संभव छ, र जसका निमित्त भगवान् बुद्धको उपदेश उपलब्ध छ। तसर्थ, आफ्नो उद्योगको सन्चालनका साथै, उनले चालीस वर्ष भन्दा बढी देखि बौद्ध संगीतको आधुनिकीकरण एवं विस्तार तथा भगवान् बुद्धका चित्रहरू एवं उपदेशको प्रचारमा आफ्नो प्रयत्न लगाई राखेका छन्।

सन् १९६६ को दिसम्बरमा उनले आफ्नो निजी कोषबाट एक प्रतिष्ठापन संयोजित गरे, जसको उद्देश्य बुद्धधर्मको प्रचार थियो, तथा यसका साथै, विश्व-शान्तिका निमित्त एक सहायक हुनु थियो। यसरी बुद्धधर्म प्रबर्धन प्रतिष्ठापन एक जन-प्रतिष्ठानका रूपमा प्रारम्भ भयो।

भगवान् बुद्धको महा-प्रज्ञा तथा करुणाले भरिएको ज्योतिको लाभ र आनन्द प्रत्येक मनुष्यले उठाउन सकुन् भनी भगवान् बुद्धको उपदेशलाई टाढा टाढासम्म फिंजाउन के गरिंदै छ त ? यो बुद्ध धर्म प्रबर्धन प्रतिष्ठापनको कार्य, यसका संस्थापकको इच्छानुकूल यसै समस्याको समाधान खोज्नु हो।

सारांशमा, यस बुद्धधर्म प्रबर्धन प्रतिष्ठापनको मूल उद्देश्य नै भगवान् बुद्धको उपदेशको प्रचार गर्न हरसम्भव प्रयत्न गर्नु हो ।

"भगवान बुद्धका उपदेश" शीर्षक यो पुस्तक यस देशमा बुद्धधर्मको इतिहासमाथि चिन्तनको फल हो र यद्यपि हामीले आफ्नो बौध्द संस्कृतिलाई गौरवपूर्वक श्रध्दा गर्दै आएका छौं तापनि, यसभन्दा अघि वास्तवमा हाम्रो जापानी प्रकारले व्याख्या गरिएको बुद्धधर्ममाथि कुनै लेखन थिएन जसलाई हामीले पुस्तकको संज्ञा दिन सकौं ।

प्रत्येक व्यक्ति जसले यसलाई पढ्ने छ, यस पुस्तकले आध्यात्मिक "आहार" प्रदान गर्ने छ। यसलाई कसैले पनि आफ्नो मेचमा राखोस् अथवा आफूसित लिएर हिड्न सकोस् भन्ने आशयले तयार पारिएको छ र यसरी उसले आफ्नो इच्छानुसार आध्यात्मिक रूपले जीवित ज्योतिसित सम्पर्क स्थापित गर्न सकोस् ।

बुध्दधर्म प्रबर्धन प्रतिष्ठापनको इच्छा त्यस्तो दिनको आगमनको छ जब बढीभन्दा बढी घरमा यो पुस्तक रहन सकोस् र मानव समुदाय मध्ये बढीभन्दा बढीले महान् उपदेशकको ज्योतिमा आनन्द मनाउन र स्नान गर्न सकुन् ।

G NO 1017

लेखकका अन्य कृतिहरू

(१) जनतन्त्रवाद
(२) जनतन्त्रवादको रूपरेखा
(३) पाश्चात्य राजनैतिक दर्शनको ऐतिहासिक विवेचना
(४) राजा इडिपस (अनुवाद)
(५) राजा इडिपस (हिन्दी अनुवाद)
(६) एण्टीगनी (अनुवाद, राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित)
(७) चू याँ (" " ")
(८) एगामेमनन् (" " ")
(९) नल र दमयन्ती (प्रकाशक, टाटा–मैकग्राहिल)
(१०) गेसर (भूटान, तिब्बत र मंगोलियाको सबभन्दा प्रसिद्ध पौराणिक ग्रन्थ) भूटानमा प्रकाशनाधीन

(११) मीर, गालिब, इकबाल (प्रकाशक, अल इण्डिया मीर एकेडेमी)
(१३) नेपाल, पर्यटकहरूकानिमित्त एक रोचक वृतान्त (अंग्रेजीमा) प्रकाशक, सूचना विभाग

(१४) भूपरिवेष्ठित राज्यहरूको पारवहन व्यापार
(अंग्रेजीमा) प्रकाशक, द इन्स्टिच्यूट आफ सोशल स्टडीज, द हेग, हालैण्ड

मुद्रकः गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं ।

BUKKYO DENDO KYOKAI